श्रीमद्भगवद्गीताको वासुदेवीय
नेपाली अनुवाद

बासुदेव ढकाल

ॐ

५९२८
२६८ श्री

258Y5S28

श्रीमद्भगवद्गीताको वासुदेवीय नेपाली अनुवाद

अनुवादक

वासुदेव ढकाल

प्रकाशक :
रमादेवी ढकाल
वानेश्वर, काठमाडौं ।

प्रथम संस्करण : १००० प्रति
२०४४ साल

(सर्वाधिकार अनुवादकमा सुरक्षित)

मूल्य : ५०|-

मुद्रक :
साझा प्रकाशनको छापाखाना,
पुल्चोक, ललितपुर, फोन : ५–२१०२३

डा. श्री किशोररमण रेग्मीज्यूको
पुस्तकालयलाई उपहार
०४८।४।२
फो.नं. ४-८२५८३

त्वदीयं वस्तु गोविन्द तुभ्यमेव समर्पये

(तिम्रै हो वस्तु गोविन्द तिमीलाई चढाउँछु)

वंशीविभूषितकरान्नवनीरदाभात्
पीताम्बरादरुणबिम्बफलाधरोष्ठात् ।
पूर्णेन्दुसुन्दरमुखादरविन्दनेत्रात्
कृष्णात्परं किमपि तत्त्वमहं न जाने ॥

९३४

दुई शब्द !

यो वासुदेव ढकाल भन्ने मान्छे श्रीमद्भगवद्गीताको टीकाकार होइन, भाष्यकार पनि यो होइन, यो त हो एक अल्पज्ञ, साधारण शब्दानुवाद गर्ने अनुवादक मात्रै । यो अनुवाद यसले स्वान्तः सुखाय अर्थात् आफ्नै प्रयोजनको लागि गीता विश्वकोष जस्ता कतिपय ग्रन्थहरूबाट सामग्री बटुली तयार पारेको हो । संस्कृत भाषाबाट नेपाली भाषामा पदपिच्छे अर्थ लेखिएको यो अनुवाद संस्कृत भाषा कम जान्ने तर गीतामृत प्यूँन खोज्ने सम्पूर्ण नेपाली भाषा भाषी जिज्ञासुलाई समेत सहायक सिद्ध होस् भन्ने उद्देश्यले यसले यसलाई जनसमक्ष प्रकाशनमा ल्याएको छ ।

श्रीकृष्णार्पणमस्तु !

ॐ

कृष्णं वन्दे जगद्गुरुम्

आध्यात्मिक जगत्मा श्रीमद्भगवद्गीता जस्तो परम पावन ग्रन्थको महिमा एवं गरिमा अनिर्वचनीय छ ।

मानिसको भौतिक विकासका लागि पनि गीताको निष्काम कर्मयोगले हिन्दूधर्म मान्नेलाई मात्र नभई सम्पूर्ण धर्मावलम्बीहरूलाई कर्तव्यपथमा अग्रसर हुन उत्प्रेरणा दिएको छ ।

प्रस्तुत पुस्तक एक प्रयास हो, जमर्को हो– संस्कृत भाषालाई सजिलो नेपाली भाषामा शब्दार्थसहित रूपान्तरण गर्ने, संस्कृत नपढेका तर मूल ग्रन्थ नै पढ्न चाहनेलाई थोरै मिहिनेतले छोटो समयमा गीतामृतको रसास्वादन गर्न मद्दत पुऱ्याउने र आध्यात्मिक चिन्तनमा अरूलाई पनि सहभागी बनाई मिलिजुली गीतोत्सव मनाउने । यो प्रयास, यो जमर्को केवल अनुवादकको स्वाध्यायनको लागि अथवा स्वान्तः सुखाय मात्र नभई नेपाली भाषा भाषी बहुजनसुखाय सहायक सिद्ध होस् भन्ने पुनीत उद्देश्यले गरिएको हो ।

गीता जस्तो महान् ग्रन्थको अनुवाद गर्न आँट गर्ने ज्यादै कम ल्याकतको, अल्पज्ञ एवं अकिंचन यो वासुदेव ढकाल नामधारी व्यक्ति आफ्नो धृष्टताको लागि समस्त गीताप्रेमीहरूसमक्ष हमेशा नतमस्तक छ ।

अतः जानी-नजानी यस अनुवादमा पर्न गएका भूलहरूलाई, त्रुटिहरूलाई सुधारार्थ औंल्याइदिन र यसलाई अझ बढी सुन्दर र रुचिकर बनाउन सहयोगस्वरूप होष्टेमा हैंसे थपी आवश्यक रायसुझावसमेत दिनुहुन सम्पूर्ण गीताप्रेमी बन्धुहरूसँग यो अनुवादक विनम्र अनुरोध गर्दछ ।

श्रीकृष्णार्पणमस्तु !

पुस्तकालय

अनुवादक
वासुदेव ढकाल

ॐ

श्रीपरमात्मने नमः

ॐ नमो भगवते वासुदेवाय

श्रीमद्भगवद्गीता

अथ करन्यासः

ॐ अस्य श्रीमद्भगवद्गीतामालामन्त्रस्य भगवान् वेदव्यास ऋषिः अनुष्टुप् छन्दः। श्रीकृष्णः परमात्मा देवता ॥ अशोच्यानन्वशोचस्त्वं प्रज्ञावादांश्च भाषसे इति बीजम् ॥ सर्वधर्मान् परित्यज्य मामेकं शरणं व्रज इति शक्तिः ॥ अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुच इति कीलकम् ॥ नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावक इत्यंगुष्ठाभ्यां नमः ॥ न चैनं क्लेदयन्त्यापो न शोषयति मारुत इति तर्जनीभ्यां नमः ॥ अच्छेद्योऽयमदाह्योऽयमक्लेद्योऽशोष्य एव च इति मध्यमाभ्यां नमः ॥ नित्यः सर्वगतः स्थाणुरचलोऽयं सनातन इत्यनामिकाभ्यां नमः ॥ पश्य मे पार्थरूपाणि शतशोऽथ सहस्रश इति कनिष्ठिकाभ्यां नमः॥ नाना विधानि दिव्यानि नानावर्णकृतीनि च इति करतलकरपृष्ठाभ्यां नमः॥ इति करन्यासः॥

अथ हृदयादिन्यासः

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावक इति हृदयाय नमः॥ न चैनं क्लेदयन्त्यापो न शोषयति मारुत इति शिरसे स्वाहा॥ अच्छेद्योऽयमदाह्योऽयमक्लेद्योऽशोष्य एव च इति शिखायै वषट् ॥ नित्यः सर्वगतः स्थाणुरचलोऽयं सनातन इति कवचाय हुम्॥ पश्य मे पार्थ रूपाणि शतशोऽथ सहस्रश इति नेत्रत्रयाय वौषट् ॥ नानाविधानि दिव्यानि नानावर्णाकृतीनि च इति अस्त्राय फट्॥ श्रीकृष्ण प्रीत्यर्थे पाठे विनियोगः ॥

ॐ पार्थाय प्रतिबोधितां भगवता नारायणेन स्वयं
व्यासेन ग्रथितां पुराणमुनिना मध्येमहाभारतम् ।
अद्वैतामृतवर्षिणीं भगवतीमष्टादशाध्यायिनी-
मम्ब त्वामनुसंदधामि भगवद्गीते भवद्वेषिणीम् ॥१॥

नमोऽस्तु ते व्यास विशालवुद्धे फुल्लारविन्दायतपत्रनेत्र ।
येन त्वया भारत तैलपूर्णः प्रज्वालितो ज्ञानमयः प्रदीपः ॥२॥

प्रपन्नपारिजाताय तोत्त्रवेत्रैकपाणये ।
ज्ञानमुद्राय कृष्णाय गीतामृतदुहे नमः ॥३॥

वसुदेवसुतं देवं कंसचाणूरमर्दनम् ।
देवकीपरमानन्दं कृष्णं वन्दे जगद्गुरुम् ॥४॥

भीष्मद्रोणतटा जयद्रथजला गान्धारनीलोत्पला
शल्यग्राहवती कृपेण वहनी कर्णेन वेलाकुला ।
अश्वत्थामविकर्णघोरमकरा दुर्योधनावर्तिनी
सोत्तीर्णा खलु पाण्डवै रणनदी कैवर्तकः केशवः ॥५॥

पाराशर्यवचःसरोजममलं गीतार्थगन्धोत्कटम्
नानाख्यानककेसरं हरिकथासम्बोधनाबोधितम् ।
लोके सज्जनषट्पदैरहरहः पेपीयमानं मुदा
भूयाद्भारतपङ्कजं कलिमलप्रध्वंसि नः श्रेयसे ॥६॥

मूकं करोति वाचालं पंगुं लङ्घयते गिरिम् ।
यत्कृपा तमहं वन्दे परमानन्दमाधवम् ॥७॥

अथ गीतामाहात्म्यम्

गीताशास्त्रमिदं पुण्यं यः पठेत्प्रयतः पुमान् ।
विष्णोः पदमवाप्नोति भयशोकादिवर्जितः ॥१॥

गीताध्ययनशीलस्य प्राणायामपरस्य च ।
नैव सन्ति हि पापानि पूर्वजन्मकृतानि च ॥२॥

मलनिर्मोचनं पुंसां जलस्नानं दिने दिने ।
सकृद्गीताम्भसि स्नानं संसारमलनाशनम् ॥३॥

गीता सुगीता कर्तव्या किमन्यैः शास्त्रविस्तरैः ।
या स्वयं पद्मनाभस्य मुखपद्माद्विनिःसृता ॥४॥

भारतामृतसर्वस्वं विष्णोर्वक्त्राद्विनिःसृतम् ।
गीतागङ्गोदकं पीत्वा पुनर्जन्म न विद्यते ॥५॥

सर्वोपनिषदो गावो दोग्धा गोपालनन्दनः ।
पार्थो वत्सः सुधीर्भोक्ता दुग्धं गीतामृतं महत् ॥६॥

एकं शास्त्रं देवकीपुत्रगीत-
मेको देवो देवकीपुत्र एव ।
एको मन्त्रस्तस्य नामानि यानि
कर्माण्येकं तस्य देवस्य सेवा ॥७॥

अथ ध्यानम्

शान्ताकारं भुजगशयनं पद्मनाभं सुरेशं
विश्वाधारं गगनसदृशं मेघवर्णं शुभाङ्गम् ।
लक्ष्मीकान्तं कमलनयनं योगिभिर्ध्यानगम्यं
वन्दे विष्णुं भवभयहरं सर्वलोकैकनाथम् ॥

यं ब्रह्मा वरुणेन्द्ररुद्रमरुतः स्तुन्वन्ति दिव्यैः स्तवै-
र्वेदैः साङ्गपदक्रमोपनिषदैर्गायन्ति यं सामगाः ।
ध्यानावस्थिततद्गतेन मनसा पश्यन्ति यं योगिनो
यस्यान्तं न विदुः सुरासुरगणा देवाय तस्मै नमः ॥

सप्तश्लोकी गीता

ओमित्येकाक्षरं ब्रह्म व्याहरन्मामनुस्मरन् ।।
यः प्रयाति त्यजन्देहं स याति परमां गतिम् ।।१।।८।१३
स्थाने हृषीकेश तव प्रकीर्त्या जगत् प्रहृष्यत्यनुरज्यते च ।।
रक्षांसि भीतानि दिशो द्रवन्ति सर्वे नमस्यन्ति च सिद्धसंघाः ।।२
।।११।।३६

सर्वतः पाणिपादं तत् सर्वतोऽक्षिशिरोमुखम् ।।
सर्वतः श्रुतिमल्लोके सर्वमावृत्य तिष्ठति ।।३।।१३।।१३
कविं पुराणमनुशासितारमणोरणीयांसमनुस्मरेद्यः ।।
सर्वस्य धातारमचिन्त्यरूपमादित्यवर्णं तमसः परस्तात् ।।४।।८।९
ऊर्ध्वमूलमधःशाखमश्वत्थं प्राहुरव्ययम् ।।
छन्दांसि यस्य पर्णानि यस्तं वेद स वेदवित् ।।५।।१५।१
सर्वस्य चाहं हृदि सन्निविष्टो मत्तः स्मृतिर्ज्ञानमपोहनं च ।।
वेदैश्च सर्वैरहमेव वेद्यो वेदान्तकृद्वेदविदेव चाहम् ।।६।।१५।१५
मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु ।।
मामेवैष्यसि सत्यं ते प्रतिजाने प्रियोऽसि मे ।।७।।१८।६५
(मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु ।।
मामेवैष्यसि युक्त्वैवमात्मानं मत्परायणः ।।९।। ३४)

ॐ

श्रीपरमात्मने नमः

अथ श्रीमद्भगवद्गीता

(नेपाली भाषा टीका समेत)

अथ प्रथमोऽध्यायः

(अब पहिलो अध्याय)

धृतराष्ट्र उवाच=धृतराष्ट्र भन्दछन् ।

धर्मक्षेत्रे कुरुक्षेत्रे समवेता युयुत्सवः ॥
मामकाः पाण्डवाश्चैव किमकुर्वत संजय ॥१॥

शब्दार्थ— संजय=हे संजय ! धर्मक्षेत्रे=धर्मभूमिमा । कुरुक्षेत्रे=कुरुक्षेत्रको मैदानमा । समवेता=जम्मा भएका । युयुत्सवः=युद्ध गर्न्ने इच्छुक । मामकाः =मेरा । च=र । पाण्डवाः =पाण्डुका पुत्रहरूले । किम्=के । अकुर्वत=गरे ।

भावार्थ— हे संजय ! मलाई भन– धर्मक्षेत्ररूपी कुरुक्षेत्रमा युद्ध गर्न्ने सुरले जम्मा भएका मेरा र पाण्डुका पुत्रहरूले के-के गरे ?

संजय उवाच=संजय भन्दछन् ।

दृष्ट्वा तु पाण्डवानीकं व्यूढं दुर्योधनस्तदा ॥
आचार्यमुपसंगम्य राजा वचनमब्रवीत् ॥२॥
पश्यैतां पाण्डुपुत्राणामाचार्य महतीं चमूम् ॥
व्यूढां द्रुपदपुत्रेण तव शिष्येण धीमता ॥३॥

शब्दार्थ— तदा=त्यस बेला । राजा=राजा । दुर्योधनः=दुर्योधनले । व्यूढम्=व्यूहरचनायुक्त । पाण्डवानीकम्=पाण्डवहरूको सेनालाई । दृष्ट्वा=देखेर । तु=ता । आचार्यम्=द्रोणाचार्यको । उपसंगम्य= नजीक गएर । वचनम्=वचन । अब्रवीत्=भने । आचार्य= हे गुरु ! तव=हजूरका । धीमता=बुद्धिमान् । शिष्येण=शिष्य । द्रुपदपुत्रेण= धृष्टद्युम्नले । व्यूढाम्=व्यूहाकार खडा गरेको । पाण्डुपुत्राणाम्=पाण्डव-हरूको । एताम्=यो । महतीम्=विशाल । चमूम्=सेनालाई । पश्य= हेर्नुहोस् ।

भावार्थ— त्यस बेला पाण्डवहरूको सेना सजिएको देखेर राजा दुर्योधनले आचार्य द्रोणको नजीक गएर भने- हे गुरु ! हजूरका बुद्धिमान् शिष्य द्रुपदपुत्र धृष्टद्युम्नद्वारा सजाइएको पाण्डवको विशाल सेना हेर्नुहोस् ।

अत्र शूरा महेष्वासा भीमार्जुनसमा युधि ॥
युयुधानो विराटश्च द्रुपदश्च महारथः ॥४॥

शब्दार्थ— अत्र=यो सेनामा । महेष्वासाः=ठूलाठूला धनुर्धारी । युधि= युद्धमा । भीमार्जुनसमा=भीम र अर्जुनका समान । शूराः=अनेकौं वीर छन् । युयुधानः=कृष्णका सारथी सात्यकी । च=र । विराट=राजा विराट । च=र । महारथः=महारथी । द्रुपदः=राजा द्रुपद छन् !

भावार्थ— यहाँ भीम, अर्जुन जस्ता लड्नमा शूरवीर धनुर्धारी सात्यकी, विराट र महारथी द्रुपद राजा छन् ।

धृष्टकेतुश्चेकितानः काशिराजश्च वीर्यवान् ॥
पुरुजित्कुन्तिभोजश्च शैब्यश्च नरपुङ्गवः ॥५॥
युधामन्युश्च विक्रान्त उत्तमौजाश्च वीर्यवान् ॥
सौभद्रो द्रौपदेयाश्च सर्व एव महारथाः ॥६॥

शब्दार्थ— च=र । धृष्टकेतुः=शिशुपालपुत्र । चेकितानः=चेकितान । च=तथा । वीर्यवान्=बलवान् । काशिराजः=काशीका राजा । पुरुजित् =पुरुजित् । कुन्तिभोज=कुन्तिभोज । च=र । नरपुङ्गवः=मनुष्यमा

श्रेष्ठ। शैव्य=शैव्य । च=र । विक्रान्त:=पराक्रमी । युधामन्यु:= युधामन्यु। च=तथा। वीर्यवान्=बलवान् । उत्तमौजा:=उत्तमौजा । सौभद्र:=अभिमन्यु । द्रौपदेया:=द्रौपदीका पाँच पुत्र। सर्व=सबै । एव=नै । महारथा:=महारथी छन् ।

भावार्थ— धृष्टकेतु, चेकितान, शूरवीर काशिराज, पुरुजित्, कुन्तिभोज र मनुष्यमा श्रेष्ठ शैव्य, पराक्रमी युधामन्यु, बलवान् उत्तमौजा, अभिमन्यु र द्रौपदीका पाँच पुत्र यी सबै महारथी छन् ।

अस्माकं तु विशिष्ठा ये तान्निबोध द्विजोत्तम ।।
नायका मम सैन्यस्य संज्ञार्थं तान्ब्रवीमि ते ।।७।।

शब्दार्थ—द्विजोत्तम=हे ब्राह्मण श्रेष्ठ ! अस्माकम्=हाम्रो पक्ष । तु=ता । ये=जो जो । विशिष्ठा:=प्रधान छन् । तान्=तिनलाई । निबोध=जान्नुहोस् । ते=तपाईंका । संज्ञार्थम्=जानकारीका लागि । मम=मेरो। सैन्यस्य=सैन्यको । ये=जो जो । नायका:=सेनापति छन् । तान्=तिनलाई । ब्रवीमि=भन्दछु ।

भावार्थ— हे द्विजश्रेष्ठ ! अब हाम्रो तर्फका जो-जो मुख्य योद्धा छन्; उनीहरूलाई तपाईं जान्नुहोस् । मेरा सेनाका नायकहरूको नाम तपाईंको जानकारीका लागि भन्दछु ।

भवान्भीष्मश्च कर्णश्च कृपश्च समितिञ्जय: ।।
अश्वत्थामा विकर्णश्च सौमदत्तिस्तथैव च ।।८।।
अन्ये च बहव: शूरा मदर्थे त्यक्तजीविता: ।।
नानाशस्त्रप्रहरणा: सर्वे युद्धविशारदा: ।।९।।

शब्दार्थ— भवान्=हजूर । च=र । भीष्म:=भीष्म पितामह । च= तथा । कर्ण:=कर्ण । च=र । समितिञ्जय:=संग्रामविजयी । कृप:= कृपाचार्य। तथा=त्यस्तै । एव=नै । अश्वत्थामा=द्रोणपुत्र । विकर्ण:= विकर्ण । च=र। सौमदत्ति:=सोमदत्तका पुत्र भूरिश्रवा । अन्ये च=अरू पनि । बहव:=धेरै । शूरा:=शूरवीरहरू । नानाशस्त्रप्रहरणा:=

शब्दार्थ— तदा=त्यस बेला । राजा=राजा । दुर्योधनः=दुर्योधनले । व्यूढम्=व्यूहरचनायुक्त । पाण्डवानीकम्=पाण्डवहरूको सेनालाई । दृष्ट्वा=देखेर । तु=ता । आचार्यम्=द्रोणाचार्यको । उपसंगम्य=नजीक गएर । वचनम्=वचन । अब्रवीत्=भने । आचार्य= हे गुरु ! तव=हजूरका । धीमता=बुद्धिमान् । शिष्येण=शिष्य । द्रुपदपुत्रेण=धृष्टद्युम्नले । व्यूढाम्=व्यूहाकार खडा गरेको । पाण्डुपुत्राणाम्=पाण्डवहरूको । एताम्=यो । महतीम्=विशाल । चमूम्=सेनालाई । पश्य=हेर्नुहोस् ।

भावार्थ— त्यस बेला पाण्डवहरूको सेना सजिएको देखेर राजा दुर्योधनले आचार्य द्रोणको नजीक गएर भने– हे गुरु ! हजूरका बुद्धिमान् शिष्य द्रुपदपुत्र धृष्टद्युम्नद्वारा सजाइएको पाण्डवको विशाल सेना हेर्नुहोस् ।

अत्र शूरा महेष्वासा भीमार्जुनसमा युधि ॥
युयुधानो विराटश्च द्रुपदश्च महारथः ॥४॥

शब्दार्थ— अत्र=यो सेनामा । महेष्वासाः=ठूलाठूला धनुर्धारी । युधि=युद्धमा । भीमार्जुनसमा=भीम र अर्जुनका समान । शूराः=अनेकौं वीर छन् । युयुधानः=कृष्णका सारथी सात्यकी । च=र । विराट=राजा विराट । च=र । महारथः=महारथी । द्रुपदः=राजा द्रुपद छन् !

भावार्थ— यहाँ भीम, अर्जुन जस्ता लड्नमा शूरवीर धनुर्धारी सात्यकी, विराट र महारथी द्रुपद राजा छन् ।

धृष्टकेतुश्चेकितानः काशिराजश्च वीर्यवान् ॥
पुरुजित्कुन्तिभोजश्च शैब्यश्च नरपुङ्गवः ॥५॥
युधामन्युश्च विक्रान्त उत्तमौजाश्च वीर्यवान् ॥
सौभद्रो द्रौपदेयाश्च सर्व एव महारथाः ॥६॥

शब्दार्थ— च=र । धृष्टकेतुः=शिशुपालपुत्र । चेकितानः=चेकितान । च=तथा । वीर्यवान्=बलवान् । काशिराजः=काशीका राजा । पुरुजित्=पुरुजित् । कुन्तिभोज=कुन्तिभोज । च=र । नरपुङ्गवः=मनुष्यमा

श्रेष्ठ। शैव्य=शैव्य । च=र । विक्रान्तः=पराक्रमी । युधामन्युः= युधामन्यु । च=तथा । वीर्यवान्=वलवान् । उत्तमौजाः=उत्तमौजा । सौभद्रः=अभिमन्यु । द्रौपदेयाः=द्रौपदीका पाँच पुत्र। सर्व=सवै । एव=नै । महारथाः=महारथी छन् ।

भावार्थ— धृष्टकेतु, चेकितान, शूरवीर काशिराज, पुरुजित्, कुन्तिभोज र मनुष्यमा श्रेष्ठ शैव्य, पराक्रमी युधामन्यु, वलवान् उत्तमौजा, अभिमन्यु र द्रौपदीका पाँच पुत्र यी सवै महारथी छन् ।

अस्माकं तु विशिष्ठा ये तान्निबोध द्विजोत्तम ॥
नायका मम सैन्यस्य संज्ञार्थं तान्ब्रवीमि ते ॥७॥

शब्दार्थ—द्विजोत्तम=हे ब्राह्मण श्रेष्ठ ! अस्माकम्=हाम्रो पक्ष । तु=ता । ये=जो जो । विशिष्ठाः=प्रधान छन् । तान्=तिनलाई । निवोध=जान्नुहोस् । ते=तपाईंका । संज्ञार्थम्=जानकारीका लागि । मम=मेरो। सैन्यस्य=सैन्यको । ये=जो जो । नायकाः=सेनापति छन् । तान्=तिनलाई । ब्रवीमि=भन्दछु ।

भावार्थ— हे द्विजश्रेष्ठ ! अव हाम्रो तर्फका जो-जो मुख्य योद्धा छन्; उनीहरूलाई तपाईं जान्नुहोस् । मेरा सेनाका नायकहरूको नाम तपाईंको जानकारीका लागि भन्दछु ।

भवान्भीष्मश्च कर्णश्च कृपश्च समितिञ्जयः ॥
अश्वत्थामा विकर्णश्च सौमदत्तिस्तथैव च ॥८॥
अन्ये च बहवः शूरा मदर्थे त्यक्तजीविताः ॥
नानाशस्त्रप्रहरणाः सर्वे युद्धविशारदाः ॥९॥

शब्दार्थ— भवान्=हजूर । च=र । भीष्मः=भीष्म पितामह । च= तथा । कर्णः=कर्ण । च=र । समितिञ्जयः=संग्रामविजयी । कृपः= कृपाचार्य । तथा=त्यस्तै । एव=नै । अश्वत्थामा=द्रोणपुत्र । विकर्णः= विकर्ण । च=र। सौमदत्तिः=सोमदत्तका पुत्र भूरिश्रवा । अन्ये च=अरू पनि । वहवः=धेरै । शूराः=शूरवीरहरू । नानाशस्त्रप्रहरणाः=

अनेक अस्त्रशस्त्र प्रहारमा निपुण । मदर्थे=मेरा लागि । त्यक्तजीविता:= जीवनको आश त्याग्ने । सर्वे=सबका सब। युद्धविशारदा:=युद्धमा चतुर छन् ।]

भावार्थ— हजूर (द्रोणाचार्य), भीष्म, कर्ण, युद्धमा जयी कृपाचार्य, अश्वत्थामा, विकर्ण र सोमत्तका पुत्र छन् । तिनका अतिरिक्त अरू पनि नाना प्रकारका शस्त्रले युद्ध गर्ने शूरवीर अनेकौं छन् जो मेरा लागि प्राण दिनेवाला छन्, यी सबै युद्धमा कुशल छन् ।

अपर्याप्तं तदस्माकं बलं भीष्माभिरक्षितम् ॥
पर्याप्तं त्विदमेतेषां बलं भीमाभिरक्षितम् ॥१०॥

शब्दार्थ— भीष्माभिरक्षितन्=भीष्मद्वारा रक्षित । अस्माकम्=हाम्रो । तत्=त्यो । बलम्=सैन्य । अपर्याप्तम्=सब प्रकारले अजेय छ । भीमाभिरक्षितम्=भीमद्वारा रक्षित । एतेषाम्=यिनीहरूको । बलम्=सैन्य । तु=ता । पर्याप्तम्=जित्नमा सुगम छ ।

भावार्थ— भीष्मद्वारा रक्षित हाम्रो सेना अजेय छ किन्तु भीमद्वारा रक्षित पाण्डवसेना सुगमतापूर्वक जित्न सक्षम छ ।

टिप्पणी:— श्री शंकराचार्यलगायत कतिपय भाष्यकारहरूले 'अपर्याप्त' शब्दको अर्थ 'अजेय' भनेका छन् भने ठीक यसको विपरीत श्री रामानुजाचार्यलगायत अरू अनेकौं भाष्यकारहरूले चाहिं 'असमर्थ' भन्ने अर्थ लगाएका छन् ।

अयनेषु च सर्वेषु यथाभागमवस्थिता: ॥
भीष्ममेवाभिरक्षन्तु भवन्त: सर्व एव हि ॥११॥

शब्दार्थ— हि=त्यसकारण । सर्वेषु=सबै । अयनेषु=मोर्चामा । यथाभागम्=आ-आफ्नो ठाउँमा । अवस्थिता:=स्थित । भवन्त:=तपाईंहरू । सर्वे=सबै । एव=नै । भीष्मम्=भीष्म पितामहलाई । अभिरक्षन्तु=सबैतिरबाट रक्षा गर्नोस् ।

भावार्थ-- यसकारण तपाईंहरू सबैले आ-आफ्नो स्थानमा रहेर हरतरहले भीष्मलाई राम्ररी रक्षा गर्नोस् ।

तस्य संजनयन्हर्षं कुरुवृद्धः पितामहः ॥
सिंहनादं विनद्योच्चैः शंखं दध्मौ प्रतापवान् ॥१२॥

शब्दार्थ— कुरुवृद्धः=कौरवमा वृद्ध । प्रतापवान्=बडा प्रतापी । पितामहः=भीष्मले । तस्य=दुर्योधनको हृदयमा । हर्षम्=हर्ष । संजनयन्=उत्पन्न गर्दै। उच्चैः=उच्च स्वरले। सिंहनादम्=सिंहको गर्जनसमान । विनद्य=गर्जेर । शंखम्=शङ्ख । दध्मौ=बजाए ।
भावार्थ— अनि दुर्योधनलाई आनन्दित गर्नका लागि भीष्मले उच्च स्वरले सिंहनाद गरेर शंख बजाए ।

ततः शंखाश्च भेर्यश्च पणवानकगोमुखाः ॥
सहसैवाभ्यहन्यन्तः सः शब्दस्तुमुलोऽभवत् ॥१३॥

शब्दार्थ— ततः=त्यसको उप्रान्त । शंखाः=शंख । च=र । भेर्यः=नगरा । पणवानकगोमुखाः=ढोल, मृदंग र नृसिंहादि बाजा । सहसा=एकसाथ । एव=नै । अभ्यहन्यन्तः=बजे । सः=त्यो । शब्दः=शब्द । तुमुलः=बडा भयंकर। अभवत्=भयो ।
भावार्थ— अनि त शंख, नगरा, ढोल, मृदंग र रणसिंघे एकसाथ बज्न लागे, यो नाद भयंकर थियो ।

ततः श्वेतैर्हयैर्युक्ते महति स्यन्दने स्थितौ ॥
माधवः पाण्डवश्चैव दिव्यौ शंखौ प्रदध्मतुः ॥१४॥

शब्दार्थ— ततः=त्यसपछि । श्वेतैः=सेतो । हयैः=घोडाले । युक्ते=युक्त । महति=उत्तम । स्यन्दने=रथमा । स्थितौ=बसेका । माधवः=श्रीकृष्ण । च=र । पाण्डवः=अर्जुनले । एव=नै । दिव्यौ=दिव्य । शंखौ=शंख । प्रदध्मतुः=बजाए ।

भावार्थ-- त्यसको अनन्तर सेतो घोडा भएका, ठूलो रथमा चढेका श्रीकृष्ण र अर्जुनले दिव्य शंखहरू वजाए ।

पाञ्चजन्यं हृषीकेशो देवदत्तं धनञ्जयः ।।
पौण्ड्रं दध्मौ महाशंखं भीमकर्मा वृकोदरः ।।१५।।

शब्दार्थ-- हृषीकेशः=श्रीकृष्णले । पाञ्चजन्यं=पाञ्चजन्य नामक शंख । धनञ्जयः=अर्जुनले । देवदत्तम्=देवदत्त नामक शंख (वजाए) । भीमकर्मा=भयानक कर्मवाला । वृकोदरः=भीमसेनले । पौण्ड्रम्=पौण्ड्र नामक । महाशंखम्=ठूलो शंख । दध्मौ=बजाए ।

भावार्थ-- श्रीकृष्णले पाञ्चजन्य शंख बजाए, अर्जुनले देवदत्त र भयंकर काम गर्ने भीमसेनले पौण्ड्र नामक महाशंख वजाए ।

अनन्तविजयं राजा कुन्तीपुत्रो युधिष्ठिरः ।।
नकुलः सहदेवश्च सुघोषमणिपुष्पकौ ।।१६।।
काश्यश्च परमेष्वासः शिखण्डी च महारथः ।।
धृष्टद्युम्नो विराटश्च सात्यकिश्चापराजितः ।।१७।।
द्रुपदो द्रौपदेयाश्च सर्वशः पृथिवीपते ।।
सौभद्रश्च महाबाहुः शंखान्दध्मुः पृथक्पृथक् ।।१८।।

शब्दार्थ-- कुन्तीपुत्रः=कुन्तीका छोरा । राजा=राजा । युधिष्ठिरः=युधिष्ठिरले । अनन्तविजयम्=अनन्तविजय नामक शंख । नकुलः=नकुल । च=र । सहदेवः=सहदेवले । सुघोषमणिपुष्पकौ=सुघोष र मणिपुष्पक नाम भएका । परमेश्वासः=श्रेष्ठ धनुषवाला । काश्यः=काशिराज । च=र । महारथः=महारथी । शिखण्डी=शिखण्डी । च=र । धृष्टद्युम्नः=धृष्टद्युम्न । च=तथा । विराटः=राजा विराट । च=र । अपराजितः=अजेय । सात्यकिः=सात्यकि । द्रुपदः=राजा द्रुपद । च=र । द्रौपदेयाः=द्रौपदीका पाँच पुत्र । च=र । महाबाहुः=महावाहु । सौभद्रः=अभिमन्यु । सर्वशः=मी सबले ।

पृथिवीपते=हे राजन् ! पृथक्पृथक्=अलग-अलग। शंखान्=शंखलाई। दध्मु:=बजाए।

भावार्थ-- युधिष्ठिरले अनन्तविजय नामक शंख, नकुलले सुघोष, सहदेवले मणिपुष्पक, टूलो धनुवाला काशिराज, महारथी शिखण्डी, धृष्टद्युम्न, राजा विराट, अजेय सात्यकि, द्रुपदराज, द्रौपदीका पाँच पुत्र, अभिमन्यु यी सबले हे राजन् ! आ-आफ्ना शंख बजाए।

स घोषो धार्तराष्ट्राणां हृदयानि व्यदारयत् ॥
नभश्च पृथिवीं चैव तुमुलो व्यनुनादयन् ॥१९॥

शब्दार्थ— च=र। सः=त्यो। तुमुलः=भयानक। घोषः=शब्दले। नभः=आकाश। च=र। पृथिवीम्=पृथ्वीलाई। एव=नै। व्यनुनादयन्=शब्दायमान गर्दै। धार्तराष्ट्राणाम्=धृतराष्ट्रका पुत्रहरूको। हृदयानि=हृदयलाई। व्यदारयत्=विदीर्ण गरिदियो।

भावार्थ— पृथ्वी र आकाश गुन्जाउने त्यो भयंकर शब्दले कौरवहरूको हृदयलाई छियाछिया गर्‍यो।

अथ व्यवस्थितान्दृष्ट्वा धार्तराष्ट्रान् कपिध्वजः ॥
प्रवृत्ते शस्त्रसंपाते धनुरुद्यम्य पाण्डवः ॥२०॥
हृषीकेशं तदा वाक्यमिदमाह महीपते ॥

शब्दार्थ-- महीपते=हे राजन् ! कपिध्वजः=जसको ध्वजामा हनुमान्‌को चिन्ह छ। पाण्डवः=अर्जुनले। व्यवस्थितान्=खडा भएका। धार्तराष्ट्रान्=धृतराष्ट्रका पुत्रहरूलाई। दृष्ट्वा=देखेर। तदा=त्यस। शस्त्रसंपाते=शस्त्र चलाउने। प्रवृत्ते=लागेमा। उद्यम्य=उठेर। हृषीकेशम्=श्रीकृष्णसँग। इदम्=यो। वाक्यम्=वाक्य। आह=भने।

भावार्थ-- हे राजन् ! अर्जुनले कौरवको सजाइएको सेना देखेर र शस्त्र चलाउनको लागि प्रवृत्त भएर आफ्नो धनु हातमा लिएर श्रीकृष्णसँग भने।

अर्जुन उवाच = अर्जुनले भने ।

सेनयोरुभयोर्मध्ये रथं स्थापय मेऽच्युत ॥२१॥
यावदेतान्निरीक्षेऽहं योद्धुकामानवस्थितान् ॥
कैर्मया सह योद्धव्यमस्मिन्रणसमुद्यमे ॥२२॥
योत्स्यमानानवेक्षेऽहं य एतेऽत्र समागताः ॥
धार्तराष्ट्रस्य दुर्बुद्धेर्युद्धे प्रियचिकीर्षवः ॥२३॥

शब्दार्थ- अच्युत=हे कृष्ण ! मे=मेरो । रथम्=रथ । उभयोः= दुई । सेनयोः = सेनाको । मध्ये=बीचमा । स्थापय=खडा गर्नुहोस् । यावत् = जबतक । अहम्=म । एतान्=यी । अवस्थितान्=अवस्थित भएका । योद्धुकामान्=लड्न इच्छा गर्नेहरूलाई । निरीक्षे=हेरूँ । अस्मिन्=यो । रणसमुद्यमे=युद्ध रूप व्यापारमा । मया=मैंले । कैः सह=को-कोसँग । योद्धव्यम्=युद्ध गर्न योग्य छ । दुर्बुद्धेः=दुर्बुद्धि । धार्तराष्ट्रस्य=दुर्योधनको । युद्धे=युद्धमा । प्रियचिकीर्षवः=कल्याण चाहनेहरू । ये=जो जो । एते=यी राजाहरू । अत्र=यो सेनामा । समागताः=आएका छन् । योत्स्यमानान्=युद्ध गर्नेहरूलाई । अहम्= म । अवेक्षे=हेर्दछु ।

भावार्थ—हे कृष्ण ! दुई सेनाको बीचमा मेरो रथ लगेर खडा गर्नुहोस् । युद्धको कामनाले खडा भएकाहरूलाई हेरूँ र जानूँ कि यो लडाईंमा मलाई क-कसका साथ लड्नु उचित छ । अतः दुर्बुद्धि दुर्योधनको युद्धमा कल्याण चाहने जो योद्धा जम्मा भएका छन् तिनलाई म हेर्न चाहन्छु ।

संजय उवाच = संजयले भने ।

एवमुक्तो हृषीकेशो गुडाकेशेन भारत ॥
सेनयोरुभयोर्मध्ये स्थापयित्वा रथोत्तमम् ॥२४॥
भीष्मद्रोणप्रमुखतः सर्वेषां च महीक्षिताम् ॥
उवाच पार्थ पश्यैतान्समवेतान् कुरूनिति ॥२५॥

शब्दार्थ— भारत=हे महाराज धृतराष्ट्र ! गुडाकेशेन=अर्जुनले ।

एवम्=यसप्रकार। उक्तः=भनेका। हृषीकेशः=श्रीकृष्णले। उभयोः =दुई। सेनयोः=सेनाको। मध्ये=बीचमा। भीष्मद्रोणप्रमुखतः= भीष्म र द्रोणाचार्यको सामुन्ने। च=र। सर्वेषाम्=सम्पूर्ण। महीक्षिताम् =राजाहरूको सामुन्ने। रथोत्तमम्=उत्तम रथलाई। स्थापयित्वा= खडा गरेर। इति=यस्तो। उवाच=भने। पार्थ=हे अर्जुन! एतान्= यी। समवेतान्=जम्मा भएका। कुरून्=कौरवहरूलाई। पश्य=हेर।

भावार्थ— हे राजन्! जब अर्जुनले श्रीकृष्णसँग उपर्युक्त प्रकारले निवेदन गरे, तब श्रीकृष्णले दुई सेनाको सम्मुख उत्तम रथ खडा गरेर भन्नुभयो हे अर्जुन! यी जम्मा भएका कौरवहरूलाई हेर।

तत्रापश्यत्स्थितान्पार्थः पितॄनथ पितामहान्॥
आचार्यान्मातुलान्भ्रातॄन्पुत्रान्पौत्रान्सखींस्तथा॥२६॥
श्वशुरान्सुहृदश्चैव सेनयोरुभयोरपि॥
तान्समीक्ष्य स कौन्तेयः सर्वान्बन्धूनवस्थितान्॥२७॥
कृपया परयाविष्टो विषीदन्निदमब्रवीत्॥

शब्दार्थ— अथ=यसपछि। पार्थः=अर्जुनले। तान्=ती। अपि=पनि। उभयोः=दुइटा। सेनयोः=सेनाहरूमा। स्थितान्=स्थित भएका। पितॄन्=काकाहरूलाई। पितामहान्=बाजेहरूलाई। आचार्यान्=गुरुहरूलाई। मातुलान्=मामाहरूलाई। भ्रातॄन्=भाइहरूलाई। पुत्रान्= छोराहरूलाई। पौत्रान्=नातिहरूलाई। तथा=र। सखीन्=मित्रहरूलाई। श्वशुरान्=ससुराहरूलाई। सुहृदः=मित्रहरूलाई। एव=पनि। अपश्यत्=देखे। तान्=ती। अवस्थितान्=खडा भएका। सर्वान्= सम्पूर्ण। बन्धून्= बन्धुहरूलाई। समीक्ष्य=देखेर। सः=त्यो। परया= अत्यन्त। कृपया=करुणाले। आविष्टः=युक्त भएर। कौन्तेयः= अर्जुनले। विषीदन्=शोक गर्दै। इदम्=यसप्रकार। अब्रवीत्=भने।

भावार्थ—त्यहाँ दुई सेनाहरूमा बूढा पितामह, आचार्य, मामा, भाइ, पुत्र, नाति, मित्र, ससुरा र स्नेहीहरूलाई विद्यमान देखेर खेद उत्पन्न हुनाको कारण दीन बन्दै अर्जुनले यस प्रकारले भने।

अर्जुन उवाच=अर्जुनले भने ।

दृट्वेमं स्वजनं कृष्ण ! युयुत्सं समुपस्थितम् ।।२८।।
सीदन्ति मम गात्राणि मुखं च परिशुष्यति ।।
वेपथुश्च शरीरे मे रोमहर्षश्च जायते ।।२९।।

शब्दार्थ— कृष्ण=हे कृष्ण ! इमम्=यी । युयुत्सम्=युद्ध गर्न लालायित । समुपस्थितम्=खडा भएका । स्वजनम्=भाइबन्धुहरूलाई । दृष्ट्वा=देखेर । मम=मेरा । गात्राणि=अंगहरू । सीदन्ति=शिथिल भैरहेछन् । च=र । मुखम्=मुख पनि । परिशुष्यति=सुकिरहेछ । च=र । मे=मेरो । शरीरे=शरीरमा । वेपथु:=कम्प । च=तथा । रोमहर्षम्=रोमाञ्च । जायते=हुन्छ ।

भावार्थ— हे कृष्ण ! युद्धको लागि उत्सुक भएर एकट्ठा भएका यी स्वजन स्नेहीहरूलाई देखेर मेरो शरीर शिथिल हुँदै गइरहेछ, मुख सुकिरहेछ, शरीर काँपिरहेछ र रौंहरू खडा भइरहेछन् ।

गाण्डीवं स्रंसते हस्तात्त्वक्चैव परिदह्यते ।।
न च शक्नोम्यवस्थातुं भ्रमतीव च मे मन: ।।३०।।

शब्दार्थ— हस्तात्=हातबाट । गाण्डीवम्=गाण्डीव । स्रंसते=खस्दछ । च=र । त्वक्=छाला । एव=पनि । परिदह्यते=पोलिरहेछ । च=तथा । मे=मेरो । मन:=मन । भ्रमति=भ्रमित जस्तो भैरहेछ । (अत:) अवस्थातुम्=खडा हुन । च=पनि । नशक्नोमि=सक्तिनँ ।

भावार्थ— हातबाट गाण्डीव खस्दछ, छाला बहुत पोलिरहेछ, उभिन पनि सक्तिनँ किनकि मेरो दिमाग नै चक्कराइरहेछ ।

निमित्तानि च पश्यामि विपरीतानि केशव ।।
न च श्रेयोऽनुपश्यामि हत्वा स्वजनमाहवे ।।३१।।

शब्दार्थ- केशव=हे कृष्ण ! निमित्तानि=लक्षणहरू । च=पनि । विपरीतानि=विपरीत नै । पश्यामि=देख्दछु । (तथा) आहवे=लडाईंमा ।

स्वजनम्=आत्मीय जनलाई । हत्वा=मारेर । श्रेयः=कल्याण । च=पनि । न अनुपश्यामि=देखिदनँ ।

भावार्थ—हे केशव ! लक्षणहरू पनि उल्टा देखिरहेछु । युद्धमा आफ्नो कुल नै सखाप पारेर श्रेय कसरी होला ?

न काङ्क्षे विजयं कृष्ण ! न च राज्यं सुखानि च ॥
किं नो राज्येन गोविन्द ! किं भोगैर्जीवितेन वा ॥३२॥

शब्दार्थ—कृष्ण=हे कृष्ण ! विजयम्=विजय । न काङ्क्षे=चाहन्नँ । च=र । राज्यम्=राज्य । च=तथा । सुखानि=सुखहरू । न=चाहन्नँ । गोविन्द=हे कृष्ण ! नः=हामीलाई । राज्येन=राज्यले । किम्=के गर्छ । वा=अथवा । भोगैः=भोगहरूले । जीवितेन=जीवनले अर्थात् बाँचेर । किम्=के प्रयोजन छ ?

भावार्थ—हे कृष्ण ! यिनीहरू (बन्धुबान्धव सबै) लाई मारेर न म विजय चाहन्छु, न राज्य, न त सुख नै । हे प्रभु ! मलाई राज्यको, भोगको र जीवनको नै के पो काम छ र ?

येषामर्थे काङ्क्षितं नो राज्यं भोगाः सुखानि च ॥
त इमेऽवस्थिता युद्धे प्राणाँस्त्यक्त्वा धनानि च ॥३३॥
आचार्याः पितरः पुत्रास्तथैव च पितामहाः ॥
मातुलाः श्वसुराः पौत्राः श्यालाः सम्बन्धिनस्तथा ॥३४॥

शब्दार्थ—नः=हामीलाई । येषाम्=जसको । अर्थे=लागि । राज्यम्=राज्य । भोगाः=भोग । च=र । सुखानि=सुखादिक । काङ्क्षितम्=इच्छित छन् । ते=ती । इमे=यी । धनानि=धन । च=र । प्राणानि=जीवनको आशा । त्यक्त्वा=त्याग गरेर । युद्धे=युद्धमा । अवस्थिताः=खडा छन् । आचार्याः=गुरुजन । पितरः=काकाहरू । च=र । पुत्राः=छोराहरू । तथा=त्यस्तै । एव=नै । पितामहाः=बाजे । मातुलाः=मामा । श्वसुराः=ससुराहरू । पौत्राः=नातिहरू । श्यालाः=सालाहरू । तथा=र । सम्बन्धिनः=सम्बन्धी मान्छेहरू छन् ।

भावार्थ– जसको लागि राज्यभोग र सुख हामी चाहन्छौं, ती आचार्य, काका, छोरा, पितामह, मामा, ससुरा, नाति र अन्य सम्बन्धी पनि जीवन र धनको आशा छोडेर युद्धको लागि खडा छन् ।

एतान्न हन्तुमिच्छामि घ्नतोऽपि मधुसूदन ॥
अपि त्रैलोक्यराज्यस्य हेतोः किं नु महीकृते ॥३५॥

शब्दार्थ— मधुसूदन=हे कृष्ण ! घ्नतः=मार्दाखेरि । अपि=पनि । त्रैलोक्य राज्यस्य=तीनै लोकका राज्यको । हेतोः=लागि । अपि=पनि । एतान्=यी सबलाई । हन्तुम्=मार्न । न इच्छामि=चाहन्नँ । महीकृते =पृथ्वीको लागि । नु किम्=किन भन्नुपर्छ र ?

भावार्थ– हे मधुसूदन ! मलाई मार्छन् भने बरु मारून्, यो पृथ्वीको त के कुरा, तीनै लोकको राज्य पाए पनि म त यिनीहरूलाई मार्ने छैनँ ।

निहत्य धार्तराष्ट्रान्नः का प्रीतिः स्याज्जनार्दन ॥
पापमेवाश्रयेदस्मान्हत्वैतानाततायिनः ॥३६॥

शब्दार्थ– जनार्दन=हे कृष्ण ! धार्तराष्ट्रान्=धृतराष्ट्रका छोराहरूलाई । निहत्य=मारेर । नः=हामीलाई । का=के । प्रीतिः= प्रसन्नता । स्यात्=होला । एतान्=यी । आततायिनः=आततायीहरूलाई । हत्वा=मारेर । अस्मान्=हामीहरूलाई । पापम्=पाप । एव=नै । आश्रयेत्=लाग्नेछ ।

भावार्थ— हे जनार्दन ! धृतराष्ट्रका छोराहरूलाई मारेर मलाई के आनन्द होला ? आततायीहरू भए पनि यिनीहरूलाई मार्दा पाप मात्र लाग्नेछ ।

तस्मान्नार्हा वयं हन्तुं धार्तराष्ट्रान्स्वबान्धवान् ॥
स्वजनं हि कथं हत्वा सुखिनः स्याम माधव ॥३७॥

शब्दार्थ– माधव=हे कृष्ण ! तस्मात्=त्यसकारण । स्वबान्धवान्= आफ्ना भाइभतिजाहरू । धार्तराष्ट्रान्=धृतराष्ट्रका छोराहरूलाई । हन्तुम् =मार्नका लागि । वयम्=हामी । न अर्हा=योग्य छैनौं । स्वजनम्=

आफ्ना कुटुम्बहरूलाई। हत्वा=मारेर। कथम्=कसरी। सुखिनः=सुखी। स्याम=हुनेछौं !

भावार्थ– हे माधव ! त्यसकारण धृतराष्ट्रका छोरा जो हाम्रा भाइभतिजाहरू हुन्, यिनीहरूलाई मार्न हामीले हुँदैन। किनकि आफ्ना कुटुम्बहरूलाई मारेर हामी कसरी सुखी हौंला र ?

यद्यप्येते न पश्यन्ति लोभोपहतचेतसः ॥
कुलक्षयकृतं दोषं मित्रद्रोहे च पातकम् ॥३८॥

शब्दार्थ— यद्यपि=हुनत। लोभोपहतचेसः=लोभले भ्रष्ट चित्त भएका। एते=यी मान्छे। कुलक्षयकृतम्=कुलका नाशको। दोषम्=दोषलाई। च=र। मित्रद्रोहे=मित्रहरूका साथ विरोध गर्नमा। पापम्=पाप। न पश्यन्ति=देख्दैनन्।

भावार्थ— लोभले जसको बुद्धि नष्ट भएको छ तिनीहरूलाई कुलको क्षयले हुने दोष र मित्रद्रोहको पाप यद्यपि देखिइँदैन।

कथं न ज्ञेयमस्माभिः पापादस्मान्निर्वर्तितुम् ॥
कुलक्षयकृतं दोषं प्रपश्यद्‌भिर्जनार्दन ॥३९॥

शब्दार्थ-- जनार्दन=हे कृष्ण ! कुलक्षयकृतम्=कुलको नाश गर्नाले भएको। दोषम्=दोषलाई। प्रपश्यद्‌भिः=जान्ने अर्थात् देख्ने। अस्माभिः=हामीलाई। अस्मात्=यो। पापात्=पापबाट। निर्वर्तितुम्=हट्‌नको लागि। कथम्=कसरी। न=न। ज्ञेयम्=विचार गर्नुपर्दछ।

भावार्थ-- परन्तु हे जनार्दन ! कुलक्षयकृत दोष स्पष्ट देखिइरहेछ। अतः यो पापबाट बच्ने कुरा हाम्रो मनमा नआई कसरी रहन्छ ?

कुलक्षये प्रणश्यन्ति कुलधर्माः सनातनाः ॥
धर्मे नष्टे कुलं कृत्स्नमधर्मोऽभिभवत्युत ॥४०॥

शब्दार्थ— कुलक्षये=कुलको नाश भएमा। सनातनाः=सनातन अर्थात् चलिआएका। कुलधर्माः=कुलधर्म। प्रणश्यन्ति=नष्ट हुन्छन्। धर्मे=

धर्मको । नष्टे=नष्ट भएमा । कृत्स्नम्=सम्पूर्ण । कुलम्=कुललाई । अधर्मः=पापले । उत=पनि । अभिभवति=ज्यादै दबाउँछ ।

भावार्थ-- कुलको नाश हुँदाखेरि सनातन कुलधर्मको नाश हुन्छ र धर्म नाश भएपछि अधर्मले सम्पूर्ण कुललाई नै डुबाइदिन्छ ।

अधर्माभिभवात्कृष्ण ! प्रदुष्यन्ति कुलस्त्रियः ॥
स्त्रीषु दुष्टासु वार्ष्णेय ! जायते वर्णसंकरः ॥४१॥

शब्दार्थ— कृष्ण=हे कृष्ण ! अधर्माभिभवात्=पाप अधिक बढ्नाले । कुलस्त्रियः=कुलका छोरीबेटीहरू । प्रदुष्यन्ति=दूषित हुन्छन् । वार्ष्णेय=हे कृष्ण ! स्त्रीषु=स्त्रीहरू । दुष्टासु=दूषित भएमा । वर्णसंकरः=वर्णसंकर । जायते=उत्पन्न हुन्छन् ।

भावार्थ— हे कृष्ण ! पाप धेरै बढेपछि कुलका नारीहरू दूषित हुन्छन् । हे वार्ष्णेय ! स्त्रीहरू दूषित भएमा वर्णसंकर अर्थात् खच्चड पैदा हुन्छन् ।

संकरो नरकायैव कुलघ्नानां कुलस्य च ॥
पतन्ति पितरो ह्येषां लुप्तपिण्डोदकक्रियाः ॥४२॥

शब्दार्थ-- संकरः=वर्णसंकर । कुलघ्नानाम्=कुलघातीहरूलाई । च=र । कुलस्य=कुलको । नरकाय=नरकमा जानका लागि । एव=नै हो । एषां=जसका । लुप्तपिण्डोदकक्रियाः=पिण्ड र जल नपाउने । पितरः= पितृहरू । हि=पनि । पतन्ति=गिर्छन् ।

भावार्थ-- वर्णसंकर कुलघातकलाई र कुलका अन्य सदस्यहरूका लागि नरकको कारण हुन्छ । किनकि पिण्ड र जलक्रियाको लोप हुँदा अर्थात् पिण्ड दिई श्राद्ध नगर्दा तिनका पितृहरू गिर्दछन् ।

दोषैरेतैः कुलघ्नानां वर्णसंकरकारकैः ॥
उत्साद्यन्ते जातिधर्माः कुलधर्माश्च शाश्वताः ॥४३॥

शब्दार्थ-- एतैः=यी । वर्णसंकरकारकैः=वर्णसंकरवाला । दोषैः=

दोषहरूले । कुलघ्नानाम्=कुलघातीहरूको । शाश्वताः=सनातन । कुलधर्माः=कुलधर्म । च=र । जातिधर्माः=जातिधर्म । उत्साद्यन्ते=नष्ट हुन्छन् ।

भावार्थ-- कुलघाती वर्णसंकरहरूका यी दोषहरूले सनातन कुलधर्म र जातिधर्म नष्ट हुनेछन् ।

उत्सन्नकुलधर्माणां मनुष्याणां जनार्दन ।।
नरकेऽनियतं वासो भवतीत्यनुशुश्रुम ।।४४।।

शब्दार्थ-- जनार्दन=हे कृष्ण ! उत्सन्नकुलधर्माणाम्=नष्ट भएको कुलधर्म भएका । मनुष्याणाम्=मनुष्यहरूको । अनियतम्=अनन्तकाल-सम्म । नरके=नरकमा । वासः=निवास । भवति=हुन्छ । इति=यस्तो । अनुशुश्रुम=सुनेका छौं ।

भावार्थ-- हे जनार्दन ! यस्तो सुनिन्छ कि जुन मान्छेहरूको कुलधर्म निर्मूल हुन्छ तिनीहरूलाई निश्चित रूपले अनन्तकालसम्म नरकमा वास वस्नुपर्दछ ।

अहो वत महत्पापं कर्तुं व्यवसिता वयम् ।।
यद्राज्यसुखलोभेन हन्तुं स्वजनमुद्यताः ।।४५।।

शब्दार्थ-- अहो=अहो ! वत=शोक छ (कि) । वयम्=हामीहरू । महत्पापम्=ठूलो पाप । कर्तुम्=गर्न । व्यवसिताः=तयार भएका छौं । यत्=जो कि । राज्यसुखलोभेन=राज्य र सुखका लोभले । स्वजनम्=आफ्नो कुललाई । हन्तुम्=मार्नका लागि । उद्यताः=उद्यत भएका छौं ।

भावार्थ-- अहो ! कस्तो दुःखको कुरा छ कि हामीहरू महापाप गर्न तुल्बुलिएका छौं । राज्य र सुखको लोभले स्वजनलाई मार्न तयार भएका छौं ।

यदि मामप्रतीकारमशस्त्रं शस्त्रपाणयः ।।
धार्तराष्ट्रा रणे हन्युस्तन्मे क्षेमतरं भवेत् ।।४६।।

शब्दार्थ— यदि=यदि । माम्=मलाई । अशस्त्रम्=शस्त्ररहित । अप्रतीकारम्=सामना नगर्नेवालालाई । शस्त्रपाणयः=शस्त्रधारी । धार्तराष्ट्राः=धृतराष्ट्रका पुत्र । रणे=युद्धमा । हन्युः=मारून् । तत्=त्यो । मे=मेरा लागि । क्षेमतरम्=अधिक कल्याणदायक ॥ भवेत्=हुनेछ ।

भावार्थ— निःशस्त्र र सामना नगर्ने मलाई यदि धृतराष्ट्रका शस्त्रधारी पुत्र लडाईंमा मारून् तापनि त्यो मेरा लागि बहुतै कल्याणकारी कुरो हुनेछ, किनकि म पापबाट वच्नेछु ।

एवमुक्त्वार्जुनः संख्ये रथोपस्थ उपाविशत् ॥
विसृज्य सशरं चापं शोकसंविग्नमानसः ॥४७॥

शब्दार्थ— संख्ये=रणभूमिमा । शोकसंविग्नमानसः=शोकले उद्विग्न मन भएका । अर्जुनः=अर्जुन । एवम्=यस प्रकार । उक्त्वा=भनेर । सशरम्=वाणसहित । चापम्=धनुषलाई । विसृज्य=त्यागेर । रथोपस्थे=रथको पछिल्लो भागमा । उपाविशत्=बसे ।

भावार्थ— यस्तो भनेर रणमा शोकले व्याकुल भएका अर्जुन धनुषवाण पन्छाएर रथको पछिल्लो भागमा बसे ।

ॐ तत्सदिति श्रीमद्भगद्गीतासूपनिषत्सु
ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे-
ऽर्जुनविषादयोगो नाम प्रथमोऽध्यायः ॥१॥

श्रीमद्भगवद्गीताको अर्जुन विषादयोग नामक
पहिलो अध्याय समाप्त भयो ॥१॥

—०—

अथ द्वितीयोऽध्यायः

(अब दोस्रो अध्याय)

संजय उवाच=संजय भन्दछन्

तं तथा कृपयाविष्टमश्रुपूर्णकुलेक्षणम् ।
विषीदन्तमिदं वाक्यमुवाच मधुसूदनः ।।१।।

शब्दार्थ— तथा=त्यसरी (युद्धभूमिमा शोकले उद्विग्न मन भएका अर्जुनले भगवान् श्रीकृष्णको सामुन्ने 'म लड्दिनँ' भनी धनुवाण भूईंमा फ्याँकेर रथको पछिल्लो भागमा बसेपछि) कृपया=करुणाले । आविष्टम्=व्याप्त । अश्रुपूर्ण=गहभरी आँसु गरेर। (र)। आकुलेक्षणम्=व्याकुल नेत्र पारेर। विषीदन्तम्=शोकयुक्त । तम्=तिनलाई (अर्जुनलाई) मधुसूदनः=मधुनाउँ गरेको दैत्यलाई मार्ने भगवान् श्रीकृष्णले । इदम्=यो। वाक्यम्=वाक्य । उवाच=भन्नुभयो ।

भावार्थ--त्यसरी मायालाग्दो भएर गहभरी आंसु गरेर व्याकुल नेत्र पारेका शोकाकुल अर्जुनलाई भगवान् श्रीकृष्ण भन्न लाग्नुभयो ।

श्री भगवानुवाच=श्री भगवान् भन्नुहुन्छ

कुतस्त्वा कश्मलमिदं विषमे समुपस्थितम् ।
अनार्यजुष्टमस्वर्ग्यमकीर्तिकरमर्जुन ।।२।।

शब्दार्थ-- अर्जुन=ए अर्जुन ! त्वा=तिमीलाई । विषमे=विषमस्थलमा । इदम्=यो । कश्मलम्=अज्ञान । कुतः=के कारणले । समुपस्थितम्=आइपऱ्यो । (यतः = किनभने) (यो) अनार्यजुष्टम्=

न त श्रेष्ठ मानिसहरूद्वारा आचरण गरिएको । अस्वर्ग्यम्=न स्वर्ग दिने भएको । अकीर्तिकरम्=न कीर्ति फिंजाउने भएको । (छ) ।

भावार्थ—अर्जुन ! तिमीलाई यस्तो विषम वेलामा (संकटको घडीमा) यो मोह कहाँबाट आयो ? न यो श्रेष्ठ व्यक्तिले गरेको कुरो पऱ्यो, न स्वर्ग दिने कुरो पऱ्यो, न त कीर्ति फैलाउने कुरो नै पऱ्यो ।

क्लैब्यं मा स्म गमः पार्थ नैतत्त्वय्युपपद्यते ।
क्षुद्रं हृदयदौर्बल्यं त्यक्त्वोत्तिष्ठ परंतप ।।३।।

शब्दार्थ—पार्थ=हे अर्जुन ! क्लैब्यम्=नपुंसकतालाई । मा स्म गमः=प्राप्त नगर (नलेऊ) । एतत्=यो । त्वयि=तिमीमा । न उपपद्यते=योग्य छैन । परंतप=हे शत्रुलाई ताप दिने ! (ए अर्जुन) क्षुद्रम्=तुच्छ । हृदयदौर्बल्यम्=हृदयको दुर्बलतालाई । त्यक्त्वा=त्याग गरेर । उत्तिष्ठ=उठ अर्थात् युद्धको लागि खडा हौ ।

भावार्थ—हे पार्थ ! यस्तो नामर्द नहोऊ, यो तिमीलाई सुहाउँदैन । हे परन्तप ! हृदयको तुच्छ दुर्बलतालाई त्यागेर उठ ।

अर्जुन उवाच=अर्जुन भन्दछन्

कथं भीष्ममहं संख्ये द्रोणं च मधुसूदन ।
इषुभिः प्रतियोत्स्यामि पूजार्हावरिसूदन ।।४।।

शब्दार्थ— मधुसूदन=हे कृष्ण ! अहम्=म । संख्ये=लडाइँमा । भीष्मम्=भीष्म पितामहलाई । च=र । द्रोणम्=दोणाचार्यलाई । कथम्=कसरी । इषुभिः=वाणहरूद्वारा । योत्स्यामि=युद्ध गरूँला । यतः=किनभने । अरिसूदन=हे अरिसूदन । पूजार्हौं=ती दुवै पूजनीय छन् ।

भावार्थ—मधुसूदन ! म रणभूमिमा भीष्मपितामह र द्रोणाचार्यसँग वाणहरूद्वारा कसरी युद्ध गरूँ ? हे अरिसूदन ! यी दुवै मेरा पूजनीय छन् !

गुरूनहत्वा हि महानुभावान्
श्रेयो भोक्तुं भैक्ष्यमपीह लोके ।
हत्वार्थकामांस्तु गुरूनिहैव
भुञ्जीय भोगान्रुधिर प्रदिग्धान् ॥५॥

शब्दार्थ— महानुभावान्=महानुभाव । गुरून्=गुरूजनहरूलाई । अहत्वा=नमारेर । इह=यो । लोके=संसारमा । भैक्ष्यम्=भिक्षाको अन्नले अर्थात् भिक्षा मागेर। अपि=पनि । भोक्तुम्=भोग्न अर्थात् गुजारा चलाउन । श्रेय:=कल्याणकारक (छ) । हि=किनकि । गुरून्=गुरुजनलाई। हत्वा=मारेर। अपि=पनि। इह=यस लोकमा। रुधिरप्रदिग्धान्=रगतले मुछिएको। अर्थकामान्=अर्थ र कामरूप। भोगान्=भोगहरूलाई। एव=नै। तु=ता। भुञ्जीय=भोगौला।

भावार्थ— महात्मा गुरुजनहरूलाई नमारेर यो लोकमा भिक्षा मागेर पेट पालनु नै श्रेयस्कर छ, परन्तु अर्थलोलुप भएर गुरुजनहरूलाई मारेका खण्डमा यो जगत्मा रगतले मुछिएको अर्थ, कामरूप भोग नै त भोग्नु-पर्ला।

न चैतद्विद्मः कतरन्नो गरीयो
यद्वा जयेम यदि वा नो जयेयुः ।
यानेवहत्वा न जिजीविषाम
स्तेऽवस्थिताः प्रमुखे धार्तराष्ट्राः ॥६॥

शब्दार्थ— एतत्=यो । च=पनि । न विद्मः=जान्दिनौं । (कि) । नः=हाम्रो लागि । कतरत्=के (गर्नु) । गरीयः=श्रेष्ठ (छ) । यद्वा=अथवा। जयेम=(हामी)जितौंला। यदि वा=या। नः=हामीलाई। जयेयुः=(उनीहरू) जितलान् । यात्=जसलाई। हत्वा= मारेर । न जिजीविषामः=बाँच्न नै इच्छा गर्दैनौं। ते=ती । एव=नै । धार्त-राष्ट्राः=धृतराष्ट्रका छोराहरू। प्रमुखे=हाम्रो सामुन्ने। अवस्थिताः=

खडा छन् ।

भावार्थ-- हामी जितौं या उनीहरू जितून् यी दुई कुरामा श्रेयष्कर कुन हो त्यो पनि समझमा आउँदैन । जुनजुनलाई मार्दा फेरि बाँच्ने इच्छा नै हुँदैन ती नै यी कौरवहरू (युद्धको लागि) सामुन्ने खडा छन् ।

> कार्पण्यदोषोपहतःस्वभावः
> पृच्छामि त्वां धर्मसंमूढचेताः ।
> यच्छ्रेयः स्यान्निश्चितं ब्रूहि तन्मे
> शिष्यस्तेऽहं शाधि मां त्वां प्रपन्नम् ॥७॥

शब्दार्थ-- कार्पण्यदोषोपहतःस्वभावः=कायरतारूपी दोषले बिग्रेको स्वभाव भएको । धर्मसंमूढचेताः=धर्मको विषयमा मोहित चित्त भएको (म) । त्वाम्=तपाईं सँग । पृच्छामि=सोद्धछु । यत्=जो । निश्चितम्=निश्चित गरिएको । श्रेयः=कल्याणकारक कुरा । स्यात्=हो । तत्=त्यो । मे=मेरो लागि । ब्रूहि=भन्नुहोस् । (किनकि) अहम्=म । ते=तपाईंको । शिष्यः=शिष्य (हुं) (यसकारण) त्वाम्=तपाईंको । प्रपन्नम्=शरणमा छु । माम्=मलाई । शाधि=शिक्षा दिनुहोस् ।

भावार्थ-- कायरतारूपी दोषले किंकर्त्तव्यविमूढ भएको, धर्मको बिषयमा मोहित चित्त भएको म हजूरसंग सोद्धैछु कि जुन निश्चित कल्याणकारी साधन छ मलाई आज्ञा होस् । म हजूरको शिष्य शरण परेको छु, शिक्षा दिनुहोस् ।

> न हि प्रपश्यामि ममापनुद्याद्
> यच्छोकमुच्छोषणमिन्द्रियाणाम् ।
> अवाप्य भूमावसपत्नमृद्धं
> राज्यं सुराणामपि चाधिपत्यम् ॥८॥

शब्दार्थ-- हि=किनकि । भूमौ=भूमिमा । असपत्नम्=निष्कण्टक । ऋद्धौ=ऋद्धिसिद्धिसहित । राज्यम्=राज्यलाई । च=र । सुराणाम्=

देवताहरूको । आधिपत्यम्=आधिपत्यलाई । अवाप्य=पाएर । (अपि)=पनि । (म) तत्=त्यसलाई । न प्रपश्यामि=देख्दिनँ । यत्=जो कि । मम=मेरो । इन्द्रियाणाम्=इन्द्रियहरूको । उच्छोषणम्=सुकाउने । शोकम्=शोकलाई । अपनुद्यात्=दूर गर्न सकोस् ।

भावार्थ— किनभने यो पृथ्वीको निष्कण्टक ऋद्धिसिद्धि सहितको राज्य र देवताकै स्वामीत्व पाए पनि म त्यो कुरा देख्दिनँ जसले मेरो इन्द्रिय सोस्ने शोकलाई दूर गरोस् ।

संजय उवाच=संजय भन्दछन्

एवमुक्त्वा हृषीकेशं गुडाकेश. परंतपः ।
न योत्स्य इति गोविन्दमुक्त्वा तूष्णीं बभूव ह ।।९।।

शब्दार्थ– परंतप=शत्रुसन्तापी । गुडाकेशः=निद्रा जित्ने (अर्जुन) । हृषीकेशम्=श्रीकृष्णलाई । एवं=यसप्रकार । उक्त्वा=भनेर । (अनि) गोविन्दम्=कृष्णलाई । न योत्से=युद्ध गर्दिनँ । इति=यस्तो । ह=स्पष्ट । उक्त्वा=भनेर । तूष्णीम्=चूपचाप । बभूव=भए ।

भावार्थ– यस प्रकार शत्रुसन्तापी गुडाकेश अर्थात् अर्जुनले हृषीकेशसँग भने र 'म लड्दिनँ' भनेर चूप लागी बसे ।

तमुवाच हृषीकेशः प्रहसन्निव भारत ।
सेनयोरुभयोर्मध्ये विषीदन्तमिदं वचः ।।१०।।

शब्दार्थ– भारत=हे धृतराष्ट्र ! हृषीकेशः=श्रीकृष्ण । उभयोः=दुवै । सेनयोः=सेनाहरूको । मध्ये=बीचमा । तम्=ती । विषीदन्तम्=शोकयुक्त अर्जुनलाई । प्रहसन् इव=मुस्कुराएर । इदम्=यो । वचः=वचन । उवाच=भने ।

भावार्थ–हे भारत ! यी दुवै सेनाहरूको बीचमा उदास भएर बसेका अर्जुनलाई मुस्कुराउँदै कृष्णले भन्नु भयो ।

श्रीभगवानुवाच=भगवान् भन्नुहुन्छ

अशोच्यानन्वशोचस्त्वं प्रज्ञावादांश्च भाषसे ।
गतासूनगतासूंश्च नानुशोचन्ति पण्डिताः ॥११॥

शब्दार्थ– त्वम् =तिमी । अशोच्यान्=शोक गर्न नपर्ने कुराको लागि । अन्वशोचः=शोक गर्दछौ । च=र । प्रज्ञावादान्=बुज्रुगले बोलेजस्तो । भाषसे=बोल्दछौ । (परन्तु) । पण्डिताः=ज्ञानीजन । गतासून्=जसको प्राण गएको छ तिनको लागि अर्थात् मरेकाको लागि । च=र । अगतासून्=जसको प्राण गएको छैन तिनको लागि अर्थात् बाँचेकाको लागि । न अनुशोचन्ति=शोक गर्दैनन् ।

भावार्थ– जसको लागि शोक गर्नु पर्दैन, तिमी त्यसैको लागि शोक गर्दछौ र फेरि पण्डितको जस्तो कुरा छाँट्दछौ । पण्डित त मरेका अथवा ज्यूँदाको लागि शोक गर्दैनन् ।

न त्वेवाहं जातु नासं न त्वं नेमे जनाधिपाः ।
न चैव न भविष्यामः सर्वे वयमतः परम् ॥१२॥

शब्दार्थ–न तु=न ता । (एवं)=यस्तो । एव=नै (हुन्छ) । अहम्=म । जातु=कहिल्यै । न आसम्=थिइनँ । (अथवा) त्वम्=तिमी । न (आसीः)=न थियौ । (अथवा) इमे=यी । जनाधिपाः=राजाहरू । न (आसन्)=न थिए । च=र । न (एवम्)=न यस्तो । एव=नै । अतःपरम्=योभन्दा पर । वयम्=हामी । सर्वे=सबै । न भविष्यामः=हुनेछैनौं ।

भावार्थ– यस्तो त हुँदै हुँदैन कि म पहिले कहिल्यै थिइनँ र तिमी अथवा यी राजाहरू पहिले थिएनन् । र यस्तो पनि हुँदैन कि हामी अब पछि हुँदैनौं ।

देहिनोऽस्मिन्यथा देहे कौमारं यौवनं जरा ।
तथा देहान्तरप्राप्तिर्धीरस्तत्र न मुह्यति ॥१३॥

शब्दार्थ–यथा=जस्तो । देहिन:=जीवात्माको । अस्मिन्=यो । देहे=देहमा । कौमारम्=कुमार अवस्था । यौवनम्=यौवन अवस्था । जरा=वृद्धावस्था (हुन्छ) । तथा=त्यस्तै । देहान्तरप्राप्ति:=अन्य शरीरको प्राप्ति (हुन्छ)। तत्र=त्यस सम्बन्धमा । धीर:=धीर पुरुष । न मुह्यति=मोहित हुँदैन ।

भावार्थ– जस्तो जीवात्माको यो देहमा बालपन, यौवन, बुढ्याइँ हुन्छ त्यस्तै अर्को देहप्राप्तिमा हुन्छ । यस विषयमा धीरहरू मोहित हुँदैनन् ।

मात्रास्पर्शास्तु कौन्तेय शीतोष्णसुखदु:खदा: ।
आगमापायिनोऽनित्यास्तांस्तितिक्षस्व भारत ॥१४॥

शब्दार्थ– कौन्तेय=हे कुन्तीपुत्र ! शीतोष्णसुखदु:खदा:=सर्दी-गर्मी र सुखदु:ख दिने । मात्रास्पर्शा:=इन्द्रिय र विषयको संयोग । तु=ता । आगमापायिन: =क्षणभङ्गुर । अनित्या:=अनित्य छन् । (यसकारण) भारत=हे अर्जुन ! तान्=तिनलाई । तितिक्षस्व=सहन गर ।

भावार्थ– हे कुन्तीपुत्र ! सर्दी-गर्मी, सुख-दु:ख दिने इन्द्रिय र विषयको संयोग त क्षणभंगुर र अनित्य छ । हे भारत ! त्यो तिमी सहन गर ।

यं हि न व्यथयन्त्येते पुरुषं पुरुषर्षभ ।
समदु:खसुखं धीरं सोऽमृतत्वाय कल्पते ॥१५॥

शब्दार्थ– हि=किनकि । पुरुषर्षभ=हे पुरुषश्रेष्ठ ! समदु:खसुखम्=दु:ख-सुखलाई समान संझने । यम्=जो । धीरम्=धीर । पुरुषम्=पुरुषलाई । एते=यिनले (इन्द्रियहरूको विषयले) न व्यथयन्ति=व्याकुल गर्न सक्तैनन् । स:=त्यो । अमृतत्वाय=मोक्षका लागि । कल्पते=योग्य हुन्छ ।

भावार्थ– किनभने सुखदु:ख समान संझने धीर पुरुषलाई यी इन्द्रियहरूका विषयहरूले व्यथित गराउन सक्तैनन्, किनभने त्यो अमृतत्वको भागी अर्थात् मोक्षको अधिकारी हुन्छ ।

नासतो विद्यते भावो नाभावो विद्यते सतः ।
उभयोरपि दृष्टोऽन्तस्त्वनयोस्तत्त्वदर्शिभिः ॥१६॥

शब्दार्थ– असतः=असत् (वस्तु) को । भावः=अस्तित्व । न विद्यते=हुँदैन । तु=र । सतः=सत् (वस्तु)को । अभावः=अभाव । न विद्यते=हुँदैन । (यस प्रकार) अनयोः उभयोः=यी दुवैको । अपि=पनि । अन्तः=तत्त्व । तत्त्वदर्शिभिः=ज्ञानी पुरुषहरूद्वारा । दृष्टः=देखिन्छ ।
भावार्थ– असत्को अस्तित्व र सत्को अभाव हुँदै हुँदैन । यी दुवैको अन्त अर्थात् तत्त्व तत्त्वज्ञानीजनद्वारा देखिन्छ ।

अविनाशि तु तद्विद्धि येन सर्वमिदं ततम् ।
विनाशमव्ययस्यास्य न कश्चित्कर्तुमर्हति ॥१६॥

शब्दार्थ– अविनाशी=नाशरहित । तु=ता । तत्=त्यसलाई । विद्धि=जान । येन=जसले । इदम्=यो । सर्वम्=सम्पूर्ण (जगत्) ततम्=व्याप्त छ । (किनकि) अस्य=यो । अव्ययस्य=अविनाशीको । विनाशम्=विनाश । कर्तुम्=गर्नलाई । कश्चित्=कोही । न अर्हति=समर्थ छैन ।
भावार्थ– जुन आत्माले यो सारा जगत् व्याप्त छ त्यो विनाश रहित छ । यो अव्यय आत्माको कोही नाश गर्न सक्दैन । तिमी त्यसलाई नाशरहित जान ।

अन्तवन्त इमे देहा नित्यस्योक्ताः शरीरिणः ।
अनाशिनोऽप्रमेयस्य तस्माद्युध्यस्व भारत ॥१८॥

शब्दार्थ– अनाशिनः=नाशरहित । अप्रमेयस्य=अप्रमेय (अचिन्त्य) । नित्यस्य=नित्य स्वरूप । शरीरिणः=जीवात्माको । इमे=यी । देहाः=सब शरीर । अन्तवन्तः=नाशवान् । उक्ताः=भनिएका छन् । तस्मात्=त्यसकारण । भारत=हे अर्जुन । युध्यस्व=युद्ध गर ।
भावार्थ– ननाशिने नित्य स्वरूप, अप्रमेय जीवका यी सब शरीरहरू नाश-

-वान् छन् । यस निम्ति हे अर्जुन ! तिमी युद्ध गर ।

य एनं वेत्ति हन्तारं यश्चैनं मन्यते हतम् ।
उभौ तौ न विजानीतो नायं हन्ति न हन्यते ॥१९॥

शब्दार्थ– यः=जो । एनम्=यो आत्मालाई । हन्तारम्=मार्ने । वेत्ति=समझन्छ । च=र । यः=जो । एनम्=यसलाई । हतम्=मरेको । मन्यते=मान्दछ । तौ=ती । उभौ=दुवै (नै) न विजानीतः=जान्दैनन् । (किनकि) अयम्=यो आतमा । न हन्ति=न मार्दछ । (र) न हन्यते=न मारिन्छ ।

भावार्थ– जो यो आत्मालाई मार्ने सम्झन्छ र जो मर्छ भन्ने ठान्दछ, ती दुवै थरी जान्दैनन् कि आत्मा न मार्छ न मर्छ ।

न जायते म्रियते वा कदाचिन्नायं भूत्वा भविता वा न भूयः ।
अजो नित्यः शाश्वतोऽयं पुराणो न हन्यते हन्यमाने शरीरे ॥२०॥

शब्दार्थ– अयम्=यो आतमा । कदाचित्=कुनै पनि समयमा । न जायते=न जन्मन्छ । वा=अथवा । न म्रियते=न मर्छ । वा=अथवा । अयम्=यो आतमा । न भूत्वा=नभएको छ । भूयः=फेरि । न भविता=न हुनेवाला छ । (अयम्=यो) अजः=अजन्मा (छ) । नित्यः=नित्य (छ) । शाश्वतः=शाश्वत छ । पुराणः=पुरातन छ । शरीरे=शरीरको । हन्यमाने=नाश हुँदा । न हन्यते=नाश हुँदैन ।

भावार्थ– यो आतमा न कहिल्यै जन्मन्छ, न कहिल्यै मर्छ । न त एक चोटि भएर फेरि हुन्छ । यो त अजन्मा, नित्य, शाश्वत, पुरातन छ । शरीर नाश हुँदा पनि यो नाश हुँदैन ।

वेदाविनाशिनं नित्यं य एनमजमव्ययम् ।
कथं स पुरुषः पार्थ कं घातयति हन्ति कम् ॥२१॥

शब्दार्थ– पार्थ=हे पृथा पुत्र अर्जुन । यः=जो । एनम्=यो आत्मालाई । अविनाशिनम्=नाश रहित । नित्यम्=नित्य । अजम्=अजन्मा ।

अव्ययम्=अव्यय । वेद=जान्दछ । सः=त्यो । पुरुषः=पुरुष । कथम्=कसरी । कम्=कसलाई घातयति=मराउछ । कम्=कसलाई । हन्ति=मार्दछ ।

भावार्थ– हे अर्जुन । जो आत्मालाई अविनाशी, नित्य, अजन्मा, अव्यय जान्दछ, त्यो व्यक्ति कसरी कसलाई मराउँछ कसरी कसलाई मार्छ ।

वासांसि जीर्णानि यथा विहाय नवानि गृह्णाति नरोऽपराणि ॥
तथा शरीराणि विहाय जीर्णान्यन्यानि संयाति नवानि देही ॥२२॥

शब्दार्थ– यथा=जसरी । नरः=मानिस । जीर्णानि=पुराना । वासांसि=वस्त्रहरूलाई । विहाय=छोडेर । अपराणि=अर्को । नवानि=नयाँवस्त्रहरूलाई । गृण्हाति=ग्रहण गर्दछ । तथा=त्यस्तै । देही=जीवात्मा । जीर्णानि=पुराना । शरीराणि=शरीरलाई । विहाय=त्यागेर । अन्यानि=अरू । नवानि=नयाँ शरीरलाई । संयाति=प्राप्त गर्दछ ।

भावार्थ— मान्छेले पुरानो लुगा छोडेर नयाँ लुगा लगाए झैं जीवात्मा बूढो देह त्यागेर दोस्रो नयाँ शरीर प्राप्त गर्दछ ।

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः ।
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ॥२३॥

शब्दार्थ– एनम्=यो आत्मालाई । शस्त्राणि=शस्त्रहरू । नछिन्दन्ति=काट्न सक्तैनन् । एनम्=यसलाई । पावकः=आगो । न दहति=जलाउन सक्तैन । एनम्=यसलाई । आपः=जल । न क्लेदयन्ति=न गलाउन सक्तछ । च=र । मारुतः=हावा । न शोषयति=न सुकाउँदछ ।

भावार्थ– आत्मालाई शस्त्रहरू काट्न सक्तैनन्, आगोले जलाउन सक्तैन, पानीले गिल्याउन र हावाले सुकाउन सक्तैन ।

अच्छेद्योऽयमदाह्योऽयमक्लेद्योऽशोष्य एव च ।
नित्यः सर्वगतः स्थाणुरचलोऽयं सनातनः ॥२४॥

शब्दार्थ– अयम्=यो आत्मा । अच्छेद्यः=छेड्न नसकिने छ । अयम्=

यो आत्मा । अदाह्य :=नजल्ने छ । अयम्=यो आत्मा । अक्लेद्य:= गिल्याउन नसकिने छ । च=र । अशोष्य=नसुक्ने छ । अयम्=यो आत्मा । एव=निःसन्देह । नित्य:=नित्य । सर्वगत=सर्वव्यापक । अचल:=अचल । स्थाणु:=स्थिर रहने । सनातन:=अनादि छ ।

भावार्थ– यो आत्मा अच्छेद्य छ, अदाह्य छ, अक्लेद्य छ एवं अशोष्य छ। यो निःसन्देह नित्य, सर्वगत, अचल, स्थिर र सनातन छ ।

अव्यक्तोऽयमचिन्त्योऽयमविकार्योऽयमुच्यते ।
तस्मादेवं विदित्वैनं नानुशोचितुमर्हसि ॥२५॥

शब्दार्थ– अयम्=यो आत्मा । अव्यक्त:=इन्द्रियहरूको अविषय । (र) अयम्=यो आत्मा । अचिन्त्य:=मनको अविषय । (र) अयम्=यो आत्मा । अविकार्य:=विकाररहित । उच्यते=भनिन्छ । तस्मात्= त्यसकारण । एनम्=यो आत्मालाई । एवम्=यस्तो । विदित्वा=जानेर । त्वम्=तिमी । अनुशोचितुम्=शोक गर्नलाई । न अर्हसि=योग्य छैनौ ।

भावार्थ– आत्मा इन्द्रियहरू र मनद्वारा जानिँदैन । यो नित्य र नाशरहित छ । यसैले अव्यक्त, अचिन्त्य र नबदलिने भनिन्छ । आत्मालाई यस्तो परम स्वरूप सम्झेर त्यसको लागि शोक गर्नु मूर्खता हो ।

अथ चैनं नित्यजातं नित्यं वा मन्यसे मृतम् ।
तथापि त्वं महाबाहो नैवं शोचितुमर्हसि ॥२६॥

शब्दार्थ– अथ च=र यदि । त्वम्=तिमी । एनम्=यसलाई । नित्य-जातम्=सदा जन्मने । वा=अथवा । नित्यम्=सधैं । मृतम्=मर्ने । मन्यसे=ठान्दछौ । तथापि=तैपनि । महाबाहो=हे अर्जुन ! एवम्= यस प्रकार । शोचितुम्=शोक गर्न । न अर्हसि=योग्य छैनौ ।

भावार्थ– यदि तिमी यसलाई सधैं जन्मने वा सधैं मर्ने भन्छौ भने पनि हे महाबाहु ! यसरी शोक गर्न योग्य छैनौ ।

जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च ।
तस्मादपरिहार्येऽर्थे न त्वं शोचितुमर्हसि ॥२७॥

शब्दार्थ– हि=किनकि । जातस्य=जन्म लिनेको । ध्रुव=निश्चित । मृत्यु:=मृत्यु । च=र । मृतस्य=मर्नेको । ध्रुवम्=निश्चित । जन्म=जन्म । (हुनु छ) तस्मात्=त्यसकारण । (पनि) त्वम्=तिमी । अपरिहार्ये=विना उपाय भएको । अर्थे=विषयमा । शोचितुम्=शोक गर्न । न अर्हसि=योग्य छैनौ ।

भावार्थ– जसले जन्म लिएको छ, त्यसको मर्नु निश्चय छ र जो मर्छ उसको जन्म पनि निश्चित छ । यसैले जुन कुरा अवश्यम्भावी छ त्यसको लागि शोक गर्नु उचित छैन ।

अव्यक्तादीनि भूतानि व्यक्तमध्यानि भारत ।
अव्यक्तनिधनान्येव तत्र का परिवेदना ॥२८॥

शब्दार्थ— भारत=अर्जुन ! भूतानि=सम्पूर्ण प्राणी । अव्यक्तादीनि=जन्मभन्दा पहिले विना शरीर भएका । (र) अव्यक्तनिधनानि=मरेपछि विना शरीर भएका हुन्छन् । (केवल) व्यक्तमध्यानि=बीचमा नै शरीरयुक्त प्रतीत भएका हुन्छन् । (अनि) तत्र=त्यस विषयमा । का परिवेदना=के चिन्ता छ ।

भावार्थ– हे भारत ! प्राणीहरू नजन्मदै र मरेपछि पनि अशरीरवाला छन् । बीचमा मात्र देखिएकाको निम्ति केको चिन्ता ?

आश्चर्यवत्पश्यति कश्चिदेनमाश्चर्यवद्वदति तथैव चान्य: ।
आश्चर्यवच्चैनमन्य: श्रृणोति श्रुत्वाप्येनं वेद न चैव कश्चित् ॥२९॥

शब्दार्थ– कश्चित्=कोही । एनम्=यो आत्मालाई । आश्चर्यवत्=आश्चर्यले । पश्यति=हेर्दछ । च=र । तथा=त्यस्तै । एव=नै । अन्य:=अर्को । आश्चर्यवत्=आश्चर्यपूर्वक । वदति=भन्दछ । च=र । अन्य=अर्को । एनम्=यस आत्मालाई । आश्चर्यवत्=आश्चर्य भएर ।

श्रृणोति=सुन्दछ। च=र। कश्चित्=कोही। श्रुत्वा=सुनेर। अपि=पनि। एनम्=यस आत्मालाई। न एव जानाति=जान्दैनन्।

भावार्थ– कोही आत्मालाई आश्चर्यवत् देख्दछन्, त्यस्तै कोही आश्चर्यवत् बोल्दछन्, अर्काथरी आश्चर्यवत् सुन्दछन्, कोही चाहिं सुनेर पनि जान्न सक्तैनन्।

देही नित्यमवध्योऽयं देहे सर्वस्य भारत।
तस्मात्सर्वाणि भूतानि न त्वं शोचितुमर्हसि ॥३०॥

शब्दार्थ– भारत=हे अर्जुन। अयम्=यो। देही=आत्मा। सर्वस्य=सबैको। देहे=शरीरमा। नित्यम्=सधैं। अवध्य=वध गर्न नसकिने छ। तस्मात्=त्यसकारण। सर्वाणि=सम्पूर्ण। भूतानि=प्राणीहरूको लागि। त्वम्=तिमी। शोचितुम्=शोक गर्न। न अर्हसि=योग्य छैनौ।

भावार्थ– हे अर्जुन, आत्मा सबैको देहमा नित्य अवध्य छ, यस निमित्त सम्पूर्ण प्राणीका निम्ति शोक गर्नु व्यर्थ ठान।

स्वधर्ममपि चावेक्ष्य न विकम्पितुमर्हसि।
धर्म्याद्धि युद्धाच्छ्रेयो ऽन्यत्क्षत्रियस्य नविद्यते ॥३१॥

शब्दार्थ– च=र। स्वधर्मम्=आफ्नो धर्मलाई। अवेक्ष्य=देखेर। अपि=पनि। विकम्पितुम्=डराउन। न अर्हसि=योग्य छैनौ। धर्म्यात्=धर्मयुक्त। युद्धात्=युद्धभन्दा बढी। अन्यत्=अर्को (कोही)। श्रेयः=कल्याणकारक कर्तव्य। क्षत्रियस्य=क्षत्रीहरूको लागि। न विद्यते=छैन।

भावार्थ– स्वधर्मतिर ख्याल गर्दा पनि युद्धबाट विचलित हुन तिम्रो लागि उचित छैन। किनकि धर्मभन्दा ठूलो कुरा क्षत्रीहरूको लागि अर्को छैन।

यदृच्छया चोपपन्नं स्पर्गद्वारमपावृतम्।
सुखिनः क्षत्रियाः पार्थ लभन्ते युद्धमीदृशम् ॥३२॥

शब्दार्थ– पार्थ=हे अर्जुन। यदृच्छया=स्वतः। उपपन्नम्=प्राप्तभएको। च=र। अपावृतम्=खुलेको। स्वर्गद्वारम्=स्वर्गको ढोका। ईदृशम्=

यस प्रकारको । युद्धम्=युद्धलाई । सुखिनः= भाग्यवान् । क्षत्रियाः= क्षत्रीहरू । लभन्ते=पाउँदछन् ।

भावार्थ- हे अर्जुन । यस्तो युद्ध त आपसेआप प्राप्त भएको खुला स्वर्गद्वार हो र यो त केवल भाग्यवान् क्षत्रियलाई मिल्दछ ।

अथ चेत्त्वमिमं धर्म्यं संग्रामं न करिष्यसि ।
ततः स्वधर्मं कीर्तिं च हित्वा पापमवाप्स्यसि ॥३३॥

शब्दार्थ- अथ=र । चेत्=यदि । त्वम्=तिमी । इमम्=यो । धर्म्यम् =धर्मयुक्त । संग्रामम्=संग्रामलाई । न करिष्यसि=गर्ने छैनौ । (भने) ततः=अनि । स्वधर्मम्=स्वधर्मलाई । च=र । कीर्तिम्=कीर्तिलाई । हित्वा=गुमाएर । पापं=पाप । अवाप्स्यसि=लाग्नेछ ।

भावार्थ- र तिमी यो धर्मयुद्ध गर्दैनौ भने आफ्नो धर्म र कीर्ति गुमाएर पापको भागी बन्नेछौ ।

अकीर्तिं चापि भूतानि कथयिष्यन्ति तेऽव्ययाम् ।
संभावितस्य चा कीर्तिर्मरणादतिरिच्यते ॥३४॥

शब्दार्थ— च=र । भूतानि=सबै जना । ते=तिम्रो । अव्ययम=धेरै समयसम्म रहने । अकीर्तिम्=अपकीर्तिलाई । अपि=पनि । कथयिष्यन्ति =भन्नेछन् । च=र । अकीर्तिः=अपकीर्ति । संभावितस्य=माननीय पुरुषको लागि । मरणात्=मर्नुभन्दा । (पनि) अतिरिच्यते=ज्यादै नराम्रो हुन्छ ।

भावार्थ— र मान्छेहरू तिम्रो अपकीर्ति धेरै दिनसम्म गाउनेछन् जो प्रतिष्ठित व्यक्तिको लागि मर्नुभन्दा पनि बढी छ ।

भयाद्रणादुपरतं मंस्यन्ते त्वां महारथाः ।
येषां च त्वं बहुमतो भूत्य यास्यसि लाघवम् ॥३५॥

शब्दार्थ— महारथाः=महारथीहरू । त्वाम्=तिमीलाई । भयात्=डरले रणात्=युद्धबाट । उपरतम्=भागेको । मंस्यन्ते=ठान्दछन् । येषाम्=

जहाँ अर्थात् जुन समाजमा। बहुमत:=बहुत आदरणीय। भूत्वा=भएर। लाघवम्=तुच्छता। यास्यसि=प्राप्त [redacted]। हुनेछौ।

भावार्थ— महारथीहरू तिमीलाई डरको कारण लडाइँबाट भागेको संझने छन् र जसको तिमी आदरका पात्र थियौ, तिनीहरू तिमीलाई छोटो संझने छन् अर्थात् अनादर गर्ने छन्।

अवाच्यवादांश्च बहून्वदिष्यन्ति तवाहिता।
निन्दन्तस्तव सामर्थ्यं ततो दुःखतरं नु किम्॥३६॥

शब्दार्थ— च=र। तव=तिम्रो। अहिता:=वैरीहरू। तव=तिम्रा। सामर्थ्यम्=सामर्थ्यलाई। निन्दन्त:=निन्दा गर्दै। बहून्=अनेक। अवाच्यवादान्=भन्न नहुने कुराहरू। वदिष्यन्ति=भन्नेछन्। नु=फेरि ततः=त्योभन्दा। दुःखतरम्=अधिक दुःख। किम्=के हुन्छ।
भावार्थ— तिम्रा वैरी तिम्रो सामर्थ्यको निन्दा गर्दै अनेक दुर्वचन बोल्नेछन्। त्योभन्दा बढी दुःख के होला?

हतो वा प्राप्स्यसि स्वर्गं जित्वा वा भोक्ष्यसे महीम्।
तस्मादुत्तिष्ठ कौन्तेय युद्धाय कृतनिश्चयः॥३७॥

शब्दार्थ— वा=अथवा। हत:=मरेर। स्वर्गम्=स्वर्गलाई। प्राप्स्यसि= पाउनेछौ। वा=अथवा। जित्वा=जितेर। महीम्=पृथ्वीलाई। भोक्ष्यसे=भोग्नेछौ। तस्मात्=त्यसकारण। कौन्तेय=हे अर्जुन! युद्धाय=युद्धको लागि। कृतनिश्चय:=निश्चय गरेर। उत्तिष्ठ=खडा होऊ।

भावार्थ— या मरेर स्वर्ग पाउँछौ या जितेर पृथ्वी भोग्नेछौ। त्यसैले निश्चय भएर युद्ध गर्न तयार होऊ।

सुखदुःखे समे कृत्वा लाभालाभौ जयाजयौ।
ततो युद्धाय युज्यस्व नैवं पापमवाप्स्यसि॥३८॥

शब्दार्थ- सुखदु:खे=सुखदु:ख । लाभालाभौ=लाभहानि । जयाजयौ= जयपराजयलाई । समे=समान । कृत्वा=गरेर । ततः=अनि । युद्धाय=युद्धको लागि । युज्यस्व=तयार होऊ । एवम्=यसप्रकार । (युद्ध गर्दा तिमीलाई) पापम्=पाप । न अवाप्स्यसि=पाउने छैनौ अर्थात् लाग्ने छैन ।

भावार्थ- सुख-दु:ख, हानि-लाभ, जीत-हार-लाई समान संझेर युद्धमा लाग । यसो गऱ्यौ भने पापको भागी हुने छैनौ ।

एषा तेऽभिहिता सांख्ये बुद्धिर्योगे त्विमां श्रृणु ।
बुद्धया युक्तो यया पार्थ कर्मबन्धं प्रहास्यसि ।।३९।।

शब्दार्थ- पार्थ=हे अर्जुन ! एषा=यो । बुद्धिः=बुद्धि । ते=तिम्रो लागि । सांख्ये=ज्ञानयोगको विषयमा । अभिहिता=भनिएको छ । तु=र । इमाम्=यसलाई । योगे=निष्काम कर्मयोगको विषयमा । श्रृणु=सुन । यया=जुन । बुद्धया=बुद्धिले । युक्तः=युक्त । कर्मबन्धम्=कर्म बन्धनलाई । प्रहास्यसि=राम्ररी नाश गर्नेछौ ।

भावार्थ- अर्जुन ! यो बुद्धि तिमीलाई ज्ञानयोगको विषयमा भनिएको हो । अब निष्काम कर्मयोगको विषयमा सुन, जुन बुद्धिले युक्त भयौ भने कर्मबन्धनलाई भलीभाँती विनाश गर्नेछौ ।

नेहाभिक्रमनाशोऽस्ति प्रत्यवायो न विद्यते ।
स्वल्पमप्यस्य धर्मस्य त्रायते महतो भयात् ।।४०।।

शब्दार्थ- इह=यो निष्काम कर्मयोगमा । अभिक्रमनाशः=आत्माको अर्थात् बीजको नाश । न अस्ति=हुँदैन । (यसैले) प्रत्यवायः=उल्टो फल-रूपी दोष (पनि) । न विद्यते=हुँदैन । (यसैले) अस्य=यसको (निष्काम कर्मयोगको) । धर्मस्य=धर्मको । स्वल्पम्=थोरै । अपि=पनि । (साधन) महतः=जन्ममृत्युरूप महान् । भयात्=डरबाट । त्रायते=उद्धार गर्दछ ।

भावार्थ- यो कर्मयोगका बीजको नाश हुँदैन । किन्तु यो कर्मयोग रूपी धर्मको थोरै साधनले पनि जन्ममृत्युरूप महान् भयबाट रक्षा गर्छ ।

व्यवसायात्मिका बुद्धिरेकेह कुरुनन्दन ।
बहुशाखा ह्यनन्ताश्च बुद्धयोऽव्यवसायिनाम् ॥४१॥

शब्दार्थ- कुरुनन्दन=हे अर्जुन । इह=यो ! (कल्याण मार्गमा) व्यवसायात्मिका=निश्चयात्मक । बुद्धिः=बुद्धि । एक हि=एक नै हो । च=र । अव्यवसायिनाम्=अज्ञानी पुरुषहरूको । बुद्धयः=बुद्धिहरू । बहुशाखा=धेरै प्रकार भएका । अनन्ता=अनन्त हुन्छन् ।

भावार्थ- हे अर्जुन ! कार्य र अकार्य निश्चय गर्ने बुद्धि एक अर्थात् एकाग्र राख्नु पर्दछ किनकि जसको बुद्धि निश्चय हुँदैन उसको बुद्धि अर्थात् वासनाहरू अनेक शाखाहरूले युक्त र अनन्त प्रकारका हुन्छन् ।

यामिमां पुष्पितां वाचं प्रवदन्त्यविपश्चितः ।
वेदवादरताः पार्थ नान्यदस्तीति वादिनः ॥४२॥
कामात्मनः स्वर्गपरा जन्मकर्मफलप्रदाम् ।
क्रियाविशेषबहुलां भोगैश्वर्यगतिं प्रति ॥४३॥
भोगैश्वर्यप्रसक्तानां तयापहृतचेतसाम् ।
व्यवसायात्मिका बुद्धिः समाधौ न विधीयते ॥४४॥

शब्दार्थ- पार्थ=हे अर्जुन । कामात्मानः=सकामी पुरुष । वेदवादरताः=केवल फलश्रुतिमा प्रीति राख्ने । स्वर्गपराः=स्वर्गलाई परम श्रेष्ठ मान्ने । (यो भन्दा बढी) अन्यत्=अरू केही । न अस्ति=छैन । इति=यस्तो । वादिनः=भन्ने । अविपश्चितः=अविवेकी जन । जन्मकर्मफलप्रदाम्=जन्मरूपकर्मफल दिने । (र) भोगैश्वर्यगतिप्रति=भोग तथा ऐश्वर्य प्राप्तिको लागि । क्रियाविशेषबहुलाम्=अनेक क्रिया विस्तार गर्ने । इमाम्=यस प्रकारका । याम्=जुन । पुष्पिताम्=देखौवा शोभायुक्त । वाचम्=वाणी । प्रवदन्ति=भन्दछन् । तया=त्यो वाणीद्वारा । अपहृतचेतसाम्=चित्त हरिएका (व्यक्तिहरूको) समाधौ=अन्तःकरणमा । व्यवसायात्मिका=निश्चयात्मक । बुद्धिः=बुद्धि । न विधीयते=हुँदैन ।

भावार्थ– हे अर्जुन ! वेदको कर्मकाण्डीय अर्थवादमा आसक्त व्यक्ति वेदको तत्त्व नसंझेर कर्मकुलित चित्तको कारण स्वर्गलाई नै परम पुरुषार्थ मान्दछन् र सम्झन्छन् कि यसभन्दा बढी ईश्वरत्व या प्राप्य वस्तु नै छैन । अत एव भोगप्राप्तिको लागि अनेक प्रकारका यज्ञादि क्रियाहरू बताउँदछन् जसद्वारा पुनर्जन्म रूप संसार-बन्धन हुन्छ । यस्तो भोग ऐश्वर्यमा आसक्त हुने र तिनबाट नष्ट भएको चित्त हुनेहरूको बुद्धि निश्चयात्मक भएर समाधि लाग्दैन ।

त्रैगुण्यविषया वेदा निस्त्रैगुण्यो भवार्जुन ।
निर्द्वन्द्वो नित्यसत्वस्थो निर्योगक्षेम आत्मवान् ।।४५।।

शब्दार्थ— अर्जुन=अर्जुन । वेदाः=सब वेद । त्रैगुण्य विषया=तीन गुण (सत्त्व रज तम) को कार्यरूप संसारलाई विषय मान्नेवाला छन् । (यसैले) निस्त्रैगुण्यः=निष्कामी । (र) निर्द्वन्द्व=सुखदुःख द्वन्द्वहरूबाट रहित । नित्यसत्त्वस्थः=नित्यवस्तुहरूमा स्थित । (तथा) निर्योगक्षेम= योगक्षेमलाई नचाहने । (र) आत्मवान्=आत्मपरायण । भव=होऊ ।

टिप्पणी—अप्राप्तको प्राप्तिको नाम योग हो र प्राप्त वस्तुको रक्षाको नाम क्षेम हो ।

भावार्थ—वेदहरूको विषय तीन गुणहरूको क्रियासँग सम्बन्धित छ । परन्तु हे अर्जुन, तिमी त्रिगुणात्मक प्रकृतिदेखि स्वतंत्र होऊ । तिमी सबै द्वन्द्वहरूबाट मुक्त होऊ र दृढतापूर्वक सत्वभावमा स्थित होऊ । हे अर्जुन, प्राप्ति र रक्षणको चिन्ता छोड र आत्मालाई प्राप्त गर ।

यावानर्थ उदपाने सर्वतः संप्लुतोदके ।
तावान्सर्वेषु वेदेषु ब्राह्मणस्य विजानतः ।।४६।।

शब्दार्थ— सर्वतः=सबतिरबाट । संप्लुतोदके=परिपूर्ण जलाशयको । उदपाने=स-सानो जलाशयसँग । यावान्=जति । अर्थः=प्रयोजन छ । विजानतः=राम्ररी ब्रम्ह जान्ने । ब्राम्हणस्य=ब्राम्हणको पनि । सर्वेषु=सब । वेदेषु=वेदहरूमा । तावान्=त्यत्तिकै प्रयोजन छ ।

भावार्थ— जताततैबाट परिपूर्ण जलाशय पाएपछि स-सानो जलाशयको जति प्रयोजन रहन्छ, सर्वात्मना ब्रम्हानन्द पाउने ब्राम्हणलाई समस्त वेदसँग त्यति नै प्रयोजन रहन्छ ।

कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन ।
मा कर्मफल हेतुर्भूर्मा ते संगोऽस्त्वकर्मणि ।।४७।।

शब्दार्थ— ते=तिम्रो । कर्मणि=काममात्र गर्नमा । एव=नै । अधिकारः=अधिकार हुनु। फलेषु=फलप्राप्तिमा । कदाचन=कहिल्यै। मा भूः=हुनु हुँदैन । (त्यस्तै) अकर्मणि=काम नगर्नमा पनि । संगः= प्रीति। मा अस्तु=हुनु हुँदैन ।
भावार्थ— तिम्रो अधिकार कर्म गर्न मात्रमा छ, फलप्राप्तिमा कहिल्यै होइन। कर्मफल चाहने तिमी नहोऊ, न त तिम्रो प्रीति कर्म नगर्नमा होस्।

योगस्थः कुरु कर्माणि सङ्गं त्यक्त्वा धनंजय ।
सिद्धयसिद्ध्योः समोभूत्वा समत्वं योग उच्यते ।।४८।।

शब्दार्थ— धनंजय=हे अर्जुन। सङ्गम्=आसक्ति । त्यक्त्वा=छोडेर। (तथा) सिद्धय-सिद्धयोः=सफलता र असफलता। समः=समान बुद्धि भएको । भूत्वा=भएर। योगस्थः=योगमा स्थित हुँदै । कर्मणि=कर्म-हरू । कुरु=गर । समत्वम्=समत्व भाव नै । योगः=योग । उच्यते=कहिन्छ ।
भावार्थ— हे धनञ्जय। योगमा लागेर कर्म गर । सङ्ग छोड । सफलता र असफलतामा समान होऊ । समता नै योग हो ।

दूरेण ह्यवरं कर्म बुद्धियोगाद्धनञ्जय ।।
बुद्धौ शरणमन्विच्छ कृपणा- फलहेतवः ।।४९।।

शब्दार्थ— बुद्धियोगात्=बुद्धियोगभन्दा। कर्म=संकाम कर्म। दूरेण= निकै नै । अवरम्=तुच्छ छ। (अतः) धनञ्जय=हे अर्जुन । बुद्धौ= समत्व बुद्धि योगको । शरणम्=आश्रय। अन्विच्छ=ग्रहण गर। हि=किन

नकि। फलहेतवः=फल चाहनेहरू। कृपणाः=अत्यन्त दीन हुन्छन्।

भावार्थ— किनकि हे धनञ्जय! बुद्धि (साम्य) योगको अपेक्षा बाह्य कर्म कनिष्ठ छ अर्थात् निक्कै कम महत्त्वको छ। अतएव यो साम्य बुद्धिको शरणमा जाऊ। फलहेतुक अर्थात् फलमा दृष्टि राखेर काम गर्ने मान्छे कृपण अर्थात् दीन या दोस्रा दर्जाका हुन्छन्।

बुद्धियुक्तो जहातीह उभे सुकृतदुष्कृते।
तस्माद्योगाय युज्यस्व योगः कर्मसु कौशलम् ॥५०॥

शब्दार्थ— इह=यस लोकमा। बुद्धियुक्तः=साम्य बुद्धिले युक्त भएका मान्छे। उभे=दुवै। सुकृत दुष्कृते=राम्रो काम र नराम्रो काममा। जहाति=छोड्छ अर्थात् अलिप्त रहन्छ। तस्मात्=त्यसकारण। योगाय=योगको। युज्यस्व=आश्रय गर। योगः=योग नै। कर्मसु=काममा। कौशलम्=कुशलता हो।

भावार्थ— समत्व बुद्धि हुने व्यक्ति यो दुनियाँमा पाप-पुण्यदेखि अलिप्त रहन्छन्। अतएव योगको आश्रय गर। कर्म गर्ने कुशलतालाई नै योग (कर्मयोग) भन्दछन्।

कर्मजं बुद्धियुक्ता हि फलं त्यक्त्वा मनीषिणः।
जन्मबन्धविनिर्मुक्ताः पदं गच्छन्त्यनामयम् ॥५१॥

शब्दार्थ— हि=किनकि। बुद्धियुक्ता=बुद्धियोग युक्त। मनीषिणः=ज्ञानीजन। कर्मजम्=कर्मबाट उत्पन्न हुने। फलम्=फललाई। त्यक्त्वा=छोडेर। जन्मबन्ध विनिर्मुक्ताः=जन्मरूप बन्धनबाट छूटेका। अनामयम्=निर्दोष अर्थात् अमृतमय। पदम्=परम पदमा। गच्छन्ति=प्राप्त हुन्छन्।

भावार्थ— निष्काम कर्म गर्नेहरू सारा कर्मफल त्यागेर कर्म गर्दै जन्मरूपी बन्धनबाट उन्मुक्त भएर सबै उपद्रवबाट रहित मोक्ष प्राप्त गर्दछन्।

यदा ते मोहकलिलं बुद्धिर्व्यतितरिष्यति।
तदा गन्तासि निर्वेदं श्रोतव्यस्य श्रुतस्य च ॥५२॥

शब्दार्थ— यदा=जुन बेला । ते=तिम्रो । बुद्धिः=बुद्धि । मोहकलिलम्=मोहरूपी दलदल । व्यतितरिष्यति=तर्दछ अर्थात् पार गर्दछ । तदा=तब । (त्वम्)=तिमी । श्रोतव्यस्य=सुन्न योग्य । च=र । श्रुतस्य=सुनेको । निर्वेदम्=वैराग्य । गन्तासि=प्राप्त गर्दछौ ।

भावार्थ— जब तिम्रो बुद्धि मोहरूपी मलिनता पार गर्दछ, अनि तिमी सबैको प्रति उदासीन हुनेछौ, जे जति सुनेका छौ र जे जति सुन्न अझैं बाँकी छ अर्थात् सुनेका प्रति र सुन्न बाँकी भएका प्रति ।

श्रुतिविप्रतिपन्ना ते यदा स्थास्यति निश्चला ।
समाधावचला बुद्धिस्तदा योगमवाप्स्यसि ॥५३॥

शब्दार्थ- यदा=जब । ते=तिम्रो । श्रुतिविप्रतिपन्ना=अनेक प्रकारका सिद्धान्त सुन्दा विचलित । बुद्धिः=बुद्धि । समाधौ=समाधिमा अर्थात् परमात्माको स्वरूपमा । अचला=अचल । (र) निश्चला=स्थिर । स्थास्यति=रहन्छ । तदा=तब (तिमी) । योगम्=समत्वरूप योग । अवाप्स्यसि=प्राप्त गर्छौ ।

भावार्थ- जब तिम्रो अनेक सिद्धान्त सुन्दा-सुन्दा विचलित भएको बुद्धि त्यसबाट वाक्क भएर परमात्माको स्वरूपमा अचल होला अनि मात्र तिमी योग प्राप्त गर्नेछौ ।

अर्जुन उवाच=अर्जुन भन्दछन्

स्थितप्रज्ञस्य का भाषा समाधिस्थस्य केशव ।
स्थितधीः किं प्रभाषेत किमासीत व्रजेत किम् ॥५४॥

शब्दार्थ- केशव=हे कृष्ण ! समाधिस्थस्य=समाधिस्थित । स्थितप्रज्ञस्य =स्थिर बुद्धि भएका मान्छेको । का=के । भाषा=लक्षण छ । (र) स्थितधीः=स्थिर बुद्धि भएको मान्छे । किम्=कसरी । आसीत=बस्दछ । किम्=कसरी । व्रजेत=चल्दछ ।

भावार्थ- हे केशव ! समाधिस्थित स्थिर बुद्धि भएका मान्छेको के लक्षण हुन्छ ? ऊ कसरी बोल्छ ? कसरी बस्छ ? कसरी हिंड्छ ?

श्रीभगवानुवाच=भगवान भन्नुहुन्छ

प्रजहाति यदा कामान्सर्वान्पार्थ मनोगतान् ।
आत्मन्येवात्मना तुष्टः स्थितप्रज्ञस्तदोच्यते ॥५५॥

शब्दार्थ– पार्थ=हे अर्जुन ! यदा=जब । मनोगतान्=मनमा स्थित । सर्वान्=सम्पूर्ण । कामान्=कामनाहरू । प्रजहाति=त्यागदिन्छ । तदा=तब । आत्मना=आत्माद्वारा । एव=नै । आत्मनि=आत्मामा । तुष्टः=संतुष्ट भएको । स्थितप्रज्ञः=स्थिर बुद्धि भएको । उच्यते=कहिन्छ ।

भावार्थ– हे अर्जुन ! जब मान्छे मनमा रहेका सम्पूर्ण कामनाहरू त्यागला त्यतिखेर त्यो मान्छे आत्माद्वारा आत्मामा नै सन्तुष्ट भएको स्थिरबुद्धि भनिनेछ ।

दुःखेष्वनुद्विग्नमनाः सुखेषु विगतस्पृहः ।
वीतरागभयक्रोधः स्थितधीर्मुनिरुच्यते ॥५६॥

शब्दार्थ– दुःखेषु=दुःख पाउँदा । अनुद्विग्नमनाः=मन क्षुब्ध नभएको । सुखेषु=सुख पाउँदा । विगतस्पृहः=कामना नभएको । वीतरागभयक्रोधः=राग, भय र क्रोध नष्ट भएको । मुनिः=मुनि । स्थितधीः=स्थित बुद्धि भएको । उच्यते=कहिन्छ ।

भावार्थ– दुःखमा व्याकुल मन नहुने र सुखमा स्पृहा नभएको अर्थात् नमात्तिएको, भय, राग, क्रोध नष्ट भएको, सम र स्थिर चित्त भएको मान्छे नै स्थिर बुद्धि कहलाउँछ ।

यः सर्वत्रानभिस्नेहस्तत्तत्प्राप्य शुभाशुभम ।
नाभिनन्दति न द्वेष्टि तस्य प्रज्ञा प्रतिष्ठिता ॥५७॥

शब्दार्थ– यः=जो मान्छे । सर्वत्र=सबैतिर । अभिस्नेहः=स्नेहरहित भएको । तत्तत्=त्यो त्यो । शुभाशुभम्=शुभ र अशुभ । प्राप्य=पाएर न अभिनन्दति= प्रसन्न हुँदैन । न द्वेष्टि=द्वेष गर्दैन । तस्य=त्यसको । प्रज्ञा=बुद्धि । प्रतिष्ठिता=स्थिर हुन्छ ।

भावार्थ– जो मान्छे कहीं पनि स्नेह नराखर तत्तत् शुभाशुभ कुरा पाएर पनि न प्रसन्न हुन्छ, न द्वेष गर्दछ त्यस्ताको बुद्धि स्थिर बुद्धि कहलाउँछ।

यदा संहरते चायं कूर्मोऽङ्गानीव सर्वशः।
इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता ॥५८॥

शब्दार्थ– च=र। कूर्मः=कछुवा। अङ्गानि=अंगहरू। इव=जस्तो (समेट्दछ त्यस्तै) अयम्=यो मान्छे। यदा=जब। सर्वशः=सबतिर-बाट। इन्द्रियाणि=इन्द्रियहरूलाई। इन्द्रियार्थेभ्यः=इन्द्रियहरूको विषय-बाट। संहरते=समेट्तछ। (त्यसरी) तस्य=त्यसको। प्रज्ञा=बुद्धि। प्रतिष्ठिता=स्थिर हुन्छ।

भावार्थ– कछुवाले आफ्नो आङ समेटे जस्तै यो मान्छेले पनि जब इन्द्रिय-हरूलाई विषयहरूबाट समेट्तछ अनि उसको बुद्धि स्थिर हुनेछ।

विषया विनिवर्तन्ते निराहारस्य देहिनः।
रसवर्जं रसोऽप्यस्य परं दृष्ट्वा निवर्तते ॥५९॥

शब्दार्थ– निराहारस्य=उपवास बस्ने। देहिनः=मान्छेका। विषयाः= शब्द, स्पर्श आदि विषयहरू। विनिवर्तन्ते=निवृत्त हुन्छन्। (परन्तु) रसवर्जम्=राग निवृत्त हुँदैन। अस्य=यो मान्छेका त। रसः=राग। अपि=पनि। परम्=परमात्मालाई। दृष्ट्वा=देखेर अर्थात् साक्षात् गरेर। निवर्तते=निवृत्त हुन्छ।

भावार्थ– मान्छे उपवास व्रत या रोगादिको कारण विषयहरू त त्याग्न सक्छ तर तिनको रस या स्वाद चाहिं बिर्सदैन। यो रसको पूर्णरूपले निवृत्तित केवल आत्मज्ञानको प्राप्तिबाट हुन्छ।

यततो ह्यपि कौन्तेय पुरुषस्य विपश्चितः।
इन्द्रियाणि प्रमाथीनि हरन्ति प्रसभं मनः ॥६०॥

शब्दार्थ–– कौन्तेय=हे अर्जुन! हि=जसद्वारा (कि)। यततः=यत्न गर्दागर्दै। विपश्चितः=बुद्धिमान् मान्छेको। अपि=पनि। मनः=मन-

लाई। प्रमाथीनि=प्रमन स्वभाव भएको । इन्द्रियाणि=इन्द्रियहरू। प्रसभम्=वलात्कारले । हरन्ति=हर्दछन् ।

भावार्थ— इन्द्रियहरू ज्यादै बलवान् छन् । मनलाई चलायमान गर्ने खालका छन् । र विवेकी पुरुष जो इन्द्रियहरूलाई जित्ने प्रयत्न गर्दछन् त्यस्ताको पनि मनलाई जितेर इन्द्रियहरू विषय भोगमा लगाइदिन्छन् ।

तानि सर्वाणि संयम्य युक्त आसीत मत्परः ।
वशे हि यस्येन्द्रियाणि तस्य प्रज्ञा प्रतिष्ठिता ॥६१॥

शब्दार्थ— तानि=ती । सर्वाणि=सबै इन्द्रियहरूलाई । संयम्य=वशमा गरेर । युक्त=समाहित चित्त भएको । मत्परः=मेरो परायण । आसीत =स्थिर होओस् । हि=किनकि । यस्य=जसको । इन्द्रियाणि=इन्द्रिय-हरू । वशे=वशमा भएका छन् । तस्य=त्यसको । प्रज्ञा=बुद्धि । प्रतिष्ठिता=स्थिर हुन्छ ।

भावार्थ— ती सम्पूर्ण इन्द्रियहरूलाई वशमा राखी चित्त रोकेर मेरो परायण भएर रहोस् किनभने जसको इन्द्रियहरू वशमा हुन्छन् उसैको बुद्धि स्थिर हुन्छ ।

ध्यायतो विषयान्पुंसः सङ्गस्तेषूपजायते ।
सङ्गात्संजायते कामः कामात्क्रोधोऽभिजायते ॥६२॥
क्रोधाद्भवति संमोहः संमोहात्स्मृतिविभ्रमः ।
स्मृतिभ्रंशाद् बुद्धिनाशो बुद्धिनाशात्प्रणश्यति ॥६३॥

शब्दार्थ— बिषयान्=विषयहरूलाई । ध्यायतः=चिन्ता गर्ने । पुंसः= मानिसहरूलाई । तेषु=ती विषयहरूमा । सङ्गः=आसक्ति । उपजायते= हुन्छ । सङ्गात्=आसक्तिबाट । कामः=कामना । संजायते=उत्पन्न हुन्छ । कामात्=कामनाबाट । क्रोधः=क्रोध । अभिजायते=उत्पन्न हुन्छ । क्रोधात्=क्रोधबाट । संमोहः=अविवेक । भवति=हुन्छ । संमोहात्=अविवेकबाट । स्मृतिविभ्रमः=स्मरणशक्ति भ्रमित हुन जान्छ । स्मृतिभ्रंशात्=स्मृति भ्रमित भएबाट । बुद्धिनाशः=ज्ञान शक्तिको नाश ।

बुद्धिनाशात्=बुद्धिनाशबाट । प्रणस्यति=प्राणी नष्ट हुन जान्छ ।

भावार्थ— विषयहरूको ध्यान गर्दा मान्छेलाई तिनमा आसक्ति उत्पन्न हुन्छ। आसक्तिबाट कामना, कामनाबाट क्रोध, क्रोधबाट संमोह, संमोहबाट मान्छे अन्धो भएर स्मृति विभ्रम हुन्छ, स्मृति भ्रष्ट भएपछि बुद्धिनाश हुन्छ, अनि बुद्धिनाश भएपछि मान्छेको सर्वनाश हुन्छ ।

रागद्वेषवियुक्तैस्तु विषयानिन्द्रियैश्चरन् ।
आत्मवश्यैर्विधेयात्मा प्रसादमधिगच्छति ॥६४॥

शब्दार्थ— तु=परन्तु। विधेयात्मा=स्वाधीन अन्तःकरण भएको मान्छे। रागद्वेषवियुक्तैः=रागद्वेषले रहित। आत्मवश्यैः=आफ्नो वशमा गरेको। इन्द्रियैः=इन्द्रियहरूद्वारा । विषयान्=विषयहरूलाई । चरन्=भोग्दै । प्रसादम्=अन्तःकरणको प्रसन्नतालाई । अधिगच्छति=भोग्दछ ।

भावार्थ— आफ्नो मन र इन्द्रियहरूलाई वशमा राखेर इन्द्रियहरूद्वारा विषयहरूमा व्यवहार गर्ने अर्थात् विषयभोग गर्ने मनोजयी पुरुष प्रसाद प्राप्त गर्दछ ।

प्रसादे सर्वदुःखानां हानिरस्योपजायते ।
प्रसन्नचेतसो ह्याशु बुद्धिः पर्यवतिष्ठते ॥६५॥

शब्दार्थ— प्रसादे=निर्मलता भएपछि। अस्य=यसको । सर्वदुःखानाम्=सम्पूर्ण दुःखको। हानि=अभाव। उपजायते=हुन जान्छ। प्रसन्नचेतसा=प्रसन्न चित्त भएका मान्छेको। बुद्धिः=बुद्धि। आशु=शीघ्र। हि=नै । पर्यवतिष्ठते=राम्ररी स्थिर हुन्छ ।

भावार्थ— प्रसन्नता भएपछि सबै दुःखको नाश हुन्छ। र अशान्ति तथा दुःखको नाश भएपछि मनुष्यको बुद्धि पनि स्वतः सम र स्थिर हुन्छ। जसको बुद्धि स्थिर हुन्छ त्यसको चित्त प्रसन्न हुन्छ ।

नास्ति बुद्धिरयुक्तस्य न चायुक्तस्य भावना ।
न चाभावयतः शान्तिरशान्तस्य कुतः सुखम् ॥६६।

92450

शब्दार्थ— अयुक्तस्य=साधनरहित मान्छेको (अन्तःकरणमा) । वुद्धि=वुद्धि । नास्ति=हुँदैन । च=र । अयुक्तस्य=अयुक्तको (अन्तःकरणमा) भावना=आस्तिक भाव । न=हुँदैन । अभावतः=विना आस्तिक भाव भएको मान्छेलाई । शान्ति=शान्ति । च=पनि । न=हुँदैन । अशान्तस्य =शान्तिरहित मान्छेलाई । सुखम्=सुख । कुतः=कतावाट ?

भावार्थ – कुयोगीको न वुद्धि हुन्छ, न आस्तिक भाव नै । अभावुकलाई शान्ति कसरी ? अशान्तको लागि सुख कहाँ ?

इन्द्रियाणां हि चरतां यन्मनोऽनुविधीयते ।
तदस्य हरति प्रज्ञां वायुर्नावमिवाम्भसि ॥६७॥

शब्दार्थ— हि=किनकि । अम्भसि=जलमा । वायुः=वायु । नावम्=नाउलाई । इव=झैं । चरताम्=विचरण गर्ने । इन्द्रियाणाम्=इन्द्रियहरूको वीचमा । यत्=जो । अनु=साथ । मनः=मन । विधीयत=रहन्छ । तत्=त्यो (एउटै इन्द्रिय) । अस्य=यो मानिसको । प्रज्ञाम्=वुद्धिलाई । हरति=हरण गर्दछ ।

भावार्थ— जो पुरुष चित्त स्थिर नहुनाको कारण आफ्नो मनद्वारा इन्द्रियहरूलाई आफ्नो वशमा राख्दैन किन्तु स्वयं इन्द्रियहरूको अधीन हुन्छ, उसको वुद्धि उसको चलायमान मनद्वारा यसरी नष्ट हुन्छ जसरी हावाले चलायमान हुँदा नाउ नष्ट हुन्छ ।

तस्माद्यस्य महावाहो निगृहीतानि सर्वशः ।
इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता ॥६८॥

शब्दार्थ–तस्मात्=त्यसकारण । महावाहो=हे अर्जुन । यस्य=जसको । इन्द्रियाणि=इन्द्रियहरू । सर्वशः=हरतरहले । इन्द्रियार्थेभ्यः=इन्द्रियहरूको विषयहरूवाट । निगृहीतानि=वशमा राखेको हुन्छ । तस्य=त्यसको । प्रज्ञा=वुद्धि । प्रतिष्ठिता=स्थिर हुन्छ ।

भावार्थ— त्यसकारण हे अर्जुन ! जसका इन्द्रियहरू हरतरहले इन्द्रियका विषयहरूबाट वश गराइएका छन् त्यसको बुद्धि स्थिर हुन्छ ।

या निशा सर्वभूतानां तस्यां जागर्ति संयमी ।
यस्यां जाग्रति भूतानि सा निशा पश्यतो मुनेः ।।६९।।

शब्दार्थ— सर्वभूतानाम्=सम्पूर्ण प्राणीको लागि। या=जो । निशा= रात्रि छ । तस्याम्=त्यो नित्य शुद्ध बोधस्वरूप परमानन्दमा । संयमी= योगी पुरुष । जागर्ति=जागा हुन्छ । (र) यस्याम्=जुन क्षणभंगुर सांसारिक सुखमा । भूतानि=सबै प्राणीहरू । जागर्ति=जागा हुन्छन् । पश्यतः=तत्त्वदर्शी । मुनेः=मुनिको लागि । स=त्यो । निशा=रात्रि हो ।

भावार्थ— समस्त प्राणीको लागि जो रात छ त्यसमा संयमी जागा रहन्छ र साधारण मान्छेको लागि जुन दिन छ आत्मसंयमी तत्त्वदर्शीको लागि त्यो रात हुन्छ ।

आपूर्यमाणमचलप्रतिष्ठं समुद्रमापः प्रविशन्ति यद्वत् ।
तद्वत्कामा यं प्रविशन्ति सर्वे स शान्तिमाप्नोति न कामकामी ।।७०।।

शब्दार्थ— यद्वत्=जस्तो । आपूर्यमागम्=सधैं परिपूर्ण रहने । अचल प्रतिष्ठम्=अचल प्रतिष्ठा भएको । समुद्रम्=समुद्रप्रति । आपः=नाना थरीका नदीहरूको जल । प्रविशन्ति=प्रवेश गर्दछन् अर्थात् समाहित हुन्छन् । तद्वत्=त्यस्तै । यम्=स्थिर बुद्धि भएको मान्छेप्रति । सर्वे= सबै । कामाः=भोग (कुनै किसिमको विकार उत्पन्न नगरीकन) । प्रविशन्ति=पस्दछन् । सः=त्यो मान्छे । शान्तिम्=परम शान्ति । प्राप्नोति=पाउँदछ । न=न कि । कामकामी=भोगहरू चाहने मान्छे ।
भावार्थ— जस्तो चारैतिरबाट परिपूर्ण अचल प्रतिष्ठा भएको समुद्रप्रति नाना थरीका नदीका जल उसलाई नधमिल्याइकन प्रवेश गर्दछन् त्यस्तै स्थिर बुद्धि भएको मान्छेप्रति समस्त भोग विकार उत्पन्न नगरीकन नै अटाउँदछन् । त्यो मान्छेले नै परम शान्ति अनुभव गर्न सक्तछ, न कि भोगहरू चाहने व्यक्ति ।

विहाय कामान्यः सर्वान्पुमांश्चरति निःस्पृहः ।
निर्ममो निरहंकारः स शान्तिमधिगच्छति ।।७१।।

शब्दार्थ— यः=जो । पुमान्=मान्छे । सर्वान्=सबै । कामान्=कामनाहरूलाई । विहाय=छोडेर । निर्मम=ममतारहित (र) निरहंकार =अहंकार रहित । निःस्पृहा=स्पृहारहित अर्थात् इच्छारहित । चरति =गर्दछ । स=त्यो । शान्तिम्=शान्ति । अधिगच्छति=पाउँछ ।

भावार्थ— जो मान्छे सबै कामनाहरूलाई त्यागेर बिना इच्छा, बिना ममता र बिना अहंकार विचर्दछ त्यसैले शान्ति पाउँछ ।

एषा ब्राह्मी स्थितिः पार्थ नैनां प्राप्य विमुह्यति ।
स्थित्वास्यामन्तकालेऽपि ब्रह्मनिर्वाणमृच्छति ।।७२।।

शब्दार्थ— पार्थ=हे अर्जुन । एषा=यो अर्थात् अगाडि भनिएको । ब्राह्मी=ब्रह्म प्राप्त गर्ने मान्छेको । स्थितिः=अवस्था हो । एनाम्= यसलाई । प्राप्य=प्राप्त गरेर । न विमुह्यति=मोहित हुँदैन । (र) अन्तकाल=मृत्यु समय । अपि=पनि । अस्याम्=यो निष्ठामा । स्थित्वा=रहेर । ब्रह्मनिर्वाणम्=ब्रह्मानन्द । ऋच्छति=पाउँछ ।

भावार्थ- हे अर्जुन ! अगाडिका श्लोकहरूमा बताइएको ब्रह्मरूपी स्थिति हो र यसलाई पाएर साधक फेरि विषय वासनामा लिप्त हुँदैन र मर्ने बेलासम्म यसमा स्थित भएर ब्रह्मनिर्वाण प्राप्त गर्दछ ।

इति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां
योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे सांख्ययोगो
नाम द्वितीयोऽध्यायः ।

श्रीमद्भगवद्गीताको सांख्ययोग नामक
दोस्रो अध्याय समाप्त भयो ।

—०—

अथ तृतीयोऽध्याय:

(अब तेस्रो अध्याय)

अर्जुन उवाच=अर्जुन भन्दछन्

ज्यायसी चेत्कर्मणस्ते मता बुद्धिर्जनार्दन ।
तत्किं कर्मणि घोरे मां नियोजयसि केशव ॥१॥

शब्दार्थ— जनार्दन=हे कृष्ण । चेत्=यदि । कर्मण:=कर्मयोगको अपेक्षा । बुद्धि:=ज्ञानयोग । ज्यायसी=श्रेष्ठ छ । (भन्ने) ते=हजूरको । मता=अभिप्राय छ (भने) । तत् किम=अनि किन । घोरे कर्मणि= युद्धरूप घोर कर्ममा । केशव=हे केशव । माम्=मलाई । नियोजयसि =नियुक्त गरिबक्सिन्छ ।

भावार्थ-- हे कृष्ण ! यदि कर्मभन्दा हजूर वुद्धि अर्थात् ज्ञान श्रेष्ठ मानिबक्सिन्छ त किन फेरि मलाई भयंकर कर्ममा लगाइबक्सिन्छ ?

व्यामिश्रेणैव वाक्येन बुद्धिं मोहयसीव मे ।
तदेकं वद निश्चित्य येन श्रेयोऽहमाप्नुयाम् ॥२॥

शब्दार्थ— व्यामिश्रेण इव=विशेष रूपले मिश्रित जस्तो । वाक्येन= वाक्यले । मे=मेरो । वुद्धिम्=बुद्धिलाई । मोहयसि इव=मानो मोहित गरिबक्सन्छ । येन=जुन कुराले । अहम्=म । श्रेय:=कल्याण । आप्नुयाम्=पाउन सकूँ । तत्=त्यो । एकम्=एक । निश्चित्य=निश्चय गरेर । वद=आज्ञा होस् ।

भावार्थ— हजूरको मिश्रित वाक्य (कहिले कर्मको प्रशंसा त कहिले

ज्ञानको) ले मेरो बुद्धि मोहितजस्तो भएको छ। अतएव यी दुईमध्ये एक निश्चित गरेर कल्याणकारी कुरो कुन हो त्यो भनिबक्स्योस्।

श्रीभगवानुवाच=भगवान आज्ञा गर्नु हुन्छ।

लोकेऽस्मिन्द्विविधा निष्ठा पुरा प्रोक्ता मयानघ।
ज्ञानयोगेन सांख्यानां कर्मयोगेन योगिनाम् ॥३॥

शब्दार्थ— अनघ=हे निष्पाप। अस्मिन्=यो। लोके=संसारमा। द्विविधा=दुई प्रकारको। निष्ठा=ब्रह्मनिष्ठा। मया=मैले। पुरा=पहिले। प्रोक्ता=भनिएको छ। ज्ञानयोगेन=ज्ञानयोगद्वारा। सांख्यानाम्=ज्ञानाधिकारीहरूको लागि। कर्मयोगेन=निष्काम कर्मयोगद्वारा। योगिनाम्= योगीहरूको निष्ठा भनिएको छ।

भावार्थ— हे निष्पाप अर्जुन! यो लोकमा दुई प्रकारको निष्ठा मैले बताएको छु। ज्ञानीको लागि ज्ञानयोगद्वारा, योगीको लागि निष्काम कर्मयोगद्वारा।

नकर्मणामनारम्भान्नैष्कर्म्यं पुरुषोऽश्नुते।
न च संन्यसनादेव सिद्धिं समधिगच्छति ॥४॥

शब्दार्थ— पुरुष=मनुष्य। कर्मणाम्=कर्महरूको। अनारम्भात्=अनुष्ठान नै नगरी कन। नैष्कर्म्यं=निष्कर्मता। न अश्नुते=प्राप्त गर्दिन। संन्यसनादेव=केवल संन्यास ग्रहण या कर्मत्यागले। सिद्धिम्=सिद्धि। न अधिगच्छति=प्राप्त गर्न सकिंदैन।

भावार्थ— कर्म नगरीकन न निष्काम अर्थात् योगनिष्ठा प्राप्त हुन्छ। न त संन्यास लिएर अर्थात् कर्म त्याग्दैमा सिद्धि या सांख्य निष्ठा प्राप्त हुन्छ।

न हि कश्चित्क्षणमपि जातु तिष्ठत्यकर्मकृत्।
कार्यते ह्यवशः कर्म सर्वः प्रकृतिजैर्गुणैः ॥५॥

शब्दार्थ— हि=निश्चय नै। कश्चित्=कोही। जातु=कहिल्यै। क्षणमपि=क्षणभर पनि। अकर्मकृत्=कर्म नगरेर। न तिष्ठति=बस्न

सक्तैन । हि=किनकि । प्रकृतिजैर्गुणैः=प्रकृतिजात गुणहरूद्वारा । अवशः=परवश भएका । सर्व=सबैजना । कर्म कार्यते=कर्ममा प्रवृत्त हुन्छन् ।

भावार्थ— कोही मान्छे कहिल्यै क्षणभर पनि काम नगरीकन बस्न सक्तैन । कारण सबै मान्छे प्रकृतिबाट उत्पन्न हुने गुणहरूद्वारा विवश भएर कर्म गर्दछन् ।

कर्मेन्द्रियाणि संयम्य य आस्ते मनसा स्मरन् ।
इन्द्रियार्थान्विमूढात्मा मिथ्याचारः स उच्यते ।।६।।

शब्दार्थ—य=जो । कर्मेन्द्रियाणि=कर्मेन्द्रियहरूलाई । संयम्य=रोकेर । मनसा=मनले । इन्द्रियार्थान्=इद्रियहरूका भोगहरूलाई । स्मरन्=संझँदै । आस्ते=रहन्छ । विमूढात्मा=मूढ बुद्धि । सः=त्यो । मिथ्याचारः =कपटी । उच्यते=कहलाउँछ ।

भावार्थ— जो मूढ मान्छे सबै इन्द्रियहरूलाई जवर्जस्ती रोकेर मनले चाहिं ती इन्द्रियहरूको विषयको चिन्तन गर्दछ, त्यो मिथ्याचारी अर्थात् दम्भी भनिन्छ ।

यस्त्विन्द्रियाणि मनसा नियम्यारभतेऽर्जुन
कर्मेन्द्रियैः कर्मयोगमसक्तः स विशिष्यते ।।७।।

शब्दार्थ— अर्जुन=हे अर्जुन । यः तु=परन्तु जो । मनसा=मनद्वारा । इन्द्रियाणि=इन्द्रियहरूलाई । नियम्य=संयत गरेर अर्थात् रोकेर । असक्तः=अनासक्त भावले । कर्मेन्द्रियैः=कर्मेन्द्रियहरूद्वारा । कर्मयोगम्=कर्मयोगलाई । आरभते=अनुष्ठान गर्दछ । सः=त्यो विशिष्यते=श्रेष्ठ कहिन्छ ।

भावार्थ— परन्तु हे अर्जुन ! जो मनद्वारा सारा इन्द्रियहरूलाई नियमित र ईश्वरपरायण गरेर कर्मेन्द्रियहरूद्वारा कर्मरूपी योग या उपायको अनुष्ठान गर्दछन्, फलाभिलाषाले रहित हुनाको कारण ती विशिष्ट अर्थात् चित्त शुद्धिको कारण ज्ञानवान् हुन्छन् ।

नियतं कुरु कर्म त्वं कर्म ज्यायो ह्यकर्मणः ।
शरीरयात्रापि च ते न प्रसिद्धयेदकर्मणः ॥८॥

शब्दार्थ– त्वम् = तिमी। नियतम् = नित्य। कर्म = कार्य। कुरु = गर। हि = किनकि। अकर्मणः = कर्म नगर्नेको अपेक्षा। कर्मज्यायः = कर्म गर्नु श्रेष्ठः छ। अकर्मणः = कर्म नगर्दा खेरि। ते = तिम्रो। शरीरयात्रा अपि च = शरीरको कामका पनि। न प्रसिद्धयेत् = निर्वाह हुँदैन।

भावार्थ– कर्म नगरीकन चल्नै सकिन्न भने तिमी नियत कर्म गर। किनकि काम नगर्नुको अपेक्षा काम गर्नु नै अधिक श्रेष्ठतर छ। सब कामले शून्य हुँदाखेरि तिम्रो शरीर यात्राको पनि त निर्वाह हुँदैन।

यज्ञार्थात्कर्मणोऽन्यत्र लोकोऽयं कर्मबन्धनः ।
तदर्थं कर्म कौन्तेय मुक्तसङ्गः समाचर ॥९॥

शब्दार्थ– यज्ञार्थात् = ईश्वरको आराधनाको निमित्त। कर्मणः = कर्मको सिवाय। अन्यत्र = अन्य कर्ममा। अयं लोकः = यो लोक। कर्मबन्धनः = कर्ममा आबद्ध छ। कौन्तेय = हे अर्जुन। तदर्थम् = ईश्वर प्राप्तिका लागि। मुक्तसंगः = निष्काम भएर। कर्म समाचर = कर्म गर।

भावार्थ– भगवान्को आराधनाको सिवाय जो अन्य कर्म गरिन्छ त्यो बन्धनको कारण बन्दछ। ईश्वराराधनको निमित्त गरेको कर्मले मनुष्यलाई बन्धनमा पार्दैन। अतएव भगवान्को प्रीतिको लागि निष्काम कर्म गर।

सहयज्ञाः प्रजाः सृष्ट्वा पुरोवाच प्रजापतिः ॥
अनेन प्रसविष्यध्वमेष वोऽस्त्विष्टकामधुक् ॥१०॥

शब्दार्थ– पुरा = सृष्टिको शुरूमा। प्रजापतिः = ब्रम्हाले। सहयज्ञा = यज्ञको साथ। प्रजा = जीवहरू। सृष्टा = रचना गरेर। उवाच = भनेका थिए। अनेन = यो यज्ञद्वारा। प्रसविष्यध्वम् = उत्तरोत्तर सम्बर्द्धित होस्। एषः = यो यज्ञ। वः = तिमीहरूको लागि। इष्टकामधुक् = अभीष्टफलप्रद। अस्तु = होस्।

भावार्थ– ब्रम्हाले सृष्टिको आरम्भमा यज्ञसहित प्रजाहरू रचेर 'यो यज्ञद्वारा

तिमीहरूको वृद्धि होस् र यो यज्ञ तिमीहरूलाई इच्छित भोग प्रदान गर्ने होस् ।' अनेक थिए ।

देवान्भावयतानेन ते देवा भावयन्तु व ॥
परस्परं भावयन्तः श्रेयः परमवाप्स्यथ ॥११॥

शब्दार्थ– अनेन=यो यज्ञद्वारा । देवान्=देवगणलाई । भावयत=सम्बन्धित गर अर्थात् भावना गर। ते देवाः=ती देवगण । वः=तिमीहरूलाई। भावयन्तु=भावना गरून् । परस्परं भावयन्तः=परस्परमा भावना गर्दै अर्थात् सन्तुष्ट गर्दै । परं श्रेयः=परम कल्याणलाई । अवाप्स्यथ=प्राप्त होऊ ।

भावार्थ– जो जुन देवताको भावना गर्दछ तिनै देवता उसको भावना गर्दछन्। यसप्रकार परस्पर भाव विशिष्ठ भएर कल्याण प्राप्त गर्दछन् ।

इष्टान्भोगान्हि देवा वो दास्यन्ते यज्ञभाविताः ॥
तैर्दत्तानप्रदायैभ्यो यो भुंक्ते स्तेन एव सः ॥१२॥

शब्दार्थ– हि=निश्चय नै। यज्ञभाविताः=यज्ञद्वारा सम्बन्धित। देवाः=देवगण । वः =तिमीलाई । इष्टान्= वाञ्छित । भोगान्=भोगहरू। दास्यन्ते=दिनेछन् । तैः=उनीहरूलाई। अप्रदाय=नदिएर । यः=जो। भुंक्ते=भोग गर्छ । सः=त्यो । स्तेन एव=चोर नै हो ।

भावार्थ–– यज्ञद्वारा सन्तुष्ट भएमा देवगण तिमीहरूलाई नमागीकन नै इच्छित भोग निश्चय नै दिंदै रहनेछन् । अतएव ती देवगणले दिएका भोगहरूलाई जो मान्छे उनीहरूलाई नदिईकन स्वयं भोग गर्छ त्यो चोर हो ।

यज्ञशिष्टाशिनः सन्तो मुच्यन्ते सर्वकिल्बिषैः ॥
भुञ्जते ते त्वघं पापा ये पचन्त्यात्मकारणात् ॥१३॥

शब्दार्थ–– यज्ञशिष्टाशिनः=यज्ञबाट बचेको भोजन खाने। सन्तः=साधुहरू । सर्वकिल्बिषैः=सब पापहरूबाट । मुच्यन्ते=मुक्त हुनेछन् ।

तु=परन्तु । ये=जो । पापा:=पापात्माहरू छन् । आत्मकारणात्=आफ्नै लागि । पचन्ति=पकाउँदछन् । ते=ती । अघम्=पाप । भुञ्जते=भोजन गर्दछन् ।

भावार्थ— यज्ञबाट बचेको भोजन खाने श्रेष्ठ व्यक्तिहरू सबै पापबाट मुक्त हुन्छन् । र जो पापीहरू आफ्नो शरीर पोषण गर्नको लागि नै अन्न पकाउँछन् तिनीहरू त पापलाई खान्छन् ।

अन्नाद्भवन्ति भूतानि पर्जन्यादन्नसम्भव: ॥
यज्ञाद्भवति पर्जन्यो यज्ञ: कर्मसमुद्भव: ॥१४॥

शब्दार्थ- भूतानि=प्राणीहरू । अन्नात्=अन्नबाट । भवन्ति=उत्पन्न हुन्छन् । पर्जन्यात्=मेघबाट । अन्नसंभव:=अन्नको उत्पत्ति हुन्छ । यज्ञात्=यज्ञबाट । पर्जन्य:=वृष्टि । भवति=हुन्छ । यज्ञ:=यज्ञ । कर्म समुद्भव:=यज्ञ कर्मबाट उत्पन्न हुन्छन् ।

भावार्थ— अन्नबाट सब प्राणी उत्पन्न हुन्छन् । अन्नको उत्पत्ति वर्षाबाट हुन्छ, वर्षा यज्ञबाट हुन्छ र यज्ञ कर्मबाट उत्पन्न हुन्छ ।

कर्मब्रह्मोद्भवं विद्धि ब्रह्माक्षरसमुद्भवम् ॥
तस्मात्सर्वगतं ब्रह्म नित्यं यज्ञे प्रतिष्ठितम् ॥१५॥

शब्दार्थ- कर्म=कर्म । ब्रह्मोद्भवम्=वेदबाट उत्पन्न भएको । ब्रह्म=वेद । अक्षरसमुद्भवम्=परमात्माबाट उद्भूत । विद्धि=जान । तस्मात्=त्यसकारण । सर्वगतं ब्रह्म=सर्वत्र अवस्थित ब्रह्म । यज्ञे=यज्ञमा । नित्यम्=सर्वदा । प्रतिष्ठितम्=प्रतिष्ठित रहन्छन् ।

भावार्थ- कर्मलाई तिमी ब्रह्म (सजीव शरीर)बाट उत्पन्न भएको जान । र ब्रह्म (शरीर) अक्षर (जीवात्मा) बाट उत्पन्न भएको छ । यसकारण समस्त ब्रह्म समस्त अधिकारीहरूलाई प्राप्त शरीर सधैं नै यज्ञबाट प्रतिष्ठित छ ।

एवं प्रवर्तितं चक्रं नानुवर्तयतीह य: ॥
अघायुरिन्द्रियारामो मोघं पार्थ स जीवति ॥१६॥

शब्दार्थ— पार्थ=हे अर्जुन ! एवम्=यसप्रकार । प्रवर्तितम्=प्रवर्तित ।

चक्रम्=कर्मचक्रलाई । यः=जो । इह=यस लोकमा । न अनुवर्तयति= अनुसार चल्दैन । सः=त्यो । अघायुः=पापायु । इन्द्रियारामः=इन्द्रिय-सुखमा लागेको । मोघम्=व्यर्थ । जीवति=जीवन धारण गर्दछ ।

भावार्थ-- परमेश्वरले नै जीवको पुरुषार्थको सिद्धिका लागि कर्मादि चक्रको प्रवर्तन गरेका छन् । अतएव यो कर्मचक्रको जो अनुसार चल्दैन त्यो पापजीवी इन्द्रियसुखमा लागेको व्यक्ति व्यर्थै बाँचेको ठहरिन्छ ।

यस्त्वात्मरतिरेव स्यादात्मतृप्तश्च मानवः ॥
आत्मन्येव च सन्तुष्टस्तस्य कार्यं न विद्यते ॥१७॥

शब्दार्थ-- तु=किन्तु । यः=जो । मानवः=मनुष्य । आत्मरतिः एव =आत्मामा नै रत । आत्मतृप्त=आत्मामा नै तृप्त । च=र । आत्मनि =एक मात्र आत्मामा नै । च=र । सन्तुष्ट=सन्तुष्ट । स्यात्= रहन्छन् । तस्य=तिनका । कार्यं=काम । न विद्यते=रहँदैन ।

भावार्थ-- परन्तु जो मनुष्य आत्मामा नै प्रीति गर्ने, आत्मामा नै तृप्त र आत्मामा नै सन्तुष्ट हुन्छ उसको लागि कुनै गर्नुपर्ने काम हुँदैन ।

नैव तस्य कृतेनार्थो नाकृतेनेह कश्चन ॥
न चास्य सर्वभूतेषु कश्चिदर्थव्यपाश्रयः ॥१८॥

शब्दार्थ-- इह=यस लोकमा । तस्य=त्यसको । कृतेन=कर्म गर्नाले । कश्चित्=कोही । अर्थ=प्रयोजन । न एव=छँदै छैन । अकृतेन च= कर्म नगर्नाले पनि । कश्चन=कोही । न=मतलब छैन । सर्वभूतेषु= सबै प्राणीहरूमा । अस्य=यसको । कश्चित्=कोही । अर्थव्यपाश्रयः= प्रयोजन सम्बन्ध पनि । न=छैन ।

भावार्थ-- त्यो महापुरुषको यो विश्वमा न त कर्म गर्नुबाट कोही महत्त्व छ र न कर्म नगर्नुबाट कोही प्रयोजन रहन्छ तथा सम्पूर्ण प्राणीहरूमा प्रति उसको कत्ति पनि स्वार्थको सम्बन्ध रहँदैन ।

तस्मादसक्तः सततं कार्यं कर्म समाचर ॥
असक्तो ह्याचरन्कर्म परमाप्नोति पूरुषः ॥१९॥

शब्दार्थ-- तस्मात्=त्यसकारण । असक्तः=आसक्तिशून्य भएर । सततम्=सर्वदा । कार्यम्=कर्त्तव्य । कर्म=कर्म । समाचर=सम्पादन गर। हि=किनकि । पूरुषः=मनुष्य । असक्तः=आसक्ति शून्य भएर । कर्म=कर्म । आचरन्=गर्दा । परमाप्नोति=परम पद पाउँदछन् ।

भावार्थ-- भगवान् भन्नुहुन्छ कि अनासक्त भएर निरन्तर कर्त्तव्य कर्मको भलिभाँती आचरण गर, किनकि अनासक्त भएर कर्मको आचरण गर्दा पुरुष परम पद प्राप्त गर्दछ ।

कर्मणैव हि संसिद्धिमास्थिता जनकादयः ।।
लोकसंग्रहमेवापि संपश्यन्कर्तुमर्हसि ।।२०।।

शब्दार्थ-- हि=किनकि । जनकादयः=जनक आदि ज्ञानीगण । कर्मणा एव=कर्मद्वारा नै । संसिद्धिम्=सम्यक् ज्ञान । आस्थिता=पाएका छन् । लोकसंग्रहम् एव अपि=मानिसहरूलाई स्वधर्ममा प्रवर्तित गर्नको लागि पनि । संपश्यन्=दृष्टि राखेर । कर्तुम्=गर्न । अर्हसि=योग्य छौ अर्थात् कर्म गर्नु तिम्रो कर्त्तव्य हो ।

भावार्थ-- जनकादि ज्ञानीजन पनि कर्मद्वारा नै परम सिद्धिमा प्राप्त भए, लोकसंग्रहतिर नजर दिंदै पनि तिमी कर्म गर्न नै योग्य छौ ।

यद्यदाचरति श्रेष्ठस्तत्तदेवेतरो जनः ।।
स यत्प्रमाणं कुरुते लोकस्तदनुवर्तते ।।२१।।

शब्दार्थ-- श्रेष्ठः=श्रेष्ठजन । यत्=जो जो । आचरति=आचरण गर्दछन् । इतरः जनः=अरू साधारण मान्छे । तत् तत् एव=त्यै त्यै काम गर्दछन् । स=त्यो श्रेष्ठ मानिस । यत्=जो । प्रमाणम् कुरुते=प्रमाण निश्चय गर्दछ । लोकः=सबै मानिस । तत्=उसको नै । अनुवर्तते=अनुसरण गर्दछन् ।

भावार्थ-- श्रेष्ठ पुरुष जस्तो आचरण गर्दछन् साधारण मान्छे उसैको अनुसार गर्दछन् । उनीहरू कर्मशास्त्र या निवृत्तिशास्त्र जसलाई प्रमाण मान्दछन् अरू साधारण मान्छेहरू पनि त्यसैको अनुसरण गर्दछन् ।

न मे पार्थास्ति कर्त्तव्यं त्रिषु लोकेषु किंचन ॥
नानवाप्तमवाप्तव्यं वर्त एव च कर्मणि ॥२२॥
यदि ह्यहं न वर्तेयं जातु कर्मण्यतन्द्रितः ॥
मम वर्त्मानुवर्तन्ते मनुष्याः पार्थ सर्वशः ॥२३॥
उत्सीदेयुरिमे लोका न कुर्यां कर्म चेदहम् ॥
संकरस्य च कर्त्ता स्यामुपहन्यामिमा प्रजाः ॥२४॥

शब्दार्थ- पार्थ=हे अर्जुन ! त्रिषु लोकेषु=तीनै लोकमा । मे=मेरो । किञ्चन=कत्ति पनि । कर्तव्यम्=कर्त्तव्य । नास्ति=छैन । अनवाप्तम् =अप्राप्त । अवाप्तव्यम=प्राप्त गर्ने योग्य । न=छैन । च अहम्= तथापि म । कर्माणि=कर्ममा । वर्त एव=लागि नै रहन्छु । पार्थ= हे अर्जुन ! यदि हि अहम्=यदि म । जातु=कदाचित् । अतन्द्रितः= अल्छी नमानीकन । कर्मणि=कर्ममा । न वर्तेयम्=प्रवृत्त न हुँ । मनुष्यः=मान्छे । मम वर्त्म=मेरो मार्ग । सर्वशः=सव प्रकारले । अनुवर्तन्ते=अनुसरण गर्नेछन् । चेत्=यदि । अहम्=म । कर्म न कुर्याम्=कर्म नगरूँ । इमे=यी । लोकाः=सारा लोक । उत्सीदेयुः=विनाश हुनेछन् । सङ्करस्य=वर्णसंकरको । कर्तास्याम्= कर्ता बन्नेछु । इमा प्रजा च=यी सारा प्रजालाई । उपहन्याम्= नाश गर्ने छु ।

भावार्थ- हे अर्जुन ! मेरो लागि तीनै लोकमा न कुनै कर्त्तव्य छ, न त कुनै पनि प्राप्त गर्ने योग्य वस्तु अप्राप्य छ, तथापि म निरन्तर कर्म गर्दछु । किनकि हे पार्थ ! यदि कदाचित् म सावधान भएर कर्म नगरूँ त मनुष्य हरतरहले मेरो मार्गको अनुसरण गर्न लाग्दछन् । यस कारण यदि कर्म नगरूँ त यी सव मान्छे नष्टभ्रष्ट हुन जानेछन् र म वर्णसंकरको निर्माता तथा समस्त प्रजाको हत्यारा बन्नेछु ।

सक्ताः कर्मण्यविद्वांसो यथा कुर्वन्ति भारत ॥
कुर्याद्विद्वांस्तथासक्ताश्चिकीर्षुर्लोकसंग्रहम् ॥२५॥

शब्दार्थ— भारत=हे अर्जुन ! कर्मणि=कर्ममा । सक्ताः=आसक्त अविद्वांसः=अज्ञानी मान्छे । यथा=जसरी । कुर्वन्ति=अनुष्ठान गर्द-छन् । विद्वान्=ज्ञानी । आसक्तः=अनासक्त भएर । लोकसंग्रहम्=लोककल्याण गर्ने इच्छाले । तथा=त्यस्तै । कुर्यात्=गरोस् ।

भावार्थ— हे अर्जुन ! जसरी अज्ञानी मान्छे कर्मफलमा लिप्त भएर कर्म गर्दछन् त्यसरी विद्वान् अर्थात् ज्ञानीजनले आसक्तिरहित भएर लोककल्याण गर्ने इच्छाले कर्म गर्नुपर्दछ ।

न बुद्धिभेदं जनयेदज्ञानां कर्मसङ्गिनाम् ।।
जोषयेत्सर्वकर्माणि विद्वान्युक्तः समाचरन् ।।२६।।

शब्दार्थ— कर्मसङ्गिनाम्=कर्ममा आसक्त । अज्ञानाम्=अज्ञानीहरूमा । बुद्धिभेदम्=बुद्धिभेद । न जनयेत्=पैदा नगरोस् । (किन्तु) विद्वान्=ज्ञानी पुरुष । युक्तः=योगयुक्त भएर । सर्वकर्माणि=सबै काम । समा-चरन्=अनुष्ठान गर्दै । जोषयेत्=अज्ञानीहरूलाई कर्ममा प्रवृत्त राखोस् ।

भावार्थ— सबैलाई तत्त्वज्ञानको उपदेश गर्नु उचित हुँदैन । अतः अज्ञानी अर्थात् कर्ममा आसक्त पुरुषहरूलाई यो उपदेश दिएर कि आत्मा अकर्ता छ बुद्धिभेद पैदा गर्नु हुँदैन । अर्थात् कर्मबाट उसको बुद्धिलाई विचलित गर्नु उचित हुँदैन । तर अज्ञानी जनहरूलाई कर्ममा लगाएर कर्म गराउनुपर्दछ ।

प्रकृतेः क्रियमाणानि गुणैः कर्माणि सर्वशः ।।
अहङ्कारविमूढात्मा कर्ताहमिति मन्यते ।।२७।।

शब्दार्थ— प्रकृतेः=प्रकृतिको । गुणैः=गुणहरूद्वारा । सर्वशः कर्माणि=सब प्रकारका लौकिक र शास्त्रीय कर्म । क्रियमाणानि=सम्पन्न हुन्छन् । (किन्तु) अहंकारविमूढात्मा=अहंकारले मूढ बनेको मान्छे । अहङ्कर्ता=म नै कर्ता हुँ । इति=यस्तो । मन्यते=मान्दछ ।

भावार्थ— प्रकृतिका गुणहरूद्वारा गरिएको सम्पूर्ण कर्महरूलाई अहंकारले मोहित अन्तःकरणवाला पुरुष यो ठान्दछ कि ऊ स्वयं गर्नेवाला हो ।

तत्त्ववित्तु महावाहो गुणकर्मविभागयोः ॥
गुणागुणेषु वर्तन्त इति मत्वा न सज्जते ॥२८॥

शब्दार्थ-- महावाहो=हे अर्जुन ! गुणकर्मविभागयोः=गुण र कर्मका विभागको। तत्त्ववित्=तत्त्वज्ञ पुरुष । तु=किन्तु। गुणा:=इन्द्रियहरू। गुणेषु=विषयहरूमा। वर्तन्ते=प्रवृत्त रहन्छन् । इति मत्वा=यस्तो मानेर। न सज्जते=आसक्त हुँदैनन् र कर्तृत्वाभिमान राख्दैनन् ।

भावार्थ-- गुण विभाग र कर्म विभागको तत्त्वलाई जान्ने ज्ञानयोगी कर्तृत्वाभिनिवेश गर्दैन । यसको कारण यो हो कि उनीहरू जान्दछन् कि इन्द्रियहरू आ-आपना विषयहरूमा प्रवृत्त भै नै रहन्छन्, म हुन्नं ।

प्रकृतेर्गुणसंमूढाः सज्जन्ते गुणकर्मसु ॥
तानकृत्स्नविदो मन्दान्कृत्स्नविन्न विचालयेत् ॥२९॥

शब्दार्थ-- प्रकृतेः=प्रकृतिको । गुणसंमूढाः=गुणबाट विमोहित मूर्ख मान्छेहरू। गुणकर्मसु=गुण र उनका कर्महरूमा। सज्जन्ते=आसक्त हुन्छन्। कृत्स्नविद्=सर्वज्ञ या आत्मविद्ले । तान्=ती । अकृत्स्नविद्= अल्पज्ञ या कर्मफल मात्र देख्ने । मन्दान्=मन्दमतिवालालाई । न विचालयेत्=विचलित नगरून् ।

भावार्थ- प्रकृतिको गुणले अत्यन्त मोहित भएका मान्छे गुणमा र कर्ममा आसक्त रहन्छन् । यस्ता मन्दमति अज्ञानीहरूलाई ज्ञानीले विचलित नगरून् ।

मयि सर्वाणि कर्माणि संन्यस्ताध्यात्मचेतसा ॥
निराशीर्निर्ममो भूत्वा युध्यस्व विगतज्वरः ॥३०॥

शब्दार्थ-- अध्यात्मचेतसा=अध्यात्मचित्तद्वारा। मयि=ममा । सर्वाणि =सबै । कर्माणि=कामहरू। संन्यस्य=समर्पण गरेर । निराशीः= निष्काम। निर्ममः=ममताशून्य । विगतज्वरः भूत्वा=त्यक्त शोक भएर। युध्यस्व=युद्ध गर।

भावार्थ– अध्यातम चित्तद्वारा सम्पूर्ण कर्महरू ममा समर्पण गरेर निष्काम, ममताशून्य र शोकरहित भई युद्ध गर ।

ये मे मतमिदं नित्यमनुतिष्ठन्ति मानवा: ॥
श्रद्धावन्तोऽनसूयन्तो मुच्यन्ते तेऽपि कर्मभि: ॥३१॥

शब्दार्थ-- ये मानवा:=जो मान्छेहरू । श्रद्धावन्त:=श्रद्धावान् । अनसूयन्त:=दोषदर्शनको प्रवृत्तिले शून्य भएर । मे=मेरो । इदम्=यो व्यवस्थाको । नित्यम्=सधैं । अनुतिष्ठन्ति=अनुसरण गर्दछन् । ते अपि=तिनीहरू पनि । कर्मभि:=कर्महरूले । मुच्यन्ते=मुक्त हुन्छन् ।

भावार्थ-- जो मनुष्य श्रद्धा राख्दछन् र निर्दोष वुद्धिले मेरो यो मतको नित्य अनुष्ठान गर्दछन् तिनीहरू कर्मबन्धनवाट छुट्दछन् ।

ये त्वेतदभ्यसूयन्तो नानुतिष्ठन्ति मे मतम् ॥
सर्वज्ञानविमूढांस्तान्विद्धि नष्टानचेतस: ॥३२॥

शब्दार्थ— ये तु=परन्तु जो । मे=मेरो । एतत् मतम्=यो मतलाई । अभ्यसूयन्त:=दोषदृष्टिले देख्दछन् । न अनुतिष्ठन्ति=अनुसरण गर्दैनन् । अचेतस:=विवेकशून्य । तान्=तिनीहरूलाई । सर्वज्ञानविमूढान्=सर्वज्ञानविमूढ । नष्टान्=पुरुषार्थ भ्रष्ट । विद्धि=जान ।

भावार्थ-- जो दोषदृष्टिद्वारा शङ्का गरेर यो मतको अनुसार वर्तदैनन्, ती सर्वज्ञानविमूढ अर्थात् पटमूर्ख अविवेकीहरूलाई नष्ट भएको संझ ।

सदृशं चेष्टते स्वस्या: प्रकृतेर्ज्ञानवानपि ॥
प्रकृतिं यान्ति भूतानि निग्रह: किं करिष्यति ॥३३॥

शब्दार्थ— ज्ञानवान् अपि=ज्ञानीजन पनि । स्वस्या:=आफ्नो । प्रकृते:=प्रकृतिको । सदृशं=अनुरूप । चेष्टते=कार्य गर्दछन् । भूतानि=प्राणीहरू । प्रकृतिं यान्ति=प्रकृतिको अनुसरण गर्दछन् । निग्रह:=इन्द्रिय निग्रह । किं करिष्यति=के गर्नेछ ।

भावार्थ— ज्ञानीजन पनि आफ्नो स्वभावअनुसार वर्तन्छन् सबै प्राणी आ-आफ्नो प्रकृतिअनुसार व्यवहार गर्दछन् । यस अवस्थामा अज्ञानी

यदि आफ्नो स्वभावको अनुसरण गरेर काम गर्दछन् भने यसमा भन्नु नै के छ र?

इन्द्रियस्येन्द्रियस्यार्थे रागद्वेषौ व्यवस्थितौ ।।
तयोर्न वशमागच्छेत्तौ ह्यस्य परिपन्थिनौ ।।३४।।

शब्दार्थ-- इन्द्रियस्य=इन्द्रियको । इन्द्रियस्य अर्थे=इन्द्रियहरूको विषयमा । रागद्वेषौ=अनुराग र द्वेष । व्यवस्थितौ=निर्दिष्ट छन् । तयोः=तिनको । वशं न आगच्छेत=वशमा हुनु ठीक छैन । हि=किनकि । तौ=ती दुई । अस्य=मुमुक्षुहरूको । परिपन्थिनौ=परम विरोधी छन् ।
भावार्थ-- समस्त इन्दियहरूका भोगहरूमा जो रागद्वेष स्थित छन्, तिनको वशमा हुनु हुँदैन, किनकि ती दुई मनुष्यका शत्रु हुन् ।

श्रेयान् स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात् ।।
स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ।।३५।।

शब्दार्थ-- स्वनुष्ठितात्=सम्यक रूपले अनुष्ठित । परधर्मात्=परधर्मभन्दा । विगुणैः=अङ्गहीन । स्वधर्मः=आफ्नो धर्म । श्रेयान्=श्रेष्ठ छ । स्वधर्मे=स्वधर्ममा रहेर । निधनम्=मर्नु पनि । श्रेयः=कल्याणकर छ । (परन्तु) परधर्मः=अर्काको धर्म । भयावह :=डरलाग्दो हुन्छ ।
भावार्थ-- सम्यक् रूपले अनुष्ठित अर्काको धर्मभन्दा गुणरहित नै भए पनि आफ्नो धर्म अति उत्तम छ, मर्नुपरे पनि यो आफ्नै धर्म कल्याणकारी हुन्छ, परधर्म त भयङ्कर हुन्छ ।

अर्जुन उवाच=अर्जुन भन्दछन् ।

अथ केन प्रयुक्तोऽयं पापं चरति पूरुषः ।।
अनिच्छन्नपि वार्ष्णेय बलादिव नियोजितः ।।३६।।

शब्दार्थ-- वार्ष्णेय=हे कृष्ण ! अथ=अनि । केन=कोद्वारा । प्रयुक्तः=प्रेरित भएर । अयम्=यो । पुरुषः=मनुष्य । अनिच्छन् अपि=नचाहँदै पनि । बलात=बलपूर्वक । नियोजित इव=लगाइएझैं । पापम्=पाप । चरति=गर्दछ ।

भावार्थ— हे कृष्ण ! अनर्थरूप पाप गर्ने इच्छा नहुँदा-नहुँदै पनि कसको प्रेरणाले प्रेरित भएर मनुष्य पाप गर्दछ ?

भगवानुवाच = भगवान् भन्नुहुन्छ ।

काम एष क्रोध एष रजोगुणसमुद्भवः ॥
महाशनो महापाप्मा विद्धयेनमिह वैरिणम् ॥३७॥

शब्दार्थ— एष=यो । काम=काम । एष=यो । क्रोध=क्रोध । रजोगुणसमुद्भवः=रजोगुणबाट उत्पन्न भएका हुन् । महाशनः=अति खञ्चुवा । महापाप्मा=वडा पापी । इह=मोक्ष मार्गमा । एनम्=यसलाई । वैरिणम्=शत्रु । विद्धि=जान ।

भावार्थ— रजोगुणबाट उत्पन्न यो काम नै क्रोध हो । यो ज्यादै खानेवाला (भोग्नेवाला) र महापापी छ । अत: यसलाई तिमी वैरी जान ।

धूमेनाव्रियते वह्निर्यथाऽदर्शो मलेन च ॥
यथोल्बेनावृतो गर्भस्तथातेनेदमावृतम् ॥३८॥

शब्दार्थ— यथा=जसरी । वह्नि:=आगो । धूमेन=धूवाँले । आव्रियते=ढाकिएको हुन्छ । यथा=जसरी । आदर्श:=ऐना । मलेन च=मयलले आवृत्त हुन्छ । यथा=जसरी । उल्बेन=झिल्ली (सालनाल)ले । गर्भ:=गर्भ । आवृत:=ढाकिएको हुन्छ । तथा=त्यसरी । तेन=कामद्वारा । इदम्=यो ज्ञान । आवृतम्=आवृत रहन्छ ।

भावार्थ— जसरी आगो धूवाँले, ऐना मयलले र गर्भ सालनालले ढाकिएको हुन्छ त्यसरी नै ज्ञान पनि कामद्वारा ढाकिएको हुन्छ ।

आवृतं ज्ञानमेतेन ज्ञानिनो नित्यवैरिणा ॥
कामरूपेण कौन्तेय दुष्पूरेणानलेन च ॥ ३९॥

शब्दार्थ— कौन्तेय=हे अर्जुन ! ज्ञानिन:=ज्ञानीको । नित्य वैरिणा=चिर शत्रु । दुष्पूरेण=कहिल्यै तृप्त नहुने । अनलेन च=अग्निस्वरूप । एतेन कामरूपेण=यो कामद्वारा । ज्ञानम्=ज्ञान । आवृत्तं=आवृत्त रहन्छ ।

भावार्थ— हे अर्जुन ! ज्ञानीहरूको नित्य वैरी र कहिल्यै तृप्त नहुने यो कामरूप अग्निले यो ज्ञान घेरिएको छ ।

इन्द्रियाणि मनो बुद्धिरस्याधिष्ठानमुच्यते ।।
एतैर्विमोहयत्येष ज्ञानमावृत्य देहिनम् ।।४०।।

शब्दार्थ— इन्द्रियाणि=इन्द्रियहरू । मनः=मन । वुद्धिः=वुद्धि । अस्य=यो कामको । अधिष्ठानम्=आश्रय । उच्यते=भनिन्छ । एषः=यो काम । एतैः=यीद्वारा । ज्ञानम्=विवेक ज्ञानको । आवृत्य=आच्छादित गरेर देहिनम्=जीवलाई । विमोहयति=विमुग्ध गर्दछ ।

भावार्थ— इन्द्रियहरू, मन र बुद्धि यी सब यस (काम)को निवास-स्थान भनिन्छ । यो काम यी मन, वुद्धि र इन्द्रियहरूद्वारा नै ज्ञानलाई ढाकेर जीवात्मालाई मोहित गराउँछ ।

तस्मात्त्वमिन्द्रियाण्यादौ नियम्य भरतर्षभ ।।
पाप्मानं प्रजहि ह्येनं ज्ञानविज्ञाननाशनम् ।।४१।।

शब्दार्थ— भरतर्षभ=हे भरतश्रेष्ठ ! तस्मात्=त्यसकारण । त्वम्=तिमी । आदौ=पहिले । इन्द्रियाणि=इन्द्रियहरूलाई । नियम्य=संयत गरेर । ज्ञानविज्ञाननाशनम्=ज्ञान र विज्ञानका विनाशको । पाप्मानम्=पापरूप । एनं हि=यो कामलाई । प्रजहि= परित्याग गर ।

भावार्थ— इन्द्रियहरू तिमीलाई विमोहित गरून् । यसको पहिले नै तिमी इन्द्रिय, मन र बुद्धिलाई नियमित गरी पापरूपी यो कामको नाश गर । यो काम ज्ञान र विज्ञानको नाशक हो ।

इन्द्रियाणि पराण्याहुरिन्द्रियेभ्यः परं मनः ।।
मनसस्तु परा बुद्धिर्यो बुद्धेः परतस्तु सः ।।४२।।

शब्दार्थ— इन्द्रियाणि=इन्द्रियहरूलाई । पराणि=देहदेखि पनि भिन्न या श्रेष्ठ । आहुः=भनिएको छ । इन्द्रियेभ्यः=इन्द्रियहरूदेखि । मनः=मन । परम्=श्रेष्ठ छ । तु=परन्तु । मनसः=मनभन्दा । वुद्धिः=बुद्धि । परा=श्रेष्ठ छ । यः तु= परन्तु जो । बुद्धेः=वुद्धिभन्दा । परतः=

पर । सः=आत्मा छ ।

भावार्थ-- इन्द्रियहरूलाई स्थूल शरीर या विषयहरूभन्दा पर अर्थात् श्रेष्ठ वलवान् र सूक्ष्म भन्दछन् । यी इन्द्रियहरूभन्दा पर मन छ, मनभन्दा पर वुद्धि छ र वुद्धिभन्दा पनि पर आत्मा छ ।

एवं बुद्धेः परं बुद्ध्वा संस्तभ्यात्मानमात्मना ॥
जहि शत्रुं महाबाहो कामरूपं दुरासदम् ॥४३॥

शब्दार्थ-- महावाहो=हे अर्जुन ! एवम्=यस प्रकार । बुद्धेः=वुद्धि-भन्दा । परम्=श्रेष्ठ । आत्मानम्=आफूलाई । आत्मना=आफूले । वुद्ध्वा=जानेर । संस्तभ्य=स्थिर गरेर । कामरूपम्=कामरूपी । दुरासदम्=दुर्जन । शत्रुं=शत्रुलाई । जहि=विनाश गर ।

भावार्थ--हे महावाहु ! यसरी वुद्धिभन्दा पनि परको वलिष्ठ कामलाई ठानेर वुद्धिद्वारा मनलाई रोक्तै जितिनसक्नु कामरूपी शत्रुलाई मार ।

श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां
योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे कर्मयोगो नाम
तृतीयोऽध्यायः ।

श्रीमद्भगवद्गीताको कर्मयोग नामक
तेस्रो अध्याय समाप्त भयो ।

—०—

अर्थ चतुर्थोऽध्यायः

(अब चौथो अध्याय)

श्रीभगवानुवाच=भगवान् भन्नुहुन्छ ।

इमं विवस्वते योगं प्रोक्तावानहमव्ययम् ॥

विवस्वान्मनवे प्राह मनुरिक्ष्वाकवेऽब्रवीत् ॥१॥

शब्दार्थ— अहम्=मैले । इमम्=यो । अव्ययम्=अविनाशी । योगम्=योगलाई । (कल्पको आदिमा) विवस्वते=सूर्यलाई । प्रोक्तवान्=भनेको थिएँ । विवस्वान्=सूर्यले । मनवे=मनुलाई । प्राह=भने । मनु:=मनले । इक्ष्वाकवे=इक्ष्वाकुसँग । अब्रवीत्=भनेका थिए ।

भावार्थ— मैले यो अविनाशी योगलाई सूर्यसँग भनेको थिएँ, सूर्यले वैवस्वतसँग भने, वैवस्वतले मनुसँग भने र मनुले इक्ष्वाकुसँग भने ।

एवं परम्पराप्राप्तमिमं राजर्षयो विदुः ॥

स कालेनेह महता योगो नष्टः परंतप ॥२॥

शब्दार्थ-- एवम्=यस प्रकार । परम्पराप्राप्तम्=परम्परादेखि प्राप्त भएको । इमम्=यो योगलाई । राजर्षयः=राजर्षिहरूले । विदुः=जाने । (परन्तु) परंतप=हे अर्जुन ! सः=त्यो । योगः=योग । महता=धेरै । कालेन=समयले । इह=यस पृथ्वीलोकमा । नष्टः=लोप भएको थियो ।

भावार्थ— हे अर्जुन ! यस प्रकार परम्परादेखि प्राप्त यो योगलाई राजर्षिहरूले जाने । किन्तु त्यसपछि यो योग धेरै कालसम्म यो पृथ्वी-लोकमा लुप्तप्रायः भएको थियो ।

स एवायं मया तेऽद्य योगः प्रोक्त पुरातनः ।।
भक्तोऽसि मे सखा चेति रहस्यं ह्येतदुत्तमम् ।।३।।

शब्दार्थ— सः=त्यो । एव=नै । अयय=यो। पुरातनः=पुरानो । योगः=योग । अद्य=आज । मया=मैले । ते=तिम्रो लागि । प्रोक्तः=वर्णन गरेको छु । हि=किनकि। (तिमी) मे=मेरा । भक्तः= भक्त । च=र । सखा=साथी । असि=छौ । इति=यसकारण । एतत्=यो योग । उत्तमम्=उत्तम । रहस्यम्=रहस्य अर्थात् अति मर्मको विषय छ।

भावार्थ-- तिमी मेरो भक्त र प्रिय सखा हौ। यसैले यो पुरानो योग-मर्म तिमीलाई संझाएँ किनकि यो बहुतै रहस्यमय विषय हो ।

अर्जुन उवाच=अर्जुन भन्दछन् ।
अपरं भवतो जन्म परं जन्म विवस्वतः ।।
कथमेतद्विजानीयां त्वमादौ प्रोक्त वानिति ।।४।।

शब्दार्थ-- भवतः=हजूरको । जन्म=जन्म । (त) अपरम्=अहिले भएको छ । (र) विवस्वतः=सूर्यको । जन्म=जन्म । परम्=ज्यादै पुरानो छ । (यसकारण) एतत्=यो योगलाई । (कल्पको) आदौ= आरम्भमा। त्वम्=हजूरले । प्रोक्तवान्=भन्नुभएको थियो। इति= भन्ने । (म) कथम्=कसरी । विजानीयाम् =जानूँ ।

भावार्थ— सूर्यको जन्म त ज्यादै पहिले भएको थियो । हजूरको जन्म भर्खरै मात्र भएको हो । यस अवस्थामा हजूरले यो योगलाई सृष्टिको आरम्भमा सूर्यसँग कसरी भन्नुभएको थियो ?

श्री भगवानुवाच=भगवान् भन्नुहुन्छ ।
बहूनि मे व्यतीतानि जन्मानि तव चार्जुन ।।
तान्यहं वेद सर्वाणि न त्वं वेत्थ परंतप ।।५।।

शब्दार्थ-- अर्जुन=हे अर्जुन ! मे=मेरो । च=र। तव=तिम्रो। बहूनि=धेरै। जन्मानि=जन्म । व्यतीतानि=भैसकेको छ । (परन्तु)

परंतप=हे परंतप ! तानि=ती । सर्वाणि=सबैलाई । त्वम्=तिमी । न वेत्थ=जान्दैनौ । (र) अहम्=म । वेद=जान्दछु ।

भावार्थ--हे अर्जुन ! मेरो र तिम्रो अनेक जन्म भैसकेको छ । ती सबलाई म जान्दछु र तिमी जान्दैनौ ।

अजोऽपि सन्नव्ययात्मा भूतानामीश्वरोऽपि सन् ॥
प्रकृतिं स्वामधिष्ठाय संभवाम्यात्ममायया ॥६॥

शब्दार्थ--(म) अव्ययात्मा=अविनाशी स्वरूप । अजः=अजन्मा । सन्=हुँदा । अपि=पनि । (तथा) भूतानाम्=सब भूत प्राणीहरूको । ईश्वरः=ईश्वर । सन्=हुँदा । अपि=पनि । स्वाम्=आफ्नो । प्रकृतिम्=प्रकृतिलाई । अधिष्ठाय=अधीन गरेर । आत्ममायया=योगमायाद्वारा । सम्भवामि=प्रकट हुन्छु ।

भावार्थ--म अजन्मा र अविनाशी स्वरूप भएर पनि तथा समस्त प्राणीहरूको ईश्वर भएर पनि आफ्नो प्रकृतिलाई अधीन गरेर आफ्नो योगमायाद्वारा प्रकट हुन्छु ।

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ॥
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥७॥
परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् ॥
धर्मसंस्थापनार्थाय संभवामि युगे युगे ॥८॥

शब्दार्थ--भारत=हे अर्जुन ! यदा यदा=जब जब । धर्मस्य=धर्मको । ग्लानिः=हानि । अधर्मस्य=अधर्मको । अभ्युत्थानम्=वृद्धि । भवति=हुन्छ । तदा=तब । अहम्=म । आत्मानम्=आत्मालाई । सृजामि=रच्दछु अर्थात् प्रकट गर्दछु । साधूनाम्=साधुजनहरूको । परित्राणाय=उद्धार गर्नको लागि । च=र । दुष्कृताम्=दूषित कर्म गर्नेहरूको । विनाशाय=नाश गर्नको लागि । युगे युगे=युग-युगमा । संभवामि=प्रकट हुन्छु ।

भावार्थ--जब जब धर्ममा शिथिलता र अधर्मको प्रवलता हुन्छ, तब तब

म आफूले आफैंलाई उत्पन्न गर्दछु अर्थात् जन्म लिन्छु । साधुहरूको रक्षा,. दुष्टको नाश र धर्मको स्थापना गर्नको लागि म युग-युगमा जन्मन्छु ।

जन्म कर्म च मे दिव्यमेवं यो वेत्ति तत्त्वतः ॥
त्यक्त्वा देहं पुनर्जन्म नैति मामेति सोऽर्जुन ॥९॥

शब्दार्थ-- अर्जुन=हे अर्जुन ! मे=मेरा । जन्म=जन्म । च=र । कर्म=कर्म । दिव्यम्=अलौकिक छ । एवम्=यसप्रकार । यः=जो मान्छे । तत्त्वतः=तात्त्विक रूपले । वेत्ति=जान्दछ । सः=त्यो । देहम्=शरीरलाई । त्यक्त्वा=त्यागेर । पुनः=फेरि । जन्म=जन्म । न एति=लिंदैन । (किन्तु) माम्=मलाई । (नै) एति=प्राप्त गर्दछ ।

भावार्थ-- हे अर्जुन ! यस प्रकार जसले तात्त्विक रूपले मेरो दिव्य जन्म र कर्मलाई जान्दछ त्यो शरीर त्याग गरेर फेरि जन्म लिंदैन त्यसले मलाई प्राप्त गर्दछ ।

वीतरागभयक्रोधा मन्मया मामुपाश्रिताः ॥
बहवो ज्ञानतपसा पूता मद्भावमागताः ॥१०॥

शब्दार्थ-- वीतरागभयक्रोधाः=राग, भय र क्रोधले रहित । मन्मया= अनन्य भावले ममा सर्मपित । माम् उपाश्रिताः=मेरो शरणमा आएका । बहवः=धेरै मान्छे । ज्ञानतपसा=ज्ञानरूपी तपस्याले । पूता=पवित्र भएका । मद्भावम्=मेरो स्वरूप । आगताः=प्राप्त भएका छन् ।

भावार्थ-- राग, डर र रिसरहित भएर अनन्यभावले मेरो शरणमा आएका धेरै मानिसहरू ज्ञानरूपी तपस्याले पवित्र भएर मेरो स्वरूपमा प्राप्त भएका छन् ।

भावार्थ-- राग, डर र रिसरहित भएर अनन्यभावले मेरो शरणमा आएका धेरै मानिसहरू ज्ञानरूपी तपस्याले पवित्र भएर मेरो स्वरूपमा प्राप्त भएका छन् ।

ये यथा मां प्रपद्यन्ते तांस्तथैव भजाम्यहम् ॥
मम वर्त्मानुवर्तन्ते मनुष्याः पार्थ सर्वशः ॥११॥

शब्दार्थ— पार्थ= हे अर्जुन ! यः=जो । माम्=मलाई । यथा= जसरी । प्रपद्यन्ते=भज्दछन् । अहम्=म (पनि) । तान्=तिनीहरूलाई । तथा=त्यसरी । एव=नै । भजामि=भज्दछु । (यो रहस्यलाई जानेर नै) मनुष्याः=बुद्धिमान् मनुष्यगण । सर्वशः=सब प्रकारले । मम= मेरो । वर्त्म=मार्गको । अनुवर्तन्ते=अनुसार चल्दछन् ।

भावार्थ-- हे पार्थ ! जसले मलाई जुन प्रकारले भज्दछन्, उनीहरूलाई म त्यस्तै प्रकारको फल दिन्छु । कुनै पनि तर्फबाट होस्, मनुष्य मेरै बाटोमा आएर मिल्दछन् अर्थात् अनुसरण गर्दछन् ।

कांक्षन्तः कर्मणां सिद्धिं यजन्त इह देवताः ।।
क्षिप्रं हि मानुषे लोके सिद्धिर्भवति कर्मजा ।।१२।।

शब्दार्थ-- इह=यो । मानुषे=मनुष्य । लोके=लोकमा । कर्मणाम्= कर्मको । सिद्धिम्=फललाई । कांक्षन्तः=चाहँदै । देवताः=देवताहरू- लाई । भजन्ते=पुज्दछन् । कर्मजा=कर्मबाट उत्पन्न भएको । सिद्धिः= सिद्धि । क्षिप्रम्=शीघ्र । हि=नै । भवति=हुन्छ ।

भावार्थ-- यस संसारमा कर्मफलको सिद्धिको इच्छाले मान्छेहरू देवताको पूजा गर्दछन् । किनकि मनुष्यलोकमा कर्मफलको प्राप्ति ज्यादै छिटो हुन्छ ।

चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः ।।
तस्य कर्तारमपि मां विद्धयकर्तारमव्ययम् ।।१३।।

शब्दार्थ— गुणकर्मविभागशः=गुण र कर्मको विभागद्वारा । चातुर्वर्ण्यम्= ब्राम्हण, क्षत्रिय, वैश्य र शूद्र । मया=म द्वारा । सृष्टम्=रचिएको हो । तस्य=त्यसको । कर्तारम्=कर्तालाई । अपि=पनि । माम् अव्ययम्= म अविनाशी परमेश्वरलाई । (तिमी) अकर्तारम्=अकर्ता । (नै) विद्धि=जान ।

भावार्थ— गुण र कर्मको विभागद्वारा मैले चार वर्णको रचना गरेको छु । यस प्रकार त्यो सृष्टि रचनादि कर्मको कर्ता भएर पनि म अविनाशी

परमेश्वरलाई तिमी वास्तवमा अकर्ता नै जान ।

न मां कर्माणि लिम्पन्ति न मे कर्मफले स्पृहा ॥
इति मां योऽभिजानाति कर्मभिर्न स बध्यते ॥१४॥

शब्दार्थ-- कर्मफले=कर्मफलमा । मे=मेरो । स्पृहा=इच्छा । न=छैन । माम्=मलाई । कर्माणि=कर्महरूले । न लिम्पन्ति=लिप्तैनन् अर्थात् छुन सक्तैनन् । इति=यस्तो । यः=जो । माम्=मलाई । अभिजानाति=जान्दछ । सः=त्यो । कर्मभिः=कर्महरूले । न बध्यते=बाँधिदैन ।

भावार्थ--कर्मले मलाई लिप्त गर्दैन, न कर्मको फलमा मेरो इच्छा छ । जो यस प्रकार मलाई जान्दछ, त्यो कर्मले बाँधिदैन ।

एवं ज्ञात्वा कृतं कर्म पूर्वैरपि मुमुक्षुभिः ॥
कुरु कर्मैव तस्मात्त्वं पूर्वैः पूर्वतरं कृतम् ॥१५॥

शब्दार्थ-- पूर्वैः=पहिलेका । मुमुक्षुभिः=मुमुक्षुजनद्वारा । अपि=पनि । एवम्=यस प्रकार । ज्ञात्वा=जानेर । कर्म=कर्म । कृतम्=गरिएको छ । तस्मात्=त्यसकारण । त्वम्=तिमी । पूर्वैः=पूर्वजहरू-द्वारा । पूर्वतरम् कृतम्=पहिलेदेखि गरिएका । कर्म=कर्म । एव=नै । कुरु=गर ।

भावार्थ-- पहिलेका मुमुक्षुहरूले पनि यस प्रकार जानेर नै कर्म गरेका छन् । यसैले तिमी पनि पूर्वजहरूद्वारा सदादेखि गरिआएका कर्म गर ।

किं कर्म किमकर्मेति कवयोऽप्यत्र मोहिताः ॥
तत्ते कर्म प्रवक्ष्यामि यज्ज्ञात्वामोक्ष्यसेऽशुभात् ॥१६॥

शब्दार्थ-- कर्म=कर्म । किम्=के हो । (र) अकर्म=अकर्म । किम्=के हो । इति=यस्तो । अत्र=यस विषयमा । कवयः=बुद्धिमान्हरू । अपि=पनि । मोहिताः=मोहित छन् । (यसैले म) तत्=त्यो । कर्म=कर्मको तत्त्व । ते=तिम्रो लागि । प्रवक्ष्यामि=राम्ररी बताउनेछु । (कि) यत्=जो । ज्ञात्वा=जानेर । (तिमी) अशुभात्=संसाररूपी

बन्धनबाट । मोक्ष्यसे=छुटौला ।

भावार्थ-- कर्म अर्थात् कर्तव्य के हो र अकर्म अर्थात् अकर्तव्य के हो यसबारे बुद्धिमान् जन पनि भ्रम (मोह)मा परेका छन्। अतः तिमीलाई यसबारे संझाउंदछु, जुन जानेपछि तिमी भवबन्धनबाट उन्मुक्त हुनेछौ ।

कर्मणोह्यपि बोद्धव्यं बोद्धव्य च विकर्मणः ॥
अकर्मणश्च बोद्धव्यं गहना कर्मणो गतिः ॥१७॥

शब्दार्थ— कर्मणः=कर्मको स्वरूप । अपि=पनि । बोद्धव्यम्=जान्नु पर्दछ। च=र। अकर्मणः=अकर्मको स्वरूप पनि । बोद्धव्यम् =जान्नु पर्दछ। च=अनि। विकर्मणः=निषिद्ध कर्मको स्वरूप (पनि) बोद्धव्यम् =जान्नु पर्दछ । हि=किनकि । कर्मणः=कर्मको । गतिः=गति । गहना=गहन छ ।

भावार्थ-- साँच्ची नै कर्म, अकर्म र विकर्म तीनोटैको तत्त्व जान्न योग्य छ। किनकि कर्मको गति गहन छ ।

कर्मण्यकर्म यः पश्येदकर्मणि च कर्म यः ।
स बुद्धिमान् मनुष्येषु स युक्तः कृत्स्नकर्मकृत् ॥१८॥

शब्दार्थ— यः=जो मान्छे। कर्मणि=कर्म्ममा अर्थात् अहंकार रहित सम्पूर्ण चेष्टाहरूमा । अकर्म=अकर्म अर्थात् वास्तवमा ती नहुनु । पश्येत्=देख्दछ । च=र। यः=जो मान्छे । अकर्मणि=अकर्ममा अर्थात् अज्ञानी मान्छेद्वारा गरिएका सम्पूर्ण क्रियाहरूको त्यागमा पनि। कर्म=कर्म अर्थात् त्याग रूप क्रियालाई देख्दछ । स=त्यो मान्छे । मनुष्येषु=मान्छे. हरूमा । बुद्धिमान्=बुद्धिमान् हो । स=त्यो । युक्तः=योगी । कृत्स्न कर्म कृत्=सम्पूर्ण कर्म गर्ने वाला हो ।

भावार्थ-- जो कर्ममा अकर्म र अकर्ममा कर्म देख्दछ त्यो मनुष्य बुद्धिमान् हो र त्यो योगी समस्त कर्महरू गर्नेवाला हो ।

यस्य सर्वे समारम्भाः कामसंकल्पवर्जिताः ॥
ज्ञानाग्निदग्धकर्माणं तमाहुः पण्डितं बुधाः ॥१९॥

शब्दार्थ– यस्य=जसको । सर्वे=सम्पूर्ण । समारम्भाः=कार्य । कामसंकल्पवर्जिताः=कामना र संकल्पले रहित छ । तम्=त्यसलाई । ज्ञानाग्निदग्धकर्माणम्=ज्ञानरूप अग्निद्वारा भस्म भएका कर्मवाला मान्छेहरूलाई । बुधाः=ज्ञानीजन । (पनि) पण्डितम्=ज्ञानी । आहुः=भन्दछन् ।

भावार्थ– जसका सबै कार्य कामना र सङ्कल्परहित छन् त्यस्ता ज्ञानाग्निले कर्म डढाउने व्यक्तिलाई विद्वान् पनि पण्डित अर्थात् ज्ञानी भन्दछन् ।

त्यक्त्वा कर्मफलासङ्गं नित्यतृप्तो निराश्रयः ॥
कर्मण्यभिप्रवृत्तोऽपि नैव किञ्चित्करोति सः ॥२०॥

शब्दार्थ– निराश्रयः=सांसारिक आश्रयले रहित। नित्यतृप्तः=सदा परमानन्द परमात्मामा तृप्त । सः=त्यो । कर्मफलासङ्गम्=कर्मफल र कर्तृत्व अभिमानलाई । त्यक्त्वा=छोडेर । कर्मणि=कर्ममा । अभिप्रवृत्तः =राम्ररी लागिपरेको । अपि=पनि । किञ्चित्=केही । एव=नै । न करोति=गर्दैन ।

भावार्थ– कर्मफलको आसक्ति छोडेर सदा तृप्त र निराश्रय व्यक्ति कर्ममा लागिरहे पनि केही गर्दैन ।

निराशीर्यतचित्तात्मा त्यक्तसर्वपरिग्रहः ॥
शारीरं केवलं कर्म कुर्वन्नाप्नोति किल्विषम् ॥२१॥

शब्दार्थ– यतचित्तात्मा =शरीर र मन जित्ने । त्यक्त सर्व परिग्रहः=समस्त भोगका साधनहरू त्याग्ने । निराशीः=आशारहित व्यक्ति । केवलम्= केवल । शारीरम्=शरीरसम्बन्धी । कर्म=कर्मलाई । कुर्वन्=गर्दै । (पनि) किल्विषम्=पापलाई । न आप्नोति=प्राप्त गर्दैन ।

भावार्थ– शरीर तथा मन जित्ने, समस्त भोगका साधनलाई त्याग्ने, आशारहित व्यक्ति केवल शरीरसँग सम्बन्ध राख्ने कर्म गरेर पनि पापको भागी हुँदैन ।

यदृच्छालाभसंतुष्टो द्वन्द्वातीतो विमत्सरः ॥
समः सिद्धावसिद्धौ च कृत्वापि न निबध्यते ॥२२॥

शब्दार्थ- यदृच्छालाभसंतुष्टः=स्वतः प्राप्त वस्तुमा सन्तुष्ट । द्वन्द्वातीतः =हर्षशोकादि द्वन्द्वरहित । विमत्सरः=ईर्ष्याले रहित । सिद्धौ=सिद्धि । च=र । असिद्धौ=असिद्धिमा । समः=समत्व भाव राख्ने । (व्यक्ति) कृत्वा अपि=कर्म गरेर पनि । न निवध्यते=वन्धनमा पर्दैन ।

भावार्थ- प्राप्त वस्तुमा सन्तुष्ट, द्वन्द्वरहित, ईर्ष्या नगर्ने, सिद्धि र असिद्धिमा समान व्यक्ति कर्म गरेर पनि बाँधिदैन ।

गतसङ्गस्य मुक्तस्य ज्ञानावस्थितचेतसः ॥
यज्ञायाचरतः कर्म समग्रं प्रविलीयते ॥२३॥

शब्दार्थ-- गतसङ्गस्य=आसक्तिले रहित । ज्ञानावस्थितचेतसः=ज्ञानमा स्थित चित्त भएको । यज्ञाय=यज्ञको लागि आचरतः=आचरण गर्दै । मुक्तस्य=मुक्त व्यक्तिको । समग्रम्=सम्पूर्ण । कर्म=कर्म । प्रविलीयते= नष्ट हुन जान्छ ।

भावार्थ- आसक्तिरहित, ज्ञानमा चित्त लागेको, यज्ञको निम्ति मात्र कर्म आचरण गर्ने मुक्तात्माका समस्त कर्म नष्ट हुन्छन् अर्थात् ब्रह्ममा प्रविलीन हुन्छन् ।

ब्रह्मार्पणं ब्रह्म हविर्ब्रह्माग्नौ ब्रह्मणा हुतत् ॥
ब्रह्मैव तेन गन्तव्यं ब्रह्मकर्मसमाधिना ॥२४॥

शब्दार्थ-- अर्पणम्=अर्पण पनि । ब्रह्म=ब्रह्म हो । हविः=हवन गर्ने योग्य द्रव्य पनि । ब्रह्म=ब्रह्म हो । ब्रह्माग्नौ=ब्रह्मरूप अग्निमा । ब्रह्मणा=ब्रह्मरूप कर्ताद्वारा । (जो) हुतम्=हवन गरिएको छ (त्यो पनि ब्रह्म नै हो यसकारण) । ब्रह्मकर्मसमाधिना=ब्रह्मरूप कर्ममा समाधि रूप भएका । तेन=त्यो व्यक्तिद्वारा । (जो) गन्तव्यम्=प्राप्त हुन योग्य छ (त्यो पनि) । ब्रह्म=ब्रह्म । एव= नै हो ।

भावार्थ- अर्पण, हवि, अग्नि, हवन गर्ने, हवन क्रिया, ब्रह्मरूप कर्ममा समाधिस्थ व्यक्तिद्वारा प्राप्त हुने योग्य जो वस्तु छ त्यो सब ब्रह्म नै हो ।

दैवमेवापरे यज्ञं योगिनः पर्युपासते ॥
ब्रह्माग्नावपरे यज्ञं यज्ञेनैवोपजुह्वति ॥२५॥

शब्दार्थ— अपरे=दोस्रा । योगिनः=योगीजन । दैवम्=देवताहरूको पूजन रूप । यज्ञम्=यज्ञलाई । एव=नै । पर्युपासते=राम्ररी गर्दछन् । अपरे=अर्का । (ज्ञानीजन) ब्रह्माग्नौ=परब्रह्म परमात्मारूप अग्निमा । एव=नै । यज्ञम्=यज्ञलाई । उपजुह्वति=हवन गर्दछन् अर्थात् परब्रह्म परमात्मामा ज्ञानद्वारा एकै भावले स्थिर हुन्छन् ।

भावार्थ— कोही योगी देवताको यज्ञतिर अर्थात् पूजा-आजातिर लाग्दछन्, कोही चाहिं ब्रह्मरूप अग्निमा आपनो आत्मारूप यज्ञद्वारा आत्मरूप यज्ञको नै हवन गर्दछन् ।

श्रोत्रादीनीन्द्रियाण्यन्ये संयमाग्निषु जुह्वति ॥
शब्दादीन्विषयानन्य इन्द्रियाग्निषु जुह्वति ॥२६॥

शब्दार्थ— अन्ये=अन्य योगीजन । श्रोत्रादीनि=श्रोत्रादिक । इन्द्रियाणि =सब इन्द्रियहरूलाई । संयमाग्निषु=संयमरूपी अग्निमा । जुह्वति= हवन गर्दछन् अर्थात् इन्द्रियहरूलाई विषयहरूबाट रोकेर आफ्नो वशमा गर्दछन् । अन्य=र अर्का थरीका योगीजन । शब्दादीन्=शब्दादिक । विषयान्=विषयहरूलाई । इन्द्रियाग्निषु=इन्द्रियरूप अग्निमा । जुन्हति =हवन गर्छन् । अर्थात् रागद्वेषरहित इन्द्रियहरूद्वारा विषयहरूलाई ग्रहण गरेर भस्मरूप गर्दछन् ।

भावार्थ— कुनै चाहिं श्रोत्रादिक इन्द्रियलाई संयमरूप अग्निमा हवन गर्दछन् भने अर्का चाहिं शब्दादि विषयलाई इन्द्रियरूप अग्निमा हवन गर्दछन् । (२६)

सर्वाणीन्द्रियकर्माणि प्राणकर्माणि चापरे ॥
आत्मसंयमयोगाग्नौ जुह्वति ज्ञानदीपिते ॥२७॥

शब्दार्थ— अपरे=दोस्रा योगीजन । सर्वाणि=सम्पूर्ण । इन्द्रियकर्माणि

=इन्द्रियहरूका चेष्टाहरूलाई । च=तथा । प्राणकर्माणि=प्राणहरूको व्यापारलाई । ज्ञानदीपिते=ज्ञानमा प्रकाशित भएको । आत्मसंयमयोगाग्नौ=परमात्मामा स्थित योगाग्निमा । जुह्वति=हवन गर्दछन् ।

भावार्थ–– अर्काथरी योगी समस्त इन्द्रियको चेष्टालाई र प्राणहरूको व्यापारलाई ज्ञानद्वारा प्रकाशित आत्मसंयमरूप अग्निमा होम्दछन् ।

द्रव्ययज्ञास्तपोयज्ञा योगयज्ञास्तथापरे ॥
स्वाध्यायज्ञानयज्ञाश्च यतयः संशितव्रताः ॥२८॥

शब्दार्थ–– अपरे=अर्का । द्रव्ययज्ञाः=ईश्वरार्पण बुद्धिले लोकसेवामा द्रव्य लगाउने (छन्) । तथा=त्यस्तै । तपोयज्ञाः=स्वधर्मपालनरूप तपयज्ञ गर्ने (छन्) । योगयज्ञाः=अष्टाङ्गयोगरूप यज्ञ गर्ने (छन्) च=र । संशितव्रताः=अहिंसादि तीक्ष्ण व्रतले युक्त । यतयः=यत्नशील व्यक्तिहरू । स्वाध्याययज्ञाः=भगवान्‌को नामको जप तथा भगवत्प्राप्ति विषयक शास्त्रको अध्ययनरूप । ज्ञानयज्ञाः=ज्ञानयज्ञ गर्नेहरू (छन्) ।

भावार्थ— कोही कोही ईश्वरार्पण भावनाले परोपकारको लागि द्रव्य अर्थात् धन, अन्न, वस्त्र आदि स्थूल पदार्थहरूको दानरूप यज्ञ गर्ने हुन्छन् । कोही चाहिं अष्टाङ्गयोगरूपी यज्ञ गर्ने गर्दछन् र गाह्रा व्रत बस्ने, केही यत्नशील मान्छेचाहिं जप र वेदादि धर्मग्रन्थहरूको पठन-पाठन रूप ज्ञानयज्ञ गर्दछन् ।

अपाने जुह्वति प्राणं प्राणेऽपानं तथापरे ॥
प्राणापानगती रूद्ध्वा प्राणायामपरायणाः ॥२९॥
अपरे नियताहाराः प्राणान्प्राणेषु जुह्वति ॥

शब्दार्थ— अपाने=अपानवायुमा । प्राणम्=प्राणवायुलाई । जुह्वति=हवन गर्छन् । तथा=त्यस्तै । (अन्य योगीजन) प्राणे=प्राणवायुमा । अपानम्=अपानवायुलाई (हवन गर्दछन्) । अपरे=अन्य योगीजन । प्राणापानगती=प्राण र अपानको गतिलाई । रुद्ध्वा=रोकेर । प्राणायाम परायणाः=प्राणायामका परायण हुन्छन् । अपरे=अर्का ।

नियताहाराः=नियमित आहार गर्ने योगीजन। प्राणान्=प्राणहरूलाई। प्राणेषु=प्राणमा नै। जुह्वति=होम्दछन्।

भावार्थ— प्राणायामलाई तत्पर भएर प्राण र अपानको गतिलाई रोकेर कोही प्राणवायुलाई अपानमा र कोही अपानवायुलाई प्राणवायुमा हवन गर्दछन् र कोही चाहिं आहारलाई नियमित गरेर प्राणलाई होम्दछन्।

सर्वेऽप्येते यज्ञविदो यज्ञक्षपितकल्मषाः ॥३०॥
यज्ञशिष्टामृतभुजो यान्ति ब्रह्म सनातनम ॥
नायं लोकोऽस्त्ययज्ञस्य कुतोऽन्यः कुरुसत्तम ॥३१॥

शब्दार्थ— यज्ञक्षपितकलमषाः=यज्ञद्वारा पाप नाश भएको छ जसको। सर्वे=सबै। अपि=नै। (मान्छे) यज्ञविदः=यज्ञहरू जान्ने छन्। कुरुसत्तम=हे कुरुश्रेष्ठ अर्जुन! यज्ञशिष्टामृतभुजः=यज्ञहरूको परिणामस्वरूप ज्ञानामृतलाई भोग्ने योगीजन। सनातनम्=सनातन। ब्रह्म=परब्रह्मपरमात्मालाई। यान्ति=प्राप्त हुन्छन्। (र) अयज्ञस्य=यज्ञरहित जनलाई। अयम्=यो। लोकः=मनुष्यलोक। (पनि सुखदायक) न अस्ति=छैन। (फेरि) अन्यः=परलोक। कुतः=कहाँबाट (सुखदायक होला।)

भावार्थ— यज्ञद्वारा पाप नाश भएकाहरू जति सबै यज्ञको कुरा जान्दछन्। हे अर्जुन! यज्ञको परिणामरूप ज्ञानामृत पिउने योगी नै सनातन ब्रह्म प्राप्त गर्दछन्। यज्ञ नगर्नेलाई यो लोक सुखदायी नै छैन फेरि अर्को लोकको कुरै कहाँबाट?

एवं बहुविधा यज्ञा वितता ब्रह्मणो मुखे ॥
कर्मजान्विद्धि तान्सर्वानेवं ज्ञात्वा विमोक्षसे ॥३२॥

शब्दार्थ— एवम्=यसरी। बहुविधा=बहु प्रकारका। यज्ञाः=यज्ञ। ब्रह्मणः=वेदको। मुखे=वाणीमा। विततः=विस्तार गरिएका छन्। तान्=ती। सर्वान्=सबै। कर्मजान्=शरीर, मन र इन्द्रियहरूको क्रियाद्वारा नै उत्पन्न हुने। विद्धि=जान। एवम=यस प्रकार।

(तत्वले) ज्ञात्वा=जानेर। (निष्काम कर्मयोगद्वारा) विमोक्षसे=भव-बन्धनबाट मुक्त हुनेछौ।

भावार्थ— यस्ता अनेक प्रकारका यज्ञ वेदवाणीमा विस्तार भएको छ। ती सबलाई कर्मबाट उत्पन्न भएका भन्ने जान। यसरी जान्न सक्यौ भने तिमी बन्धनबाट मोक्ष हुनेछौ।

श्रेयान्द्रव्यमयाद्यज्ञाज्ज्ञानयज्ञः परंतप ॥
सर्वं कर्माखिलं पार्थ ज्ञाने परिसमाप्यते ॥३३॥

शब्दार्थ– परंतप=हे अर्जुन ! द्रव्यमयात्=सांसारिक वस्तुहरूबाट सिद्ध हुने। यज्ञात्=यज्ञभन्दा। ज्ञानयज्ञः=ज्ञानरूप यज्ञ। श्रेयान्=श्रेष्ठ छ। पार्थ=हे अर्जुन ! सर्वम्=सम्पूर्ण। अखिलम्=सम्पूर्ण। कर्म=कर्म। ज्ञाने=ज्ञानमा। परिसमाप्यते=टुंगो लाग्छ अर्थात् ज्ञान उनीहरूको पराकाष्ठा हो।

भावार्थ— हे अर्जुन ! द्रव्यले सिद्ध हुने यज्ञभन्दा ज्ञानयज्ञ श्रेय छ। समस्त कर्म ज्ञानमै परिसमाप्ति हुन्छ अर्थात् टुंगो लाग्दछ।

तद्विद्धि प्रणिपातेन परिप्रश्नेन सेवया ॥
उपदेक्ष्यन्ति ते ज्ञानं ज्ञानिनस्तत्त्वदर्शिनः ॥३४॥

शब्दार्थ— प्रणिपातेन=राम्रो किसिमको दण्डवत् प्रणाम। (तथा) सेवया=सेवा। (र) परिप्रश्नेन=निष्कपटभावले गरेको प्रश्नद्वारा। तत्=त्यो ज्ञानलाई। विद्धि=जान। ते=ती। तत्त्वदर्शिनः=मर्म जान्ने। ज्ञानिनः=ज्ञानीजन। ज्ञानम्=ज्ञान। उपदेक्ष्यन्ति=उपदेश गर्नेछन्।

भावार्थ— तिमी सभक्ति प्रणाम गरेर, विनम्र सेवा गरेर, निष्कपट-भावले प्रश्न गरेर त्यो ज्ञान जान। ती तत्त्वका मर्मज्ञहरू ज्ञानको उपदेश दिनेछन्।

यज्ज्ञात्वा न पुनर्मोहमेवं यास्यसि पाण्डव ॥
येन भूतान्यशेषेण द्रक्ष्यस्यात्मन्यथो मयि ॥ ३५ ॥

शब्दार्थ— यत्=जसलाई । ज्ञात्वा=जानेर । पुनः=फेरि । एवम्=यस प्रकार । मोहम्=मोह । न यास्यसि=प्राप्त हुँदैनौ । पाण्डव=हे अर्जुन ! येन=जुन ज्ञानद्वारा । आत्मनि=आफूमा । अशेषेण=सम्पूर्ण । भूतानि=प्राणीहरूलाई । द्रक्ष्यसि=देख्ने छौ । अथः=अनि । मयि=ममा ।

भावार्थ— जुन कुरा जानेपछि तिमी यसरी मोहमा पर्ने छैनौ । जुन ज्ञानद्वारा आफ्नो आफूमा सम्पूर्ण प्राणी देख्नेछौ अनि त्यसपछि ममा ।

अपि चेदसि पापेभ्यः सर्वेभ्यः पापकृत्तमः ॥
सर्वं ज्ञानप्लवेनैव वृजिनं संतरिष्यसि ॥ ३६ ॥

शब्दार्थ— चेत्=यदि । (तिमी) सर्वेभ्यः=सबै । पापेभ्यः=पापीहरू-भन्दा । अपि=पनि । पापकृत्तम=अधिक पाप गर्ने । असि=छौ (भने पनि) ज्ञानप्लवेन=ज्ञानरूप नाउद्वारा । एव=निःसन्देह । सर्वम्=सम्पूर्ण । वृजिनम्=पापहरूलाई । संतरिष्यसि=राम्ररी तर्नेछौ ।

भावार्थ— यदि तिमी सबै पापीभन्दा पनि अधिक पापी छौ भने पनि ज्ञानरूपी नाउद्वारा अवश्य सब पापबाट पार हुनेछौ ।

यथैधांसि समिद्धोऽग्निर्भस्मसात्कुरुतेऽर्जुन ॥
ज्ञानाग्निः सर्वकर्माणि भस्मसात्कुरुते तथा ॥ ३७ ॥

शब्दार्थ— अर्जुन=हे अर्जुन ! यथा=जसरी । समिद्धः=प्रज्वलित । अग्निः=अग्नि । एधांसि=इन्धनलाई । भस्मसात्=भस्ममय । कुरुते=गर्दछ । तथा=त्यस्तै । ज्ञानाग्निः=ज्ञानरूप अग्नि । सर्वकर्माणि=सम्पूर्ण कर्महरूलाई । भस्मसात्=भस्ममय । कुरुते=गर्दछ ।

भावार्थ— प्रज्वलित अग्निले इन्धनलाई झैं ज्ञानरूप अग्निले समस्त कर्मलाई खरानी पारिदिनेछ ।

न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते ॥
तत्स्वयं योगसंसिद्धः कालेनात्मनि विन्दति ॥ ३८ ॥

शब्दार्थ— इह=यो संसारमा । ज्ञानेन=ज्ञानको । सदृशम=समान । पवित्रम्=पवित्र गर्ने । हि=निःसन्देह । (केही पनि) न विद्यते=छैन । तत्=त्यो ज्ञानलाई । कालेन=समयले । स्वयम्=आफूमैं । योगसंसिद्ध=समत्व बुद्धिरूप योगद्वारा शुद्ध अन्तःकरण भएको मान्छे । आत्मनि=आफैंमा । विन्दति= अनुभव गर्दछ ।

भावार्थ— यो संसारमा ज्ञानको समान पवित्र गर्ने वस्तु केही छैन । त्यसलाई समयले सिद्ध भएको मान्छेले आफैंमा अनुभव गर्दछ ।

श्रद्धावाँल्लभते ज्ञानं तत्परः संयतेन्द्रियः ॥
ज्ञानं लब्ध्वा परां शान्तिमचिरेणाधिगच्छति ॥ ३९ ॥

शब्दार्थ— संयतेन्द्रियः= जितेन्द्रिय । तत्परः=तत्पर भएको । श्रद्धावान्=श्रद्धालु मान्छे । ज्ञानम्=ज्ञानलाई । लभते=पाउँछ । ज्ञानम्=ज्ञान । लब्ध्वा=प्राप्त भएर । अचिरेण=तत्क्षण । पराम्=परम । शान्तिम्=शान्ति । अधिगच्छति=प्राप्त हुन्छ ।

भावार्थ— जितेन्द्रिय, उत्साही, श्रद्धालु व्यक्तिले नै ज्ञान प्राप्त गर्दछ । ज्ञान प्राप्त हुने बित्तिकै परम शान्ति पाइहाल्छ ।

अज्ञश्चाश्रद्धधानश्च संशयात्मा विनश्यति ॥
नाऽयं लोकोऽस्ति न परो न सुखं संशयात्मनः ॥ ४० ॥

शब्दार्थ— अज्ञः=भगवद् विनय नजान्ने । च=र । अश्रद्धधानः=श्रद्धारहित । च=र । संशयात्मा=संशययुक्त व्यक्ति । विनश्यति=परमार्थतत्त्वबाट भ्रष्ट हुन्छ । संशयात्मनः=संशययुक्त मान्छेको लागि । न सुखम्=न सुख छ । न अयम् लोकः=न यो लोक छ । न परः=न परलोक । अस्ति=छ ।

भावार्थ— मूर्ख, अश्रद्धालु, शंकालु व्यक्ति परमार्थतत्त्वबाट च्युत हुन्छ । संशयात्मालाई न सुख छ, न यो लोक छ, न त परलोकै छ ।

योगसंन्यस्तकर्माणं ज्ञानसंछिन्नसंशयम् ॥
आत्मवन्तं न कर्माणि निबध्नन्ति धनञ्जय ॥ ४१ ॥

शब्दार्थ— धनञ्जय=हे अर्जुन ! योगसंन्यस्तकर्माणम्=समत्व बुद्धिरूप योगद्वारा भगवत् अर्पण गरेका छन् संपूर्ण काम जसले। ज्ञानसंछिन्न-संशयम्=ज्ञानद्वारा जसको सबै संशय नष्ट भएको छ। आत्मवन्तम्=परमात्म परायण मान्छेलाई। कर्माणि=कर्मफल। न निबध्नन्ति=बाँध्दैनन्।

भावार्थ—अर्जुन ! समबुद्धिरूप योगद्वारा सम्पूर्ण काम प्रभुमा समर्पण गर्ने, ज्ञानद्वारा संशय हटाएका भगवद्परायण व्यक्तिलाई कर्मले बाँध्न सक्तैन।

तस्मादज्ञानसंभूतं हृत्स्थं ज्ञानासिनात्मनः ॥
छित्वैनं संशयं योगमातिष्ठोत्तिष्ठ भारत ॥४२॥

शब्दार्थ— तस्मात्=त्यसकारण। ज्ञानासिना=ज्ञानरूप खड्गद्वारा। आत्मनः=आफ्नो। अज्ञानसंभूतम्=अज्ञानद्वारा उत्पन्न। हृत्स्थम्=हृदयस्थित। एनम्=यो। संशयम्=संशयलाई। छित्वा=छेदन गरेर। योगम्=योगको। आतिष्ठ=आश्रय गर। भारत=हे अर्जुन ! उत्तिष्ठ=उठ।

भावार्थ— किनकि कर्मयोगी मुक्त हुन्छ। र संशयात्मा विनष्ट हुन्छ। अतएव आत्मविषयक अज्ञानबाट उत्पन्न, हृदयमा स्थिति, शोकादिको हेतुरूप संशयलाई देहात्म विवेकरूपी ज्ञानखड्गले छेदन गरी आत्मज्ञानको उपाय स्वरूप कर्मयोगको आश्रय लेऊ। ज्ञानसिद्धिको लागि कर्मविमुख हुनु ठीक छैन। तिमी क्षत्रिय हौ यसैले युद्ध गर्नु तिम्रो प्रधान धर्म हो। त्यो युद्ध प्रस्तुत छ। अतएव युद्धको लागि उठ। खडा होऊ। अघि सर।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे ज्ञानकर्मसंन्यासयोगो नाम चतुर्थोऽध्यायः ॥४॥

श्रीमद्भगवद्गीताको ज्ञानकर्मसंन्यासयोग नामक चौथो अध्याय समाप्त भयो।

अथ पंचमोऽध्याय

(अब पाँचौं अध्याय)

अर्जुन उवाच=अर्जुन भन्दछन् ।

संन्यासं कर्मणां कृष्ण पुनर्योगं च शंससि ।
यच्छ्रेय एवयोरेकं तन्मे ब्रूहि सुनिश्चितम् ॥१॥

शब्दार्थ— कृष्ण=हे कृष्ण । कर्मणाम्=कर्महरूको । संन्यासम्= संन्यासलाई । च=र । पुनः=फेरि । योगः=निष्काम कर्म योगको । शंससि=प्रशंसा गर्दछौ । एतयोः=यी दुईमा । एकम्=एक । यत्= जो । सुनिश्चितम्=निश्चित गरिएको । श्रेयः=कल्याणकारक । (हुन्छ) तत्=त्यो । मे=मेरो लागि । ब्रूहि=आज्ञा होस् ।

भावार्थ— हे कृष्ण ! हजूर कर्महरूको संन्यास र फेरि कर्मयोगको प्रशंसा गर्नुहुन्छ । यसकारण यी दुईमध्ये जो एक मेरो लागि सुनिश्चित कल्याणकारक साधन छ, त्यो आज्ञा होस् ।

श्रीभगवानुवाच

संन्यासः कर्मयोगश्च निःश्रेयसकरावुभौ ।
तयोस्तु कर्मसंन्यासात्कर्मयोगो विशिष्यते ॥२॥

शब्दार्थ— संन्यासः=कर्महरूको संन्यास अर्थात् मन, इन्द्रियहरू र शरीर-द्वारा हुने सम्पूर्ण कर्महरूमा कर्तापनको त्याग । च=र । कर्मयोग= निष्काम कर्मयोग । उभौ=यी दुइटै । निःश्रेयसकरौ=परम कल्याण गनवाला छन् । तु=परन्तु । तयोः=ती दुईमा । कर्म संन्यासात्= कर्महरूको संन्यासभन्दा । कर्मयोग=निष्काम कर्मयोग । विशिष्यते= श्रेष्ठ छ ।

भावार्थ— संन्यास र कर्मयोग दुवै मुक्त गर्नेवाला हुन् । परन्तु यी दुईमा कर्म संन्यासको अपेक्षा कर्मयोग श्रेष्ठ छ ।

ज्ञेयः स नित्यसंन्यासी यो न द्वेष्टि न काङ्क्षति ।
निर्द्वन्द्वो हि महाबाहो सुखं बन्धात्प्रमुच्यते ॥३॥

शब्दार्थ— महाबाहो=हे अर्जुन ! यः=जो मान्छे । न द्वेष्टि=द्वेष गर्दैन । न कांक्षति=आकांक्षा गर्दैन । स=त्यो (निष्काम कर्मयोगी) नित्य संन्यासी=सदा संन्यासी नै । ज्ञेय=संझन योग्य छ । हि=किनकि । निर्द्वन्द्वः=द्वेषादि द्वन्द्वहरूले रहित व्यक्ति । सुखम्=सुखपूर्वक । बन्धात्=संसाररूपी बन्धनबाट=प्रमुच्यते=मुक्त हुन्छ ।

भावार्थ—हे अर्जुन ! जो व्यक्ति कसैसँग रागद्वेष गर्दैन र न कुनै कामना न गर्दछ । त्यसलाई सर्वदा संन्यासी सम्झनु पर्दछ किनकि द्वन्द्वभन्दा पर हुनाको कारण त्यो अनायास नै कर्मजनित बन्धनबाट पाउँछ । जब संकल्प विकल्प बन्द हुन्छ अनि संन्यासको प्राप्ति हुन्छ ।

सांख्ययोगौ पृथग्बालाः प्रवदन्ति न पण्डिताः ।
एकमप्यास्थितः सम्यगुभयोर्विन्दते फलम् ॥४॥

शब्दार्थ—सांख्ययोगौ=संन्यास र निष्काम कर्मयोगलाई । बालाः=मूर्खहरू । पृथक्=अलग अलग । प्रवदन्ति=भन्दछन् । न=न कि । पण्डिताः=पण्डित जन । (किनकि दुईमध्ये) एकम्=एकमा । अपि=पनि । सम्यक्=राम्ररी । अस्थितम् स्थित भएको (मान्छे) उभयोः=दुवैको । फलम्=फलरूप परमात्मालाई । विन्दते=प्राप्त गर्दछन् ।

भावार्थ—संन्यास र निष्काम कर्मलाई मूर्खहरू अलग-अलग भन्दछन् न कि पण्डित जन । दुईमध्ये एकमा मात्र भलीभाँति स्थित व्यक्ति दुवैको फलस्वरूप प्रभु प्राप्त गर्दछन् ।

यत्सांख्यैः प्राप्यते स्थानं तद्योगैरपि गम्यते ।
एकं सांख्यं च योगं च यः पश्यति स पश्यति ॥५॥

शब्दार्थ— सांख्यैः=ज्ञान योगीहरूद्वारा। यत=जो। स्थानम्=स्थान अर्थात् परम धाम। प्राप्यते=प्राप्त गरिन्छ। योगैः=निष्काम कर्मयोगद्वारा। अपि=पनि। तत्=त्यही। गम्यते=प्राप्त गरिन्छ। (यसैले) यः=जो। सांख्यम्=ज्ञानयोग। च=र। योगम्=निष्काम कर्मयोगलाई। एकम्=एक। पश्यति=देख्दछ। सः=त्यो। च=नै। (यथार्थ) पश्यति=देख्दछ।

भावार्थ— सांख्य (ज्ञान) मार्गमा लाग्नेले जुन स्थान (धाम) प्राप्त गर्दछन्, त्यही स्थान निष्काम कर्मयोगी पाउँछ। जो सांख्य र कर्मयोगलाई एक देख्दछ त्यो नै यथार्थ देख्दछ।

संन्यासस्तु महावाहो दुःखमाप्तुमयोगतः।
योगयुक्तो मुनिर्ब्रह्म नचिरेणाधिगच्छति ॥६॥

शब्दार्थ— तु=परन्तु। महावाहो=हे अर्जुन। अयोगतः=निष्काम कर्मयोग विना। संन्यासः=मन, इन्द्रियहरू र शरीरद्वारा हुने सम्पूर्ण कर्महरूमा कर्तापनको त्याग। आप्तुम्=प्राप्त हुन। दुःखम्=कठिन छ। मुनिः=भगवानको स्वरूप जान्ने। योगयुक्तः=किष्काम कर्मयोगी। ब्रम्ह=परमात्मालाई। नचिरेण=शीघ्र नै। अधिगच्छति=प्राप्त हुन्छ।

भावार्थ— परन्तु अर्जुन। निष्काम कर्मयोगविना कर्तापन त्याग हुनु कठिन छ। निष्कामी मुनि ब्रम्हलाई शीघ्र प्राप्त गर्दछ।

योगयुक्तो विशुद्धात्मा विजितात्मा जितेन्द्रियः।
सर्वभूतात्मभूतात्मा कुर्वन्नपि न लिप्यते ॥७॥

शब्दार्थ— विजितात्मा=शरीर वशमा गर्ने। जितेन्द्रिय=इन्द्रिय जित्ने। विशुद्धात्मा=विशुद्ध अन्तःकरण भएका। सर्वभूतात्मभूतात्मा=सम्पूर्ण प्राणीहरूको आत्मरूप परमात्मा एउटै भाव भएको। योगयुक्तः=निष्काम कर्मयोगी। कुर्वन् अपि=कर्म गर्दै रहे पनि। न लिप्यते=लिप्त हुँदैनन्।

भावार्थ— जसको चित्त शुद्ध भएको छ, जसको मन आफ्नो वशमा छ जसले इन्द्रियहरूलाई आफ्नो अधीनमा गरेको छ र जसको आत्मा समस्त जीवहरूको आत्मासँग एकाकार भएको छ, यस्तो कर्मयोगको आचरण गर्ने योगी संसारमा रहेर पनि सब कर्महरू गर्दै कर्ममा लिप्त हुँदैनन् । यस्ता योगीलाई कर्म बाँधन सक्तैन ।

नैव किञ्चित्करोमीति युक्तो मन्येत तत्त्ववित् ।
पश्यन्शृण्वन्स्पृशञ्जिघ्रन्नश्नन्गच्छन्स्वपञ्श्वसन् ॥८॥
प्रलपन्विसृजन्गृण्हन्नुन्मिषन्निमिषन्नपि ॥
इन्द्रियाणीन्द्रियार्थेषु वर्तन्त इति धारयन् ॥९॥

शब्दार्थ— तत्त्ववित्=तत्त्व जान्ने । युक्तः=सांख्ययोगी त । पश्यन्=देख्दै । शृण्वन्=सुन्दै । स्पृशन्=छुँदै । जिघ्रन्=सुँघ्दै । अश्नन्=खाँदै । गच्छन्=जाँदै । स्वपन्=सुत्तै । श्वसन्=सास फेर्दै । प्रलपन्=बोल्दै । विसृजन्=त्याग्दै । गृण्हन=ग्रहण गर्दै । उन्मीलन्=आँखा खोल्दै । निमिषन्=आँखा चिम्लदै । अपि=पनि । इन्द्रियाणि=सब इन्द्रियहरु । इन्द्रियार्थेषु=आ-आफ्नो अर्थमा । वर्तन्ते=काम गरिरहन्छन् । इति=यस्तो । धारयन्=संझदै । एव=निःसन्देह । इति=यस्तो । मन्येत=ठान्छन् कि (म) किञ्चित्=केही । न करोमि=गर्दिनँ ।

भावार्थ— तत्त्वजान्ने सांख्ययोगी चाहिं देख्दो, सुन्दो, छुँदो, सुँघ्दो, खाँदो, हिंड्दो, सुत्दो, श्वास फेर्दो, बोल्दो, त्याग्दो, ग्रहण गर्दो, हेर्दो, चिम्लंदो, छँदा पनि इन्द्रियहरू आ-आफ्नो विषयमा विचरण गर्दछन् भन्ने संझदै निःसन्देह यस्तो मान्दछ कि केही पनि गर्दिनँ ।

ब्रह्मण्याधाय कर्माणि सङ्गं त्यक्त्वा करोति यः ॥
लिप्यते न स पापेन पद्मपत्रमिवाम्भसा ॥१०॥

शब्दार्थ— यः=जो । कर्माणि=सबै कामलाई । ब्रह्मणि=परमात्मामा । आधाय=अर्पण गरेर । सङ्गम=आसक्तिलाई । त्यक्त्वा=छोडेर ।

करोति=कर्म गर्दछ । सः=त्यो । अम्भसा=पानीबाट । पद्मपत्रम्=कमलको पात । इव=झैं । पापेन=पापले । न लिप्यते=लिप्त हुँदैन ।

भावार्थ– जो सबै कर्म ब्रह्ममा अर्पण गरेर आसक्ति त्याग्दै कर्म गर्दछ त्यो जलले कमलपत्र झैं पापले लिप्त हुने छैन ।

कायेन मनसा बुद्धया केवलैरिन्द्रियैरपि ॥
योगिनः कर्म कुर्वन्ति सङ्गं त्यक्त्वात्मशुद्धये ॥११॥

शब्दार्थ– योगिनः=निष्काम कर्मयोगी । केवलैः=केवल । इन्द्रियैः=इन्द्रिहरूले । मनसा=मनले । बुद्धया=बुद्धिले । कायेन=शरीरले । अपि=पनि । सङ्गम्=आसक्तिलाई । त्यक्त्वा=छाडेर । आत्मशुद्धये=अन्तःकरणको शुद्धिका लागि । कर्म=कर्म । कुर्वन्ति=गर्दछन् ।

भावार्थ– योगीसङ्ग छोडेर केवल शरीर, मन, बुद्धि र इन्द्रियहरूद्वारा अन्तःकरणको शुद्धिका लागि कर्म गर्दछन् ।

युक्तः कर्मफलं त्यक्त्वा शान्तिमाप्नोति नैष्ठिकीम् ॥
अयुक्तः कामकारेण फले सक्तो निबध्यते ॥१२॥

शब्दार्थ– युक्तः=निष्काम कर्मयोगी । कर्म फलम्=कर्मको फल । त्यक्त्वा=परमेश्वरलाई अर्पण गरेर । नैष्ठिकीम्=भगवत् प्राप्ति रूप । शान्तिम्=शान्ति । आप्नोति=प्राप्त हुन्छन् । (र) अयुक्तः=सकाम व्यक्ति । फले=फलमा । सक्तः=आसक्त भएर । कामकारेण=कामनाहरूद्वारा । निबध्यते=बाँधिएर रहन्छ ।

भावार्थ– निष्काम भएर कर्त्तव्यपालन गर्ने कर्मयोगी व्यक्ति आपनो कर्मको फल प्रभुको चरणमा अर्पण गरेर परमात्मा प्राप्ति रूप परम शान्तिको अनुभव गर्छन् । किन्तु कामनाको वशीभूत भएर फलप्राप्तिको इच्छाले कार्य गर्ने व्यक्ति फलमा आसक्त रहनाको कारण कर्मबन्धनमा बाँधिन्छन् ।

सर्वकर्माणि मनसा संन्यस्यास्ते सुखं वशी ॥
नवद्वारे पुरे देही नैव कुर्वन्न कारयन् ॥१३॥

शब्दार्थ- वशी=सांख्ययोगको आचरण गर्ने जसको अन्तःकरण वशमा छ। देही=व्यक्ति। एव=निःसन्देह। न कुर्वन्=नगर्दा। (र) न कारयन्=नगराउँदा। नवद्वारे=नौ ढोका भएको। पुरे=शरीर रूपी घरमा। सर्वकर्माणि=सब कर्महरूको। मनसा=मनले। संन्यस्य=त्यागेर। सुखम्=आनन्दपूर्वक। आस्ते=रहन्छ।

भावार्थ- जसले आफ्नो अन्तःकरण जितेर वशमा गरेको छ, त्यस्तो व्यक्ति मानसिक रूपले सबै कर्म छोडेर आनन्दसाथ इन्द्रिय रूपी नौ ढोका भएको शरीर रूपी नगरमा स्थित रहन्छ। ऊ स्वयं न केही गर्दछ, न कसैबाट केही गराउँछ।

न कर्तृत्वं न कर्माणि लोकस्य सृजति प्रभुः ॥
न कर्मफलसंयोगं स्वभावस्तु प्रवर्तते ॥१४॥
नादत्ते कस्यचित्पापं न चैव सुकृतं विभुः ॥
अज्ञानेनावृतं ज्ञानं तेन मुह्यन्ति जन्तवः ॥१५॥

शब्दार्थ- कर्तृत्वम्=कर्तापनलाई। न=न। कर्माणि=कर्महरूलाई। (तथा) न=न। कर्मफलसंयोगम्=कर्मको फलको संयोगलाई। प्रभुः=ईश्वर। सृजति=सिर्जना गर्दछ। तु=किन्तु। स्वभावः=प्रकृति। (नै) प्रवर्तते=वर्तन्छ अर्थात् गर्दछ। विभुः=सर्वव्यापी परमात्मा। न=न कस्यचित्=कसैको। पापम्=पाप कर्मलाई। च=र। न=न। सुकृतम् =असल कर्मलाई। एव=नै। आदत्ते=ग्रहण गर्दछ। (किन्तु) अज्ञानेन=मायाद्वारा। ज्ञानम्=ज्ञान। आवृत्तम्=ढाकिएको छ। तेन=यसबाट। जन्तवः=सब जीव। मुह्यन्ति=मोहित हुन्छन्।

भावार्थ- परमेश्वर न कर्तापनको, न कर्मको र न त कर्मफलको संयोगको रचना गर्दछ। किन्तु वास्तवमा स्वभाव अथवा प्रवृत्ति नै सब कुरा गर्दछ। ईश्वर कसैको पाप र कसैको पुण्य पनि लिदैन। ज्ञानमाथि अज्ञानको पर्दा पर्नाको कारण अर्थात् मायाद्वारा प्राणी मोहित हुन्छन्।

ज्ञानेन तु तदज्ञानं येषां नाशितमात्मनः ॥
तेषामादित्यवज्ज्ञानं प्रकाशयति तत्परम् ॥१६॥

शब्दार्थ– तु=परन्तु । येषाम्=जसको । तत्=त्यो । आत्मनः=अन्तःकरणको । अज्ञानम्=अज्ञान । ज्ञानेन=आत्मज्ञानद्वारा । नाशितम्=नाश भएको छ । तेषाम्=तिनको । ज्ञानम्=ज्ञान । आदित्यवत्=सूर्यसदृश । तत्परम्=ती परम परमात्मालाई । प्रकाशयति=प्रकाशित गर्दछ ।

भावार्थ– परन्तु जसको आत्मज्ञानले नष्ट भएको छ, तिनका ज्ञान सूर्यसमान ती परमलाई प्रकाशित गर्दछ । अर्थात् जब जीवात्मा आफ्ना प्रकृतिभन्दा पर सझन्छ तब ऊ आफ्नो परमप्रकाशित स्वरूपलाई अनुभव गर्दछ ।

तद्बुद्धयस्तदात्मानस्तन्निष्ठास्तत्परायणाः ॥
गच्छन्त्यपुनरावृत्तिं ज्ञाननिर्धूतकल्मषाः ॥१७॥

शब्दार्थ– तद्बुद्धयः=जसको वुद्धि तद्रूप भएको छ । तथा=र । तदात्मानः=तद्रूप छ मन जसको । तन्निष्ठा=जसको स्थिति सच्चिदानन्दघन परमात्मामा निरन्तर एक भावले स्थित छ । तत्परायणाः=तत्परायण व्यक्ति । ज्ञाननिर्धूतकल्मषाः=ज्ञानद्वारा पापरहित भएका । अपुनरावृत्तिम्=परम गतिलाई । गच्छन्ति=प्राप्त हुन्छन् ।

भावार्थ-- प्रभुमैं वुद्धि लगाएका, प्रभुमैं तन्मय भएका, एक भावमा निष्ठा भएका भगवद्परायण व्यक्ति ज्ञानद्वारा पापरहित हुँदै फेरि फर्कन नपर्ने परम गति प्राप्त गर्छन् ।

विद्याविनयसम्पन्ने ब्राम्हणे गवि हस्तिनि ॥
शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः ॥१८॥

शब्दार्थ-- पण्डिताः=ज्ञानीजन । विद्याविनयसम्पन्ने=विद्या र विनययुक्त । ब्राह्मणे=ब्राह्मणमा । च=तथा । गवि=गाईमा । हस्तिनि=हात्तीमा । शुनि=कुकुरमा । श्वपाके=चाण्डालमा । च=पनि । समदर्शिनः=समभावले देख्ने । एव=नै । (हुन्छन्)

भावार्थ— ज्ञानीहरूको दृष्टिमा विद्या- विनययुक्त ब्राह्मण, गाई, हात्ती कुकुर र चाण्डाल सबै समान रहन्छन् अर्थात् उनीहरू सबमा एउटै आत्मा देख्दछन् ।

इहैव तैर्जितः सर्गो येषां साम्ये स्थितं मनः ॥
निर्दोषं हि समं ब्रह्म तस्माद् ब्रह्मणि ते स्थिताः ॥१९॥

शब्दार्थ— येषाम्=जसको । मनः=मन । साम्ये=समत्व भावमा स्थितम्=स्थित छ । तैः=तीद्वारा । इह=यो जीवित अवस्थामा एव=नै । सर्गः=सम्पूर्ण संसार । जितः=जितिएको हुन्छ । हि= किनकि । ब्रह्म=सच्चिदानन्द घन परमात्मा । निर्दोषम्=निर्दोष (र) समम्=सम छ । तस्मात्=त्यसैले । ते=ती । ब्रह्मणि= परमात्मामा । स्थिता=स्थित छन् ।

भावार्थ— जसको मन समतामा स्थित छ तिनले जिउँदै यहीं सो संसार जिते किनभने ब्रह्म निर्दोष समान छ । यसैले ती ब्रह्ममा स्थित छन् ।

न प्रहृष्येत्प्रियं प्राप्य नोद्विजेत्प्राप्य चाप्रियम् ॥
स्थिरबुद्धिरसंमूढो ब्रह्मविद् ब्रह्मणि स्थितः ॥२०॥

शब्दार्थ— प्रियम्=प्यारो वस्तु । प्राप्य=पाएर । न प्रहृष्येत्=हर्षित हुँदैन । च=र । अप्रियम्=मन नपर्ने वस्तु । प्राप्य=पाएर । न उद्विजेत्=अप्रसन्न अथवा दुःखी हुँदैन । (यस्तो) स्थिरबुद्धिः=स्थिर चित्त भएको । असंमूढः=संशयरहित । ब्रह्मविद्=ब्रह्मवेत्ता व्यक्ति ब्रह्मणि=परमात्मामा । स्थितः=एउटै भावले नित्य स्थित रहन्छ ।

भावार्थ—प्रिय वस्तु पाएर हर्षित र अप्रिय वस्तु पाएर अप्रसन्न नबने स्थिरबुद्धि, संशयरहित, ब्रह्मवेत्ताहरू ब्रह्मसँग नित्य एकीभावमा स्थित रहन्छन् ।

बाह्यस्पर्शेष्वसक्तात्मा विन्दत्यात्मनि यत्सुखम् ।।
स ब्रम्हयोगयुक्तात्मा सुखमक्षयमश्नुते ।।२१।।

शब्दार्थ— बाह्यस्पर्शेषु=सांसारिक भोगमा । आसक्तात्मा=आसक्ति नभएका व्यक्ति । आत्मनि=अन्तःकरणमा । यत्=जो । सुखम्=सुख छ । तत्=त्यसको । विन्दति=प्राप्त हुन्छ । (र) सः=त्यो मान्छे । ब्रह्मयोगयुक्तात्मा=परमात्मामा एकभावले स्थित व्यक्ति । अक्षयम्=अक्षय । सुखम्=आनन्द । अश्नुते=अनुभव गर्दछ ।

भावार्थ—सांसारिक भोगमा जसको अन्तःकरण लिप्त भएको छैन, यस्तो मान्छे आत्मामा जो सुख छ त्यसैलाई प्राप्त गर्दछ र त्यो मान्छे ब्रह्मसमाधिमा लीन भएर अक्षय सुख भोग्दछ ।

ये हि संस्पर्शजा भोगा दुःखयोनय एव ते ।।
आद्यन्तवन्तः कौन्तेय न तेषु रमते बुधः ।।२२।।

शब्दार्थ— ये=जो । संस्पर्शजाः=इन्द्रिय तथा विषयहरूको संयोगले उत्पन्न हुने । भोगाः=भोगहरू छन् । ते=ती । हि=निःसन्देह । दुःखयोनय एव=दुःखको हेतु छन् : (र) आद्यन्तवन्तः=अनित्य छन् । (यसैले) कौन्तेय=हे अर्जुन ! बुधः=बुद्धिमान् । तेषु=तिनमा । न रमते=आसक्त हुँदैनन् ।

भावार्थ— जो विषय र इन्द्रियको संयोगले हुने भोग छन् निश्चय संझ ती दुःखका हेतु हुन्, आदि-अन्त भएका र अनित्य छन् । अर्जुन ! विवेकीहरू त्यसमा रम्दैनन् ।

शक्नोती हैव यः सोढुं प्राक्शरीरविमोक्षणात् ।।
कामक्रोधोद्भवं वेगं स युक्तः स सुखी नरः ।।२३।।

शब्दार्थ- यः=जो । शरीरविमोक्षणात्=शरीरको नाश हुनुभन्दा । प्राक्=पहिले । एव=नै । कामक्रोधोद्भवम्=काम र क्रोधले उत्पन्न

भएको । वेगम्=वेगलाई । सोढुम्=सहन गर्नमा । शक्नोति=सम
छ । स=त्यो । नरः=मान्छे । इह=यो लोकमा । युक्तः=योगी हो
(र) स=त्यो । सुखी=सुखी हो ।

भावार्थ– जो मान्छे मर्नुभन्दा पहिले कामक्रोधबाट उत्पन्न हुने वेगला
सहन सक्छ त्यो नै यो लोकमा योगी हो, त्यही नै सुखी हो ।

योऽन्तःसुखोऽन्तरारामस्तथान्तर्ज्योतिरेव यः ॥
स योगी ब्रह्मनिर्वाणं ब्रह्मभूतोऽधिगच्छति ॥२४॥

शब्दार्थ– यः=जो । एव=नै । अन्तःसुखः=अन्तरात्मामा नै सुखी छ
अन्तरारामः=आत्मामा नै आनन्द अनुभव गर्दछ । तथा=र । यः=
जो । अन्तर्ज्योतिः=आत्मामा नै प्रकाश पाएको छ । स=त्यो
ब्रह्मभूतः=परमात्माका साथ एकीभाव भएको । योगी=सांख्य योगी
ब्रह्मनिर्वाणम्=शान्त ब्रह्मलाई । अधिगच्छति=प्राप्त हुन्छ ।

भावार्थ– जो मान्छे आफ्नो आत्मामा सुख मान्दछ, जो त्यसैमा स
किसिमको आनन्द अनुभव गर्दछ र त्यसैमा ज्ञानको आलोकको दर्श
गर्दछ, त्यो योगी साक्षात् ब्रह्मरूप हुन्छ र अन्तमा निर्वाण अर्था
परमात्माका साथ एकता प्राप्त हुन्छ ।

लभन्ते ब्रह्मनिर्वाणमृषयः क्षीणकल्मषाः ॥
छिन्नद्वैधा यतात्मानः सर्वभूतहिते रताः ॥२५॥

शब्दार्थ– क्षीणकल्मषाः=जसको सब पाप नाश भएको छ । छिन्नद्वैधा=
ज्ञानद्वारा जसको सबै संशय निवृत्त भएको छ । सर्वभूतहिते रताः=
जसको सम्पूर्ण प्राणीको हितमा प्रेम छ । यतात्मानः=जसको चित्त भग
वान्को ध्यानमा एगाग्र भएको छ । (यस्ता) ऋषयः=ब्रह्मवेत्ता व्यक्ति
ब्रह्मनिर्वाणम्=शान्त परब्रह्मलाई । लभन्ते=पाउँदछन् ।

भावार्थ—पाप नाश भएका, संशय निवृत्त भएका, सम्पूर्ण प्राणीको हित

रत, मनलाई वशमा राखेका ब्रम्हवेत्ताहरू निर्वाणपद प्राप्त गर्दछन्।

कामक्रोधवियुक्तानां यतीनां यतचेतसाम् ।।
अभितो ब्रह्मनिर्वाणं वर्तते विदितात्मनाम् ।।२६।।

शब्दार्थ— कामक्रोधवियुक्तानाम्=कामक्रोधरहित । यतचेतसाम्= जितेको चित्त भएका। विदितात्मनाम्=परमात्माको साक्षात्कार गरेका। यतीनाम्=ज्ञानी व्यक्तिको लागि । अभितः=सबैतिरबाट। ब्रम्हनिर्वाणम् =शान्त परब्रम्ह परमात्मा नै। वर्तते=प्राप्त हुन्छ।

भावार्थ— काम, क्रोध नभएका, चित्त जितेका, आत्मतत्त्व बुझेका ज्ञानीहरूलाई चारैतिरबाट परमपद प्राप्त छ।

स्पर्शान्कृत्वा बहिर्बाह्यांश्चक्षुश्चैवान्तरे भ्रुवोः ।।
प्राणापानौ समौ कृत्वा नासाभ्यन्तरचारिणौ ।।२७।।

शब्दार्थ— बाह्यान्=बाहिरी। स्पर्शान्=विषयभोगहरूलाई। बहिः= बाहिर। एव=नै। कृत्वा=त्यागेर। च=र। चक्षुः=नजरलाई। भ्रुवोः=दुई आखीभौंको। अन्तरे=बीचमा। नासाभ्यन्तरचारिणौ= नासिकामा विचरण गर्ने। प्राणापानौ=प्राण र अपान वायुलाई। समौ= सम। कृत्वा=गरेर।

भावार्थ— बाहिरी विषयभोगहरूलाई बाहिरै त्यागेर, आँखालाई दुई आँखीभौंका बीचमा स्थिर गरी नासिकामा विचरण गर्ने प्राण र अपान वायुलाई सम गर्नुपर्दछ।

यतेन्द्रियमनोबुद्धिर्मुनिर्मोक्षपरायणः ।।
विगतेच्छाभयक्रोधो यः सदा मुक्त एव सः ।।२८।।

शब्दार्थ— यतेन्द्रियमनोबुद्धिः=जसका इन्द्रियहरू मन र बुद्धि जितिएका छन्। यः=जो। मोक्षपरायणः=मुक्तिको लागि प्रयत्न गर्दै रहन्छन्। मुनिः=मुनि (परमेश्वरको स्वरूप निरन्तर मनन गर्ने)। विगतेच्छाभय-क्रोधः=इच्छा, भय र क्रोधले रहित। सः=त्यो। सदा=हमेसा।

मुक्तः=मुक्त । एव=नै छ ।

भावार्थ— इन्द्रिय, बुद्धि, मन जितेका मुमुक्षु मुनिमा जो इच्छा, भय, क्रोध रहित छन् ती सदैव मुक्त छन् ।

भोक्तारं यज्ञतपसां सर्वलोकमहेश्वरम् ।।
सुहृदं सर्वभूतानां ज्ञात्वा मां शान्तिमृच्छति ।।२९।।

शब्दार्थ— माम्=मलाई। यज्ञतपसाम्=यज्ञ र तपको । भोक्तारम्=भोग्ने । सर्वलोकमहेश्वरम्=सम्पूर्ण लोकका ईश्वरका पनि ईश्वर। सर्वभूतानाम्=सम्पूर्ण भूत प्राणीहरूको । सुहृदम्=स्वार्थरहित प्रेमी। ज्ञात्वा=तत्त्वले जानेर। शान्तिम्=शान्ति । ऋच्छति=प्राप्त हुन्छ ।

भावार्थ— जो यो ज्ञानपूर्वक जान्दछ कि म नै समस्त यज्ञ र तप भोग्ने, सम्पूर्ण लोकको महेश्वर र प्राणीहरूको सुहृद् हुँ, त्यसैले शान्ति पाउँछ।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे कर्मसंन्यासयोगो नाम पञ्चमोऽध्याय ।।५।।

श्रीमद्भगवद्गीताको कर्मसंन्यासयोग नामक पाँचौं अध्याय समाप्त भयो।

अथ षष्ठोऽध्याय

(अब छैटौं अध्याय)

श्रीभगवानुवाच=श्री भगवान् आज्ञा हुन्छ ।

अनाश्रितः कर्मफलं कार्यं कर्म करोति यः ॥

स संन्यासी च योगी च न निरग्निर्नचाक्रियः ॥१॥

शब्दार्थ— यः=जो व्यक्ति। कर्मफलम्=कर्मफललाई। अनाश्रितः=वास्ता नगरेर। कार्यम्=गर्न योग्य। कर्म=कर्म। करोति=गर्दछ। सः=त्यो। संन्यासी=संन्यासी। च=र। योगी=योगी। च=र। निरग्निः=अग्नि त्याग्ने र। अक्रियः=कार्य नगर्ने। न=हुँदैन।

भावार्थ— जो कर्मको फलमा आश्रित नभएर कर्त्तव्य संझेर कर्म गर्दछ, त्यो संन्यासी कहलाउने अधिकारी हो र त्यही योगी अर्थात् कर्मयोगी पनि हो। केवल अग्निको परित्याग गर्दैमा वा अन्य शास्त्रोक्त कर्म छोड्दैमा नै संन्यासी भनिँदैन।

यं संन्यासमिति प्राहुर्योगं तं विद्धि पाण्डव ॥

न ह्यसंन्यस्तसंकल्पो योगी भवति कश्चन ॥२॥

शब्दार्थ— पाण्डव=हे अर्जुन! यम्=जसलाई। संन्यासम्=संन्यास। इति=यस्तो। प्राहुः=भन्छन्। तम्=त्यसलाई (तिमी)। योगम्=योग। विद्धि=जान। हि=किनकि। असंन्यस्तसंकल्पः=संकल्पलाई नत्याग्ने। कश्चन=कोही पनि। योगी=योगी। न भवति=हुँदैन।

भावार्थ— हे अर्जुन ! जसलाई संन्यास भन्छन् त्यसैलाई योग सझ किनभने संकल्प नत्यागी कोही पुरुष पनि योगी हुन सक्तैन।

आरुरुक्षोर्मुनेर्योगं कर्म कारणमुच्यते ।।
योगारूढस्य तस्यैव शमः कारणमुच्यते ।।३।।

शब्दार्थ— योगम्=समत्व बुद्धिरूप योगमा । आरुरुक्षः=आरूढ हुने इच्छा भएका । मुनेः=मननशील व्यक्तिको लागि । (योगको प्राप्तिमा) कर्म=निष्कामभावले कर्म गर्नु नै । कारणम्=हेतु । उच्यते=भनिन्छ । (र योगारूढ भएपछि) तस्य=त्यो । योगारूढस्य=योगारूढ व्यक्तिको लागि । शमः=सब संकल्पको अभाव । एव=नै । कारणम्=हेतु । उच्यते =भनिन्छ ।

भावार्थ— योगमा आरूढ हुने इच्छुक मुनिको योगमा आरूढ हुने साधन कर्म कहलाउँछ, किनकि कर्म चित्तलाई शुद्ध गर्दछ । परन्तु ज्ञानयोगमा आरूढ ध्याननिष्ठ व्यक्तिको लागि संकल्पको अभाव नै हेतु हुन्छ ।

यदा हि नेन्द्रियार्थेषु न कर्मस्वनुषज्जते ।।
सर्वसंकल्पसंन्यासी योगारूढस्तदोच्यते ।।४।।

शब्दार्थ— यदा=जहिले । न=न । इन्द्रियार्थेषु=इन्द्रियहरूको भोगमा । न=न । कर्मसु=कर्ममा । हि=नै । अनुषज्जते=आसक्त हुन्छ । तदा=तब । सर्वसंकल्पसंन्यासी=सबै संकल्पको त्यागी व्यक्ति । योगारूढ=योगमा अचल । उच्यते=भनिन्छ ।

भावार्थ— जुन बेला न इन्द्रियहरूको भोगमा, न कर्ममा नै मानव आसक्त हुन्छ त्यतिखेर सबै संकल्पको संन्यास गर्ने त्यो मान्छे योगारूढ कहिन्छ ।

उद्धरेदात्मनात्मानं नात्मानमवसादयेत् ।।
आत्मैव ह्यात्मनो बन्धुरात्मैव रिपुरात्मनः ।।५।।

शब्दार्थ— आत्मना=आफूले । आत्मानम्=आफूलाई । उद्धरेत्=उद्धार गरोस् । आत्मानम्=आफूलाई । न अवसादयेत्=अधोगतिमा नपुन्या-

ओस् । हि=किनकि । आत्मा=जीवात्मा । एव=नै । आत्मनः= आफ्नो । बन्धुः=मित्र हो । आत्मा एव=आत्मा नै । आत्मनः= आफ्नो । रिपुः=शत्रु हो ।

भावार्थ— आफ्नो उद्धार आफैं गरोस्, आफ्नो आत्मालाई अधोगतिमा नपुऱ्याओस् किनभने आफू आफ्नै मित्र र आफू आफ्नै शत्रु हो ।

बन्धुरात्मात्मनस्तस्य येनात्मैवात्मना जितः ॥
अनात्मनस्तु शत्रुत्वे वर्तेतात्मैव शत्रुवत् ॥६॥

शब्दार्थ— तस्य=त्यो । आत्मनः=जीवात्माको । आत्मा एव=आफू नै । बन्धुः=मित्र हो । येन=जुन । आत्मना=जीवात्माद्वारा । आत्मा=मन र इन्द्रियसहित शरीर । जितः=जितिएका छन् । तु=र । अनात्मनः=जसद्वारा मन र इन्द्रियहरूसहित शरीर जितेको छैन जसले । आत्मा एव=आफू नै । शत्रुवत्=शत्रुसदृश । शत्रुत्वे=शत्रुतामा । वर्तते=वर्तन्छ ।

भावार्थ— त्यो जीवात्माको आफू नै आफ्नो बन्धु हो जसले आफूद्वारा मन, इन्द्रिय, देह जित्यो । जसले जित्न सकेन त्यो शत्रु झैं आफ्नो अहित मात्र गर्दछ ।

जितात्मनः प्रशान्तस्य परमात्मा समाहितः ॥
शीतोष्णसुखदुःखेषु तथा मानापमानयोः ॥७॥

शब्दार्थ— शीतोष्णसुखदुःखेषु= जाडो-गर्मी, सुख-दुःखादिमा । तथा= र । मानापमानयोः=मान र अपमानमा । प्रशान्तस्य=जसको अन्तष्करणका वृत्तिहरू राम्ररी शान्त छन् अर्थात् विकाररहित छन् । जितात्मनः=स्वाधीन आत्मा भएका व्यक्तिको । परमात्मा=आत्मा । समाहितः=राम्ररी मिलेका छन् ।

भावार्थ— शीत-उष्ण, सुख-दुःख र मान-अपमानमा जसको आत्मा (मन) जितिएको छ अर्थात् विकाररहित रहेको छ, यस्ता प्रशान्त व्यक्तिको

मनमा परमात्मा पूर्णरूपले स्थिर रहन्छ ।

ज्ञानविज्ञानतृप्तात्मा कूटस्थो विजितेन्द्रियः ॥
युक्त इत्युच्यते योगी समलोष्टाश्मकाञ्चनः ॥८॥

शब्दार्थ– ज्ञानविज्ञानतृप्तात्मा=ज्ञान र विज्ञानले तृप्त छ अन्तःकरण जसको । कूटस्थः=विकाररहित छ स्थिति जसको । विजितेन्द्रियः= राम्ररी इन्द्रियहरू जितिएका छन् जसका । समलोष्टाश्मकाञ्चनः= जसको लागि माटो र सुन समान छ । योगी=योगी । युक्तः=भगवत् प्राप्तिवाला हुन्छ । इति=यस्तो । उच्यते=भनिन्छ ।

भावार्थ– ज्ञान र विज्ञानबाट तृप्त भएका, विकाररहित, इन्द्रिय जितेका, माटो र सुन बराबर ठान्ने योगीलाई भगवत् प्राप्त भएको भन्न सकिन्छ ।

सुहृन्मित्रार्युदासीनमध्यस्थद्वेष्यबन्धुषु ॥
साधुष्वपि च पापेषु समबुद्धिर्विशिष्यते ॥९॥

शब्दार्थ– सुहृद्=स्वार्थरहित सबैको हित गर्ने । मित्र=मित्र । अरि= वैरी । उदासीन=न मित्र न शत्रु । मध्यस्थ=दुवैतर्फको भलाइ चाहने। अबन्धुषु=अबन्धुगणमा । साधुषु=धर्मात्माहरूमा । च=र । पापेषु= पापीहरूका । अपि=पनि । समबुद्धिः=समान भाव भएको । विशिष्यते =अति श्रेष्ठ छ ।

भावार्थ–सुहृद्, मित्र, वैरी, उदासीन, मध्यस्थ, द्वेषी, अबन्धुगण, धर्मात्मा र पापीहरूमा पनि समान भाव राख्ने नै अत्यन्त श्रेष्ठ छ ।

योगी युञ्जीत सततमात्मानं रहसि स्थितः ॥
एकाकी यतचित्तात्मा निराशीरपरिग्रहः ॥१०॥

शब्दार्थ– यतचित्तात्मा=जसको मन र इन्द्रियहरूसहित शरीर जितिएको छ । निराशीः=वासनारहित । अपरिग्रहः=संग्रहरहित । योगी=योगी । एकाकी=एक्लै नै । रहसि=एकान्तस्थानमा । स्थितः= रहेर । सततम् =निरन्तर । आत्मानम्=आत्माको । युञ्जीत=ध्यानमा लगाओस् ।

भावार्थ– इन्द्रिय र मन जितेका, वासनारहित, संग्रहरहित योगी एक्लै नै एकान्तमा रहेर आत्मामा सधैं चित्त लगाओस् ।

शुचौ देशे प्रतिष्ठाप्य स्थिरमासनमात्मनः ॥
नात्युच्छ्रितं नातिनीचं चैलाजिनकुशोत्तरम् ॥११॥
तत्रैकाग्रं मनः कृत्वा यतचित्तेन्द्रियक्रियः ॥
उपविश्यासने युञ्ज्याद्योगमात्मविशुद्धये ॥१२॥

शब्दार्थ– शुचौ=शुद्ध । देशे=भूइँमा । चैलाजिनकुशोत्तरम्=कुश, मृग-छाला, वस्त्र ओछ्याएर । आत्मनः=आपनो । आसनम्=आसन । न अत्युच्छ्रितम्=न अति अग्लो । न अति नीचं=न अति होचो । स्थिरम्=स्थिर । प्रतिष्ठाप्य=स्थापन गरेर । तत्र=त्यहाँ । आसने=आसन-मा । उपविश्य=बसेर । मनः=मनलाई । एकाग्रम्=एकाग्र । कृत्वा=गरेर । यतचित्तेन्द्रियक्रियः=चित्त र इन्द्रियहरूका क्रियाहरूलाई वशमा गरेको । आत्मविशुद्धये=अन्तष्करणको शुद्धिका लागि । योगम्=योगको । युञ्ज्यात्=अभ्यास गरोस् ।

भावार्थ– ध्यानको लागि पहिले पवित्र ठाउँ खोजेर कुश, मृगचर्म र वस्त्र-लाई एकमाथि अर्को बिछ्याएर आसन तयार गर्ने । आसन धेरै अग्लो पनि नहोस् होचो पनि नहोस्, ठिक्कको होस् । यस प्रकार आसन स्थिर गरेर त्यसमा बसेर मनलाई एकाग्र गर्ने । तत्पश्चात् अन्तःकरण र समस्त इन्द्रियहरूको व्यापारलाई रोकेर आत्मशुद्धिको लागि योगको अभ्यास गर्ने ।

समं कायशिरोग्रीवं धारयन्नचलं स्थिरः ॥
संप्रेक्ष्य नासिकाग्रं स्वं दिशश्चानवलोकयन् ॥१३॥
प्रशान्तात्मा विगतभीर्ब्रह्मचारिव्रते स्थितः ॥
मनः संयम्य मच्चित्तो युक्त आसीत मत्परः ॥१४॥

शब्दार्थ— कायशिरोग्रीवम्=शरीर, शिर र गर्दनलाई । समम्=समान । च=र । अचलम्=अचल । धारयन्=धारण गरेर । स्थिर=दृढ भएर । स्वम्=आफ्नो । नासिकाग्रम्=नाकको अग्रभागलाई ।

संप्रेक्ष्य=हेरेर। दिशाः=अन्य दिशाहरूलाई। अनवलोकयन्=नहेरेर। ब्रम्हचारव्रते=ब्रम्हचर्यको व्रतमा। स्थितः=स्थित रहेर। विगतभीः=भयरहित। (तथा) प्रशान्तात्मा=विशुद्ध अन्तःकरण भएको। युक्तः=सावधान भएर। मनः=मनलाई। संयम्य=वशमा गरेर। मच्चित्तः=ममा चित्त लगाएर। मत्परः=मेरो परायण भएर। आसीत स्थित हुने।

भावार्थ—शरीर, शिर र ग्रीवालाई सम र अचल स्थिर गराउँदै नाकको टुप्पामा नजर दिई कतै पनि नहेरोस्। ब्रम्हचर्यमा रही, भयरहित, शान्त अन्तःकरण गरेर सावधान हुँदै मन वशमा गराई चित्त ममा दिई मेरो परायण भई स्थिर रहोस्।

युञ्जन्नेवं सदात्मानं योगी नियतमानसः ॥
शान्तिं निर्वाणपरमां मत्संस्थामधिगच्छति ॥१५॥

शब्दार्थ— एवम्=यसप्रकार। आत्मानम्=आफूलाई। सदा=सधैं। युञ्जन्=परमेश्वरको स्वरूपमा लगाएर। नियतमानसः=स्वाधीन मन भएका। योगी=योगी। मत्संस्थाम्=ममा स्थित रूप। निर्वाण-परमाम्=परमानन्द पराकाष्ठा रूप। शान्तिम्=शान्ति। अधिगच्छति=प्राप्त हुन्छ।

भावार्थ— यस प्रकार आफ्नो आत्मालाई निरन्तर म परमेश्वरको समाधिमा लगाएर मनलाई संयममा राख्ने ध्यानयोगी मेरो अधीनलाई प्राप्त गर्ने मोक्षको पराकाष्ठा रूपी शान्तिलाई प्राप्त गर्दछ।

नात्यश्नतस्तु योगोस्ति न चैकान्तमनश्नतः ॥
न चाति स्वप्नशीलस्य जाग्रतो नैव चार्जुन ॥१६॥

शब्दार्थ—अर्जुन=हे अर्जुन! योगः=यो योग। न=न। तु=ता अति=धेरै। अश्नतः=खानेलाई। अस्ति=सिद्ध हुन्छ। च=र। न=न। एकान्तम्=बिलकुल। अनश्नतः=नखानेलाई। च=तथा। न=न। अति=अति। स्वप्नशीलस्य=सुताहालाई। च=र। न=

न । जाग्रतः=अत्यन्त जाग्नेलाई अर्थात् बिल्कुलै ननिदाउनेलाई। एव=नै । (सिद्ध हुन्छ)

भावार्थ-- अर्जुन! यो योग न धेरै खन्चुवालाई सिद्ध हुन्छ, न बिल्कुलै नखानेलाई, न ज्यादा सुताहालाई सिद्ध हुन्छ, न त सुत्तै नसुत्नेलाई।

युक्ताहारविहारस्य युक्तचेष्टस्य कर्मसु ॥
युक्तस्वप्नावबोधस्य योगो भवति दुःखहा ॥१७॥

शब्दार्थ-- दुःखहा=दुःखको नाश गर्ने । योगः=योग । युक्ताहार-विहारस्य=यथायोग्य आहार-विहार गर्नेको । कर्मसु=काममा । युक्त-चेष्टस्य=यथायोग्य चेष्टा गर्नेको । (र) युक्तस्वप्नावबोधस्य=यथा-योग्य शयन गर्ने तथा जागा रहनेको (लागि सिद्ध) । भवति=हुन्छ ।

भावार्थ-- जो मान्छे नियमित ढंगबाट आहार-विहार गर्दछ, जो कर्मको पालनमा सचेष्ट रहन्छ र जो सुत्न र नसुत्नमा उचित बर्ताव राख्दछ त्यसको योग कष्टको नाश गर्ने हुन्छ ।

यदा विनियतं चित्तमात्मन्येवावतिष्ठते ॥
निःस्पृहः सर्वकामेभ्यो युक्त इत्युच्यते तदा ॥१८॥

शब्दार्थ-- यदा=जब । विनियतम्=वशमा भएको । चित्तम्=चित्त । आत्मनि=परमात्मामा । एव=नै । अवतिष्ठते=मिल्दछ। तदा=तब । सर्वकामेभ्यो=समस्त कामनाहरूबाट। निःस्पृहः=स्पृहारहित भएको । युक्तः=योगयुक्त। इति=यस्तो । उच्यते=भनिन्छ ।

भावार्थ-- राम्ररी वशमा भएको चित्त जब परमात्मामा मिल्दछ त्यो वेला समस्त कामनाहरूबाट स्पृहारहित भएको व्यक्ति योगयुक्त भनिन्छ ।

यथा दीपो निवातस्थो नेङ्गते सोपमा स्मृता ॥
योगिनो यतचित्तस्य युञ्जतो योगमात्मनः ॥१९॥

शब्दार्थ-- यथा=जसरी । निवातस्य=वायुरहित स्थानमा रहेको । दीपः=बत्ती । न इङ्गते=चलायमान हुँदैन । सा=त्यस्तै । उपमा=

उपमा । आत्मनः=परमात्माको। योगम् युञ्जतः=ध्यानमा लागेको । योगिनः=योगीको। यतचित्तस्य=जितेका चित्तको। स्मृता=संज्ञिरहेको छ ।

भावार्थ-- जसरी हावा नलाग्ने स्थानमा रहेको बत्ती निश्चल रहन्छ, त्यस्तै उपमा परमात्माको ध्यानमा लागेको योगीका वश गरिएको चित्तलाई संज्ञिएको छ ।

यत्रोपरमते चित्तं निरुद्धं योगसेवया ॥
यत्र चैवात्मनात्मानं पश्यन्नात्मनि तुष्यति ॥२०॥

शब्दार्थ-- यत्र=जुन अवस्थामा। योगसेवया=योगको अभ्यासले । निरुद्धम्=निरुद्ध भएको । चित्तम्=चित्त । उपरमते=उपराम हुन जान्छ । च=र । यत्र=जुन बेला । (परमेश्वरको ध्यानले) आत्मना=शुद्ध भएको सूक्ष्म बुद्धिद्वारा । आत्मानम्=आफूलाई । पश्यन्= हेर्दै । आत्मनि=सच्चिदानन्दघन परमात्मामा । एव=नै । तुष्यति=सन्तुष्ट हुन्छ ।

भावार्थ-- जुन अवस्थामा योगसेवाले चित्त रोकिएर व्यक्ति उपराम अर्थात् स्थिर हुन्छ, जुन बेला शुद्ध भएको सूक्ष्म बुद्धिद्वारा परमात्माको अनुभव गर्दछ त्यही बेला त्यो सच्चिदानन्द परमात्मामा सन्तोषी हुन्छ ।

सुखमात्यन्तिकं यत्तद्बुद्धिग्राह्यमतीन्द्रियम् ॥
वेत्ति यत्र न चैवायं स्थितश्चलति तत्त्वतः ॥२१॥

शब्दार्थ-- अतीन्द्रियम्=इन्द्रियदेखि अतीत । बुद्धिग्राह्यम्=केवल शुभ्र भएको सूक्ष्म बुद्धिद्वारा ग्रहण गर्न योग्य। यत्=जो । आत्यन्तिकम्=अनन्त । सुखम्=आनन्द छ । तत्=त्यसलाई । यत्र=जुन बेला । वेत्ति=अनुभव गर्दछ । च=र । यत्र=जुन अवस्थामा । स्थितः=स्थित भएको । अयम्=यो योगी । तत्त्वतः=भगवद् रूपले । न एव चलति=चलायमान हुँदैन ।

भावार्थ-- सांसारिक विषयमा जो सुख छ त्यो सुख होइन, सुखाभास

मात्र हो । अतएव योगी त्यसबाट पृथक् रहन्छ र त्यो अनन्त सुखको अनुभव गर्दछ जो इन्द्रियहरूबाट अगोचर र केवल शुद्ध बुद्धिद्वारा नै अनुभव गर्न योग्य छ, र जहाँ अर्थात् त्यो अत्यन्त सुखमा पुगेपछि त्यो योगी परमात्मरूप परमतत्त्वबाट कहिल्यै विचलित हुँदैन ।

यं लब्ध्वा चापरं लाभं मन्यते नाधिकं ततः ॥
यस्मिन्स्थितो न दुःखेन गुरुणापि विचाल्यते ॥२२॥

शब्दार्थ— यम्=परमेश्वरप्राप्तिरूप लाभलाई । लब्ध्वा=पाएर । ततः=त्यसबाट । अधिकम्=अधिक । अपरम्=अर्को । लाभम्=लाभ । न मन्यते=मानिदैन । च=र । यस्मिन्=भगवत्प्राप्तिरूप जुन अवस्थामा । स्थितः=स्थित भएको योगी । गुरुणा=धेरै ठूलो । दुःखेन=दुःखले । अपि=पनि । न विचाल्यते=चलायमान हुँदैन ।

भावार्थ— योगी आत्मप्राप्तिरूप लाभ प्राप्त भएर त्यसभन्दा बढी कुनै अर्को लाभ हुन सक्छ भन्ने कुरा मान्न सकिन्न । प्रभुको स्वरूपमा स्थित भएर रहँदा जतिसुकै ठूलो दुःख परे पनि त्यसबाट चलायमान हुँदैन ।

तं विद्याद् दुःखसंयोगवियोगं योगसंज्ञितम् ॥
स निश्चयेन योक्तव्यो योगोऽनिर्विण्णचेतसा ॥२३॥

शब्दार्थ — दुःखसंयोगवियोगम्=दुःखरूप संसारको संयोगले रहित छ । योगसंज्ञितम्=जसको नाम योग छ । तम्=त्यसलाई । विद्यात्=जान्नुपर्छ । स=त्यो । योगः=योग । अनिर्विण्णचेतसा=तत्पर चित्तले । निश्चयेन=निश्चयपूर्वक । योक्तव्यम्=गर्नु कर्त्तव्य हो ।

भावार्थ— सब दुःखबाट छुटाइदिनेको नाम योग हो । त्यो योगको निश्चित रूपले अभ्यास गर्नु परम कर्त्तव्य हो । त्यो योगाभ्यास गर्दाखेरि चित्तलाई स्थिर राख्नु परम आवश्यक छ ।

संकल्पप्रभवाःकामांस्त्यक्त्वा सर्वानशेषतः ॥
मनसंवेन्द्रियग्रामं विनियम्य समन्ततः ॥२४॥

शब्दार्थ— संकल्पप्रभवान्=संकल्पद्वारा उत्पन्न हुने । सर्वान्=सम्पूर्ण । कामान्=कामनाहरूलाई । अशेषत:=वासना र आसक्तिरहित । त्यक्त्वा=छोडेर । मनसा=मनद्वारा । इन्द्रियग्रामम्=इन्द्रियहरूको समुदायलाई । समन्तत:=सबतिरबाट । एव=नै । विनियम्य=राम्ररी वशमा गरेर ।

शनैः शनैरुपरमेद् बुद्ध्या धृतिगृहीतया ॥
आत्मसंस्थं मनः कृत्वा न किञ्चिदपि चिन्तयेत् ॥२५॥

शब्दार्थ— शनैः शनैः=क्रमैले (अभ्यास गर्दा-गर्दा) । उपरमेत्=उपरमता प्राप्त होओस् । धृतिगृहीतया=धैर्ययुक्त । बुद्ध्या=बुद्धिद्वारा । मनः=मनलाई । आत्मसंस्थम्=परमात्मामास्थित । कृत्वा=गरेर (परमात्मा सिवाय अरू) । किञ्चित्=केही । अपि=पनि । न चिन्तयेत्=चिन्तन नगरोस् ।

भावार्थ— संकल्पद्वारा पैदा हुने समस्त इच्छाहरूलाई विलकुल छोडेर सबै इन्द्रियहरूलाई चारैतर्फबाट मनद्वारा राम्ररी नियन्त्रित गरेर धैर्यसाथ ग्रहण गरिएको बुद्धिले बिस्तारै-बिस्तारै भगवान्मा उपराम प्राप्त होओस् । मनलाई परमेश्वरमा लगाएर त्यसको अतिरिक्त अरू कुनै पनि विषयको विचार पनि नगरोस् (२४ र २५) ।

यतो यतो निश्चरति मनश्चञ्चलमस्थिरम् ॥
ततस्ततो नियम्यैतदात्मन्येव वशं नयेत् ॥२६॥

शब्दार्थ— एतत्=यो । अस्थिरम्=अस्थिर । चञ्चलम्=चञ्चल । मनः=मन । यतः यतः=जुन-जुन कारणले । निश्चरति=सांसारिक पदार्थमा विचर्दछ । ततः ततः=त्यस-त्यसबाट । नियम्य=रोकेर । आत्मनि=परमात्मामा । एव=नै । वशम्=निरोध । नयेत्=गरोस् ।
भावार्थ— यो अस्थिर र चञ्चल मन जुन-जुन कारणले पदार्थमा दौडन्छ, त्यस-त्यसबाट रोकेर परमात्मामा लगाओस् ।

प्रशान्तमनसं ह्येनं योगिनं सुखमुत्तमम् ॥
उपैति शान्तरजसं ब्रह्मभूतमकल्मषम् ॥२७॥

शब्दार्थ— हि=किनकि । प्रशान्तमनसम्=जसको मन बिलकुल शान्त छ । अकल्मषम्=जो पापबाट रहित छ । शान्तरजसम्=रजोगुण शान्त भएकाको । एनम्=यो । भूतम्=सच्चिदानन्द ब्रह्मका साथ एकीभाव भएका । योगिनम्=योगीलाई । उत्तमम्=अति उत्तम । सुखम्=आनन्द । उपैति=प्राप्त हुन्छ ।

भावार्थ— जसको मन बिलकुल शान्त भएको छ अर्थात् परमात्मामा स्थिर भएको छ, कुनै किसिमको पाप कर्मसँग सम्बन्ध रहेको छैन, परब्रह्म परमात्माको साथ ऐक्यभाव भएको छ र मोह आदि रजोगुणले उत्पन्न हुने क्लेश नष्ट भएको छ, यस्ता योगीलाई सुख प्राप्त हुन्छ ।

युञ्जन्नेवं सदात्मानं योगी विगतकल्मषः ॥
सुखेन ब्रह्मसंस्पर्शमत्यन्तं सुखमश्नुते ॥२८॥

शब्दार्थ— विगतकल्मषः=पापरहित । योगी=योगी । एवम्=यस प्रकार । सदा=निरन्तर । आत्मानम्=आत्मालाई । युञ्जन्=परमात्मामा लगाउँदै । सुखेन=सुखपूर्वक । ब्रह्मसंस्पर्शम्=परब्रह्म परमात्मा-प्राप्तिरूप । अत्यन्तम्=अनन्त । सुखम्=आनन्द । अश्नुते=अनुभव गर्दछ ।

भावार्थ— उपर्युक्त रीतिले मनलाई चारैतिरबाट रोकेर केवल परमात्माको वशमा राखेर सब तरहले शान्त रहने योगी आफ्नो पूर्वकृत पापाचार आदि दोषहरूबाट पूर्णरूपले मुक्त भएर आत्मालाई निरन्तर परमात्माको समाधिमा लगाउँदै अनायास नै प्रभुको प्रत्यक्ष ज्ञानको प्राप्तिरूप सुखको भोग गर्दछ ।

सर्वभूतस्थमात्मानं सर्वभूतानि चात्मनि ॥
ईक्षते योगयुक्तात्मा सर्वत्र समदर्शनः ॥२९॥

शब्दार्थ— योगयुक्तात्मा=सर्वव्यापी अनन्त चेतनमा एकीभाववा स्थितिरूप योगले युक्त भएका आत्मावाला। सर्वत्र=सबमा। समदर्शन =समभावले देख्ने योगी। आत्मानम्=आत्मालाई। सर्वभूतस्थम्= सम्पूर्ण भूतमा व्यापक (देख्दछ)। च=र। सर्वभूतानि=सम्पूर्ण प्राणी हरूलाई। आत्मनि=आत्मामा। ईक्षते=देख्दछ।

भावार्थ— एकीभाव प्राप्त भएका समस्तमा समदर्शन गर्न सक्ने यो आत्मालाई सबै प्राणीमा र सबै प्राणीलाई आत्मामा देख्दछ।

यो मां पश्यति सर्वत्र सर्वं च मयि पश्यति ॥
तस्याहं न प्रणश्यामि स च मे न प्रणश्यति ॥३०॥

शब्दार्थ— यः=जो। सर्वत्र=सम्पूर्ण भूतहरूमा। माम्=मलाई पश्यति=देख्दछ। तस्य=त्यसको (लागि)। अहम्=म। न प्रणश्यामि =अदृश्य हुन्नँ। च=र। सः=त्यो। मे=मेरो (लागि)। न प्रण श्यति=अदृश्य हुँदैन (किनकि ऊ ममा एकीभाव स्थित छ)।

भावार्थ— जो सम्पूर्ण प्राणीमा म वासुदेवलाई र समस्त प्राणीला मेरो अन्तर्गत देख्दछ त्यसका निम्ति म सर्वत्र देखिन्छु, मेरा निम्ति त्य अदृश्य छैन।

सर्वभूतस्थितं यो मां भजत्येकत्वमास्थितः ॥
सर्वथा वर्तमानोऽपि स योगी मयि वर्तते ॥३१॥

शब्दार्थ— यः=जो। एकत्वम्=एकीभावले। आस्थितः=स्थित भएको सर्वभूतस्थितम्=सम्पूर्ण भूतहरूमा आत्मस्वरूपले स्थित। माम्=मला (सच्चिदानन्दघन वासुदेवलाई)। भजति=भज्दछ। सः=त्यो। योगी= योगी। सर्वथा=सब प्रकारले। वर्तमान=बर्तदै। अपि=पनि। मयि =ममा नै। वर्तते=बर्तन्छ।

भावार्थ— जो एकीभावमा स्थित सम्पूर्ण प्राणीमा आत्मरूपले विराज मान हुने म वासुदेवलाई भज्दछ त्यो योगी कुनै प्रकारबाट बर्तोस् त ममै रहेको हुन्छ।

आत्मौपम्येन सर्वत्र समं पश्यति योऽर्जुन ॥
सुखं वा यदि वा दुःखं स योगी परमो मतः ॥३२॥

शब्दार्थ— अर्जुन=हे अर्जुन ! यः=जो योगी । आत्मौपम्येन=आफ्नो उपमाले । सर्वत्र=सम्पूर्ण भूतहरूमा । समम्=सम । पश्यति=देख्दछ । वा=अथवा । सुखम्=सुख । यदि वा=अथवा । दुःखम्=दुःखलाई (पनि सबमा सम देख्दछ) । सः=त्यो । योगी=योगी । परमः=परम श्रेष्ठ । मतः=मानिएको छ ।

भावार्थ— अर्जुन ! जो योगी समस्त प्राणीमा आफूजस्तै सम देख्दै सुखमा सुखी र दुःखमा दुःखी हुन्छ, त्यो परम श्रेष्ठ मानिन्छ ।

अर्जुन उवाच=अर्जुन भन्दछन् ।
योऽयं योगस्त्वया प्रोक्तः साम्येन मधुसूदन ॥
एतस्याहं न पश्यामि चञ्चलत्वात्स्थितिं स्थिराम् ॥३३॥

शब्दार्थ— मधुसूदन=हे कृष्ण ! यः=जो । अयम्=यो । योगः=ध्यान-योग । त्वया=हजूरले । साम्येन=समत्वभावले । प्रोक्तः=भन्नुभयो । एतस्य=यसको । अहम्=म । चञ्चलत्वात्=मन चंचल हुनाले । स्थिराम्=धेरै समयसम्म टिक्ने । स्थितिम्=स्थितिलाई । न पश्यामि=देख्दिनं ।

भावार्थ— हे कृष्ण ! आफ्नो समत्व स्वभाव भएको बुद्धिले जो यो उपदेश मलाई दिनुभयो, त्यसको उपयुक्त स्थिति भएको म आफूलाई देख्दिनं । मनको चंचलताले बारम्बार बाधा पार्दै मलाई यो योगको निश्चित स्थिति देखन दिँदैन ।

चञ्चलं हि मनः कृष्ण प्रमाथि बलवद्दृढम् ॥
तस्याहं निग्रहं मन्ये वायोरिव सुदुष्करम् ॥३४॥

शब्दार्थ— हि=किनकि । कृष्ण=हे कृष्ण ! मनः=यो मन । चञ्चलम्=ज्यादै चंचल । प्रमाथि=हठिलो । दृढम्=अति दृढ ।

बलवत् = बलवान् छ । अतः=यसैले । तस्य=त्यसको । निग्रहम्=
वशमा गर्नु । अहम्=म । वायोः इव=हावा जस्तै । सुदुष्करम्=
कठिन । मन्ये=मान्दछु ।

भावार्थ— हे कृष्ण ! मन ज्यादै चंचल छ । वायुलाई वशमा ल्याउ
जति कठिन छ मनलाई पनि त्यत्तिकै छ ।

श्रीभगवानुवाच=श्रीभगवान् आज्ञा हुन्छ ।

असंशयं महाबाहो मनो दुर्निग्रहं चलम ॥
अभ्यासेन तु कौन्तेय वैराग्येण च गृह्यते ॥३५॥

शब्दार्थ— महाबाहो=हे अर्जुन ! असंशयम्=निःसन्देह । मनः=मन
चलम्=चञ्चल । दुर्निग्रहम्=कठिनताले वशमा हुनेछ । तु=तर
कौन्तेय=हे अर्जुन ! अभ्यासेन=अभ्यासले । च=र । वैराग्येण=
वैराग्यले । गृह्यते=वशमा हुन्छ ।

भावार्थ— निश्चय नै चंचल स्वभाव हुनाको कारण मनलाई वशमा ग
बहुतै कठिन छ । तथापि अभ्यासले र वैराग्यले वशमा गर्न सकिन्छ ।

असंयतात्मना योगो दुष्प्राप इति मे मतिः ॥
वश्यात्मना तु यतता शक्योऽवाप्तुमुपायतः ॥३६॥

शब्दार्थ— असंयतात्मना=मनलाई वशमा नगर्ने मान्छेद्वारा । योगः=
योग । दुष्प्रापः=प्राप्त हुन कठिन छ । तु=र । वश्यात्मना=स्वाधी
मन भएका । यतता=प्रयत्नशील मान्छेद्वारा । उपायतः=साध
गर्नाले । अवाप्तुम्=प्राप्त हुनु । शक्य =सहज छ । इति=यस्तो
मे=मेरो । मतिः=विचार छ ।

भावार्थ— मनलाई वशमा नल्याउनेलाई योग दुष्प्राप्य छ । मनल
वश गर्न सक्ने प्रयत्नशील साधकको लागि त योग अवश्य प्राप्त छ भ
मेरो मत छ ।

अर्जुन उवाच=अर्जुन भन्दछन् ।

अयतिः श्रद्धयोपेतो योगाच्चलितमानसः ॥
अप्राप्य योगसंसिद्धिं कां गतिं कृष्ण गच्छति ॥३७॥

शब्दार्थ— कृष्ण=हे कृष्ण ! योगात्=योगबाट । चलितमानसः=चलायमान मन भएको छ जसको यस्तो । अयतिः=शिथिल यत्नवाला । श्रद्धया उपेतः=श्रद्धायुक्त व्यक्ति । योगसंसिद्धिम्=योगको सिद्धिलाई । अप्राप्य=प्राप्त नभएर । काम्=कुन । गतिम्=गतिमा । गच्छति=प्राप्त हुन्छन् ।

भावार्थ— हे कृष्ण ! योगबाट विचलित मन भएका, शिथिल यत्नवाला, श्रद्धालुहरू योगसिद्धि अर्थात् प्रभुको साक्षात्कार पाउन नसकेमा कुन गति प्राप्त गर्दछन् ?

कच्चिन्नोभयविभ्रष्टश्छिन्नाभ्रमिव नश्यति ॥
अप्रतिष्ठो महाबाहो विमूढो ब्रह्मणः पथि ॥३८॥

शब्दार्थ-- महावाहो=हे महाबाहो ! कच्चित्=के । ब्रह्मणः=भगवद् प्राप्तिको । पथि=मार्गमा । विमूढः=मोहित भएको । अप्रतिष्ठः=आश्रयरहित व्यक्ति । छिन्नाभ्रम् इव=छिन्नभिन्न भएको वादल झैं । उभयविभ्रष्ट=दुवैतिरबाट अर्थात् भगवद् प्राप्ति र सांसारिक भोगबाट भ्रष्ट भएको । न नश्यति=नष्ट त हुँदैन ।

भावार्थ—हे प्रभो ! भगवद् प्राप्तिको मार्गमा मोह भएको आश्रयरहित व्यक्ति छिन्नभिन्न बादल जस्तै दुवैतर्फबाट भ्रष्ट त हुँदैन ?

एतन्मे संशयं कृष्ण छेत्तुमर्हस्यशेषतः ॥
त्वदन्यः संशयस्यास्य छेत्ता नह्युपपद्यते ॥३९॥

शब्दार्थ-- कृष्ण=हे कृष्ण ! मे=मेरो । एतत्=यो । संशयम्=संशयलाई । अशेषतः=पूर्णरूपले । छेत्तुम्=छेदन गर्न । अर्हसि=योग्य हुनुहुन्छ । हि=किनकि । त्वदन्य=हजूरबाहेक अर्को । अस्य=यो ।

संशयस्य =संशयको । छेत्ता=छेदन गर्नेवाला । न उपपद्यते=पाउन संभव छैन ।

भावार्थ— हे कृष्ण ! यो मेरो संशयलाई राम्रै गरी छेदन गर्न हजूर एक मात्र योग्य हुनुहुन्छ। किनभने हजूरसिवाय अरू कसैले पनि यो संशय समाधान गर्न सक्दैन ।

श्रीभगवानुवाच=श्रीभगवान् भन्नुहुन्छ ।
पार्थ नैवेह नामुत्र विनाशस्तस्य विद्यते ॥
न हि कल्याणकृत्कश्चिद्दुर्गतिं तात गच्छति ॥४०॥

शब्दार्थ— पार्थ=हे अर्जुन ! तस्य=त्यो व्यक्तिको। न=न त। इह=यस लोकमा। न=न। अमुत्र=परलोकमा। एव=नै। विनाशः=नाश। विद्यते=हुन्छ। (किनकि) तात=हे प्यारा ! कश्चिद्=कोही पनि। कल्याणकृत्=शुभ कर्म गर्ने। दुर्गतिम्=दुर्गतिमा। न गच्छति=जाँदैन।

भावार्थ— हे पार्थ ! त्यो योगभ्रष्ट व्यक्ति यो लोकमा या परलोकमा कहीं होस् नाश हुँदैन । पहिलेको अपेक्षा हीनजन्म प्राप्तिको नाम नाश हो। यस्तो अवस्था योगभ्रष्टको हुँदैन, किनकि हे प्यारा अर्जुन! शुभ कर्म गर्ने कोही पनि दुर्गतिमा पुग्दैन ।

प्राप्य पुण्यकृतां लोकानुषित्वा शाश्वतीः समाः ॥
शुचीनां श्रीमतां गेहे योगभ्रष्टोऽभिजायते ॥४१॥

शब्दार्थ— योगभ्रष्टः=योगभ्रष्ट मान्छे । पुण्यकृताम्=पुण्यवान्को। लोकान्=स्वर्गादि उत्तम लोक। प्राप्य=पाएर। शाश्वतीः=धेरै। समाः=वर्षौंतक । उषित्वा=वास गरेर । शुचीनाम्=शुद्ध आचरण भएका। श्रीमताम्=ठूला र भाग्यशाली मान्छेको । गेहे=घरमा। अभिजायते=जन्म लिन्छन् ।

भावार्थ— योगमार्गमा लागेको योगभ्रष्ट संन्यासी पुण्य कर्म गर्नेहरूको लोकमा गएर धेरै समयसम्म बसेर भोगको क्षय भएपछि शास्त्रोक्त कर्म गर्ने शुद्ध घरानियाँको घरमा जन्म लिन्छन् ।

अथवा योगिनामेव कुले भवति धीमताम् ॥
एतद्धि दुर्लभतरं लोके जन्म यदीदृशम् ॥४२॥

शब्दार्थ— अथवा=या । धीमताम्=ज्ञानवान् । योगीनाम्=योगीहरूको । एव=नै । कुले=कुलमा । भवति=जन्म लिन्छन् । ईदृशम्=यसप्रकार । यत्=जो । एतत्=यो । जन्म=जन्म । लोके=संसारमा । हि=निःसन्देह । दुर्लभतरम्=बहुतै दुर्लभ छ ।

भावार्थ— अथवा वैरागी भए त्यतातिर नगई ज्ञानीको कुलमा जन्म लिनेछन् । यस्तो जन्म संसारमा साँच्ची नै अति दुर्लभ मानिन्छ ।

तत्र तं बुद्धिसंयोगं लभते पौर्वदेहिकम् ॥
यतते च ततो भूयः संसिद्धौ कुरुनन्दन ॥४३॥

शब्दार्थ— तत्र=त्यहाँ । तम्=त्यो । पौर्वदेहिकम्=पहिलेको शरीरमा साधना गरेको । बुद्धिसंयोगम्=समत्व बुद्धिको संस्कारलाई (अनायासै) । लभते=पाउँछ । च=र । कुरुनन्दन=हे कुरुनन्दन ! ततः=त्यसको प्रभावले । भूयः=फेरि । संसिद्धौ=भगवद्प्राप्तिको निमित्त । यतते=यत्न गर्दछ ।

भावार्थ— त्यहाँ पनि पहिलेको शरीरमा साधना गरिएको महत्त्व बुद्धियोगको संस्कार अनायास प्राप्त हुन्छ र त्यसको प्रभावले फेरि भगवद्-प्राप्तिरूप सिद्धिलाई यत्न गर्दछ ।

पूर्वाभ्यासेन तेनैव ह्रियते ह्यवशोऽपि सः ॥
जिज्ञासुरपि योगस्य शब्दब्रह्मातिवर्तते ॥४४॥

शब्दार्थ— सः=त्यो । अवशः=विषयहरूको वशमा भएको । अपि=पनि । तेन=त्यो । पूर्वाभ्यासेन=पहिलेको अभ्यासले । एव=नै । हि=निःसन्देह । ह्रियते=भगवान्प्रति आकर्षित हुन्छ । योगस्य=समत्व बुद्धिरूप योगको । जिज्ञासुः=जिज्ञासु । अपि=पनि । शब्दब्रह्म=वेदमा मानिएको सकाम कर्मको फललाई । अतिवर्तते=उल्लंघन गरेर जान्छ ।

भावार्थ— योगसिद्धिको किञ्चित् प्रयत्न गर्ने योगभ्रष्ट आफ्नो पहिले-देखिको अभ्यासले परमात्माप्रति आकृष्ट हुन्छ र योग जान्न मात्र इच्छा गर्ने इच्छुक पनि शब्दब्रह्म अर्थात् वेदोक्त कर्मको फलभन्दा बढी फल प्राप्त गर्दछ ।

प्रयत्नाद्यतमानस्तु योगी संशुद्धकिल्बिषः ।।
अनेक जन्मसंसिद्धस्ततो याति परां गतिम् ।।४५।।

शब्दार्थ— अनेकजन्मसंसिद्धः=अनेक जन्मदेखि अन्तष्करणको शुद्धिरूप सिद्धि प्राप्त भएका । तु=र । प्रयत्नात्=प्रयत्नबाट । यतमानः= अभ्यास गर्ने । योगी=योगी । संशुद्धकिल्बिषः=सम्पूर्ण पापबाट राम्ररी शुद्ध भएर । ततः=त्यो साधनाको प्रभावले । पराम्=परम । गतिम्= गतिमा । याति=प्राप्त हुन्छन् ।

भावार्थ— अनेक जन्ममा उपार्जित पुण्य संचयले जसको सारा पाप पखालिएका छन्, यसमा शुद्ध भएर जन्मिएका र प्रयत्नपूर्वक साधन गर्ने योगी पूर्वजन्मका योगबाट विचलित भएर पनि यो जन्ममा परम गति प्राप्त हुन्छन् ।

तपस्विभ्योऽधिको योगी ज्ञानिभ्योऽपि मतोऽधिकः ।।
कर्मिभ्यश्चाधिको योगी तस्माद्योगी भवार्जुन ।।४६।।

शब्दार्थ— योगी=योगी । तपस्विभ्यः=तपस्वीहरूभन्दा । अधिकः= श्रेष्ठ छ । च=र । ज्ञानिभ्यः=ज्ञानीहरूभन्दा । अपि=पनि । अधिकः=श्रेष्ठ । मतः=मानिएको छ । कर्मिभ्यः=सकाम कर्म गर्नेहरू-मध्ये (पनि) । योगी=योगी । अधिकः=श्रेष्ठ छ । तस्मात्=त्यस-कारण । अर्जुन=हे अर्जुन ! योगी=योगी । भव=होऊ ।

भावर्थ— योगी तपस्वीहरूभन्दा श्रेष्ठ छ, ज्ञानीहरूभन्दा पनि श्रेष्ठ मानिन्छ र सकाम कर्म गर्नेहरूभन्दा पनि योगी श्रेष्ठ छ । अतः हे अर्जुन ! तिमी योगी बन ।

योगिनामपि सर्वेषां मद्गतेनान्तरात्मना ॥
श्रद्धावान्भजते यो मां स मे युक्ततमो मतः ॥४७॥

शब्दार्थ— सर्वेषान् =सम्पूर्ण । योगिनाम् =योगीहरूमा । अपि =पनि । यः =जो । श्रद्धावान् =श्रद्धावान् योगी । मद्गतेन =ममा लागेको । अन्तरात्मना =अन्तरात्माले । माम् =मलाई । भजते =निरन्तर भज्दछ । सः =त्यो योगी । मे =मेरो लागि । युक्ततमः =परम श्रेष्ठ । मतः = मान्य छ ।

भावार्थ— समस्त योगीहरूमा पनि जो श्रद्धावान् छ, ममा लागेको छ जसले अन्तरात्माले मेरो भजन-कीर्तन गर्दछ त्यो नै मेरो विचारमा परम श्रेष्ठ र मान्य पनि छ ।

ॐ तत्सदिति श्रीमद्भग वद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे
श्रीकृष्णार्जुनसंवादे आत्मसंयमयोगो नाम
षष्ठोऽध्यायः ॥६॥

श्रीमद्भगवद्गीताको आत्मसंयमयोग नामक
छैटौं अध्याय समाप्त भयो ।

अथ सप्तमोऽध्याय

(अब सातौं अध्याय)

श्रीभगवानुवाच=श्रीभगवान् आज्ञा हुन्छ ।

मय्यासक्तमना: पार्थ योगं युञ्जन्मदाश्रय: ॥
असंशयं समग्रं मां यथा ज्ञास्यसि तच्छृणु ॥१॥

शब्दार्थ- पार्थ=हे अर्जुन ! मयि=ममा । आसक्तमना:=अनन्य प्रेमले आसक्त मन भएको । मदाश्रय:=मेरो परायण । योगम्=योगमा । युञ्जन्=लागेको । माम्=मलाई । समग्रम्=सम्पूर्ण विभूति, बल, ऐश्वर्यादि गुणहरूले युक्त सबको आत्मस्वरूप । यथा=जसरी । असंशयम्=संशयरहित । ज्ञास्यसि=जान्नेछौ । तत्=त्यसलाई । शृणु=सुन ।

भावार्थ- हे अर्जुन ! ममा आसक्त हुँदै मेरै आश्रयमा रही योगमा लागिपरे मेरो समग्र रूप जसरी संशयरहित जानौला, त्यो सुन ।

ज्ञानं तेऽहं सविज्ञानमिदं वक्ष्याम्यशेषत: ॥
यज्ज्ञात्वा नेह भूयोऽन्यज्ज्ञातव्यमवशिष्यते ॥२॥

शब्दार्थ- सविज्ञानम्=विज्ञानसहित अर्थात् स्वानुभवयुक्त । इदम्=यो । ज्ञानम्=ज्ञान । ते=तिमीलाई । अहम्=म । अशेषत:=पूर्णरूपले । वक्ष्यामि=बताउनेछु । यत्=जो । ज्ञात्वा=जानेर । इह=यो लोकमा । भूय:=फेरि । अन्यत्=अरू केही । ज्ञातव्यं=जान्ने योग्य । न अवशिष्यते =बाँकी रहँदैन ।

भावार्थ- तिमीलाई विज्ञानसहितको ज्ञान पूर्ण रूपले भनुँला । यसलाई

जानेपछि यो लोकमा फेरि अरू केही जान्न बाँकी रहँदैन ।

मनुष्याणां सहस्रेषु कश्चिद्यतति सिद्धये ।।

यततामपि सिद्धानां कश्चिन्मां वेत्ति तत्त्वतः ।।३।।

शब्दार्थ- सहस्रेषु=हजारौं । मनुष्याणाम्=मनुष्यहरूमा । कश्चित्= कोही । सिद्धये=सिद्धिको लागि । यतति=यत्न गर्दछन् । यतताम्= ती यत्नगर्नेहरूमध्येका । सिद्धानाम् =योगीहरूमा । अपि =पनि । कश्चित्= कोही । तत्त्वतः=वास्तविक रूपमा । माम्=मलाई । वेत्ति=जान्दछन् ।

भावार्थ- हजारौं व्यक्तिमा कोही एकाध व्यक्ति नै यस्ता हुन्छन् जसको यी कुराहरूमा रुचि हुन्छ र यस प्रकारको रुचि राख्ने अनेकौं व्यक्ति-मध्ये सच्चा ज्ञानी मान्छे त बिरलै हुन्छन् ।

भूमिरापोऽनलो वायुः खं मनो बुद्धिरेव च ।।

अहंकार इतीयं मे भिन्ना प्रकृतिरष्टधा ।।४।।

शब्दार्थ- भूमिः=पृथ्वी । आपः=जल । अनलः=अग्नि । वायुः=हावा । खम्=आकाश । मनः=मन । बुद्धिः=बुद्धि । च=र । अहंकारः= अहंकार । एव=नै । इति=यस्तो । इयम्=यो । अष्टधा=आठ प्रकार-को । भिन्ना=बेग्ला-बेग्लै । मे=मेरा । प्रकृतिः=प्रकृति छन् ।

भावार्थ- मलाई जान्नको लागि तिमीलाई सर्वप्रथम मेरो प्रकृति अर्थात् मायालाई जान्नु जरुरी छ । यो वास्तवमा एकै भए पनि आठ भागमा बाँडिएको छ- पृथ्वी, जल, अग्नि, वायु, आकाश, मन, बुद्धि र अहंकार ।

अपरेयमितस्त्वन्यां प्रकृतिं विद्धि मे पराम् ।।

जीवभूतां महाबाहो ययेदं धार्यते जगत् ।।५।।

शब्दार्थ- इयम्=यो । तु=ता । अपरा=अपरा हुन् अर्थात् मेरा जड प्रकृति हुन् । महाबाहो=हे अर्जुन ! इतः=यसदेखि । अन्याम्=अरू । मे=मेरा । जीवभूताम्=प्राणीरूप । पराम्=चेतन । प्रकृतिम्=प्रकृति । विद्धि=जान । यया=जसद्वारा । इदम्=यो । जगत्=जगत् । धार्यते=धारण गरिन्छ ।

भावार्थ– यो मेरो अपरा प्रकृति हो। यसभन्दा अरू जीवात्मालाई तिमी मेरो परा प्रकृति जान जसद्वारा यो जगत धारण गरिन्छ।

एतद्योनीनि भूतानि सर्वाणीत्युपधारय ॥
अहं कृत्स्नस्य जगतः प्रभवः प्रलयस्तथा ॥६॥

शब्दार्थ– इति=यस्तो। उपधारय=संझ। सर्वाणि=सबै। भूतानि=भूतहरू। एतद्योनीनि=यी दुई प्रकृतिबाट नै उत्पत्ति हुने हुन्। अहम्=म। कृत्स्नस्य=सबै। जगतः=जगत्को। प्रभवः=उत्पत्ति। तथा=र। प्रलयः=प्रलय रूप हुँ अर्थात् सम्पूर्ण जगत्को मूल कारण हुँ।

भावार्थ– यस्तो जान कि सम्पूर्ण प्राणी यिनै दुई प्रकृतिबाट नै जन्मेका हुन्। म सम्पूर्ण जगत्को उत्पत्ति र प्रलय रूप हुँ।

मत्तः परतरं नान्यत्किंचिदस्ति धनंजय ॥
मयि सर्वमिदं प्रोतं सूत्रे मणिगणा इव ॥७॥

शब्दार्थ– धनंजय=हे अर्जुन ! मत्तः=मबाट। परतरम्=सिवाय। किंचित्=केही। अन्यत्=अरू। नास्ति=छैन। इदम्=यो। सर्वम्=सम्पूर्ण। सूत्रे=सूत्रमा। मणिगणा इव=मणि समूहझैं। मयि=ममा। प्रोतम्=गुँथिएको छ।

भावार्थ– अर्जुन ! मभन्दा अर्को कोही पनि दोस्रो वस्तु छैन। यो समस्त जगत् धागोमा मणि झैं ममा उनिएको छ।

रसोऽहमप्सु कौन्तेय प्रभाऽस्मि शशिसूर्ययोः ॥
प्रणवः सर्ववेदेषु शब्द खे पौरुषं नृषु ॥८॥

शब्दार्थ— कौन्तेय=हे अर्जुन ! अप्सु=जलमा। अहम्=म। रसः=रस हुँ। शशिसूर्ययोः=चन्द्र र सूर्यमा। प्रभा=प्रकाश। अस्मि=हुँ। सर्ववेदेषु=सम्पूर्ण वेदहरूमा। प्रणवः=ओंकार हुँ। खे=आकाशमा। शब्दः=शब्द। नृषु=मान्छेहरूमा। पौरुषम्=पुरुषत्व हुँ।

भावार्थ— हे कौन्तेय ! जलमा रस, चन्द्रसूर्यमा प्रभा, सम्पूर्ण वेदमा

प्रणव, आकाशमा शब्द र मान्छेहरूमा पौरुष मैं हुँ ।

पुण्यो गन्धः पृथिव्यां च तेजश्चास्मि विभावसौ ॥

जीवनं सर्वभूतेषु तपश्चास्मि तपस्विषु ॥९॥

शब्दार्थ— पृथिव्याम्=पृथिवीमा । पुण्यः=पवित्र । गन्धः=गन्ध । च=र । विभावसौ=अग्निमा । तेजः=तेज । अस्मि=हुँ । च=र । सर्वभूतेषु=सम्पूर्ण प्राणीहरूमा । जीवनम्=जीवन हुँ । च=र । तपस्विषु=तपस्वीहरूमा । तपः=तप । अस्मि=हुँ ।

भावार्थ— म पृथ्वीमा पवित्र गन्ध हुँ, अग्निमा तेज हुँ, समस्त प्राणीमा उनको जीवन हुँ र तपस्वीहरूमा तपस्या हुँ ।

बीजं मां सर्वभूतानां विद्धि पार्थ सनातनम् ॥

बुद्धिर्बुद्धिमतामस्मि तेजस्तेजस्विनामहम् ॥१०॥

शब्दार्थ— पार्थ=हे पार्थ ! सर्वभूतानाम्=सम्पूर्ण प्राणीहरूमा । सनातनम्=सनातन । बीजम्=कारण । माम्=मलाई नै । विद्धि=जान । अहम्=म । बुद्धिमताम्=बुद्धिमान् व्यक्तिहरूको । बुद्धिः=बुद्धि । तेजस्विनाम्=तेजस्वीहरूको । तेजः=तेज । अस्मि=हुँ ।

भावार्थ— हे अर्जुन ! सम्पूर्ण प्राणीहरूको सनातन कारण मलाई नै जान । म बुद्धिमान्‌हरूको बुद्धि र तेजस्वीहरूको तेज हुँ ।

बलं बलवतां चाहं कामरागविवर्जितम् ॥

धर्माविरुद्धो भूतेषु कामोऽस्मि भरतर्षभ ॥११॥

शब्दार्थ— भरतर्षभ=हे भरतश्रेष्ठ ! अहम्=म । बलवताम्=बलवान्‌हरूको । कामरागविवर्जितम्=आसक्ति र कामनाहरूले रहित । बलम्=सामर्थ्य हुँ । च=र । भूतेषु=सब जीवहरूमा । धर्म अविरुद्ध=धर्मानुकूल । कामः=काम । अस्मि=हुँ ।

भावार्थ- भरतश्रेष्ठ ! बलवान्‌हरूको आसक्ति र कामनारहित सामर्थ्य हुँ, समस्त प्राणीमा धर्मानुकूल काम हुँ ।

ये चैव सात्त्विका भावा राजसास्तामसाश्च ये ।।
मत्त एवेति तान्विद्धि न त्वहं तेषु ते मयि ।।१२।।

शब्दार्थ— च=र। एव=नै। ये=जो। सात्त्विकाः=सत्त्वगुणले उत्पन्न हुने। भावाः=भाव छन्। च=र। ये=जो। राजसाः=रजोगुणले। तामसाः=तमोगुणले हुने भाव छन्। तान्=ती सबलाई। मत्तः एव=मबाट नै हुनेवाला हुन्। इति=यस्तो। विद्धि=जान। तु=परन्तु। तेषु=तिनमा। अहम्=म। न=छैनँ। ते=ती। मयि=ममा छन्।

भावार्थ– अरू पनि जो सत्त्व, रज र तमोगुणबाट उत्पन्न हुने भाव छन् ती सबलाई मबाटै हुने जान। परन्तु तिनमा म छैनँ ममा ती छन्।

त्रिभिर्गुणमयैर्भावैरेभिः सर्वमिदं जगत् ।।
मोहितं नाभिजानाति मामेभ्यः परमव्ययम् ।।१३।।

शब्दार्थ– गुणमयैः=गुणहरूको कार्यरूप। एभिः=यी। त्रिभिः=तीन प्रकारका (सत्त्व, रज, तम) भावले। इदम्=यो। सर्वम्=सबै। जगत्=संसार। मोहितम्=मोहित भएको छ। एभ्यः=यी तीनै गुणहरूभन्दा। परम्=पर। माम्=म। अव्ययम्=अविनाशीलाई। न अभिजानाति=जान्दिैन।

भावार्थ– गुणमय यी तीन प्रकारका भावद्वारा यो सब संसार मोहित छ। यसैले यसभन्दा पर रहेको अविनाशी मलाई जान्न सक्तैन।

दैवी ह्येषा गुणमयी मम माया दुरत्यया ।।
मामेव ये प्रपद्यन्ते मायामेतां तरन्ति ते ।।१४।।

शब्दार्थ– हि=किनकि। एषा=यो। दैवी=अलौकिक। गुणमयी=त्रिगुणमयी। मम=मेरी। माया=योगमाया। दुरत्यया=दुस्तर छिन्। ये=जो। माम्=मलाई। एव=नै। प्रपद्यन्ते=निरन्तर भज्दछन्। ते=ती। एताम्=यो। मायाम्=मायालाई। तरन्ति=तर्दछन्।

भावार्थ– अलौकिक यी मेरी त्रिगुणमयी माया बढी दुस्तर छिन्। जो निरन्तर मलाई भज्दछन् ती नै यी मायाबाट पार हुन्छन्।

न मां दुष्कृतिनो मूढाः प्रपद्यन्ते नराधमाः ।।
माययापहृतज्ञाना आसुरं भावमाश्रिताः ।।१५।।

शब्दार्थ– मायया=मायाद्वारा । अपहृतज्ञानाः=हरिएको ज्ञान भएका । आसुरम्=आसुरी । भावम्=स्वभावलाई । आश्रिताः=धारण गरिएका । नराधमाः=मनुष्यहरूमा नीच । दुष्कृतिनः=खराब कर्म गर्ने । मूढाः= मूर्खहरू । माम्=मलाई । न प्रपद्यन्ते=भज्दैनन् ।

भावार्थ– मायाले ज्ञान हरिएका, आसुरी स्वभाव लिने नीच मनुष्य कुकर्ममा रत हुँदै मलाई भज्दैनन् ।

चतुर्विधा भजन्ते मां जनाः सुकृतिनोऽर्जुन ।।
आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभ ।।१६।।

शब्दार्थ– भरतर्षभ=हे भरतवशमा श्रेष्ठ । अर्जुन=अर्जुन ! सुकृतिनः= उत्तम कर्म गर्ने । अर्थार्थी=सांसारिक पदार्थको लागि भज्ने । आर्तः= सङ्कट निवारणको लागि भजने । जिज्ञासुः=मलाई यथार्थ रूपले जान्नको लागि भज्ने । च=र । ज्ञानी=निष्कामी । चतुर्विधा=चार प्रकारका । जनाः=जक्तजनहरू । माम्=मलाई । भजन्ते=भज्दछन् ।

भावार्थ– हे भरतवंशमा श्रेष्ठ अर्जन ! उत्तम कर्म गर्ने अर्थार्थी आर्त्त, जिज्ञासु र ज्ञानी यी चार थरी जन मलाई भज्दछन् ।

तेषां ज्ञानी नित्ययुक्त एकभक्तिर्विशिष्यते ।।
प्रियो हि ज्ञानियोऽत्यर्थमहं स च मम प्रियः ।।१७।।

शब्दार्थ– तेषाम्=तिनीहरूमा पनि । नित्ययुक्तः=नित्य ममा एकीभावले स्थिर भएको । एकभक्तिः=अनन्य प्रेमभक्ति भएको । ज्ञानी=ज्ञानी भक्त । विशिष्यते=अति उत्तम छ । ज्ञानिनः=ज्ञानीहरूलाई । अहम्=म । अत्यर्थम्=अत्यन्त । प्रियः=प्रिय छु । च=र । सः=त्यो ज्ञानी । मम=मेरो । प्रियः=प्रिय छ ।

भावार्थ– तिनमा नित्य एकीभाव भएका एक मात्र मेरो भक्ति गर्ने ज्ञानी

अत्यन्त उत्तम छन्, कारण ज्ञानीको म अत्यन्त प्यारो छु र ज्ञानी मलाई अत्यन्त प्रिय लाग्दछन् ।

उदाराः सर्व एवैते ज्ञानी त्वात्मैव मे मतम् ॥
आस्थितः स हि युक्तात्मा मामेवानुत्तमां गतिम् ॥१८॥

शब्दार्थ– एते=यी । सर्वे=सब । हि=नै । उदाराः=श्रद्धासहित मेरो भजनमा समय लगाउनाको कारण उत्तम छन्। तु=परन्तु । ज्ञानी= ज्ञानी त । आत्मा=मेरो स्वरूप । एव=नै हो । मे=मेरो । मतम्= कथन छ । हि=किनकि । सः=त्यो । युक्तात्मा=स्थिर बुद्धि भएको ज्ञानी भक्त। अनुत्तमाम्=अति उत्तम । गतिम्=गतिस्वरूप । माम्= मलाई । एव=नै । आस्थितः=राम्ररी स्थित छ ।

भावार्थ– यी चारै थरी उदार छन् तर ज्ञानीचाहिं मेरो नै स्वरूप हो, यस्तो मेरो मत छ । किनभने ज्ञानी अत्यन्त उत्तम गति मेरो स्थिति-मा नै स्थित छ ।

बहूनां जन्मनामन्ते ज्ञानवान्मां प्रपद्यते ॥
वासुदेवः सर्वमिति स महात्मा सुदुर्लभः ॥१९॥

शब्दार्थ-- बहूनाम्=धेरै । जन्मनाम्=जन्महरूको । अन्ते=आखिरी जन्ममा । ज्ञानवान्=तत्त्वज्ञान प्राप्त भएको ज्ञानी । सर्वम्=सबै । वासुदेवः=वासुदेव नै हो । इति=यस्तो । माम्=मलाई । प्रपद्यते= भज्दछ । सः=त्यो । महात्मा=महात्मा । सुदुर्लभः=अति दुर्लभ छ ।

भावार्थ-- धेरै जन्मको आखिरी जन्ममा तत्त्वज्ञान प्राप्त भएको सज्जन 'सब थोक नै वासुदेव' भन्दै मलाई भज्दछ, त्यो नै मेरो मतमा महात्मा हो र त्यस्तो व्यक्ति यहाँ अत्यन्त दुर्लभ छ ।

कामैस्तैस्तैर्हृतज्ञानाः प्रपद्यन्तेऽन्यदेवताः ॥
तं तं नियममास्थाय प्रकृत्या नियताः स्वया ॥२०॥

शब्दार्थ– स्वया=आफ्नो । प्रकृत्या=स्वभावले । नियताः=मैले बता-

एका । तैः=ती । कामैः=भोगहरूको कामनाद्वारा । हृतज्ञानाः=ज्ञानले भ्रष्ट भएका । तम्=त्यो । नियमम्=नियमलाई । आस्थाय=धारण गरेर । अन्यदेवताः=भिन्न-भिन्न देवताहरूलाई । प्रपद्यन्ते=भज्दछन् ।

भावार्थ— आफ्नो स्वभावले प्रेरणा गरिएका ती ती कामनाहरूद्वारा ज्ञान हरिएका व्यक्ति ती ती नियम धारण गरेर अरू अरू देवता भज्दछन् ।

यो यो यां यां तनुं भक्तः श्रद्धयार्चितुमिच्छति ॥
तस्य तस्याचलां श्रद्धां तामेव विदधाम्यहम् ॥२१॥

शब्दार्थ– यः यः=जो जो । भक्तः=सकामी भक्त । याम् याम्=जुनजुन । तनुम्=देवताको स्वरूपलाई । श्रद्धया=श्रद्धाले । अर्चितुम्=पुज्न । इच्छति=चाहन्छ । तस्य तस्य=त्यो त्यो भक्तको । अहम्=म । ताम् एव=त्यही देवताप्रति । श्रद्धाम्=श्रद्धा । अचलाम्=स्थिर । विदधामि=गर्दछु ।

भावार्थ— जो जो सकाम भक्त जुन जुन देवतालाई श्रद्धाले पुज्न चाहन्छन् ती ती भक्तको म त्यही-त्यही देवताप्रति श्रद्धा टिकाइदिन्छु ।

स तया श्रद्धया युक्तस्तस्याराधनमीहते ॥
लभते च ततः कामान्मयैव विहितान्हितान् ॥२२॥

शब्दार्थ– सः=त्यो व्यक्ति । तस्य=त्यो । श्रद्धया=श्रद्धाले । युक्तः =युक्त भएको । तस्य=त्यो देवताको । आराधनम्=पूजालाई । ईहते =चेष्टा गर्दछ । च=र । ततः=त्यो देवताद्वारा । मया=मैले । एव=नै । विहितान्=विधान गरिएका । तान्=ती । कामान्=इच्छित भोगहरूलाई । हि=निःसन्देह । लभते=पाउँछ ।

भावार्थ-- त्यो व्यक्ति श्रद्धाले युक्त ती देवताको उपासनामा चेष्टा गर्दछ अनि ती देवताद्वारा मैले नै बनाइदिएको विधानबाट ती-ती कामनाहरू प्राप्त गर्दछ ।

अन्तवत्तु फलं तेषां तद्भवत्यल्पमेधसाम् ॥
देवान्देवयजो यान्ति मद्भक्ता यान्ति मामपि ॥२३॥

शब्दार्थ– तु=परन्तु । तेषाम्=ती । अल्पमेधसाम्=अल्पबुद्धिवालाको । तत्=त्यो । फलम्=फल । अन्तवत्=नाशवान् । भवति=हुन्छ । देवयजः=देवताहरूलाई पुज्नेहरू । देवान्=देवताहरूलाई । यान्ति=प्राप्त हुन्छन् । मद्भक्ताः=मेरा भक्तहरू । माम्=मलाई । अपि=पनि । यान्ति=प्राप्त हुन्छन् ।

भावार्थ–– परन्तु ती अल्पबुद्धिवाला व्यक्तिको फल नाशवान् छ । देवता पुज्ने देवतामा र मेरो भक्त मैमा पुग्नेछन् ।

अव्यक्तं व्यक्तिमापन्नं मन्यन्ते मामबुद्धयः ।।
परं भावमजानन्तो ममाव्ययमनुत्तमम् ।।२४।।

शब्दार्थ–– अवुद्धयः=अवुझहरू । मम=मेरो । अनुत्तमम्=सबभन्दा उत्तम । अव्ययम्=अविनाशी । परम्=परम । भावम्=भाव । अजानन्तः=तत्त्वले नजानेका । अव्यक्तम्=मन इन्द्रियहरूभन्दा पर । माम्=म सच्चिदानन्दघन परमेश्वरलाई । व्यक्तिम्=व्यक्तिभावलाई । आपन्नम्=प्राप्त भएको । मन्यन्ते=मान्दछन् ।

भावार्थ–– बुद्धिहीन व्यक्ति मेरो अविनाशी र सर्वोत्तम परम भावनालाई नजानेर म अव्यक्त स्वरूपलाई व्यक्तिवाला मान्दछन् ।

नाहं प्रकाशः सर्वस्य योगमायासमावृतः ।।
मूढोऽयं नाभिजानाति लोको मामजमव्ययम् ।।२५।।

शब्दार्थ–– योगमायासमावृतः=योगमायाभित्र लुकेको । अहम्=म । सर्वस्य=सबको । प्रकाशः=प्रत्यक्ष । न=छैनँ । अयम्=यो । मूढः=अज्ञानी । लोकः=मनुष्य । माम्=मलाई । अजम्=जन्मरहित । अव्ययम्=अविनाशी आत्मालाई । न अभिजानाति=जान्दैन ।

भावार्थ–– योगमायाको पर्दाभित्र लुकेको म सबको प्रत्यक्ष कसरी हुन्छु र ? यस्तो कुरा नजान्ने मूढ मलाई जन्मरहित, अविनाशी कसरी जानोस् ?

वेदाहं समतीतानि वर्तमानानि चार्जुन ॥
भविष्याणि च भूतानि मां तु वेद न कश्चन ॥२६॥

शब्दार्थ— अर्जुन=हे अर्जुन ! समतीतानि=पहिले नै व्यतीत भएका। च=र । वर्तमानानि=वर्तमानमा स्थित। च=तथा। भविष्याणि=पछि हुने । भूतानि=प्राणीहरूलाई । अहम्=म। वेद= जान्दछु। तु=परन्तु। माम्=मलाई। कश्चन=कोही पनि । न वेद =जान्दैन।

भावार्थ— अर्जुन ! अतीत, वर्तमान र भविष्यका सम्पूर्ण प्राणीलाई म जान्दछु परन्तु मलाई कोही पनि जान्दैन ।

इच्छाद्वेष समुत्थेन द्वन्द्वमोहेन भारत ॥
सर्वभूतानि संमोहं सर्गे यान्ति परंतप ॥२७॥

शब्दार्थ— भारत=हे भरतवंशी ! परंतप=शत्रुलाई सताउने अर्जुन ! सर्गे=संसारमा। इच्छाद्वेषसमुत्थेन=इच्छा र द्वेषबाट उत्पन्न भएका। द्वन्द्वमोहेन=सुखदुःखादि द्वन्द्वरूप मोहद्वारा । सर्वभूतानि=सम्पूर्ण प्राणीहरू। संमोहम्=अति अज्ञानतामा। यान्ति=प्राप्त हुन्छन्।

भावार्थ- हे अर्जुन ! संसारमा इच्छा, द्वेषबाट जन्मेका सुखदुःख आदि मोहबाट समस्त प्राणी मोहित छन् ।

येषां त्वन्तगतं पापं जनानां पुण्यकर्मणाम् ॥
ते द्वन्द्वमोहनिर्मुक्ता भजन्ते मां दृढव्रताः ॥२८॥

शब्दार्थ- तु=परन्तु। पुण्यकर्मणाम् =श्रेष्ठ कर्मको आचरण गर्ने। येषाम् =जुन। जनानाम्=व्यक्तिहरूको । पापम्=पाप । अन्तगतम्=नष्ट भएको छ। ते=ती। द्वन्द्वमोहनिर्मुक्ताः=रागद्वेषादि द्वन्द्वरूप मोहले मुक्त भएका। दृढव्रताः=दृढनिश्चय भएका व्यक्तिहरू । माम्=मलाई। भजन्ते=भज्दछन्।

भावार्थ- पुण्यकर्म गर्नेहरूमा जसको पाप नष्ट भएको छ ती द्वन्द्वरूपी

मोहवाट मुक्त भएका छँदा एकमात्र ब्रम्हप्राप्तिको व्रत लिएका व्यक्ति मलाई भज्दछन् ।

जरामरणमोक्षाय मामाश्रित्य यतन्ति ये ।।
ते ब्रह्म तद्विदुः कृत्स्नमध्यात्मं कर्मचाखिलम् ।।२९।।

शब्दार्थ– ये=जो । माम्=मेरो । आश्रितम्=शरण भएर । जरामरण-मोक्षाय=जरामरणबाट छुट्नको लागि । यतन्ति=यत्न गर्दछन् । ते=ती व्यक्ति । तत्=त्यो । ब्रम्ह=ब्रम्हालाई । च=तथा । कृत्स्नम्=सम्पूर्ण । अध्यात्मम्=अध्यात्मलाई । अखिलम्=सम्पूर्ण । कर्म=कर्मलाई । विदुः=जान्दछन् ।

भावार्थ– जो मेरो शरण परेर जरामरणबाट मुक्ति पाउने यत्न गर्दछन् ती त्यो ब्रम्ह र सम्पूर्ण अध्यात्म एवं कर्मको तत्त्वलाई जान्दछन् ।

साधिभूताधिदैवं मां साधियज्ञं च ये विदुः ।।
प्रयाणकालेऽपि च मां ते विदुर्युक्तचेतसः ।।३०।।

शब्दार्थ– ये=जो व्यक्ति । साधिभूताधिदैवम्=अधिभूत र अधिदेव-सहित । च=तथा । साधियज्ञम्=अधियज्ञसहित । माम्=मलाई । विदुः=जान्दछन् । ते=ती । प्रयाणकाले=मर्ने बेलामा । अपि=पनि । माम्=मलाई । च=नै । विदुः=जान्दछन् अर्थात् प्राप्त हुन्छन् ।

भावार्थ– जो अधिभूत, अधिदेव र अधियज्ञसहित मलाई जान्दछन् ती योगी अन्तसमयमा पनि मलाई नै जान्दछन् ।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे ज्ञानविज्ञानयोगो नाम सप्तमोऽध्याय ।।७।।

श्रीमद्भगवद्गीताको ज्ञानविज्ञानयोग नामक सातौं अध्याय समाप्त भयो ।

अथ अष्टमोऽध्याय

(अब आठौं अध्याय)

अर्जुन उवाच=अर्जुनले भने ।

किं तद्ब्रह्म किमध्यात्मं किं कर्म पुरुषोत्तम ॥
अधिभूतं च किं प्रोक्तमधिदैवं किमुच्यते ॥१॥
अधियज्ञः कथं कोऽत्र देहेऽस्मिन्मधुसूदन ॥
प्रयाणकाले च कथं ज्ञेयोऽसि नियतात्मभिः ॥२॥

शब्दार्थ— पुरुषोत्तम=हे कृष्ण ! तत्=त्यो । ब्रह्म=ब्रह्म । किम्=के हो । अध्यात्मम्=अध्यात्म । किम्=के हो । कर्म=कर्म । किम=के हो । च=र । अधिभूतम्=अधिभूत । किम्=के । प्रोक्तम्=भनिएको छ । अधिदैवम्=अधिदैव । किम्=के । उच्यते=भनिन्छ ।
मधुसूदन=हे कृष्ण ! अत्र=यहाँ । अधियज्ञः=अधियज्ञ । कः=को हो । अस्मिन्=यो । देहे=शरीरमा । कथम्=कस्तो छ । च=र । नियतात्मभिः=युक्त चित्त भएका मान्छेद्वारा । प्रयाणकाले=अन्तःसमयमा । कथम्=कसरी । ज्ञेयः=जान्नमा । असि=आउँछ ।

भावार्थ— हे पुरुषोत्तम ! प्रभुले वर्णन गर्नुभएको ब्रह्म के हो ? अध्यात्म केलाई भनिन्छ ? कर्म कस्तो हुन्छ ? अधिभूत केलाई भनिन्छ ? केको रूप अधिदेव हो ?
मधुसूदन ! यहाँ अधियज्ञ को हो ? र त्यो यो देहमा कसरी रहन्छ ? योगीद्वारा हजूर अन्तःसमयमा कसरी जानिनुहुन्छ ?

श्री भगवानुवाच=श्री भगवान् भन्नुहुन्छ।

अक्षरं ब्रह्म परमं स्वभावोऽध्यात्ममुच्यते ।।
भूतभावोद्भवकरो विसर्गः कर्मसंज्ञितः ।।४।।

शब्दार्थ— परमम्=परम । अक्षरम्=कहिल्यै नाश नहुने । ब्रह्म=ब्रह्म छ। स्वभावः=आफ्नो स्वरूप अर्थात् जीवात्मा । अध्यात्मम्=अध्यात्म नामले । उच्यते=भनिन्छ । भूतभावोद्भवकरः=भूतहरूको भाव उत्पन्न गर्ने । विसर्गः=त्याग । कर्मसंज्ञितः=कर्म नामले भनिएको छ ।

भावार्थ— परम अविनाशी ब्रह्मको स्वभाव अर्थात् जीवात्मा अध्यात्म हो। प्राणीको भावलाई जागृत गराउने जो त्याग छ त्यसैलाई कर्म संज्ञा दिइएको छ।

अधिभूतं क्षरो भावः पुरुषश्चाधिदैवतम् ।।
अधियज्ञोऽहमेवात्र देहे देहभृतां वर ।।४।।

शब्दार्थ— क्षरो भावः=उत्पत्ति-विनाश धर्म भएका सव पदार्थ । अधिभूतम्=अधिभूत हो। च=र। पुरुषः=हिरणमय पुरुष । अधिदैवतम्=अधिदेव हो। देहभृताम्वर=देहधारीहरूमा श्रेष्ठ अर्जुन ! अत्र=यो। देहे=शरीरमा। अहम्=म वासुदेव। एव=नै। (विष्णु रूपले) अधियज्ञः=अधियज्ञ हुँ ।

भावार्थ— जन्म-मरण धर्मवाला पदार्थ अधिभूत र हिरण्यमय पुरुष नै अधिदेव हो, हे देहधारीमा श्रेष्ठ अर्जुन ! यो शरीरमा म वासुदेव नै अधियज्ञ हुँ ।

अन्तकाले च मामेव स्मरन्मुक्त्वा कलेवरम् ।।
यः प्रयाति स मद्भावं याति नास्त्यत्र संशयः ।।५।।

शब्दार्थ— च=र। यः=जो। अन्तकाले=मर्ने बेला । माम्=मलाई। एव=नै। स्मरन्=स्मरण गर्दै । कलेवरम्=शरीरलाई । मुक्त्वा=त्यागेर । प्रयाति=जान्छ। सः=त्यो । मद्भावम्=मेरो स्वरूपमा। याति=प्राप्त हुन्छ। अत्र=यसमा। संशयः=संशय । न अस्ति=छैन।

भावार्थ— जो मर्ने वेला मलाई संझँदै देह त्याग्छ मेरो स्वरूप प्राप्त गर्दछ। यसमा कत्ति पनि संशय छैन ।

यं यं वापि स्मरन्भावं त्यजत्यन्ते कलेवरम् ॥
तं तमेवैति कौन्तेय सदा तद्भावभावित: ॥६॥

शब्दार्थ– कौन्तेय=हे अर्जुन ! अन्ते=मृत्युसमयमा। यम् यम्=जो जो। वा अपि=पनि। भावम्=भाव। स्मरन्=स्मरण गर्दै। कलेवरम्=शरीर। त्यजति=छोडदछ। तम् तम्=त्यस त्यसलाई। एव=नै। एति=प्राप्त हुन्छ। सदा=सधैं। तद्भावभावित:=त्यसको भावको नै चिन्ता गर्दै।

भावार्थ-- अर्जुन ! अन्तकालमा मानिस जुन जुन कुरा सम्झँदै देहत्याग गर्दछ, त्यो त्यही त्यही कुरा प्राप्त गर्दछ। कारण जीवनभर त्यसै वस्तुको भावमा तन्मय हुने हुनाले।

तस्मात्सर्वेषु कालेषु मामनुस्मर युध्य च ॥
मय्यर्पितमनोबुद्धिर्मामेवैष्यस्यसंशयम् ॥७॥

शब्दार्थ-- तस्मात्=त्यसकारण । सर्वेषु=सबै। कालेषु=समयमा। माम्=मलाई। अनुस्मर=स्मरण गर। च=र। युध्य=युद्ध पनि गर। मयि=ममा। अर्पितमनोबुद्धि:=अर्पण गरेको मनबुद्धिले युक्त। असंशयम्=निस्सन्देह। माम्=मलाई। एव=नै। एष्यसि=प्राप्त हुन्छौ।

भावार्थ-- यसकारण हमेशा मलाई सम्झ र युद्ध पनि गर। यसरी ममा मन, बुद्धि अर्पण गर्‍यौ भने निस्सन्देह मलाई पाउँछौ।

अभ्यासयोगयुक्तेन चेतसा नान्यगामिना ॥
परमं पुरुषं दिव्यं याति पार्थानुचिन्तयन् ॥८॥

शब्दार्थ-- पार्थ=हे अर्जुन ! अभ्यासयुक्तेन=परमेश्वरको ध्यानको अभ्यासरूप योगले युक्त। नान्यगामिना=अरूतर्फ नजाने। चेतसा=चित्तले। अनुचिन्तनन्=निरन्तर चिन्तना गर्ने। परम्=परम। दिव्यम्=दिव्य। पुरुषम्=परमेश्वरलाई। याति=प्राप्त हुन्छ।

भावार्थ-- हे अर्जुन ! परमेश्वरस्वरूप अभ्यास योगद्वारा एवं अन्त नजाने चित्तद्वारा बारम्बार चिन्तन गर्ने व्यक्ति परम दिव्य पुरुष नारायण-लाई प्राप्त गर्दछ ।

कविं पुराणमनुशासितारमणोरणीयांसमनुस्मरेद्यः ।।
सर्वस्य धातारमचिन्त्यरूपमादित्यवर्णं तमसः परस्तात् ।।९।।

शब्दार्थ-- यः=जो । कविम्=सर्वज्ञ । पुराणम्=अनादि । अनुशासितारम्=सबका नियन्ता । अणोरणीयांसम्=सूक्ष्मभन्दा पनि अति सूक्ष्म । सर्वस्य=सबको । धातारम्=धारण-पोषण गर्ने । अचिन्त्यरूपम्=अचिन्त्यस्वरूप । आदित्यवर्णम्=सूर्यसदृश नित्य चेतन प्रकाश रूप । तमसः=अविद्याभन्दा । परस्तात्=उसपार अवस्थित । अनुस्मरेत्=स्मरण गर्दछ ।

प्रयाणकाले मनसाऽचलेन भक्त्या युक्तो योगवलेन चैव ।।
भ्रुवोर्मध्ये प्राणमावेश्य सम्यक् स तं परं पुरुषमुपैति दिव्यम् ।।१०।।

शब्दार्थ— सः=त्यो । भक्त्या=भक्तियुक्त व्यक्ति । प्रयाणकाले=अन्तकालमा । योगवलेन=योगवलले । भ्रुवोः=भृकुटीको । मध्ये=बीचमा । प्राणम्=प्राणलाई । सम्यक्=राम्ररी । आवेश्य=स्थापना गरेर । च=फेरि । अचलेन=निश्चल । मनसा=मनले (सम्झँदै) । तम्=त्यो । दिव्यम्=दिव्य । पुरुषम्=परम पुरुष परमात्मालाई । एव=नै । उपैति=प्राप्त हुन्छ ।

भावार्थ— जो सर्वज्ञ, पुरातन, शासक, सूक्ष्मातिसूक्ष्म, अचिन्त्य, अन्धकारभन्दा पर, सूर्यसमान तेजवाला छ, त्यो दिव्य पुरुष-लाई मर्ने बेला भक्ति र योग बलले युक्त भएर आँखिभौंको बीचमा राम्ररी प्राणलाई प्रवेश गराएर अचल मनले जो स्मरण गर्दछ, त्यसैले ती परम दिव्य पुरुषलाई प्राप्त गर्दछ अर्थात् ऊबराबर ऐश्वर्यवाला हुन्छ ।(९-१०)

यदक्षरं वेदविदो वदन्ति विशन्ति यद्यतयो वीतरागाः ।।
यदिच्छन्तो ब्रह्मचर्यं चरन्ति तत्ते दं पदसंग्रहेण प्रवक्ष्ये ।।११।।

शब्दार्थ— वेदविद:=वेद जान्ने । यत्=जस (सच्चिदानन्द रूप परमपद) लाई । अक्षरम्=ओंकार नामले । वदन्ति भन्दछन् । वीतरागः =आसक्तिरहित । यतय:=प्रयत्नशील महात्माहरू । यत्=जसमा । विशन्ति=प्रवेश गर्दछन् । यत्=जुन परमपदलाई । इच्छन्त:=चाहने । ब्रह्मचर्यम्=ब्रह्मचर्य । चरन्ति=आचरण गर्दछन् । तत्=त्यो । पदम् =परमपद । ते=तिम्रो लागि । संग्रहेण=संक्षेपले । प्रवक्ष्ये=भन्दछु ।

भावार्थ-- वेद जान्ने विद्वान्हरू जुन ब्रह्मलाई अक्षर अर्थात् अविनाशी भनेर वर्णन गर्दछन्, वीतरागवाला जसमा प्रवेश गर्दछन्, जसलाई चाहनेहरू ब्रह्मचर्य व्रतद्वारा जुन परमपद प्राप्त गर्दछन् त्यो पद संक्षेपले तिमीलाई भंन्दछु ।

सर्वद्वाराणि संयम्य मनो हृदि निरुध्य च ॥
मूर्ध्न्याधायात्मनः प्राणमास्थितो योगधारणम् ॥१२॥

शब्दार्थ--सर्वद्वाराणि=सबै इन्द्रियहरूको ढोकालाई । संयम्य=बन्द गरेर अर्थात् इन्द्रियहरूलाई विषयहरूबाट हटाएर । मन:=मनलाई । हृदि=हृद्देशमा । निरुध्य=स्थिर गरेर । च=र । आत्मन:=आफ्नो । प्राणम्=प्राणलाई । मूर्ध्नि=मस्तकमा । आधाय=स्थापन गरेर । योग-धारणम्=योगधारणमा । आस्थितः=स्थित भएर ।

ओमित्येकाक्षरं ब्रह्म व्याहरन्मामनुस्मरन् ॥
यः प्रयाति त्यजन्देहं स याति परमां गतिम् ॥१३॥

शब्दार्थ-- य:=जो व्यक्ति । ओम्=ओम् । इति=यस्तो । एकाक्षरम् =एक अक्षररूप । ब्रह्म=ब्रह्मलाई । व्याहरन्=उच्चारण गर्दै । माम् =मलाई । अनुस्मरन्=चिन्तन गर्दै । देहम्=शरीरलाई । त्यजन्=त्याग गरेर । प्रयाति=जान्छ । स:=त्यो व्यक्ति । परमम्=परम । गतिम्= गतिमा । याति=प्राप्त हुन्छ ।

भावार्थ- १२-१३सबै इन्द्रियका द्वारहरू बन्द गरेर मनलाई रोक्तै प्राणलाई मस्तकमा अड्याई योगधारणमा स्थित हुँदै जो व्यक्ति ॐ यस्तो एक

अक्षररूप ब्रह्मलाई उच्चारण गर्दै मलाई सम्झँदै देह त्याग गर्दछ त्यो नै परम गति नारायण भेट्टाउँछ।

अनन्यचेताः सततं यो मां स्मरति नित्यशः ।।
तस्याहं सुलभः पार्थ नित्ययुक्तस्य योगिनः ।।१४।।

शब्दार्थ-- पार्थ=हे अर्जुन ! यः=जो व्यक्ति । अनन्यचेताः=ममा चिन्तारहित चित्तले स्थित भएको । नित्यशः=सदा नै । सततम्=निरन्तर । माम्=मलाई । स्मरति=स्मरण गर्दछ । नित्ययुक्तस्य=निरन्तर ममा लीन भएको । तस्य=त्यस । योगिनः=योगीको लागि । अहम्=म । सुलभः=सुलभ छु ।

भावार्थ-- हे अर्जुन ! जो चितलाई अन्यत्र कहीं नलगीकन निरन्तर मेरो नै स्मरण गर्दछ उसलाई म अनायास प्राप्त हुन्छु अर्थात् सुलभ छु।

मामुपेत्य पुनर्जन्म दुःखालयमशाश्वतम् ।।
नाप्नुवन्ति महात्मानः संसिद्धिं परमां गताः ।।१५।।

शब्दार्थ-- परमाम्=परम। संसिद्धिम्=संसिद्धि। गताः=प्राप्त भएका। महात्मानः=महात्माहरू । माम्=मलाई । उपेत्य=प्राप्त भएर । दुःखालयम्=दुःखको घर। अशाश्वतम्=क्षणभंगुर। पुनर्जन्म=पुनर्जन्म। न आप्नुवन्ति=प्राप्त हुँदैनन् ।

भावार्थ-- परम सिद्धि प्राप्त गरेका महात्मा मलाई पाएर दुःखको घर क्षणभङ्गुर पुनर्जन्म प्राप्त गर्दैनन् ।

आब्रह्मभुवनाल्लोकाः पुनरावर्तिनोऽर्जुन ।।
मामुपेत्य तु कौन्तेय पुनर्जन्म न विद्यते ।।१६।।

शब्दार्थ-- अर्जुन=हे अर्जुन ! आब्रह्मभुवनात्=ब्रह्मलोकदेखि लिएर। लोकाः=सब लोक। पुनरावर्तिनः=फर्कनुपर्ने छन्। तु=परन्तु। कौन्तेय=हे अर्जुन! माम्=मलाई । उपेत्य=प्राप्त भएर। पुनर्जन्मः=पुनर्जन्म। न विद्यते=हुँदैन ।

भावार्थ— ब्रह्मलोकदेखि लिएर सबै लोकहरू पुनरावर्ती छन् । अर्थात् ती लोकबाट फर्केपछि पुनः जन्म लिनुपर्दछ, किन्तु मलाई पाएपछि पुनर्जन्म हुँदैन ।

सहस्रयुगपर्यन्तमहर्यद ब्रह्मणो विदुः ।।
रात्रिं युगसहस्रान्तां तेऽहोरात्रविदो जनाः ।।१७।।

शब्दार्थ-- ब्रम्हणः=ब्रम्हाको । यत्=जो । अहः=एक दिन हुन्छ । सहस्रयुगपर्यन्तम्=त्यो हजार चार युग अवधिवाला छ । रात्रिम्=रात्रि पनि । युगसहस्रान्ताम्=हजार चार युगतक अवधिवाला । विदुः=तत्त्वले जान्दछन् । ते=ती । जनाः=योगीजन । अहोरात्रविदः=कालको तत्त्व जान्नेवाला छन् ।

भावार्थ-- हजार चार युग (सत्य, त्रेता, द्वापर, कलि) अवधि भएको ब्रम्हाको जो एक दिन छ रात्रि पनि त्यति नै छ । जो व्यक्ति यो कुरा जान्दछन् ती कालतत्त्वलाई जान्ने हुन् ।

अव्यक्ताद्व्यक्तयः सर्वाः प्रभवन्त्यहरागमे ।।
रात्र्यागमे प्रलीयन्ते तत्रैवाव्यक्तसंज्ञके ।।१८।।

शब्दार्थ-- सर्वाः=सम्पूर्ण । व्यक्तम्=दृश्य मात्र भूतगण । अहरागमे= ब्रह्माको दिनको प्रवेशकालमा । अव्यक्तात्=ब्रह्मको सूक्ष्म शरीरबाट । प्रभवन्ति=उत्पन्न हुन्छन् । रात्र्यागमे=ब्रम्हाको रात्रिको प्रवेशकालमा । तत्र=त्यहाँ । अव्यक्तसंज्ञके=अव्यक्त नामक ब्रम्हको सूक्ष्म शरीरमा । एव=नै । प्रलीयन्ते=लय हुन्छन् ।

भावार्थ— प्रजापति ब्रम्हाको निद्रावस्थाको नाम अव्यक्त हो । ब्रह्माको जब दिन आरम्भ हुन्छ अनि सब वस्तुहरू पैदा हुन्छन् र जब ब्रह्माको दिन समाप्त हुन्छ अनि रात आउने बित्तिकै सब वस्तुहरू ब्रम्हाको त्यो अव्यक्त नामक निद्रावस्थामा प्रलयमा पुग्दछन् ।

भूतग्रामः स एवायं भूत्वा भूत्वा प्रलीयते ।।
रात्र्यागमेऽवशः पार्थ प्रभवत्यहरागमे ।।१९।।

शब्दार्थ- पार्थ=हे अर्जुन । स=त्यो । एव=नै । अयम्=यो । भूतग्रामः भूतसमुदाय । भूत्वा भूत्वा=उत्पन्न भै भैकन । अवशः=प्रकृतिको वशमा भएको । रात्र्यागमे=रात्रि हुँदाखेरि । प्रलीयते=लय हुन्छ । अहरागमे=दिनको प्रवेशकालमा । प्रभवति=उत्पन्न हुन्छन् ।

भावार्थ- तिनै भूत समुदाय उत्पन्न हुँदै हुँदै परवश भएकाले रात्रिको प्रारम्भमा लय र दिनको प्रारम्भमा फेरि उत्पन्न हुन्छन् ।

परस्तस्मात्तु भावोऽन्योऽव्यक्तोऽव्यक्तात्सनातनः ॥
यः स सर्वेषु भूतेषु नश्यत्सु न विनश्यति ॥२०॥

शब्दार्थ- तु=परन्तु । तस्मात्=त्यो । अव्यक्तात्=अव्यक्तबाट पनि । परः=अति पर । अन्यः=अर्को । यः=जो । सनातनः=सनातन । अव्यक्तः=अव्यक्त । भावः=भाव छ । स=त्यो सच्चिदानन्दधन=पूर्ण ब्रम्ह परमातमा । सर्वेषु=सबै । भूतेषु=भूतहरूबाट । नश्यत्सु=नष्ट हुँदा पनि । न विनश्यति=नष्ट हुँदैनन् ।

भावार्थ- यो अव्यक्त (ब्रम्ह) भन्दा पर । दोस्रो सनातन अव्यक्त भाव छ । समस्त प्राणीहरूको नाश भएर पनि त्यो सनातन भाव नष्ट हुँदैन ।

अव्यक्तोऽक्षर इत्युक्तस्तमाहुः परमां गतिम् ॥
यं प्राप्य न निवर्तन्ते तद्धाम परमं मम ॥२१॥

शब्दार्थ- अव्यक्तः=अव्यक्त । अक्षरः=अक्षर । इति=यस्तो । उक्तः=भनिएको छ । तम्=त्यो अक्षर नामक अव्यक्त भावलाई । यम्=जुन सनातन अव्यक्त भावलाई । प्राप्य=प्राप्त भएर । न निवर्तन्ते=फर्कंदैनन् । तत्=त्यो । मम=मेरो । परमम्=परम । धाम=धाम हो ।

भावार्थ- त्यसैलाई अव्यक्त अक्षर संज्ञा दिइएको छ । त्यसैलाई परम गति भन्दछन्, जुन प्राप्त भएपछि मानव पछाडि फर्कंदैन । त्यो नै मेरो परमधाम हो ।

पुरुषः स परः पार्थ भक्त्या लभ्यस्त्वनन्यया ।।
यस्यान्तः स्थानि भूतानि येन सर्वमिदं ततम् ।।२२।।

शब्दार्थ– तु=र । पार्थ=हे अर्जुन । यस्य=जुन परमात्माको । अन्तः-स्थानि=अन्तर्गत । भूतानि=सर्वभूत छन् । येन=जसद्वारा । इदम्=यो । सर्वम्=सब जगत् । ततम्=परिपूर्ण छ । स=त्यो सनातन अव्यक्त । परः=परम । पुरुषः=पुरुष । अनन्यया=अनन्य । भक्त्या=भक्तिले । लभ्यः=प्राप्त हुन योग्य छ ।

भावार्थ– पार्थ ! जुन परमात्माको अन्तर्गत समस्त प्राणी छन्, परमात्मा-बाट यो जगत् परिपूर्ण छ त्यो नारायण नै परम पुरुष हो, जो अनन्य भक्तिले मात्र लभ्य छ ।

यत्र काले त्वनावृत्तिमावृत्तिं चैव योगिनः ।।
प्रयाता यान्ति तं कालं वक्ष्यामि भरतर्षभ ।।२३।।

शब्दार्थ– तु=र । भरतर्षभ=हे अर्जुन ! यत्र=जुन । काले=समयमा । प्रयाताः=शरीर त्याग गरेर गएका । योगिनः=योगीजन । आवृत्तिम्=पछि आउने गतिलाई । एव=पनि । न आवृत्तिम्=पछि नआउने गति-लाई । यान्ति प्राप्त हुन्छन् । तम्=त्यो । कालम्=समय-लाई अर्थात् मार्गलाई । वक्ष्यामि=भन्नेछु ।

भावार्थ– हे अर्जुन ! जुन बेला शरीर त्यागेर गएका योगीजन नफर्कने गतिलाई र जुन बेला मरेपछि फर्कने गतिलाई प्राप्त हुन्छन् उस काल अर्थात् दुवै मार्ग भन्दछु ।

अग्निर्ज्योतिरहः शुक्लः षण्मासा उत्तरायणम् ।।
तत्र प्रयाता गच्छन्ति ब्रह्म ब्रह्मविदोजनाः ।।२४।।
धूमो रात्रिस्तथा कृष्णः षण्मासा दक्षिणायनम् ।।
तत्र चान्द्रमसं ज्योतिर्योगी प्राप्य निवर्तते ।।२५।।

शब्दार्थ– अग्निः=अग्नि । ज्योतिः=ज्योति । अहः=दिन । शुक्लः=

शुक्लपक्ष । उत्तरायणम्=उत्तरायणको । षण्मासा=छ महीनाको । तत्र =त्यस मार्गमा । प्रयाता:=गएका । ब्रम्हविद्=ब्रम्हवेत्ता । जना:= जन । ब्रह्म=ब्रह्ममा । गच्छन्ति=जान्छन् । धूम:=धुवाँ । रात्रि:= रात्रि । कृष्ण:=कृष्णपक्ष । तथा=र । षण्मासा=छ महिने । दक्षिणाय-नम्=सूर्य दक्षिणतर्फ रहँदा । तत्र=त्यसमा (गएका) । योगी=योगी । चन्द्रमसम्=चन्द्रमाको ज्योति:=ज्योतिलाई । प्राप्य=पाएर । निवर्तते=फर्कन्छन् ।

भावार्थ– अग्नि, ज्योति, दिन, शुक्लपक्ष र उत्तरायणको छ महिनामा मरेका ब्रम्हवेत्ता व्यक्ति ब्रम्हलाई पाउँछन् र पुनर्जन्म लिदैनन् किन्तु धूवाँ, रात्रि, कृष्णपक्ष, दक्षिणायनको छ महिनामा मरेका योगी चन्द्रको तेजमा अर्थात् लोकमा गएर पुण्यांश घटेपछि फर्कन्छन् ।

शुक्ल कृष्णे गती ह्येते जगत: शाश्वते मते ॥
एकया यात्यनावृत्तिमन्ययावर्तते पुन: ॥२६॥

शब्दार्थ– हि=किनकि । जगत:=जगत्को । एते=यी दुई प्रकारका । शुक्लकृष्णे=शुक्ल र कृष्ण पक्ष । गती=मार्ग । शाश्वते=सनातन । मते=मानिएका छन् । एकया=एकद्वारा (गएको) । अनावृत्तिम्=पछि फर्कनु नपर्ने परम गतिलाई । याति=प्राप्त हुन्छन् । अन्यथा=अर्कोद्वारा (गएको) । पुन:=फेरि । आवर्तते=आउँछन् अर्थात् जन्ममृत्युलाई प्राप्त हुन्छन् ।

भावार्थ– सनातनकालदेखि शुक्ल र कृष्णका यी दुई प्रकारका गतिहरू (देवयान र पितृयान मार्ग) मानिएका छन् । यिनमा एकबाट जीव फर्कदैन अर्थात् मोक्ष प्राप्त हुन्छ र दोस्रोबाट पुण्यफल भोगेर पुनर्जन्म लिन्छ ।

नैते सृती पार्थ जानन्योगी मुह्यति कश्चन ॥
तस्मात्सर्वेषु कालेषु योगयुक्तो भवार्जुन ॥२७॥

शब्दार्थ– पार्थ=हे अर्जुन । एते=यी दुई । सृती=मार्गलाई । जानन् =तत्त्वले जान्ने । कश्चन=कोही पनि । योगी=योगी । न मुह्यति=

मोहित हुँदैन । तस्मात्=त्यसकारण । अर्जुन=हे अर्जुन ! (तिमी) सर्वेषु=सबै । कालेषु=कालमा । योगयुक्तः=समत्व वुद्धिरूप योगले युक्त । भव=होऊ ।

भावार्थ– हे अर्जुन ! यी दुई मार्गलाई तत्त्वतः जान्ने कोही पनि योगी मोहमा फस्दैन, अतएव तिमी सदा योगयुक्त होऊ ।

वेदेषु यज्ञेषु तपःसु चैव दानेषु यत्पुण्यफलं प्रदिष्टम् ॥
अत्येति तत्सर्वमिदं विदित्वा योगी परं स्थानमुपैति चाद्यम् ॥२८॥

शब्दार्थ– योगी=योगी । इदम्=यो रहस्यलाई । विदित्वा=तत्त्वले जानेर । वेदेषु=वेद पढ्नमा । च=तथा । यज्ञेषु=यज्ञ गर्नमा । तपःसु= तप गर्नमा । दानेषु=दानादि गर्नमा । यत्=जो । पुण्यफलम्=पुण्यफल । प्रदिष्टम्=भनिएको छ । तत्=त्यो । सर्वम्=सबै । एव=निस्सन्देह । अत्येति=पार गरेर जान्छ । च=र । आद्यम्=सनातन । परम्=परम । स्थानम्=पद । उपैति=प्राप्त हुन्छ ।

भावार्थ– योगीहरू यो रहस्य जानेर वेदका पढाइमा, यज्ञहरूमा, तपस्या-हरूमा, दानहरूमा जो पुण्यफल बताइएको छ त्यो सबलाई नाघेर माथि उठ्दछन् र सनातन परम पद नारायणलाई प्राप्त गर्दछन् ।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रम्हविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे अक्षरब्रह्मयोगो नामाष्टमोऽध्यायः ॥ ८ ॥

श्रीमद्भगवद्गीताको अक्षरब्रह्मयोग नामक आठौं अध्याय समाप्त भयो ।

अथ नवमोऽध्याय:

(अब नवौं अध्याय)

श्रीभगवानुवाच=श्रीभगवान् भन्नुहुन्छ।

इदं तु ते गुह्यतमं प्रवक्षाम्यनसूयवे ॥

ज्ञानं विज्ञानसहितं यज्ज्ञात्वा मोक्ष्यसेऽशुभात् ॥१॥

शब्दार्थ– ते=तिमी जस्ता । अनसूयवे=दोषदृष्टिरहित भक्तका लागि। इदम्=त्यो । गुह्यतमम्=परम गोपनीय । ज्ञानम्=ज्ञान । विज्ञान-सहितम्=रहस्यसहित । प्रवक्ष्यामि=भन्नेछु। तु=कि। यत्=जसलाई। ज्ञात्वा=जानेर । अशुभात्=दु:खरूप संसारबाट । मोक्ष्यसे=मुक्त हुनेछौ ।

भावार्थ– दोषदर्शी नभएकाले तिमीलाई यो परम गोपनीय ज्ञानलाई विज्ञानसहित (रहस्यसहित) भन्छु जसलाई जानेर दु:खरूप संसारबाट मोक्ष हुनेछौ ।

राजविद्या राजगुह्यं पवित्रमिदमुत्तमम् ॥

प्रत्यक्षावगमं धर्म्यं सुसुखं कर्तुमव्ययम् ॥२॥

शब्दार्थ– इदम्=यो ज्ञान । राजविद्या=सब विद्याहरूको राजा (एवं)। पवित्रम्=अति पवित्र । राजगुह्यम्=गुह्यमा पनि परम गुह्य । उत्तमम् =उत्तम । प्रत्यक्षावगमम्=प्रत्यक्ष फलवाला । धर्म्यम्=धर्मयुक्त छ। कर्तुम्=साधन गर्नलाई । सुसुखम्=बडा सुगम (र) । अव्ययम्= =अविनाशी छ ।

भावार्थ– यो ज्ञान सब विद्याहरूको राजा, परम गुह्य, अति पवित्र, अत्युत्तम, प्रत्यक्ष अनुभव दिने, धर्मयुक्त, सुगम, अविनाशी छ ।

अश्रद्धधानाः पुरुषा धर्मस्यास्य परंतप ॥
अप्राप्य मां निवर्तन्ते मृत्युसंसारवर्त्मनि ॥३॥

शब्दार्थ– परंतप=हे परंतप ! अस्य=यो (तत्त्वज्ञान रूप) । धर्मस्य=धर्ममा । अश्रद्धधानाः=श्रद्धारहित । पुरुषः=पुरुषहरू । माम्=मलाई । अप्राप्य=नपाएर । मृत्युसंसारवर्त्मनि=मृत्युरूप संसारचक्रमा । निवर्तन्ते=भ्रमण गर्दछन् ।

भावार्थ– परंतप ! यो ज्ञान धर्ममा श्रद्धा नगर्ने मानव मलाई नपाएर मृत्युरूप संसारचक्रमा घुमिरहन्छ ।

मया ततमिदं सर्वं जगदव्यक्तमूर्तिना ॥
मत्स्थानि सर्वभूतानि न चाऽहं तेष्ववस्थितः ॥४॥
न च मत्स्थानि भूतानि पश्य मे योगमैश्वरम् ॥
भूतभृन्न च भूतस्थो ममात्मा भूतभावनः ॥५॥
यथाकाशस्थितो नित्यं वायुः सर्वत्रगो महान् ॥
तथा सर्वाणि भूतानि मत्स्थानीत्युपधारय ॥६॥

शब्दार्थ– मया=मैले । अव्यक्तमूर्तिना=सच्चिदानन्दघन परमात्माद्वारा । इदम्=यो । सर्वम्=सबै । जगत्=सृष्टि । ततम्=परिपूर्ण छ । च=र। सर्वभूतानि=सबै जीव । मत्स्थानि=मेरो अन्तर्गत संकल्पको आधारमा स्थित छन् । अहम्=म । तेषु=तिनमा । न अवस्थितः=स्थित छैनँ । च=र । भूतानि=सब भूत । मत्स्थानि=ममा स्थित छन् । मे=मेरो । योगम्=योगमायालाई (र) । ऐश्वर्यम्=प्रभावलाई । पश्य=हेर । भूतभावनः=भूतहरूको धारण-पोषण गर्ने । च=पनि । मम=मेरो । आत्मा =आत्मा । भूतस्थः=भूतहरूमा स्थित । न=छैन । यथा=जस्तो । सर्वत्रगः=सर्वत्र विचर्ने । महान्=महान् । वायुः=वायु । नित्यम्=सदा नै । आकाशस्थितः=आकाशमा स्थित छ । भूतानि=प्राणी-

हरू। मत्स्थानि=ममा स्थित छन्। इति=यस्तो। उपधारय=जान।

भावार्थ– अव्यक्त विग्रह मबाट यो सब जगत् ओतप्रोत छ र समस्त प्राणी मेरा अन्तर्गत छन्, वास्तवमा म उनमा छैनँ। ती सब प्राणी ममा स्थित छन् किन्तु मेरो योगमायाको प्रभावलाई हेर, प्राणीको धारण-पोषण गर्ने, प्राणी उत्पन्न गराउने पनि मेरो आत्मा वास्तवमा प्राणीमा स्थित छैन। सर्वत्र विचर्ने वायु सदा आकाशमै स्थित छ त्यस्तै समस्त प्राणी मैमा स्थित छन्, यस्तो जान।

सर्वभूतानि कौन्तेय प्रकृतिं यान्ति मामिकाम् ।।
कल्पक्षये पुनस्तानि कल्पादौ विसृजाम्यहम् ।।७।।

शब्दार्थ– कौन्तेय=हे अर्जुन ! कल्पक्षये=कल्पको अन्तमा। सर्वभूतानि=सब भूत। मामिकाम्=मेरी। प्रकृतिम्=प्रकृतिमा। यान्ति=प्राप्त हुन्छन्। कल्पादौ=कल्पको आदिमा। तानि=तिनलाई। अहम्=म। पुनः=फेरि। विसृजामि=रच्दछु।

भावार्थ– अर्जुन ! कल्पान्तमा समस्त प्राणी मेरी प्रकृतिमा लीन हुन्छन् र कल्पको आरम्भमा ती सबलाई मै रचना गर्दछु।

प्रकृतिं स्वामवष्टभ्य विसृजामि पुनः पुनः ।।
भूतग्राममिमं कृत्स्नमवशं प्रकृतेर्वशात् ।।८।।

शब्दार्थ— स्वाम्=आपनो। प्रकृतिम्=निर्गुणमयी मायालाई। अवष्टभ्य=अङ्गीकार गरेर। प्रकृतेः=स्वभावको। वशात्=वशबाट। अवशम्=परतन्त्र भएको। इमम्=यो। कृत्स्नम्=सम्पूर्ण। भूतग्रामम्=भूत-समुदायलाई। पुनः पुनः=बारम्बार। विसृजामि=रच्दछु।

भावार्थ– आफ्नो प्रकृतिलाई स्वीकार गरेर स्वभाव-वश परतंत्र भएको यो सम्पूर्ण प्राणी-समूहलाई पुनः पुनः रचना गर्दछु।

न च मां तानि कर्माणि निबध्नन्ति धनंजय ।।
उदासीनवदासीनमसक्तं तेषु कर्मसु ।।९।।

शब्दार्थ- धनञ्जय=हे अर्जुन ! तेषु=ती । कर्मसु=कर्महरूमा । असक्तम्=आसक्तिरहित । च=र । उदासीनवत्=उदासीनसदृश । आसीनम्=स्थित भएको । माम्=म परमात्मालाई । तानि=ती । कर्माणि=कर्महरू । न निबध्नन्ति=बाँध्दैनन् ।

भावार्थ- हे धनञ्जय ! यी सब विश्वसृष्टि आदि कर्म मलाई बन्धनमा पार्न सक्दैनन् । बन्धनको हेतु हो कर्मासक्ति, म आप्तकाम हुँ, यसकारण ममा कर्मप्रति आसक्ति छैन । अतएव उदासीनवत् रहनाको कारण मेरो कर्ममा बन्धन हुँदैन ।

मयाध्यक्षेण प्रकृतिः सूयते सचराचरम् ॥
हेतुनानेन कौन्तेय जगद्विपरिवर्तते ॥१०॥

शब्दार्थ- कौन्तेय=हे अर्जुन ! मयाध्यक्षेण=मेरो अध्यक्षताले । प्रकृतिः=मायाले । सचराचरम्=चराचरसहित सब जगत्लाई । सूयते=रच्दछ । अनेन=यो हेतुले । जगत्=यो संसार । विपरिवर्तते=आवागमनरूप चक्रमा घुम्दछ ।

भावार्थ- हे अर्जुन ! म अध्यक्षद्वारा प्रकृति सब चराचररूप जगत्लाई उत्पन्न गर्दछिन् । यो हेतुले यो जगत् परिवर्तन भैरहन्छ ।

अवजानन्ति मां मूढा मानुषीं तनुमाश्रितम् ॥
परं भावमजानन्तो मम भूतमहेश्वरम् ॥११॥

शब्दार्थ— भूतमहेश्वरम्=समस्त भूतहरूका महान् ईश्वररूप । मम=मेरो । परम्=परम । भावम्=भावलाई । अजानन्तः=नजान्ने । मूढाः=मूढहरू । मानुषीम्=मनुष्यको । तनुम्=शरीर । आश्रितम्=धारणगर्ने । माम्=म परमात्मालाई । अवजानन्ति=तुच्छ संझन्छन् ।

भावार्थ- सर्वभूतमहेश्वररूप मेरो परम तत्त्वलाई नजानेर मूर्खहरू मेरो अवज्ञा गर्दछन् । अवज्ञा गर्ने कारण यो हो कि म शुद्ध सत्त्वमय भएर पनि भक्तका इच्छाको वश भई मनुष्याकार देह धारण गर्दछु ।

मोघाशा मोघकर्माणो मोघज्ञाना विचेतसः ॥
राक्षसीमासुरीं चैव प्रकृतिं मोहिनीं श्रिताः ॥१२॥

शब्दार्थ– मोघाशाः=वृथा आशा। मोघकर्माणि=वृथा कर्म। मोघज्ञानाः=वृथा ज्ञानवाला। विचेतसः=अज्ञानीजन। राक्षसीम्=राक्षसहरूको। च=र। आसुरीम्=असुरहरूको। मोहिनीम्=मोहित गर्ने। प्रकृतिम्=स्वभावलाई। एव=नै। श्रिताः=धारण गरिएका छन्।

भावार्थ– व्यर्थ आशा, कर्म र ज्ञान भएका अज्ञानीजन राक्षस र असुरलाई मोहित गराउने प्रकृतिको नै आश्रय लिन्छन्।

महात्मानस्तु मां पार्थ दैवीं प्रकृतिमाश्रिताः ॥
भजन्त्यनन्यमनसो ज्ञात्वा भूतादिमव्ययम् ॥ १३ ॥

शब्दार्थ— तु=परन्तु। पार्थ=हे कुन्तीपुत्र ! दैवीम्=दैवी। प्रकृतिम्=प्रकृतिको। आश्रिताः=आश्रित भएका। महात्मानः=महात्माहरू। माम्=मलाई। भूतादिम्=सर्व भूतहरूको सनातन कारण। अव्ययम्=नाशरहित अक्षर स्वरूप। ज्ञात्वा=जानेर। अनन्यमनसः=अनन्य मनले युक्त भएर। भजन्ति=भज्दछन्।

भावार्थ— हे पार्थ ! दैवी सात्त्विक प्रकृति भएका महात्माजन मलाई संसारका प्राणीमात्रका मूल कारण मानेर अनन्य मनले म अविनाशीलाई एक निष्ठाले भज्दछन्।

सततं कीर्तयन्तो मां यतन्तश्च दृढव्रताः ॥
नमस्यन्तश्च मां भक्त्या नित्ययुक्ता उपासते ॥१४॥

शब्दार्थ— दृढव्रताः= दृढ निश्चय भएका भक्तजन। सततम्=निरन्तर। कीर्तयन्तः=मेरो नाम र गुणको कीर्तन गर्दै। च=तथा। यतन्तः=मेरो प्राप्तिको लागि यत्न गर्दै। च=र। माम्=मलाई। नमस्यन्तः=प्रणाम गर्दै। नित्ययुक्तः= सदा मेरो ध्यानमा लीन। भक्त्या=अनन्य भक्तिले। माम्=मलाई। उपासते=भज्दछन्।

भावार्थ— प्रभु पाउन दृढव्रत लिनेहरू अखण्ड मेरो नाम, यश कीर्तन गर्दै त्यसभित्र मलाई पाउन यत्न गर्दछन् र मलाई बारम्बार प्रणाम एवं मेरै स्मरणले मस्त हुँदै अनन्य भक्तिले मेरो उपासना गर्दछन्।

ज्ञानयज्ञेन चाप्यन्ये यजन्तो मामुपासते ॥
एकत्वेन पृथक्त्वेन बहुधा विश्वतोमुखम् ॥१५॥

शब्दार्थ— माम्=म विश्वतोमुखम्=विराट्स्वरूप परमात्मालाई। ज्ञानयज्ञेन=ज्ञानयज्ञद्वारा। यजन्तः=पूजा गर्दै। एकत्वेन=एकत्व भावले अर्थात् सबै कुरा भगवान्को हो भन्ने भावले। अन्य=अरू। पृथक्त्वेन= पृथक्त्व भावले अर्थात् स्वामी-सेवक भावले। च=र। बहुधा=वहुत प्रकारले। अपि=पनि। उपासते=उपासना गर्दछन्।

भावार्थ— कोही म व्यापक प्रभुलाई ज्ञानयज्ञद्वारा जे जति छ सबै प्रभुको हो भन्न एकत्व भावले उपासना गर्छन् त कोही स्वामी-सेवक भावले पृथक् रूपले उपासना गर्दछन्।

अहं क्रतुरहं यज्ञः स्वधाममहमौषधम् ॥
मन्त्रोऽहमहमेवाज्यमहमग्निरहं हुतम् ॥१६॥

शब्दार्थ— क्रतुः=श्रौतकर्म। अहम्=म हुँ। यज्ञः=यज्ञ। अहम्=मै हुँ। स्वधा=पितृहरूको लागि दिइने अन्न। औषधम्=औषधि। अहम्= म हुँ। मन्त्रः=मन्त्र। अहम्=म हुँ। आज्यम्=घृत। अहम्=म हुँ। अग्निः=अग्नि। अहम्=म हुँ। हुतम्=हवनरूप क्रिया। अहम्=म। एव=नै हुँ।

भावार्थ— यज्ञको संकल्प मै हुँ, यज्ञ मै हुँ, यज्ञद्वारा पितृहरूको आधार मै हुँ, यज्ञको वनस्पति मै हुँ, मन्त्र मै हुँ, आहुति मै हुँ, अग्नि मै हुँ, हवनद्रव्य मै हुँ।

पिताहमस्य जगतो माता धाता पितामहः ॥
वेद्यं पवित्रमोंकार ऋक्साम यजुरेव च ॥१७॥

शब्दार्थ— अस्य=यो। जगतः=सम्पूर्ण जगत्को। धाता=धारण-पोषण

गर्ने र कर्मको फल दिने। पिता=पिता। माता=माता। पितामहः= बाजे। च=र। वेद्यम्=जान्न योग्य। पवित्रम्=पवित्र। ओंकारः= ॐकार। ऋक्=ऋग्वेद। सामः=सामवेद। यजुः=यजुर्वेद। अहम्= म। एव=नै हुँ।

भावार्थ— यो जगत्‌को पिता म, माता म, धाता म, पितामह म, जान्न-योग्य कुरा म, पवित्र ॐकार म, ऋग्वेद, सामवेद, यजुर्वेद पनि मै हुँ।

गतिर्भर्ता प्रभुः साक्षी निवासः शरणं सुहृत् ॥
प्रभव. प्रलयः स्थानं निधानं बीजमव्ययम् ॥१८॥

शब्दार्थ— गतिः=प्राप्त हुन योग्य। भर्ता=भरण-पोषण गर्ने। प्रभुः= सबका स्वामी। साक्षी=शुभाशुभ देख्ने। निवासः=सबको वासस्थान। शरणम्=शरण लिन योग्य (तथा)। स्थानम्=सबको आधार। निधानम्=प्रलयकालमा सम्पूर्ण भूत सूक्ष्म रूपमा जसमा लय हुन्छन्। अव्ययम्=अविनाशी। बीजम्=कारण पनि मै हुँ।

भावार्थ— गति, भर्ता, प्रभु, साक्षी, सबको निवास, शरण, सुहृत्, उत्पत्ति, प्रलय, आधार, निधान, अविनाशी, बीज पनि मै हुँ।

तपाम्यहमहं वर्षं निगृह्णाम्युत्सृजामि च ॥
अमृतं चैव मृत्युश्च सदसच्चाहमर्जुन ॥१९॥

शब्दार्थ— अहम्=म (नै)। तपामि=सूर्य रूपले तपाउँछु। वर्षम्= वर्षालाई। निगृमिह्णा=थाम्दछु। च=र। उत्सृजामि=वर्षाउँछु। च=र। अर्जुन=हे अर्जुन! अहम्=म (नै)। अमृतम्=अमृत। च=र। मृत्युः=मृत्यु। सत्=सत्। च=र। असत्=असत् (पनि)। अहम्=म नै हुँ।

भावार्थ— घाम लगाउँछु, वर्षालाई मै रोक्तछु र म नै वर्षाउँछु। अमरता म हुँ र मृत्यु पनि मै हुँ र हे अर्जुन! सत् तथा असत् पनि म नै हुँ।

त्रैविद्या मां सोमपाः पूतपापा यज्ञैरिष्ट्वा स्वर्गतिं प्रार्थयन्ते ॥
ते पुण्यमासाद्य सुरेन्द्रलोकमश्नन्ति दिव्यान्दिवि देवभोगान् ॥२०॥

शब्दार्थ— त्रैविद्याः=तीनवटै वेदमा विधान गरिएको सकाम कर्म गर्ने (र)। सोमापाः=सोमरस प्यूँने (एवं)। पूतपापाः=पापबाट पवित्र भएका व्यक्तिले। माम्=मलाई। यज्ञैः=यज्ञद्वारा। इष्ट्वा=पुजेर। स्वर्गतिम्=स्वर्गको प्राप्तिलाई। प्रार्थयन्ते=चाहन्छन्। ते=ती। पुण्यम्=आफ्नो पुण्यको फलरूप। सुरेन्द्रलोकम्=इन्द्रलोकलाई। आसाद्य=पुगेर। दिवि=स्वर्गमा। दिव्यान्=दिव्य। देवभोगान्=देवताहरूका भोगहरूलाई। अश्नन्ति=भोग्दछन्।

भावार्थ- तीन वेदका ज्ञाता, सोमरस पान गर्ने, पापले रहित (पुण्यात्मा) व्यक्ति यज्ञद्वारा मेरो पूजा गरेर स्वर्गप्राप्तिको लागि प्रार्थना गर्दछन्, तिनीहरू पुण्यद्वारा इन्द्रलोक पुगेर स्वर्गमा देवताहरूको स्वर्गीय भोग भोग गर्दछन्।

ते तं भुक्त्वा स्वर्गलोकं विशालं क्षीणे पुण्ये मर्त्यलोकं विशन्ति ॥
एवं त्रयीधर्ममनुप्रपन्ना गतागतं कामकामा लभन्ते ॥२१॥

शब्दार्थ— ते=ती। तम्=त्यो। विशालम्=विशाल। स्वर्गलोकम्=स्वर्गलोक। भुक्त्वा=भोगेर। पुण्ये क्षीणे=पुण्य क्षीण भएपछि। मर्त्यलोकम्=मृत्युलोकमा। विशन्ति=प्राप्त हुन्छन्। एवम्=यसप्रकार। त्रयीधर्मम्=तीन वेदमा भनिएको सकाम कर्मको। अनुप्रपन्ना=शरण भएर (र)। कामकामाः=भोगहरूको कामना गर्ने व्यक्ति। गतागतम्=आवागमनमा। लभन्ते=प्राप्त हुन्छन्।

भावार्थ- उपर्युक्त यज्ञ गर्ने व्यक्तिहरू विशाल स्वर्गलोकको सुखभोग गरेर पुण्य कर्मको भोग समाप्त भएपछि कामनाका इच्छुकहरू संसारमा बारबार जन्म लिंदै, मर्दै गर्दछन्।

अनन्याश्चिन्तयन्तो मां ये जनाः पर्युपासते ॥
तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम् ॥२२॥

शब्दार्थ– ये=जो। अनन्याः=अनन्यभावले ममा स्थित भएका। जनाः =भक्तजन। माम्=म परमेश्वरलाई। चिन्तयन्तः=निरन्तर चिन्तना गर्दै। पर्युपासते=निष्काम भावले भज्दछन्। तेषाम्=ती। नित्याभियुक्तानाम्=नित्य एकीभावले ममा स्थित भएका जनहरूको। योगक्षेमम्=योगक्षेम। अहम्=म स्वयं। वहामि=प्राप्त गर्दिन्छु।

भावार्थ– जो सब छाडी मलाई संझँदै निष्कामभावले उपासना गर्दछन् ती नित्य एकीभावमा रहनेलाई मात्र म योगक्षेम प्रदान गर्दछु।

येऽप्यन्यदेवता भक्ता यजन्ते श्रद्धयान्विताः ॥
तेऽपि मामेव कौन्तेय यजन्त्यविधिपूर्वकम् ॥२३॥

शब्दार्थ– कौन्तेय= हे अर्जुन ! अपि=यद्यपि। श्रद्धया=श्रद्धाले। अन्विताः=युक्त भएका। ये=जो। भक्ताः=सकामी भक्त। अन्यदेवताः=अरू देवताहरूको। यजन्ते=पुज्दछन्। ते=ती। अपि= पनि। अविधिपूर्वकम्=अज्ञानपूर्वक। माम् मलाई। एव=नै। यजन्ति =पुज्दछन्।

भावार्थ– जो श्रद्धापूर्वक र भक्तियुक्त भएर यज्ञमा इन्द्रादि देवताहरूको उपासना गर्दछन् ती अविधिपूर्वक मेरो नै उपासना गर्दछन्।

अहं हि सर्वयज्ञानां भोक्ता च प्रभुरेव च ॥
न तु मामभिजानन्ति तत्त्वेनातश्च्यवन्ति ते ॥२४॥

शब्दार्थ– हि=किनकि। सर्वयज्ञानाम्=सम्पूर्ण यज्ञहरूको। भोक्ता= भोग्ने। च=र। प्रभुः=स्वामी। च=पनि। अहम्=म। एव=नै (हुँ)। तु=परन्तु। ते=ती। माम्=मलाई। तत्त्वेन=तत्त्वले। न अभिजानन्ति=जान्दैनन्। अतः=यसैले। च्यवन्ति=गिर्दछन्।

भावार्थ– किनकि समस्त यज्ञको भोक्ता, स्वामी पनि मै हुँ, परन्तु तत्त्वले मलाई जान्दैनन् यसैले तिनलाई पुनर्जन्ममा आउनुपर्छ।

यान्ति देवव्रता देवान्पितॄन्यान्ति पितृव्रताः ॥
भूतानि यान्ति भूतेज्या यान्ति मद्याजिनोऽपि माम् ॥२५॥

शब्दार्थ– देवव्रताः=देवता पुज्ने । देवान्=देवताहरूलाई । यान्ति= प्राप्त हुन्छन् । पितृव्रताः=पितृहरूलाई पुज्ने । पितृम्=पितृहरूलाई । यान्ति=प्राप्त हुन्छन् । भूतेज्याः=भूतहरूलाई पुज्ने । भूतानि=भूतहरू-लाई । यान्ति=प्राप्त हुन्छन् (र) । मद्याजिनः=मेरा भक्त । माम्= मलाई । अपि=पनि । यान्ति =प्राप्त हुन्छन् ।

भावार्थ– देवता पुज्ने देवता, पितृ पुज्ने पितृ र भूत पुज्ने भूतै हुन जान्छन् र मलाई पुज्ने मैमा प्राप्त हुन्छन् ।

पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति ॥
तदहं भक्त्युपहृतमश्नामि प्रयतात्मनः ॥२६॥

शब्दार्थ– पत्रम्=पत्र । पुष्पम्=फूल । फलम्=फल । तोयम=जल । यः=जो । मे=मेरा लागि । भक्त्या=प्रेमले । प्रयच्छति= अर्पण गर्दछ । प्रयतात्मनः=त्यो शुद्ध बुद्धि निष्काम प्रेमी भक्तको । भक्त्युपहृतम्=प्रेमपूर्वक अर्पण गरेको । तत्=त्यो (पत्र-पुष्प) । अहम्=म । अश्नामि=खान्छु ।

भावार्थ– जो मलाई भक्तिपूर्वक पत्र, पुष्प, फल, जल प्रदान गर्दछ त्यो विशुद्ध अन्तःकरण भएको व्यक्तिको प्रेमपूर्वक समर्पित ती कुराहरू म ग्रहण गर्दछु ।

यत्करोषि यदश्नासि यज्जुहोसि ददासि यत् ॥
यत्तपस्यसि कौन्तेय तत्कुरुष्व मदर्पणम् ॥२७॥

शब्दार्थ– कौन्तेय=हे अर्जुन ! (तिमी) यत्=जे-जति । करोषि=कर्म गर्दछौ । यत्=जो । अश्नासि=खान्छौ । यत्=जो । जुहोसि= हवन गर्छौं । यत्=जो । ददासि=दिन्छौ । यत्=जो । तपस्यसि=तप गर्दछौ । तत्=त्यो सब । मदर्पणम्=मेरो अर्पण । कुरुष्व=गर ।

भावार्थ– अर्जुन ! तिमी जे गर्छौं, जे खान्छौ, जे होम्छौ, जे दान दिन्छौ, जे तपस्या गर्छौं त्यो सब ममा अर्पण गर ।

शुभाशुभफलैरेवं मोक्ष्यसे कर्मबन्धनैः ।।
संन्यासयोगयुक्तात्मा विमुक्तो मामुपैष्यसि ।।२८।।

शब्दार्थ– एवम्=यसप्रकार । संन्यासयोगयुक्तात्मा=संन्यास योगले युक्त भएका (तिमी) । शुभाशुभफलैः=शुभ-अशुभफलको । कर्मबन्धनैः=कर्मबन्धनले । मोक्ष्यसे=मुक्त हुनेछौ (र) । विमुक्तः=मुक्त भएर । माम्=मलाई । उपैष्यसि=प्राप्त हुनेछौ ।

भावार्थ– संन्यास योगमा लागिपर्दा तिमी शुभाशुभफलरूप कर्मबन्धनबाट मुक्त हुँदै मकहाँ आइपुग्नेछौ ।

समोऽहं सर्वभूतेषु न मे द्वेष्योऽस्ति न प्रियः ।।
ये भजन्ति तु मां भक्त्या मयि ते तेषु चाप्यहम् ।।२९।।

शब्दार्थ— अहम्=म । सर्वभूतेषु=सब प्राणीहरूमा । समः=समभावले व्याप्त छु । न=न कोही । मे=मेरा । द्वेष्यः=अप्रिय । अस्ति=छन् (र) । न=न । प्रियः=प्रिय छन् । तु=परन्तु । ये=जो । माम्=मलाई । भक्त्या=प्रेमले । भजन्ति=भज्दछन् । ते=ती । मयि=ममा । च=र । अहम्=म । अपि=पनि । तेषु=तिनमा (प्रत्यक्ष प्रकट) छु ।

भावार्थ— म सब प्राणीहरूमा समभावले रहन्छु, न कोही मेरा अप्रिय छन्, न प्रिय । किन्तु जो व्यक्ति भक्तिपूर्वक मलाई भज्दछन् ती ममा हुन्छन् र म पनि तिनमा हुन्छु ।

अपि चेत्सुदुराचारो भजते मामनन्यभाक् ।।
साधुरेव स मन्तव्यः सम्यग्व्यवसितो हि सः ।।३०।।

शब्दार्थ— चेत्=यदि । सुदुराचारः=अतिशय दुराचारी । अपि=पनि । अनन्यभाक्=अनन्यभावले मेरो भक्त भएको । माम्=मलाई । भजते=भज्दछ । सः=त्यो । सम्यक् व्यवसितः=यथार्थ निश्चयवाला हो ।

भावार्थ— यदि कोही अतिशय दुराचारी छ तापनि एकीभावबाट मलाई अखण्ड रूपले भज्दछ भने त्यो साधु भनिन योग्य छ। किनकि त्यो

यथार्थ निश्चयवाला हुन्छ ।

क्षिप्रं भवति धर्मात्मा शश्वच्छान्ति निगच्छति ॥
कौन्तेय प्रति जानीहि न मे भक्तः प्रणश्यति ॥३१॥

शब्दार्थ— क्षिप्रम्=शीघ्र नै । धर्मात्मा=धर्मात्मा । भवति=हुन्छ । शश्वत्=सदा रहने । शान्तिम्=शान्ति । निगच्छति=प्राप्त हुन्छ । कौन्तेय=हे अर्जुन ! प्रति=निश्चयपूर्वक सत्य । जानीहि=जान (कि) । मे=मेरो । भक्तः=भक्त । न प्रणश्यति=नष्ट हुँदैन ।

भावार्थ—त्यो शीघ्र नै धर्मात्मा भैहाल्छ र नित्य साथ रहने शान्ति प्राप्त गर्दछ । अर्जुन ! तिमी यो कुरा निश्चय गरी जान कि मेरा भक्त कदापि नष्ट हुँदैनन् ।

मां हि पार्थ व्यपाश्रित्य येऽपि स्युः पापयोनयः ॥
स्त्रियो वैश्यास्तथा शूद्रास्तेऽपि यान्ति परां गतिम् ॥३२॥

शब्दार्थ-- हि=किनकि । पार्थ=हे अर्जुन ! स्त्रियः=स्त्रीहरू । वैश्याः=वैश्य । शूद्राः=शूद्रादिक । तथा=र । पापयोनयः=पापयोनिवाला । अपि=पनि । ये=जो कोही । स्युः=हुन्छन् । ते=ती । अपि=पनि । माम्=मलाई । व्यपाश्रित्य=शरण भएर । पराम्=परम । गतिम्=गति । यान्ति=प्राप्त हुन्छन् ।

भावार्थ--अर्जुन ! स्त्री, शूद्र, वैश्य तथा पापयोनिहरू पनि जो कोही हुन् ती पनि मेरो शरण परे भने परम गति प्राप्त गर्दछन् ।

किं पुनर्ब्राह्मणाः पुण्या भक्ता राजर्षयस्तथा ॥
अनित्यमसुखं लोकमिमं प्राप्य भजस्व माम् ॥३३॥

शब्दार्थ-- पुनः=फेरि । किम्=के । पुण्याः=पुण्यशील । ब्राह्मणाः=ब्राह्मणजन । तथा=र । राजर्षयः=राजऋषि । भक्ताः=भक्तजन (परम गति प्राप्त गर्छन् अतः) । असुखम्=सुखरहित (र) । अनित्यम्=क्षणभंगुर । इदम्=यो । लोकम्=मनुष्यशरीरलाई । प्राप्य=पाएर ।

माम्=मलाई। भजस्व=निरन्तर भजन गर।

भावार्थ-- फेरि जो पुण्ययोनि ब्राह्मण र राजर्षि भक्त छन्, तिनलाई भन्न नै के पर्छ र ! यसैले हे अर्जुन ! यो सुखरहित, अनित्य लोकलाई पाएर मलाई भज।

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु ।।
मामेवैष्यसि युक्त्वैवमात्मानं मत्परायणः ।।३४।।

शब्दार्थ-- मन्मना=ममा मन लगाउने। भव=होऊ। मद्भक्तः=मेरो भक्त बन। मद्याजी=मलाई पुज्ने होऊ। माम्=मलाई। नमस्कुरु=नमस्कार गर। एवम्=यस प्रकार। आत्मानम्=आत्मालाई। युक्त्वा=युक्त गरेर। मत्परायणः=मेरो परायण भएका। (तिमी)। माम्=मलाई। एव=नै। एष्यसि=प्राप्त हुनेछौ।

भावार्थ--ममा मन लगाऊ, मेरो भक्त बन, मेरो पूजा गर, मलाई नमस्कार गर, यस प्रकार मत्परायण भएर आत्मालाई ममा युक्त गरेर मलाई प्राप्त गर।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे राजविद्याराजगुह्ययोगो नाम नवमोऽध्यायः ।।९।।

श्रीमद्भगवद्गीताको राजविद्याराजगुह्ययोग नामक नवौं अध्याय समाप्त भयो।

अथ दशमोऽध्यायः

(अब दशौं अध्याय)

श्रीभगवानुवाच=श्रीभगवान् भन्नुहुन्छ ।

भूय एव महाबाहो शृणु मे परमं वचः ॥
यत्तेऽहं प्रीयमाणाय वक्ष्यामि हितकाम्यया ॥१॥

शब्दार्थ-- महाबाहो=हे महाबाहो ! भूयः=फेरि। एव=नै। मे=मेरो। परमम्= परम (रहस्य र प्रभावकारी)। वचः=वचन । शृणु=सुन। यत्=जो। अहम्=म । ते=तिमीलाई । प्रीयमाणाय=अतिशय प्रेम राख्नेहरूका लागि । हितकाम्यया=हितको इच्छाले । वक्ष्यामि= भन्नेछु ।

भावार्थ-- हे महाबाहो ! फेरि पनि तिमी मेरो श्रेष्ठ वचन सुन जो म तिमी जस्तो अतिशय प्रेम गर्नेका लागि कल्याणको कामना गर्दै भन्दछु ।

न मे विदुः सुरगणाः प्रभवं न महर्षयः ॥
अहमादिर्हि देवानां महर्षीणां च सर्वशः ॥२॥

शब्दार्थ--मे=मेरो । प्रभवम्=उत्पत्तिलाई अर्थात् विभूतिसहित लीलाद्वारा प्रकट हुनलाई । न=न। सुरगणाः=देवतागण । विदुः= जान्दछन् (र)। न=न त। महर्षयः=महर्षिगण नै। विदुः=जान्दछन्। हि=किनकि। अहम्=म । सर्वशः= सब प्रकारले । देवानाम्= देवताहरूको। च=र। महर्षीणाम्=महर्षिहरूको (पनि)। आदिः= आदिकारण हुँ।

भावार्थ— मेरो उत्पत्ति न देवताहरू जान्दछन्, न महर्षिहरू नै। किनकि म सब प्रकारले देवताहरूको र महर्षिहरूको पनि आदिकारण हुँ।

यो मामजमनादिं च वेत्ति लोकमहेश्वरम्॥
असंमूढः स मर्त्येषु सर्वपापैः प्रमुच्यते ॥३॥

शब्दार्थ— यः=जो। माम्=मलाई। अजम्=अजन्मा। अनादिम्=अनादि। च=तथा। लोकमहेश्वरम्=लोकहरूका सर्वश्रेष्ठ। वेत्ति=तत्त्वद्वारा जान्दछ। सः=त्यो। मर्त्येषु=मनुष्यहरूमा। असंमूढः=ज्ञानवान् व्यक्ति। सर्वपापैः=सब पापले। प्रमुच्यते=मुक्त हुन्छ।

भावार्थ— जो व्यक्ति मलाई अजन्मा अर्थात् वास्तवमा जन्मरहित र लोकहरूको महान् ईश्वर भनेर जान्दछ त्यो मनुष्यहरूमा ज्ञानवान् व्यक्ति हो, त्यो सबै पापले मुक्त हुन्छ।

बुद्धिर्ज्ञानमसंमोहः क्षमा सत्यं दमः शमः॥
सुखं दुःखं भवोऽभावो भयं चाभयमेव च ॥४॥
अहिंसा समता तुष्टिस्तपो दानं यशोऽयशः॥
भवन्ति भावा भूतानां मत्त एव पृथग्विधाः॥५॥

शब्दार्थ— बुद्धिः=निश्चय गर्ने शक्ति। ज्ञानम्=तत्त्वज्ञान र। असंमोहः=अमूढता। क्षमा= क्षमा। सत्यम्=सत्य तथा। दमः=इन्द्रियहरूलाई वशमा ल्याउनु र। शमः=मनको निग्रह तथा। सुखम्=सुख। दुःखम्=दुःख। भवः=उत्पत्ति। अभावः=विनाश। च=र। भयम्=डर। अभयम्=अभय। एव=नै। अहिंसा=हिंसा नगर्नु अर्थात् कष्ट नदिनु। समता=समानता। तुष्टिः=सन्तोष। तपः=तप। दानम्=दान। यशः=कीर्ति र। अयशः=अपकीर्ति। एवम्=यस्तै। भूतानाम्=प्राणीहरूका। पृथग्विधाः=नाना प्रकारका। भावाः=भाव। मत्तः=ममा। एव=नै। भवन्ति=हुन्छन्।

भावार्थ— निश्चय गर्ने शक्ति, यथार्थ ज्ञान, असंमूढता, क्षमा, सत्य,

इन्द्रियहरूलाई वश गर्नु, मनको निग्रह तथा सुख, दुःख, उत्पत्ति, विनाश, भय, अभय तथा अहिंसा, समता, सन्तोष, तप, दान, कीर्ति र अपकीर्ति यस्ता यी प्राणीहरूका भाव ममा नै हुन्छन् ।

महर्षयः सप्त पूर्वे चत्वारो मनवस्तथा ॥
मद्भावा मानसा जाता येषां लोक इमाः प्रजाः ॥६॥

शब्दार्थ— सप्त=सात । महर्षयः=महर्षिगण । र । चत्वारः=चार । पूर्वे=पूर्वमा हुने । तथा=र । मनवः=स्वायंभुव आदि मनु । एते=यी । मद्भावाः=ममा भाव भएका । मानसा जाता=मेरो संकल्पबाट उत्पन्न भएका छन् कि । येषाम्=जसको । लोके=संसारमा । इमाः प्रजाः= यी सम्पूर्ण प्रजा छन् ।

भावार्थ— सप्तर्षि, त्योभन्दा पहिले सनकादिक चार र चौध मनु मेरो संकल्पबाट उत्पन्न भए र उनीहरूबाट लोकहरू उत्पन्न भएका छन् ।

एतां विभूतिं योगं च मम यो वेत्ति तत्त्वतः ॥
सोऽविकम्पेन योगेन युज्यते नात्र संशयः ॥७॥

शब्दार्थ— यः=जो । एताम्=यो । मम=मेरो । विभूतिम्=परमैश्वर्य रूप विभूतिलाई । च=र । योगम्=योगशक्तिलाई । तत्त्वतः=तत्त्वले । वेत्ति=जान्दछ । सः=त्यो । अविकम्पेन=निश्चल । योगेन=ध्यान-योगद्वारा । युज्यते=स्थित हुन्छ ।

भावार्थ— अहिले भन्न लागेको मेरो यो परम विभूति र योगलाई जसले ठीक साक्षात्कार गर्दछ उसलाई सुदृढ योग प्राप्ति हुन्छ, यसमा कत्ति पनि संशय छैन।

अहं सर्वस्य प्रभवो मत्तः सर्वं प्रवर्तते ॥
इति मत्वा भजन्ते मां बुधा भावसमन्विताः ॥८॥

शब्दार्थ— अहम्=म । सर्वस्य=सम्पूर्ण जगत्को । प्रभवः=उत्पत्तिको कारण हुँ । र । मत्तः=मबाट नै । सर्वम्=सब जगत् । प्रवतते=चेष्टा

गर्दछ । इति=यस प्रकार । मत्वा=ठानेर । भावसमन्विताः=श्रद्धा र भक्तिले युक्त भएका । बुधाः=बुद्धिमान् भक्तजन । माम्= म परमेश्वरलाई नै । भजन्ते=निरन्तर भज्दछन् ।

भावार्थ— म सबको उत्पत्तिको कारण हुँ र सब मबाट नै प्रवृत्त हुन्छन् । यो बुझेर समझदार व्यक्ति भावपूर्वक मलाई भज्दछन् ।

मच्चित्ता मद्गतप्राणा बोधयन्तः परस्परम् ॥
कथयन्तश्च मां नित्यं तुष्यन्ति च रमन्ति च ॥९॥

शब्दार्थ— मच्चित्ताः=निरन्तर ममा मन लगाउनेहरू । मद्गतप्राणाः= ममा नै प्राण अर्पण गर्नेहरू । नित्यम्=सधैं । परस्परम्=आपसमा । बोधयन्तः=मेरो प्रभाव जान्दै । च=तथा । माम्=मेरो । कथयन्तः= कथन गर्दै । च=पनि । तुष्यन्ति=सन्तुष्ट हुन्छन् । च=र । रमन्ति= निरन्तर रमण गर्दछन् ।

भावार्थ— निरन्तर ममा मन लगाउने र ममा प्राण अर्पण गर्ने भक्त मेरो भक्तिको चर्चाद्वारा आपसमा मेरो प्रभाव जानेर सन्तुष्ट हुन्छन् र म वासुदेवमा नै निरन्तर रमण गर्दछन् ।

तेषां सततयुक्तानां भजतां प्रीतिपूर्वकम् ॥
ददामि बुद्धियोगं तं येन मामुपयान्ति ते ॥१०॥

शब्दार्थ— तेषाम्=ती । सततयुक्तानाम्=निरन्तर मेरो ध्यानमा लागेका । प्रीतिपूर्वकम्=प्रेमपूर्वक । भजताम्=भज्ने भक्तलाई । तम्= त्यो । बुद्धियोगम्=तत्त्वज्ञानरूप योग । ददामि=दिन्छु । येन= जसद्वारा । ते=ती । माम्=मलाई । उपयान्ति=प्राप्त हुन्छन् ।

भावार्थ— निरन्तर ममा लागेका मलाई नै प्रेमपूर्वक भज्नेलाई आत्म-साक्षात्काररूपी बुद्धियोग प्राप्त गरिदिन्छु जसबाट उनीहरू मलाई प्राप्त गर्दछन् ।

तेषामेवानुकम्पार्थमहमज्ञानजं तमः ॥
नाशयाम्यात्मभावस्थो ज्ञानदीपेन भास्वता ॥११॥

शब्दार्थ— तेषाम्=तिनीहरूलाई । अनुकम्पार्थम्=अनुग्रह गर्नका लागि । एव=नै । अहम्=म स्वयं । आत्मभावस्थ:=अन्त:करण एकीभावमा स्थित भएका । अज्ञानजम्=अज्ञानबाट उत्पन्न भएको । तम:=अन्धकारलाई । भास्वता=प्रकाशमय । ज्ञानदीपेन=तत्त्वज्ञानरूप दीपकद्वारा । नाशयामि=नाश गर्दछु ।

भावार्थ— उनीहरूमाथि अनुग्रह गर्नका लागि उनीहरूकै अन्त:करणमा स्थित भएको म स्वयं नै उनीहरूको अज्ञानजनित अन्धकारलाई प्रकाशमय तत्त्वज्ञान रूप दीपकद्वारा नष्ट गरिदिन्छु अर्थात् अन्धकारमा प्रकाश लिएर जान्छु ।

अर्जुन उवाच=अर्जुन भन्दछन् ।

परं ब्रह्म परं धाम पवित्रं परमं भवान् ॥
पुरुषं शाश्वतं दिव्यमादिदेवमजं विभुम् ॥१२॥
आहुस्त्वामृषय: सर्वे देवर्षिनारदस्तथा ॥
असितो देवलो व्यास: स्वयं चैव ब्रवीषि मे ॥१३॥

शब्दार्थ— भवान्=हजूर । परम्=परम । ब्रह्म=ब्रह्म । र । परम्=परम । धाम=धाम । एवं । परमम्=अत्यन्त । पवित्रम्=पवित्र हुनुहुन्छ । किनभने । त्वाम्=हजूरलाई । सर्वे=सबै । ऋषय:=महर्षिजन । शाश्वतम्=सनातन । दिव्यम्=दिव्य । पुरुषम्=पुरुष । एवं । आदिदेवम्=देवताहरूका पनि आदिदेव । अजम्=अजन्मा । र । विभुम्=सर्वव्यापी । आहु:=भन्दछन् । तथा=त्यस्तै । देवर्षि:=देवऋषि । नारद:=नारद । तथा । अशित:=असित । र । देवल:=वैदिक छन्द रच्ने ऋषि । तथा । व्यास:=महर्षि व्यास । च=र । स्वयम्=खुद आफैं । एव=नै । मे=मेरा प्रति । ब्रवीषि=भन्नुहुन्छ ।

भावार्थ— हजूर परं ब्रह्म, परं धाम, परम पवित्र हुनुहुन्छ । हजूरलाई सबै ऋषिहरूले– देवर्षि नारद तथा असित देवल व्यासले नित्य दिव्य पुरुष, आदिदेव र अज, व्यापक भनेका छन् । हजूर स्वयं पनि मसँग यस्तो

भनिरहनुभएको छ।

सर्वमेतदृतं मन्ये यन्मां वदसि केशव ॥
न हि ते भगवन्व्यक्तिं विदुर्देवा न दानवाः ॥१४॥

शब्दार्थ-- केशव=हे केशव ! यत्=जो । माम्=म प्रति । वदसि= भन्नुहुन्छ । एतत्=यो । सर्वम्=सबैलाई । म । ऋतम्=सत्य । मन्ये=मान्दछु । भगवन्=हे भगवन् ! ते=हजूरको । व्यक्तिम्= लीलामय स्वरूपलाई । न=न । दानवाः=दानवहरू । न=न । देवाः= देवताहरू । हि=नै । विदुः=जान्दछन् ।

भावार्थ-- हे केशव ! मप्रति हजूर जे जति आज्ञा हुन्छ त्यो सबलाई सत्य मान्दछु । हे भगवन् ! हजूरको लीलामय स्वरूपलाई न त दानव जान्दछन् न देवता नै ।

स्वयमेवात्मनात्मानं वेत्थ त्वं पुरुषोत्तम ॥
भूतभावन भूतेश देवदेव जगत्पते ॥१५॥

शब्दार्थ-- भूतभावन=हे प्राणी उत्पन्न गर्ने प्रभु ! भूतेश= हे जीवका ईश्वर ! देवदेव=हे देवताका देवता ! जगत्पते=हे जगत्का स्वामी ! पुरुषोत्तम=हे पुरुषोत्तम ! त्वम्=हजूर । स्वयम्=स्वयं । एव=नै । आत्मना=आफैंद्वारा । आत्मानम्=आफूलाई । वेत्थ=जान्नुहुन्छ ।

भावार्थ-- हे पुरुषोत्तम ! हे भूतभावन ! हे जीवेश्वर ! हे देवाधिदेव ! हे जगत्का स्वामी ! हजूर स्वयं नै आफूद्वारा आफैंलाई जान्नुहुन्छ ।

वक्तुमर्हस्यशेषेण दिव्या ह्यात्मविभूतयः ॥
याभिर्विभूतिभिर्लोकानिमांस्त्वं व्याप्य तिष्ठसि ॥१६॥

शब्दार्थ-- त्वम्=हजूर । हि=नै । दिव्या आत्मविभूतयः=आफ्ना दिव्य विभूतिहरूलाई । अशेषेण=सम्पूर्णताले । वक्तुम्=भन्न । अर्हसि= योग्य हुनुहुन्छ । याभिः=जुन । विभूतिभिः=विभूतिहरूद्वारा । इमान्=यी सब । लोकान्=लोकहरूलाई । व्याप्य=ढाकेर । तिष्ठसि=रहनुहुन्छ ।

भावार्थ– आफ्नो जुन अद्‌भुत विभूतिहरूद्वारा हजूर सारा लोकहरूमा व्यास भएर रहनुहुन्छ। ती सब दिव्य विभूतिहरूलाई बताउन हजूर नै समर्थ हुनुहुन्छ।

कथं विद्यामहं योगिंस्त्वां सदा परिचिन्तयन् ॥
केषु केषु च भावेषु चिन्त्योऽसि भगवन्मया ॥१७॥

शब्दार्थ— योगिन्=हे योगेश्वर! अहम्=म। कथम्=कसरी। सदा=निरन्तर। परिचिन्तयन्=चिन्तन गर्दै। त्वाम्=हजूरलाइ। विद्याम्=जानूँ। च=र। भगवन्=हे भगवन्! केषु केषु=कुन कुन। भावेषु=भावमा। मया=मैंले। चिन्त्यः=चिन्तन गर्ने योग्य। असि=हुनुहुन्छ।

भावार्थ—हे योगिन्! हजूरको नित्य चिन्तन गर्दा हजूरलाई म कसरी चिन्न सक्छु? हे भगवन्! कुन कुन रूपमा हजूरको चिन्तन गर्नुपर्दछ?

विस्तरेणात्मनो योगं विभूतिं च जनार्दन ॥
भूयः कथय तृप्तिर्हि शृण्वतो नास्ति मेऽमृतम् ॥१८॥

शब्दार्थ-- जनार्दन=हे जनार्दन! आत्मनः=आफ्नो। योगम्=योगशक्तिलाई। च=र। विभूतिम्=विभूतिलाई। भूयः=फेरि पनि। विस्तरेण=विस्तारपूर्वक। कथय=भन्नुहोस्। हि=किनकि। हजूरको। अमृतम्=अमृतमय वचनलाई। शृण्वतः=सुन्दै। मे=मेरो। तृप्तिः=तुष्टि। नास्ति=हुँदैन।

भावार्थ--हे जनार्दन! आफ्नो योगशक्ति र आफ्नो विभूतिको वर्णन मसँग फेरि विस्तारपूर्वक गर्नुहोस्। हजूरको अमृतमय वाणी जति सुने पनि तृप्ति हुँदैन।

श्रीभगवानुवाच=श्रीभगवान् भन्नुहुन्छ।

हन्त ते कथयिष्यामि दिव्या ह्यात्मविभूतयः ॥
प्राधान्यतः कुरुश्रेष्ठ नास्त्यन्तो विस्तरस्य मे ॥१९॥

शब्दार्थ— कुरुश्रेष्ठ=हे कुरुवंशका श्रेष्ठ पुरुष ! हन्त=अब म। ते=तिम्रो लागि। दिव्या आत्मविभूतयः=आफ्ना दिव्य विभूतिहरूलाई। प्राधान्यतः=प्रधानताले। कथयिष्यामि=भन्नेछु। हि=किनकि। मे=मेरो। विस्तरस्य=विस्तारको। अन्तः=अन्त। नास्ति=छैन।

भावार्थ--हे कुरुश्रेष्ठ ! अब आफ्ना दिव्य विभूतिहरू प्रधान रूपले तिमीलाई वताउनेछु, किनकि मेरा विभूतिहरूको अन्त छैन।

अहमात्मा गुडाकेश सर्वभूताशयस्थितः ॥
अहमादिश्च मध्यं च भूतानामन्त एव च ॥२०॥

शब्दार्थ-- गुडाकेश=हे अर्जुन ! अहम्=म। सर्वभूताशयस्थितः=सबै प्राणीहरूको हृदयमा स्थित। आत्मा=सबको आत्मा हुँ। च=तथा। भूतानाम्=समस्त प्राणीहरूको। आदिः=आरम्भ। मध्यम्=मध्य। च=र। अन्तः=अन्त। च=पनि। अहम्=म। एव=नै हुँ।

भावार्थ-- हे अर्जुन ! म सब प्राणीहरूको भित्र रहने आत्मा हुँ र म नै प्राणीहरूको आदि, अन्त र मध्य पनि हुँ।

आदित्यानामहं विष्णुर्ज्योतिषां रविरंशुमान् ॥
मरीचिर्मरुतामस्मि नक्षत्राणामहं शशी ॥२१॥

शब्दार्थ-- अहम्=म। आदित्यानाम्=अदितिका पुत्रहरूमा। विष्णुः=विष्णु। र। ज्योतिषाम्=ज्योतिहरूमा। अंशुमान्=किरणहरूवाला। रविः=सूर्य हुँ। तथा। अहम्=म। मरुताम्=वायु देवताहरूमा। मरीचिः=मरीचि नामक वायु देवता हुँ। र। नक्षत्राणाम्=नक्षत्रहरूमा। शशी=चन्द्रमा। अस्मि=हुँ।

भावार्थ— अदितिका पुत्रहरूमा म सर्वश्रेष्ठ विष्णु हुँ। चंकने ज्योतिहरूमा म सबभन्दा धेरै किरण भएको सूर्य हुँ। वायुमा मरीचिनामक प्रधान वायु हुँ र नक्षत्रहरूमा चन्द्रमा हुँ।

वेदानां सामवेदोऽस्मि देवानामस्मि वासवः ॥
इन्द्रियाणां मनश्चास्मि भूतानामस्मि चेतना ॥२२॥

शब्दार्थ-- वेदानाम्=वेदहरूमा । सामवेदः=सामवेद । अस्मि=हुँ । देवानाम्=देवताहरूमा । वासवः=इन्द्र । अस्मि=हुँ । च=र । इन्द्रियाणाम्=इन्द्रियहरूमा । मनः=मन । अस्मि=हुं । भूतानाम्=भूतप्राणीहरूमा । चेतना=चैतन्य । अस्मि=हुँ ।

भावार्थ-- म चारवेदमा सामवेद हुं । सब देवताहरूमा देवराज इन्द्र हुँ । दश इन्द्रियहरूमा सबको स्वामी मन हुँ र प्राणीहरूमा जो जीवनी शक्ति हो त्यो म नै हुँ ।

रुद्राणां शंकरश्चास्मि वित्तेशो यक्षरक्षसाम् ।।
वसूनां पावकश्चास्मि मेरुः शिखरिणामहम् ।।२३।।

शब्दार्थ-- रुद्राणाम=एकादश रुद्रहरूमा । शंकरः=महादेव । अस्मि=हुं । च=र । यक्षरक्षसाम्=यक्ष तथा राक्षसहरूमा । वित्तेशः=धनका स्वामी कुवेर हुं । च=र । अहम्=म । वसूनाम्=आठ वसुहरूमा । पावकः=अग्नि । अस्मि=हुँ । तथा । शिखरिणाम्=शिखरवाला पर्वतहरूमा । मेरुः=सुमेरु पर्वत हुँ ।

भावार्थ-- एकादश रुद्रमा म शंकर हुँ, यक्षराक्षसहरूमा म धनाधिपति कुवेर हुं, आठ वसुहरूमा म प्रधान पावक अग्नि हुँ, शिखरवाला पहाडहरूमा म अग्लो पर्वत सुमेरु हुँ ।

पुरोधसां च मुख्यं मां विद्धि पार्थ बृहस्पतिम् ।।
सेनानीनामहं स्कन्दः सरसामस्मि सागरः ।।२४।।

शब्दार्थ-- पुरोधसाम्=पुरोहितहरूमा । मुख्यम्=मुख्य । बृहस्पतिम्=वृहस्पति । माम्=मलाई । विद्धि=जान । च=तथा । पार्थ=हे अर्जुन ! अहम्=म । सेनानीनाम्=सेना१तिहरूमा । स्कन्दः=स्वामीकार्त्तिक । र । सरसाम्=जलाशयहरूमा । सागरः=समुद्र । अस्मि=हुँ ।

भावार्थ-- हे अर्जुन ! पुरोहितहरूमा वृहस्पति, सेनापतिहरूमा स्कन्द र जलाशयहरूमा समुद्र हुँ ।

महर्षीणां भृगुरहं गिरामस्म्येकमक्षरम् ॥
यज्ञानां जपयज्ञोऽस्मि स्थावराणां हिमालयः ॥२५॥

शब्दार्थ– अहम्=म । महर्षीणाम्=महर्षिहरूमा । भृगुः=भृगु । गिराम्=वचनहरूमा । एकमक्षरम्=एक अक्षर अर्थात् ॐकार । अस्मि=हुँ । यज्ञानाम्=सब प्रकारका यज्ञहरूमा । जपयज्ञः=जपयज्ञ । र । स्थावराणाम्=स्थित रहनेहरूमा । हिमालयः=हिमालय हुँ ।
भावार्थ— म महर्षिहरूमा भृगु, शब्दहरूमा एकाक्षरी ॐकार, सब प्रकारका यज्ञहरूमा जपयज्ञ र स्थिर रहनेहरूमा हिमालय पहाड हुँ ।

अश्वत्थः सर्ववृक्षाणां देवर्षीणां च नारदः ॥
गन्धर्वाणां चित्ररथः सिद्धानां कपिलो मुनिः ॥२६॥
उच्चैःश्रवसमश्वानां विद्धि माममृतोद्भवम् ॥
ऐरावतं गजेन्द्राणां नराणां च नराधिपः ॥२७॥

शब्दार्थ–– सर्ववृक्षाणाम्=सबै वृक्षहरूमा । अश्वत्थः=पीपलको वृक्ष । च=र । देवर्षीणाम्=देवर्षिहरूमा । नारदः=नारद । तथा । गन्धर्वाणाम्=गन्धर्वहरूमा । चित्ररथः=चित्ररथ । र । सिद्धानाम्=सिद्धहरूमा । कपिलः=कपिल । मुनिः=मुनि । हुँ । अश्वानाम्=घोडाहरूमा । अमृतोद्भवम्=अमृतबाट उत्पन्न हुने । उच्चैःश्रवसम्=उच्चैःश्रवानामक घोडा । र । गजेन्द्राणाम्=हात्तीहरूमा । ऐरावतम्=ऐरावत हात्ती । च=तथा । नराणाम्=मानिसहरूमा । नराधिपम्=राजा । माम्=मलाई । विद्धि=जान ।
भावार्थ— सम्पूर्ण वृक्षमा पीपल, देवर्षिमा नारद, गन्धर्वमा चित्ररथ, सिद्धमा कपिल मुनि, घोडामा समुद्रबाट निस्केको उच्चैःश्रवा, हात्तीमा ऐरावत र मानिसमा राजा हुँ ।

आयुधानामहं वज्रं धेनूनामस्मि कामधुक् ॥
प्रजनश्चास्मि कन्दर्पः सर्पाणामस्मि वासुकिः ॥२८॥

अनन्तश्चास्मि नागानां वरुणो यादसामहम् ॥
पितृणामर्यमा चास्मि यमः संयमतामहम् ॥२९॥

शब्दार्थ-- अहम् = म । आयुधानाम् = शस्त्रहरूमा । वज्रम = वज्र । र । धेनूनाम् = गाईहरूमा । कामधुक् = कामधेनु । अस्मि = हुँ । च = र । प्रजनः = सन्तानको उत्पत्तिको हेतु । कन्दर्पः = कामदेव । अस्मि = हुँ । सर्पाणाम् = सर्पहरूमा । वासुकिः = सर्पराज वासुकि । अस्मि = हुँ । अहम् = म । नागानाम् = नागहरूमा । अनन्तः = शेषनाग । च = र । यादसाम् = जलचरहरूमा । वरुणः = वरुणदेवता । अस्मि = हुँ । च = र । पितृणाम् = पितृहरूमा । अर्यमा = अर्यमा नामक पित्र्येश्वर । तथा । संयमताम् = शासन गर्नेहरूमा । यमः = यमराज । अहम् = म । अस्मि = हुँ ।
भावार्थ-- शस्त्रमा वज्र, गाईमा कामधेनु, सन्तानको उत्पत्ति हेतुमा कामदेव र सर्पमा वासुकि हुँ । नागहरूमा शेषनाग, जलचरमा वरुण, पितृमा अर्यमा र शासकमा यमराज हुँ ।

प्रह्लादश्चास्मि दैत्यानां कालः कलयतामहम् ॥
मृगाणां च मृगेन्द्रोऽहं वैनतेयश्च पक्षिणाम् ॥३०॥

शब्दार्थ-- अहम् = म । दैत्यानाम् = दैत्यहरूमा । प्रह्लादः = प्रह्लाद । च = र । कलयताम् = गन्नेहरूमा । कालः = समय । अस्मि = हुँ । च = तथा । मृगाणाम् = पशुहरूमा । मृगेन्द्रः = मृगराज (सिंह) । च = र । पक्षिणाम् = पक्षीहरूमा । वैनतेयः = गरुड । अहम् = म हुँ ।
भावार्थ-- दैत्यहरूमा प्रह्लाद मेरो प्रधान विभूति हो । गणनामा काल, पशुमा सिंह र पक्षीहरूमा विनताका पुत्र गरुड हुँ ।

पवनः पवतामस्मि रामः शस्त्रभृतामहम् ॥
झषाणां मकरश्चास्मि स्रोतसामस्मि जाह्नवी ॥३१॥

शब्दार्थ-- अहम् = म । पवताम् = पवित्र गर्नेहरूमा । पवनः = वायु । र । शस्त्रभृताम् = शस्त्रधारीहरूमा । रामः = राम । अस्मि = हुँ । च = तथा ।

झषाणाम्=माछाहरूमा। मकरः= मकर (गोही)। अस्मि=हुँ। स्रोतसाम्=नदीहरूमा। जाह्नवी=गङ्गा। अस्मि=हुँ।

भावार्थ— पवित्र गर्ने कुराहरूमा वायु, शस्त्रधारीहरूमा राम, माछाहरूमा गोही र नदीहरूमा गङ्गा (भागीरथी) हुँ।

सर्गाणामादिरन्तश्च मध्यं चैवाहमर्जुन ॥
अध्यात्मविद्या विद्यानां वादः प्रवदतामहम् ॥३२॥

शब्दार्थ— अर्जुन=हे अर्जुन! सर्गाणाम्=सृष्टिहरूको। आदिः=आदि। अन्तः=अन्त। च=र। मध्यम्=बीच। च=पनि। अहम्=म। एव=नै हुँ। तथा। अहम्=म। विद्यानाम्=विद्याहरूमा। अध्यात्मविद्या=ब्रह्मविद्या। एवं। प्रवदताम्=परस्परमा विवाद गर्नेहरूमा। वादः=तत्त्वनिर्णयको लागि गरिने वाद हुँ।

भावार्थ— हे अर्जुन! सर्गको आदि, मध्य र अन्त म नै हुँ। विद्याहरूमा अध्यात्मविद्या र विवाद गर्नेहरूमा वाद हुँ।

अक्षराणामकारोऽस्मि द्वन्द्वः सामासिकस्य च ॥
अहमेवाक्षयः कालो धाताहं विश्वतोमुखः ॥३३॥

शब्दार्थ— अहम्=म। अक्षराणाम्=अक्षरहरूमा। अकारः=अकार। च=र। सामासिकस्य=समासहरूमा। द्वन्द्वः=द्वन्द्व नामक समास। अस्मि=हुँ। तथा। अक्षयः=अक्षय। कालः=कालको पनि महाकाल। र। विश्वतोमुखः=विराट्स्वरूप। धाता=धारण गर्ने पनि। अहम्=म। एव=नै हुँ।

भावार्थ— अक्षरमा अकार, समासमा द्वन्द्व, कालमा अक्षय काल र सवलाई धारण-पोषण गर्नेमा विश्वरूप हुँ।

मृत्युः सर्वहरश्चाहमुद्भवश्च भविष्यताम् ॥
कीर्तिः श्रीर्वाक्च नारीणां स्मृतिर्मेधा धृतिः क्षमा ॥३४॥

शब्दार्थ— अहम्=म। सर्वहरः=सबको नाश गर्ने। मृत्युः=मृत्यु।

च=र। भविष्यताम्=पछि हुनेहरूमा । उद्भव:=उत्पत्तिको कारण हुँ। च=तथा। नारीणाम्=स्त्रीहरूमा। कीर्ति:=कीर्ति। श्री:=श्री। वाक्= बोली। स्मृति:=स्मृति। मेधा=मेधा। धृति:=धैर्य। च=र। क्षमा=क्षमा हुँ।

भावार्थ— सबलाई नाश गराउने म मृत्यु हुँ, पछि हुनेको उत्पत्तिको कारण पनि मै हुँ, नारीहरूमा कीर्ति, श्री, मधुर वचन, स्मृति, मेधा, धृति र क्षमा हुँ ।

बृहत्सामस्तथा साम्नां गायत्री छन्दसामहम् ॥
मासानां मार्गशीर्षोऽहमृतूनां कुसुमाकरः ॥३५॥

शब्दार्थ— तथा=तथा । अहम्=म । साम्नाम्=गायन गर्न योग्य श्रुतिहरूमा । बृहत्साम:=बृहत् नामक साम । छन्दसाम्=छन्दहरूमा । गायत्री=गायत्री छन्द । तथा । मासानाम्=महिनाहरूमा । मार्गशीर्ष:= मार्गशीर्ष महिना । ऋतूनाम्=ऋतुहरूमा । कुसुमाकर:=वसन्त ऋतु । अहम्=म हुँ ।

भावार्थ— सामहरूमा म बृहत्साम हुँ तथा छन्दहरूमा गायत्री हुँ, महिनाहरूमा म सबभन्दा सुन्दर मार्गशीर्ष हुँ र ऋतुहरूमा म वसन्त ऋतु हुँ ।

द्यूतं छलयतामस्मि तेजस्तेजस्विनामहम् ॥
जयोऽस्मि व्यवसायोऽस्मि सत्त्वं सत्त्ववतामहम् ॥३६॥
वृष्णीनां वासुदेवोऽस्मि पाण्डवानां धनञ्जयः ॥
मुनीनामप्यहं व्यासः कवीनामुशना कविः ॥३७॥

शब्दार्थ— अहम्=म। छलयताम्=छल गर्नेहरूमा। द्यूतम्=जुवा। र। तेजस्विनाम्=प्रभावशाली व्यक्तिहरूमा। तेज:=तेज (प्रभाव)। अस्मि= हुँ। तथा। अहम् = म। जित्नेहरूमा। जय:=विजय। अस्मि=हुँ। व्यवसायीनाम=निश्चय गर्नेहरूको । व्यवसाय:=निश्चय । एवं । सत्त्ववताम्=सात्त्विक व्यक्तिहरूको। सत्त्वम्=सात्त्विक भाव। अस्मि=

हुँ । वृष्णीनाम्=वृष्णी वंशीहरूमा । वासुदेवः=म स्वयं । र । पाण्डवानाम्=पाण्डवहरूमा । धनञ्जय=तिमी । एवं । मुनीनाम् =मुनिहरूमा । व्यासः=वेदव्यास । र । कविनाम्=कविहरूमा । उशना=शुक्राचार्य । कविः=कवि । अपि=पनि । अहम्=म नै । अस्मि= हुँ ।

भावार्थ— छलीमा जुवा हुँ । तेजस्वीहरूमा तेज हुँ । जित्नेहरूमा जीत हुँ । निश्चय गर्नेहरूको निश्चय र सत्त्वगुणीहरूको सात्त्विक भाव मैं हुँ । म वृष्णी वंशीहरूमा वासुदेव तथा पाण्डवहरूमा अर्जुन हुँ । मुनिहरूमा म व्यास हुँ र कविहरूमा उशना कवि (शुक्राचार्य) हुँ ।

दण्डो दमयतामस्मि नीतिरस्मि जिगीषताम् ॥
मौनं चैवास्मि गुह्यानां ज्ञानं ज्ञानवतामहम् ॥३८॥

शब्दार्थ— च=र । दमयताम्=दमन गर्नेहरूको । दण्डः=दण्ड (दमन गर्ने शक्ति)। अस्मि=हुँ। जिगीषताम्=जित्ने इच्छा गर्नेहरूको । नीतिः= नीति । अस्मि=हुँ । र । गुह्यानाम्=गुप्त राख्ने भावहरूमा । मौनम्= मौन । अस्मि=हुं । तथा । ज्ञानवताम्=ज्ञानवान्हरूको । ज्ञानम्= तत्त्वज्ञान । अहम्=म । एव=नै हुँ ।

भावार्थ— नियम अतिक्रमण गर्ने माथि दण्ड दिनेहरूको दण्ड हुँ । जिताहाहरूको नीति हुँ । गोपनीय वस्तुमा मौन हुँ । ज्ञानवान्हरूमा तत्त्वज्ञान मै हुँ ।

यच्चापि सर्वभूतानां बीजं तदहमर्जुन ॥
न तदस्ति विना यत्स्यान्मया भूतं चराचरम् ॥३९॥

शब्दार्थ— अर्जुन=हे अर्जुन ! यत्=जो । सर्वभूतानाम्=समस्त प्राणीहरूको । बीजम्=उत्पत्तिको कारण हो । तत्=त्यो । अपि=पनि । अहम्=म नै हुं । यतः=किनभने । तत्=त्यो । चराचरम्=चर र अचर । भूतम्=प्राणी । न अस्ति=छैन । यत्=जो । मया=मैले । विना=रहित । स्यात्=होओस् ।

भावार्थ—हे अर्जुन ! सब प्राणीहरूको उत्पत्तिको जो मूल कारण छ त्यो मै हुँ। यस्तो कुनै पनि चर, अचर जीव छैन जो म विना हुन्छ अर्थात् मबाट रिक्त केही छैन।

नान्तोऽस्ति मम दिव्यानां विभूतीनां परंतप ॥
एष तूद्देशतः प्रोक्तो विभूतेर्विस्तरो मया ॥४०॥

शब्दार्थ-- परंतप=हे परंतप ! मम=मेरो । दिव्यानाम्=दिव्य । विभूतिनाम्=विभूतिहरूको । अन्तः=अन्त । न अस्ति=छैन । एषः=यो । तु=ता । मया=मैले । आफ्नो । विभूतेः=विभूतिहरूको । विस्तरः=विस्तार । उद्देशतः=संक्षेपमा । प्रोक्तः=भनें ।

भावार्थ-- हे परंतप ! मेरा दिव्य विभूतिहरूको सीमा छैन, यो ता मैले विभूतिहरूको वर्णन एकदेश अर्थात् संक्षेपले वताएको मात्र हुँ ।

यद्यद्विभूतिमत्सत्त्वं श्रीमदूर्जितमेव वा ॥
तत्तदेवावगच्छ त्वं मम तेजोंऽशसंभवम् ॥४१॥

शब्दार्थ---- यत्=जो । एव=पनि । विभूतिमत्=ऐश्वर्ययुक्त । एवं । श्रीमत्=कान्तियुक्त । ऊर्जितम्=शक्तियुक्त । सत्त्वम्=वस्तु छ । तत्=त्यो । त्वम्=तिमी । मम=मेरो । तेजोंऽशसंभवम् एव=तेजको अंशवाट नै उत्पन्न भएको । अवगच्छ=जान ।

भावार्थ-- जो जो शोभायमान, श्रीमान् र प्रतापवान् वस्तु छन् ती सवलाई तिमी मेरो नै तेजको अंशबाट उत्पन्न भएका जान ।

अथवा बहुनैतेन किं ज्ञातेन तवार्जुन ॥
विष्टभ्याहमिदं कृत्स्नमेकांशेन स्थितो जगत् ॥४२॥

शब्दार्थ---अथवा=अथवा । अर्जुन=हे अर्जुन ! एतेन=यो । बहुना=बहुत । ज्ञातेन=जान्नाले । तव=तिम्रो । किम्=के प्रयोजन छ । अहम्=म । इदम्=यो । कृत्स्नम्=सम्पूर्ण । जगत्=जगत्लाई । आफ्नो योगमायाले । एकांशेन=एक अंश भागले । विष्टभ्य=धारण गरेर । स्थितः=स्थित छु ।

भावार्थ— हे अर्जुन ! तिमीलाई यत्तिका जानेर के गर्नु छ । यसैले संक्षेपमा तिमी यो सम्झ कि जो समस्त ब्रह्माण्डलाई आफ्नो एक अंश मात्रले व्याप्त गरेर रहेको छु ।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु
ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे
विभूतियोगो नाम दशमोऽध्यायः ॥१०॥

श्रीमद्भगवद्गीताको विभूतियोग नामक
दशौं अध्याय समाप्त भयो ।

अथ एकादशोऽध्याय:

(अब एघारौं अध्याय)

अर्जुन उवाच=अर्जुन भन्दछन् ।

मदनुग्रहाय परमं गुह्यमध्यात्मसंज्ञितम् ॥

यत्त्वयोक्तं वचस्तेन मोहोऽयं विगतो मम ॥१॥

शब्दार्थ-- मदनुग्रहाय=ममाथि कृपा गर्नको लागि । त्वया=हजूरले । यत्=जो । परमम्=परम । गुह्यम्=रहस्यमय । अध्यात्मसंज्ञितम्=अध्यात्मविषयक । वच:=उपदेश । उक्तम्=भनियो । तेन=त्यसले । मम=मेरो । अयम्=यो । मोह:=अज्ञान । विगत:=नष्ट भयो ।

भावार्थ-- हजूरले ममाथि कृपा गरेर अध्यात्म नामक जो परम रहस्यमय र परमगुप्त जो वचन भन्नुभयो त्यसवाट मेरो मोह दूर भयो ।

भवाप्ययौ हि भूतानां श्रुतौ विस्तरशो मया ॥

त्वत्त: कमलपत्राक्ष माहात्म्यमपि चाव्ययम् ॥२॥

शब्दार्थ— कमलपत्राक्ष=हे कमलनेत्र भएका प्रभु ! मया=मैले । त्वत्त:=हजूरवाट । भूतानाम्=प्राणीहरूको । भवाप्ययौ=उत्पत्ति र प्रलय । च=तथा । हजूरको । अव्ययम्=अव्यय । माहात्म्यम्=माहात्म्य । अपि=पनि । हि=नि:सन्देह । विस्तरश:=विस्तारपूर्वक । श्रुतौ=सुनें ।

भावार्थ—हे कमलनयन ! मैले प्राणीको उत्पत्ति र प्रलय हजूरवाट विस्तारपूर्वक सुनें, साथै हजूरको अविनाशी प्रभाव पनि ।

एवमेतद्यथात्थ त्वमात्मानं परमेश्वर ॥
द्रष्टुमिच्छामि ते रूपमैश्वरं पुरुषोत्तम ॥३॥

शब्दार्थ— परमेश्वर=हे परमेश्वर ! त्वम्=हजूर। आत्मानम्=आफूलाई। यथा=जसरी। आत्थ=भन्नुहुन्छ। एतत्=यो। एवम्=यस्तो नै हो। पुरुषोत्तम=हे पुरुषहरूमा सर्वश्रेष्ठ ! (अहम्)=म। ते=हजूरको। ऐश्वरम्=ऐश्वर्यले युक्त। रूपम्=रूपलाई। द्रष्टुम्=देख्न। इच्छामि=चाहन्छु।

भावार्थ— परमेश्वर ! मलाई हजूरको वचनमा अविश्वास छैन। म हजूरलाई ठीक त्यसरी नै संझन्छु जसरी हजूरले आफ्नो वर्णन गर्नुभएको छ। हे पुरुषोत्तम ! मलाई हजूरको ऐश्वर्ययुक्त रूप हेर्ने इच्छा उदय भैरहेछ।

मन्यसे यदि तच्छक्यं मया द्रष्टुमिति प्रभो ॥
योगेश्वर ततो मे त्वं दर्शयात्मानमव्ययम् ॥४॥

शब्दार्थ—प्रभो=हे प्रभो ! यदि=यदि। त्वम्=हजूर। इति=यस्तो। मन्यसे=मान्नुहुन्छ। कि। मया=मद्वारा। तत्=त्यो रूप। द्रष्टुम्=देख्न। शक्यम्=सम्भव छ। ततः=अनि। योगेश्वर=हे योगेश्वर ! मे=मलाई। आफ्नो। अव्ययम्=अव्यय। आत्मानम्=आफ्नो स्वरूपलाई। दर्शय=दर्शन गराइदिनोस्।

भावार्थ-- हे नाथ ! जान्दिनँ कि हजूरको त्यो रूपको दर्शन गर्ने अधिकारी म हुँ अथवा होइन। यसैले हे भगवन् ! यदि हजूरलाई ममा हजूरको त्यो दिव्य स्वरूप देख्ने शक्ति छ भन्ने विश्वास छ भने हे योगेश्वर ! कृपा गरेर मलाई हजूर आफ्नो त्यो अविनाशी रूपको दर्शन गराइदिनोस्।

श्रीभगवानुवाच=श्रीभगवान् आज्ञा हुन्छ।
पश्य मे पार्थ रूपाणि शतशोऽथ सहस्रशः ॥
नानाविधानि दिव्यानि नानावर्णाकृतीनि च ॥५॥

शब्दार्थ— पार्थ=हे अर्जुन ! अथ=अब। मे=मेरो। शतशः=सैकडौं।

च=र । सहस्रशः=हजारौं । नानाविधानि=अनेक प्रकारका। नाना-वर्णाकृतीनि=भाँती-भाँतीका वर्ण र आकृति भएका । दिव्यानि=दिव्य । रूपाणि=रूपहरूलाई । पश्य=हेर ।

भावार्थ— हे पार्थ ! मेरा सैकडौं तथा हजारौं नाना प्रकारका, नाना वर्ण, आकृतिवाला अलौकिक रूपहरू हेर ।

पश्यादित्यान्वसून्रुद्रानश्विनौ मरुतस्तथा ॥

बहून्यदृष्टपूर्वाणि पश्याश्चर्याणि भारत ॥६॥

शब्दार्थ- भारत=हे भारत ! ममा । आदित्यान्=आदित्यहरूलाई । वसून्=वसुहरूलाई । रुद्रान् =रुद्रहरूलाई । अश्विनौ=दुई अश्विनी-कुमारलाई र । मरुतः=मरुतहरूलाई । पश्य=हेर । तथा=त्यस्तै । बहूनि=धेरै । अदृष्टपूर्वाणि=पहिले नदेखिएका । आश्चर्याणि=आश्चर्यलाग्दा रूपहरूलाई । पश्य=हेर ।

भावार्थ— हे अर्जुन ! तिमी ममा बाह्र अदितिका पुत्रहरूलाई, आठ वसुहरूलाई, एघार रुद्रहरूलाई, दुई अश्विनीकुमारहरूलाई र उनञ्चास वायुहरूलाई हेर र साथै अरू पनि यस्ता आश्चर्यलाग्दा पहिले देखिएका रूपहरूलाई पनि हेर ।

इहैकस्थं जगत्कृत्स्नं पश्याद्य सचराचरम् ॥

मम देहे गुडाकेश यच्चान्यद् द्रष्टुमिच्छसि ॥७॥

शब्दार्थ— गुडाकेश= हे अर्जुन ! देहे=शरीरमा । सचारचरम्=चरा-चरसहित । पश्य=हेर । अन्यत्=अरू । इच्छसि=चाहन्छौ । हेर । अद्य=आज । इह=यो । एकस्थम्=एक स्थानमा रहेका । कृत्स्नम्=सम्पूर्ण । यत्=जो । च=पनि । मम=मेरो । जगत्=जगत्लाई । द्रष्टुम्=देख्न । इच्छसि=चाहन्छौ, हेर ।

भावार्थ— हे गुडाकेश ! आज यो मेरो देहमा एकै स्थानमा स्थित भएको चराचरसहित सम्पूर्ण जगत् हेर, अरू पनि जे हेर्न इच्छा छ, हेर ।

न तु मां शक्यसे द्रष्टुमनेनैव स्वचक्षुषा ।।
दिव्यं ददामि ते चक्षुः पश्य मे योगमैश्वरम् ।।८।।

शब्दार्थ— तु=परन्तु । अनेन=यी । स्वचक्षुषा=आफ्नै आँखाले । एव=नै, तिमी । माम्=मलाई । द्रष्टुम्=देख्न । न शक्यसे=सक्तैनौ । अहम्=म । ते=तिमीलाई । दिव्यम्=दिव्य । चक्षुः=नेत्र । ददामि=दिन्छु । त्यसैले । मे=मेरो । ऐश्वर्यम्=ऐश्वर्य र । योगम्=योगशक्तिलाई । पश्य=हेर ।

भावार्थ— हे अर्जुन ! तिमी आफ्नो आँखाले मेरो रूप हेर्न सक्तैनौ । अतएव म तिमीलाई दिव्य नेत्र दिन्छु, यसबाट तिमी मेरो ऐश्वर्य र योगशक्ति हेर ।

संजय उवाच=संजयले भने ।

एवमुक्त्वा ततो राजन्महायोगेश्वरो हरिः ।।
दर्शयामास पार्थाय परमं रूपमैश्वरम् ।।९।।

शब्दार्थ— राजन्=हे राजन् ! महायोगेश्वरः=महायोगीहरूका पनि ईश्वर । हरिः=कृष्णले । एवम्=यस प्रकार । उक्त्वा=भनेर । ततः=अनि । पार्थाय=अर्जुनलाई । परमम्=परम । ऐश्वर्यम्=ऐश्वर्ययुक्त । रूपम्=रूप । दर्शयामास=देखाउनुभयो ।

भावार्थ— अनि यस्तो भनेर योगेश्वर हरिले अर्जुनलाई आफ्नो श्रेष्ठ दैवी रूप अर्थात् विश्वरूप देखाउनुभयो ।

अनेकवक्त्रनयनमनेकाद्भुतदर्शनम् ।।
अनेक दिव्याभरणं दिव्यानेकोद्यतायुधम् ।।१०।।
दिव्यमाल्याम्बधरं दिव्यगन्धानुलेपनम् ।।
सर्वाश्चर्यमयं देवमनन्तं विश्वतोमुखम् ।।११।।

शब्दार्थ— अनेकवक्त्रनयनम्=अनेक मुख र आँखाहरूले युक्त तथा । अनेकाद्भुतदर्शनम्=अनेक अद्भुत दर्शनवाला एवं । अनेकदिव्याभरणम्=बहुतै दिव्य भूषणहरूले युक्त र । दिव्यानेकोद्यतायुधम्=

अनेक शस्त्रहरूलाई हातमा उठाएका । दिव्यमाल्याम्बरधरम्=दिव्य माला र वस्त्रहरू लगाएका र । दिव्यगन्धानुलेपनम्=दिव्य गन्ध अनुलेपन गरेका । सर्वाश्चर्यमयम्=सब प्रकारका आश्चर्यले युक्त । अनन्तम्=सीमारहित । विश्वतोमुखम्=विराट् स्वरूप । देवम्=परम देव परमेश्वरलाई । (अपश्यत्=)अर्जुनले देखे ।

भावार्थ— अनेक मुख, आँखा र अनेक अद्भुत देखिने एवं अनेक दिव्य आभूषणले युक्त दिव्य आयुध हातमा लिएका, दिव्यमाला, वस्त्र पहिरेका, दिव्य सुगन्धित लेपन लगाएका, अनेकौं अचम्मलाग्दा वस्तुले युक्त, असोमित शरीरले विश्व ढाकेको, देवाधिदेवलाई देखे ।

दिवि सूर्यसहस्रस्य भवेद्युगपदुत्थिता ॥
यदि भाः सदृशी सा स्याद्भासस्तस्य महात्मनः ॥१२॥

शब्दार्थ— दिवि=आकाशमा । सूर्यसहस्रस्य=हजार सूर्यको । युगपत्=एकैसाथ । उत्थिता=उदय हुँदा उत्पन्न भएको जो । भाः=प्रकाश । भवेत्=होस् । सा=त्यो पनि । तस्य=त्यो महात्मनः=विश्वरूप परमात्माका । भासः=प्रकाशको । सदृशी=तुल्य । यदि=कदाचित् । स्यात्=होस् ।

भावार्थ— आकाशमा हजार सूर्य उदाउँदा जो प्रकाश हुन्छ त्यो महात्माको प्रकाशको सामु त्यो के बराबर होला !

तत्रैकस्थं जगत्कृस्नं प्रविभक्तमनेकधा ॥
अपश्यद्देवदेवस्य शरीरे पाण्डवस्तदा ॥१३॥

शब्दार्थ— पाण्डवः=अर्जुनले । तदा=त्यस बेला । अनेकधा=अनेक प्रकारले । प्रविभक्तम्=विभक्त भएका । कृत्स्नम्=सम्पूर्ण । जगत्=संसारलाई । तत्र=त्यो । देवदेवस्य=देवाधिदेव श्रीकृष्ण भगवान्का । शरीरे=शरीरमा । एकस्थम्=एकै ठाउँमा रहेको । अपश्यत्=देखे ।

भावार्थ— त्यो बेला अर्जुनले अनेक प्रकारले विभक्त भएको समस्त जगत् देवाधिदेवको देहमा एकै ठाउँमा रहेको भेट्टाए ।

ततः स विस्मयाविष्टो हृष्टरोमा धनञ्जयः ।।
प्रणम्य शिरसा देवं कृताञ्जलिरभाषत ।।१४।।

शब्दार्थ— ततः=तदन्तर । स=त्यो । विस्मयाविष्टः=आश्चर्यले युक्त भएका । हृष्टरोमा=हर्षले रोमाञ्चित भएका । धनञ्जयः=अर्जुनले । देवम्=विश्वरूप परमात्मालाई । शिरसा=शिरले । प्रणम्य=प्रणाम गरेर । कृताञ्जलिः=हात जोरेर । अभाषत=भने ।

भावार्थ— त्यो देखेर आश्चर्यले चकित भएका अर्जुनले रोमाञ्चित हुँदै श्रीकृष्णलाई शिरले प्रणाम गरी दुई हात जोड्दै भने ।

अर्जुन उवाच=अर्जुनले भने ।

पश्यामि देवांस्तव देव देहे सर्वांस्तथा भूतविशेषसङ्घान् ।।
ब्रह्माणमीशं कमलासनस्थमृषींश्च सर्वानुरगांश्च दिव्यान् ।।१५।।

शब्दार्थ— देव=हे देव ! अहम्=म । तव=हजूरको । देहे=शरीरमा । सर्वान्=सम्पूर्ण । देवान्=देवतालाई । तथा=र । भूतविशेषसंघान्=प्राणीहरूका समुदायलाई । कमलासनस्थम्=कमलासनमा बसेका । ब्रह्माणम्=ब्रह्मालाई । ईशम्=महादेवलाई । च=र । सर्वान्=सबै । ऋषीम्=ऋषीहरूलाई । च=तथा । दिव्यान्=दिव्य । उरगान्=सर्पहरूलाई । पश्यामि=देख्दछु ।

भावार्थ— हे देव ! हजूरको यो शरीरमा सब देवताहरूलाई र नाना प्रकारका प्राणीहरूका समुदायलाई, सब देवताहरूका स्वामी ब्रह्मालाई र दिव्य सर्पहरूलाई पनि देखिरहेछु ।

अनेकबाहूदरवक्त्रनेत्रं पश्यामि त्वां सर्वतोऽनन्तरूपम् ।।
नान्तं नमध्यं न पुनस्तवादिं पश्यामि विश्वेश्वर विश्वरूप ।।१६।।

शब्दार्थ— विश्वेश्वर=हे सम्पूर्ण विश्वका स्वामिन् ! त्वाम्=हजूरलाई । अनेकबाहूदरवक्त्रनेत्रम्=अनेक हात, पेट, मुख र आँखाले युक्त तथा । सर्वतः=सबतिरबाट । अनन्तरूपम्=अनन्त रूप भएका । पश्यामि=देख्दछु । विश्वरूप=हे विश्वरूप ! तव=हजूरको । न=न । अन्तम्=

अन्त । मध्यम्=मध्य । पुनः=फेरि । आदिम्=आरम्भलाई नै । पश्यामि=देख्दछु ।

भावार्थ-- अनेक हात, पेट, मुख, आँखा भएका र सबतिरबाट अनन्त रूपवाला म हजूरलाई देख्दछु र हे विश्वेश्वर विश्वरूप ! म हजूरको आदि, मध्य र अन्त पनि देख्दिनँ ।

किरीटिनं गदिनं चक्रिणं च तेजोराशिं सर्वतो दीप्तिमन्तम् ॥
पश्यामि त्वां दुर्निरीक्ष्यं समन्ताद्दीप्तानलार्कद्युतिमप्रमेयम् ॥१७॥

शब्दार्थ— त्वाम्=हजूरलाई म । किरीटिनम्=मुकुटयुक्त । गदिनम्=गदायुक्त । च=र । चक्रिणम्=चक्रयुक्त तथा । सर्वतः= सबतिरबाट । दीप्तिमन्तम्=प्रकाशमान । तेजोराशिम्=तेजका पुन्ज । दीप्तानलार्कद्युतिम्=प्रज्वलित अग्नि र सूर्यसदृश ज्योतियुक्त । दुर्निरीक्ष्यम्=देख्नमा अति गहन । र अप्रमेयम्=अप्रमेय स्वरूप । समन्तात्= सबतिरबाट । पश्यामि=देख्दछु ।

भावार्थ— म हजूरलाई मुकुटधारी, चक्रधारी, गदाधारी, तेजको पुन्ज, सर्वत्र जगमगाउने ज्योति भएका, मुश्किलले देख्न सकिने, अपरिमित र प्रज्वलित अग्नि र सूर्यसदृश सबै दिशाहरूमा देदीप्यमान देखिरहेछु ।

त्वमक्षरं परमं वेदितव्यं त्वमस्य विश्वस्य परं निधानम् ॥
त्वमव्ययः शाश्वतधर्मगोप्ता सनातनस्त्वं पुरुषो मतो मे ॥१८॥

शब्दार्थ-- त्वम्=हजूर नै । वेदितव्यम्=जान्न योग्य । परमम्=परम । अक्षरम्=अक्षर हुनुहुन्छ । त्वम्=हजूर नै । अस्य=यो । विश्वस्य= जगत्को । परम्=परम । निधानम्=आश्रय हुनुहुन्छ तथा । त्वम्= हजूर नै । शाश्वतधर्मगोप्ता=आदिधर्मको रक्षक हुनुहुन्छ र । त्वम्= हजूर नै । अव्ययः=अविनाशी । सनातनः=सनातन । पुरुषः= पुरुष हुनुहुन्छ भन्ने । मे=मेरो । मतः=मत छ ।

भावार्थ-- हजूरलाई म जान्नयोग्य, परम अक्षर रूप, यो जगत्को अन्तिम आधार सनातन धर्मको अविनाशी रक्षक र सनातन पुरुष मान्दछु ।

अनादिमध्यान्तमनन्तवीर्यमनन्तबाहुं शशिसूर्यनेत्रम् ।।
पश्यामि त्वां दीप्तहुताशवक्त्रं स्वतेजसा विश्वमिदं तपन्तम् ।।१९।।

शब्दार्थ– त्वाम्=हजूरलाई । अनादिमध्यान्तम्=आदि, मध्य र अन्तले रहित । अनन्तवीर्यम्=अनन्त सामर्थ्यले युक्त र । अनन्तबाहुम्=अनन्त हात भएका तथा । शशिसूर्यनेत्रम्=चन्द्रसूर्यरूप नेत्रवाला । दीप्तहुताशवक्त्रम्=प्रज्वलित अग्निरूप मुख भएका तथा । स्वतेजसा=आफ्नो तेजले । इदम्=यो । विश्वम्=जगत्लाई । तपन्तम्=तपायमान गरेको । पश्यामि=देख्दछु ।

भावार्थ– जसको आदि, मध्य र अन्त छैन, जसको शक्ति अनन्त छ, जसका अनन्त बाहु छन्, जसको चन्द्रसूर्य रूपी नेत्र छन्, जसको मुख प्रज्वलित अग्निसमान छ र जो आफ्नो तेजले यो जगत्लाई तताइरहेछ, यस्ता हजूरलाई म देखिरहेछु ।

द्यावापृथिव्योरिदमन्तरं हि व्याप्तं त्वयैकेन दिशश्च सर्वा ।।
दृष्ट्वाद्भुतं रूपमुग्रं तवेदं लोकत्रयं प्रव्यथितं महात्मन् ।।२०।।

शब्दार्थ– महात्मन्=हे महात्मन् ! इदम्=यो । द्यावापृथिव्योः=स्वर्ग र पृथिवीका । अन्तरम्=बीचको सम्पूर्ण आकाश । च=तथा । सर्वाः=सब । दिशः=दिशाहरू । एकेन=एक । त्वया=हजूरद्वारा । हि=नै । व्याप्तम्=परिपूर्ण छ तथा । तव=हजूरको । इदम्=यो । अद्भुतम्=अद्भुत र । उग्रम्=भयङ्कर । रूपम्=रूपलाई । दृष्ट्वा=देखेर । लोकत्रयम्=तीनै लोक । प्रव्यथितम्=दुःखित छन् ।

भावार्थ–आकाश, वायुमण्डल र पृथिवी भगवान्को स्वरूपले व्याप्त छ । परन्तु प्रलयकारी भयङ्कर रूपले तीनै लोक डराएर काँपिरहेछन् ।

अमी हि त्वां सुरसङ्घा विशन्ति केचिद्भीताः प्राञ्जलयो गृणन्ति ।।
स्वस्तीत्युक्त्वा महर्षिसिद्ध सङ्घास्तुवन्ति त्वां स्तुतिभिः पुष्कलाभिः ।।२१।।

शब्दार्थ– अमी=यी सब । सुरसङ्घा=देवताहरूका समूह । त्वाम्=

हजूरमा। हि=नै। विशन्ति=प्रवेश गर्दछन् र। केचित्=कति त।
भीताः=भयभीत भएर। प्राञ्जलयः=हात जोडेर हजूरको नाम र
गुण। गृणन्ति=उच्चारण गर्दछन् तथा। महर्षिसिद्धसङ्घाः=महर्षि
र सिद्धहरूको समुदाय। स्वस्ति=कल्याण होस्। इति=यस्तो। उक्त्वा=
भनेर। पुष्कलाभिः=उत्तम। स्तुतिभिः=स्तोत्रहरूद्वारा। त्वाम्=हजूर-
लाई। स्तुवन्ति=स्तुति गर्दछन्।

भावार्थ- देवताहरूका समूह हजूरमै प्रवेश गर्दछन्, कति त भयभीत भएर हात जोड्दै हजूरको स्तुति गरिरहेछन्। महर्षि र सिद्ध समुदाय 'भलो होस्' भन्दै अनेक प्रकारले हजूरको यश गाइरहेछन्।

रुद्रादित्या वसवो ये च साध्या विश्वेऽश्विनौ मरुतश्चोष्मपाश्च ॥
गन्धर्वयक्षासुरसिद्धसङ्घा वीक्षन्ते त्वां विस्मिताश्चैव सर्वे ॥२२॥

शब्दार्थ- ये=जो। रुद्रादित्याः=एकादश रुद्र र द्वादश आदित्य। च=तथा। वसवः=आठ वसु र। साध्याः=साध्यगण। विश्वे=विश्वदेव तथा। अश्विनौ=अश्विनीकुमार। च=र। गन्धर्व-यक्षासुरसिद्धसङ्घाः=गन्धर्व, यक्ष, राक्षस र सिद्धगणको समुदाय। (ते)=ती। सर्वे=सबै। एव=नै। विस्मिताः=विस्मित भएर। त्वाम्=हजूरलाई। वीक्षन्ते=हेर्दछन्।

भावार्थ- रुद्रगण, आदित्यगण, वसुगण र दुई अश्विनीकुमार, मरुद्गण, पितृगण, गन्धर्व, यक्ष, राक्षस, सिद्धहरू आश्चर्यान्वित भएर हजूरलाई हेर्दछन्।

रूपं महत्ते बहुवक्त्रनेत्रं महाबाहो बहुबाहूरुपादम् ॥
बहूदरं बहुदंष्ट्राकरालं दृष्ट्वालोकाः प्रव्यथितास्तथाहम् ॥२३॥

शब्दार्थ- महाबाहो=हे कृष्ण! ते=हजूरको। वहुवक्त्रनेत्रम्=धेरै मुख आँखा भएको। बहुबाहूरुपादम्=अनेक भुजा, जाँघ र खुरहरू भएका तथा। वहुदंष्ट्राकरालम्=अनेकौं विकराल दाह्रा भएका। महत्=महान्। रूपम्=रूपलाई। दृष्ट्वा=देखेर। लोकाः=सब लोक। प्रव्यथिताः=व्याकुल भैरहेछन्। तथा=र। अहम्=म पनि व्याकुल छु।

भावार्थ– हे महाबाहो ! हजूरको यो अनेक मुख र आँखा भएको, भुजा, जाँघ र खुट्टा भएको, अनेक पेट भएको, ठूला-ठूला डरलाग्दा दाह्राहरू भएको विशाल रूप देखेर सारा लोक काँपिरहेछन् र त्यसरी नै म पनि काँपिरहेछु ।

नभःस्पृशं दीप्तमनेकवर्णं व्यात्ताननं दीप्तविशालनेत्रम् ।।
दृष्ट्वा हि त्वां प्रव्यथितान्तरात्मा धृतिं न विन्दामि शमं च विष्णो ।।२४।।

शब्दार्थ– हि=किनकि । विष्णो=हे विष्णु ! नभःस्पृशम्=आकाश छुने । दीप्तम्=देदीप्यमान । अनेकवर्णम्=अनेक रूपले युक्त तथा। व्यात्ताननम्=फैलाएको मुख र । दीप्तविशालनेत्रम्=प्रकाशमान विशाल नेत्रहरूले युक्त । त्वाम्=हजूरलाई । दृष्ट्वा=देखेर । प्रव्यथितान्तरात्मा=भयभीत अन्तःकरणवाला म । धृतिम्=धैर्य । च=र। शमम्=शान्ति । न विन्दामि=पाउन्नँ ।

भावार्थ– हजूरको यो आकाश छुने, अनेक रङ्गले चम्कने, आँ मुख गरेको, ठूलठूला चम्किला आँखा भएको रूप देखेर व्यथित चित्त भएको म कहीं पनि धैर्य र शान्ति देख्दिनँ ।

दंष्ट्राकरालानि च ते मुखानि दृष्ट्वैव कालानलसन्निभानि ।।
दिशो न जाने न लभे च शर्म प्रसीद देवेश जगन्निवास ।।२५।।

शब्दार्थ– ते=हजूरको । दंष्ट्राकरालानि=विकराल दाह्रा भएको। च=र । कालानलसन्निभानि=प्रलयकालको अग्निसमान प्रज्वलित। मुखानि=मुखहरूलाई । दृष्ट्वा=देखेर । दिशः=दिशाहरूलाई । न जाने=जान्दिनँ । च=र । शर्म=सुखलाई । एव=नै । न लभे=पाउन्नँ । अतः=यसैले । देवेश=हे देवहरूमा श्रेष्ठ ! जगन्निवास=हे जगत्का निवास ! प्रसीद=खुशी हुनुहोस् ।

भावार्थ– हजूरका विकराल दाह्रा र कालाग्निसमान मुख देखेर न दिशा पत्ता लाग्दछ न त समाधान नै पाउँछु । यसैले हे देवाधिदेव ! हे जगन्निवास ! प्रसन्न हुनुहोस् ।

अमी च त्वां धृतराष्ट्रस्य पुत्राः सर्वे सहैवावनिपालसङ्घैः ॥
भीष्मो द्रोणः सूतपुत्रस्तथासौ सहास्मदीयैरपि योधमुख्यैः ॥२६॥
वक्त्राणि ते त्वरमाणा विशन्ति दंष्ट्राकारलानि भयानकानिः ॥
केचिद्विलग्ना दशनान्तरेषु संदृश्यन्ते चूर्णितैरुत्तमाङ्गैः ॥२७॥

शब्दार्थ— अमी=उनीहरू । सर्वे=सबै । एव=नै । धृतराष्ट्रस्य=धृत-राष्ट्रका । पुत्राः=छोराहरू । अवनिपालसङ्घैः=राजाहरूको समुदाय । सह=सहित । त्वाम्=हजूरमा । विशन्ति=प्रवेश गर्दछन् । भीष्मः=भीष्म पितामह । द्रोणः=द्रोणचार्य । तथा=र । असौ=यो । सूतपुत्रः=कर्ण र । अस्मदीयैः=हाम्रा पक्षका । अपि=पनि । योधमुख्यैः=प्रधान योद्धाहरूको । सह=सहित सबका सब । त्वरमाणाः=वेगयुक्त भएर । ते=हजूरका । दंष्ट्राकरालानि=विकराल दाँत भएका । भयानकानि= भयानक । वक्त्राणि=मुखहरूमा । विशन्ति=प्रवेश गर्दछन् र । केचित्=कैयौं । चूर्णितैः=चूर्ण भएका । उत्तमाङ्गैः=शिरहरू सहित हजूरका । दशनान्तरेषु=दाँतहरूका बीचमा । विलग्नाः=लागेका । संदृश्यन्ते=देखिन्छन् ।

भावार्थ– उता सब राजाहरूको समूहका साथ यो धृतराष्ट्रका पुत्र, भीष्म, द्रोण र कर्ण, हाम्रो पक्षका प्रमुख योद्धाहरूका साथसाथ नै, हजूरका ती डरलाग्दा मुखहरूमा पसिरहेछन् जो वडे-वडे दाँतहरूको कारण ज्यादै डरलाग्दा भएका छन् । ती दाँतहरूका बीचमा फसेका देखिन्छन्, उनका शिरहरू चपाएर टुक्रा-टुक्रा भएका छन् ।

यथा नदीनां बहवोऽम्बुवेगाः समुद्रमेवाभिमुखा द्रवन्ति ॥
तथा तवामी नरलोकवीरा विशन्ति वक्त्राण्यभिविज्वलन्ति ॥२८॥

शब्दार्थ– यथा=जसरी । नदीनाम्=नदीहरूको । बहवः=धेरैजसो । अम्बुवेगाः=जलको प्रवाह । समुद्रम्=समुद्रको । एव=नै । अभिमुखाः=सम्मुख । द्रवन्ति=दौडन्छन् अर्थात् समुद्रमा प्रवेश गर्छन् । तथा=त्यस्तै । अमी=यी । नरलोकवीराः=शूरवीर मनुष्यको समुदाय पनि । तव=हजूरका । अभिविज्वलन्ति=प्रज्वलित हुँदै । वक्त्राणि=मुखमा ।

विशन्ति=प्रवेश गर्दछन् ।

भावार्थ– जसरी नदीहरूको धेरैजसो जलप्रवाह समुद्रको सम्मुख ओइरिन्छन् त्यसरी नै यी नरलोकका वीरहरू हजूरको सबतिरबाट प्रज्वलित मुखमा प्रवेश गर्दछन् ।

यथा प्रदीप्तं ज्वलनं पतङ्गा विशन्ति नाशाय समृद्धवेगाः ॥
तथैव नाशाय विशन्ति लोकास्तवाऽपि वक्त्राणि समृद्धवेगाः ॥२९॥

शब्दार्थ– यथा=जसरी । पतङ्गाः=पतङ्ग । नाशाय=नष्ट हुनका लागि । प्रदीप्तम्=प्रज्वलित । ज्वलनन्=अग्निमा । समृद्धवेगाः=अति वेगका साथ । विशन्ति=प्रवेश गर्दछन् । तथा=त्यस्तै । एव=नै । लोकाः=लोकहरू । अपि=पनि । नाशाय=आपनो नाशका लागि । तव=हजूरका । वक्त्राणि=मुखमा । समृद्धवेगाः=अति वेगका साथ । विशन्ति=प्रवेश गर्दछन् ।

भावार्थ– जसरी पुतलीहरू मर्नका निमित्त बडो हत्पताएर बल्दो बत्तीमा होमिन्छन्, त्यसरी नै हजूरका ती अनेक मुखमा यी लोक मर्नकै निमित्त वेगपूर्वक दौडँदै धमाधम अग्निमा पसिरहेछन् ।

लेलिह्यसे ग्रसमानः समन्ताल्लोकान्समग्रान्वदनैर्ज्वलद्भिः ॥
तेजोभिरापूर्य जगत्समग्रं भासस्तवोग्राः प्रतपन्ति विष्णो ॥३०॥

शब्दार्थ– समग्रान्=सम्पूर्ण । लोकान्=लोकहरूलाई । ज्वलद्भिः=प्रज्वलित । वदनैः=मुखहरूद्वारा । ग्रसमानः=ग्रास गर्दै । समन्तात्=सबतिरबाट । लेलिह्यसे=चाटिरहेछन् । विष्णो=हे विष्णु ! तव=हजूरको उग्रा=उग्रः । भासः=प्रकाश । समग्रम्=सम्पूर्ण । जगत्=जगत्लाई । तेजोभिः=तेजद्वारा । आपूर्य=परिपूर्ण गरेर । प्रतपन्ति=तपायमान गर्दछन् ।

भावार्थ– सारा संसारलाई प्रज्वलित मुखहरूद्वारा ग्रास गर्दै चारैतिरबाट चाट्न लागिरहेछन् । हे विष्णो ! हजूरको उग्र प्रकाश समग्र जगत्लाई आपनो तेजले परिपूर्ण पारेर तपायमान गराइरहेछ ।

आख्याहि मे को भवानुग्ररूपो नमोऽस्तु ते देववर प्रसीद ।।
विज्ञातुमिच्छामि भवन्तमाद्यं न हि प्रजानामि तव प्रवृत्तम् ।।३१।।

शब्दार्थ– उग्ररूपः=उग्ररूपधारी। भवान् कः=हजूर को हुनुहुन्छ। इति=यो। मे=मलाई। आख्याहि=बताउनोस्। ते=हजूरका लागि। नमः अस्तु=नमस्कार छ। देववर=हे देववर! प्रसीद=प्रसन्न हुनुहोस्। आद्यम्=आदिपुरुष। भवन्तम्=हजूरलाई। विज्ञातुम् इच्छामि=जान्न चाहन्छु। हि=किनकि। तव प्रवृत्तम्=हजूरको चेष्टा। न प्रजानामि=समझमा आउँदैन।

भावार्थ– मलाई आज्ञा होस् उग्ररूप हजूर को हुनुहुन्छ? हे देववर! नमस्कार गर्छु, प्रसन्न हुनुहोस्। आदिस्वरूप हजूरलाई म जान्न चाहन्छु किनभने हजूरको प्रवृत्तिलाई मैले बुझेको छैन।

श्रीभगवानुवाच=श्री भगवान्ले भन्नुभयो।

कालोऽस्मि लोकक्षयकृत्प्रवृद्धो लोकान्समाहर्तुमिह प्रवृत्तः।।
ऋतेऽपि त्वां न भविष्यन्ति सर्वे येऽवस्थिताः प्रत्यनीकेषु योधाः।।३२।।

शब्दार्थ– लोकक्षयकृत्=लोकहरूको नाश गर्ने। प्रवृद्धः=बढेको। कालः=महाकाल। अस्मि=हुँ। इह=यस समय यी। लोकान्=लोकहरूलाई। समाहर्तुम्=नष्ट गर्नका लागि। प्रवृत्तः=प्रवृत्त भएको छु यसैले। ते=ती। सर्वे=सबै। त्वाम्=तिमी। ऋते=विना। अपि=पनि। न भविष्यन्ति=रहने छैनन्।

भावार्थ– लोकहरूको नाश गर्ने अगाडि बढेको म काल हुँ। लोकहरूको नाश गर्नका लागि आएको छु। प्रत्येक सेनामा जो यी सब योद्धा आएका छन् तिनीहरूमध्ये कोही पनि तिमीले नलडे पनि बच्नेवाला छैनन्।

तस्मात्त्वमुत्तिष्ठ यशो लभस्व जित्वा शत्रून्भुङ्क्ष्व राज्यं समृद्धम् ।।
मयैवैते निहताः पूर्वमेव निमित्तमात्रं भव सव्यसाचिन् ।।३३।।

शब्दार्थ– तस्मात्=त्यसकारण। त्वम्=तिमी। उत्तिष्ठ=उठ र। यशः=यश। लभस्व=प्राप्त गर तथा। शत्रून्=शत्रुहरूलाई। जित्वा

=जितेर। समृद्धम्=धनधान्यले सम्पन्न। राज्यम्= राज्य। भुङ्क्ष्व= भोग गर र। एते=यी सब। पूर्वम्=पहिले। एव=नै। मया=मद्द्वारा। निहताः=मारिएका छन्। सव्यसाचिन्=बायाँ हातबाट पनि वाण चलाउन सक्ने अर्जुन ! तिमी त। निमित्तमात्रम्=केवल निमित्त मात्र। एव=नै। भव=होऊ।

भावार्थ– यसकारण तिमी खडा होऊ, यश कमाऊ, शत्रु जितेर धनधान्यशाली राज्यलाई भोग गर। यी सब पहिले मद्द्वारा मरिसकेका छन्। हे बायाँ हातबाट पनि वाण चलाउन शिपालु अर्जुन ! तिमी केवल निमित्त मात्र होऊ।

द्रोणं च भीष्मं च जयद्रथं च कर्णं तथान्यानपि योधवीरान् ॥
मया हतांस्त्वं जहि मा व्यथिष्ठा युध्यस्व जेतासि रणे सपत्नान् ॥३४॥

शब्दार्थ– द्रोणम्=द्रोणाचार्य। च=र। भीष्मम्=भीष्म। च=तथा। जयद्रथम्=जयद्रथ। च=र। कर्णम्=कर्ण। तथा=र। अन्यान्=अरू पनि धेरैजसो।] मया=मद्द्वारा। हतान्=मारिएका। योधवीरान्= शूरवीर योद्धाहरूलाई। त्वम्=तिमी। जहि=मार र। मा व्यथिष्ठा= नडराऊ। रणे=युद्धमा। सपत्नान्=वैरीहरूलाई। जेतासि=जित्नेछौ अतः। युध्यस्व=युद्ध गर।

भावार्थ– मैले द्रोणाचार्य, भीष्म, जयद्रथ, कर्ण र अरू त्यस्तै धेरै शूरवीरहरूलाई पनि अघि नै मारिसकेको छु, तिनीहरूलाई तिमी मार, नघबडाऊ, युद्ध गर, तिमी लडाईंमा शत्रुहरूलाई जित्नेछौ।

सञ्जय उवाच=संजयले भने।

एतच्छ्रुत्वा वचनं केशवस्य कृताञ्जलिर्वेपमानः किरीटी ॥
नमस्कृत्वा भूय एवाह कृष्णं सगद्गदं भीतभीतः प्रणम्य ॥३५॥

शब्दार्थ– केशवस्य=केशवको। एतत् वचनम्=यो कुरा। श्रुत्वा=सुनेर। किरीटी:=मुकुटधारी अर्जुन। कृताञ्जलिः=हात जोडेर। वेपमानः= काँप्दै। नमस्कृत्वा=नमस्कार गरेर। भूयः=फेरि। एव=नै। भीतभीतः

=भयभीत भएर । प्रणम्य=प्रणाम गरेर । कृष्णम्=श्रीकृष्णलाई । सगद्गदम्=गद्गद् वाणीले । आह=भने ।

भावार्थ– श्रीकृष्णको यो वचन सुनेर हात जोड्दै, काँप्दै, वारम्बार नमस्कार गर्दै, डर्दै प्रणाम गर्दै मुकुटधारी अर्जुनले कृष्णसँग गद्गद् कण्ठले यसरी भने–

अर्जुन उवाच=अर्जुनले भने ।

स्थाने हृषीकेश तव प्रकीर्त्या जगत्प्रहृष्यत्यनुरज्यते च ॥
रक्षांसि भीतानि दिशो द्रवन्ति सर्वे नमस्यन्ति च सिद्धसङ्घाः ॥३६॥

शब्दार्थ– हृषीकेश=हे हृषीकेश ! स्थाने=यो योग्य नै हो । कि । यत्=जो । तव=हजूरको । प्रकीर्त्या=नाम र प्रभावको कीर्तनले । जगत्=जगत् । प्रहृष्यति=अति हर्षित हुन्छ । च=र । अनुरज्यते=अनुराग पनि प्राप्त हुन्छ तथा । भीतानि=भयभीत । रक्षांसि=राक्षसहरू । दिशः=दिशाहरूमा । द्रवन्ति=भाग्दछन् । च=र । सर्वे=सबै । सिद्धसङ्घाः=सिद्धगणहरूका समुदाय । नमस्यन्ति=नमस्कार गर्दछन् ।

भावार्थ– हे कृष्ण ! हजूरको स्तुतिले जगत् प्रसन्न हुन्छ र अनुराग गर्दछ तथा राक्षसहरू डराएर दिशाविदिशा भाग्दछन् र सब सिद्धगण नमस्कार गर्दछन् ।

कस्माच्च ते न नमेरन्महात्मन् गरीयसे ब्रह्मणोऽप्यादिकर्त्रे ॥
अनन्त देवेश जगन्निवास त्वमक्षरं सदसत्तत्परं यत् ॥३७॥

शब्दार्थ– महात्मन्=हे महात्मन् ! ब्रह्मणः=ब्रह्माको । अपि=पनि । आदिकर्त्रे=आदिकर्ता । च=र । गरीयसे=सबभन्दा ठूला छन् । ते=हजूरका लागि यी । कस्मात्=कसरी । न नमेरन्=नमस्कार नगरून् ! किनकि । अनन्त=हे अनन्त ! देवेश=हे देवताका पनि ईश्वर ! जगन्निवास=सारा संसारमा निवास गर्ने ! यत्=जो । सत्=सत् । असत्=असत् र । तत्परम्=त्यो भन्दा पर । अक्षरम्=सच्चिदानन्द घन हुन् । तत्=त्यो । त्वम्=हजूर नै हो ।

भावार्थ– हे महात्मन् ! हजूर त ब्रह्माको पनि आदिकारण हुनुहुन्छ

र सर्वश्रेष्ठ हुनुहुन्छ हे अनन्त ! हे देवेश ! हे जगन्निवास ! जो सत्-असत् त्योभन्दा र पर जो अक्षर रूप छ त्यो हजूर नै हुनुहुन्छ ।

त्वमादिदेवः पुरुष पुराणस्त्वमस्य विश्वस्य परं निधानम् ।।
वेत्तासि वेद्यं च परं च धाम त्वया ततं विश्वमनन्तरूप ।।३८।।

शब्दार्थ– त्वम्=हजूर । आदिदेवः=आदिदेव र । पुराणः=सनातन । पुरुषः=पुरुष हुनुहुन्छ । त्वम्=हजूर । अस्य=यो । विश्वस्य=विश्वको । परम्=परम । निधानम्=आश्रय । च=र । वेत्ता=जान्ने तथा । वेद्यम्=जान्न योग्य । च=र । परम्=परम । धाम=धाम । असि=हुनुहुन्छ । अनन्तरूप=हे अनन्तरूप ! त्वया=हजूरद्वारा । विश्वम्=विश्व । ततम्=व्याप्त अर्थात् परिपूर्ण छ ।

भावार्थ– हजूर आदिदेव सनातन हुनुहुन्छ । हजूर यो जगत्को परमनिधान, सबका वेत्ता, जान्न योग्य र परम धाम हुनुहुन्छ । हे अनन्तरूप! हजूरबाट नै यो विश्व व्याप्त छ ।

वायुर्यमोऽग्निर्वरुणः शशाङ्कः प्रजापतिस्त्वं प्रपितामहश्च ।।
नमो नमस्तेऽस्तु सहस्रकृत्वः पुनश्च भूयोऽपि नमो नमस्ते ।।३९।।

शब्दार्थ– त्वम्=हजूर । वायुः=वायु । यमः=यमराज । अग्निः=अग्नि । वरुणः=वरुण । शशाङ्कः=चन्द्रमा तथा । प्रजापतिः=ब्रह्मा । प्रपितामहः=ब्रह्माका पनि पिता । असि=हुनुहुन्छ । ते=हजूरका लागि । सहस्रकृत्वः=हजारबार । नमः=नमस्कार छ । हे सर्वात्मन् ! ते=हजूरका लागि । नमः=नमस्कार । अस्तु=होस् । भूयः=फेरि । अपि=पनि । पुनः=बारम्बार । नमः=नमस्कार छ ।

भावार्थ– हजूर वायु, यम, अग्नि, वरुण, चन्द्रमा प्रजापति र प्रपितामह पनि हुनुहुन्छ । हजूरलाई हजारबार नमस्कार छ । फेरि पनि बारम्बार नमस्कार छ ।

नमः पुरस्तादथ पृष्ठतस्ते नमोऽस्तु ते सर्वत एव सर्व ।।
अनन्तवीर्यामितविक्रमस्त्वं सर्वं समाप्नोषि ततोऽसि सर्वः ।।४०।।

शब्दार्थ– अनन्तवीर्यः=हे अनन्त सामर्थ्यवाला ! ते=हजूरका लागि । पुरस्तात्=अगाडिबाट । अथ=अनि । पृष्ठतः=पछाडिबाट पनि । नमः=नमस्कार छ । सर्व=हे सर्वात्मन् ! ते=हजूरका लागि । सर्वतः=सबतिरबाट । एव=नै । नमः=नमस्कार । अस्तु=होस् किनकि । अमितविक्रमः=अनन्त पराक्रमशाली । त्वम्=हजूरले । सर्वम्=सब संसारलाई । समाप्नोषि=व्याप्त गरेको छ । ततः=अनि हजूर नै । सर्वः=सर्वरूप । असि=हुनुहुन्छ ।

भावार्थ– हे सर्वरूप ! हजूरलाई अगाडिबाट, पछाडिबाट र सबतिरबाट नमस्कार छ । हजूर असाध्यै बलियो र अति पराक्रमी हुनुहुन्छ । हजूर सबमा व्याप्त हुनुहुन्छ । त्यसैले हजूर नै सबकुछ हुनुहुन्छ ।

सखेति मत्वा प्रसभं यदुक्तं हे कृष्ण हे यादव हे सखेति ॥
अजानता महिमानं तवेदं मया प्रमादात्प्रणयेन वापि ॥४१॥

शब्दार्थ– सखा=मित्र । इति=यस्तो । मत्वा=मानेर । तव=हजूरको । इदम्=यो । महिमानम्=प्रभावलाई । अजानता=नजानेर । मया=मैले । प्रणयेन=प्रेमले । वा=अथवा । प्रमादात्=प्रमादले । अपि=पनि । हे कृष्ण=हे कृष्ण ! हे यादव=हे यादव ! हे सखे=हे मित्र ! इति=यस्तो । यत्=जोकुछ । प्रसभम्=हठपूर्वक । उक्तम्=भनिएको छ ।

भावार्थ– हजूरको यो महिमालाई नजानी, केवल साथी सम्झेर प्रेमले, भूलले हे कृष्ण ! हे यादव ! हे सखे ! इत्यादि भनेको छु ।

यच्चावहासार्थमसत्कृतोऽसि विहारशय्यासनभोजनेषु ॥
एकोऽथवाप्यच्युत तत्समक्षं तत्क्षामहे त्वामहमप्रमेयम् ॥४२॥

शब्दार्थ– च=र । अच्युत=हे कृष्ण ! यत्=जो । अवहासार्थम्=हँसीको लागि । विहारशय्यासनभोजनेषु=विहार, शय्या, आसन र भोजनादिहरूमा । एकः=एक्लै । अथवा=अथवा । तत्समक्षम्=ती सखाहरूका समक्ष । अपि=पनि । असत्कृतः=अपमानित गरिएका । असि=हुनुहुन्छ । तत्=त्यो सब अपराध । अप्रमेयम्=अचिन्त्य प्रभाववाला ।

त्वाम् = हजूरसँग । अहम् = म । क्षामहे = क्षमा मागदछु ।
भावार्थ– खेल्दा, सुत्ता, बस्दा, खाँदा, एक्लै वा अरूको सामुन्ने हँसीको लागि जो हजूरको अनादर भएको छ हे अविनाशी कृष्ण ! हजूर अप्रमेय-सँग म त्यसको लागि क्षमा मागदछु।

पितासि लोकस्य चराचरस्य त्वमस्य पूज्यश्च गुरुर्गरीयान् ॥
न त्वत्समोऽस्त्यभ्यधिकः कुतोऽन्यो लोकत्रयेऽप्यप्रतिमप्रभाव ॥४३॥

शब्दार्थ– त्वम् = हजूर। अस्य = यो। चराचरस्य = चराचर। लोकस्य = जगत्को। पिता = पिता। च = र। गरीयान् = गुरुभन्दा पनि ठूलो। गुरुः = गुरु एवं। पूज्यः = अति पूजनीय। असि = हुनुहुन्छ। अप्रतिमप्रभाव = हे अतिशय प्रभाव भएका ! लोकत्रये = तीन लोकहरूमा। त्वत्समः = हजूर समान। अपि = पनि। अन्यः = अरू कोही। न अस्ति = छैन फेरि। अभ्यधिकः = अधिक। कुतः = कसरी हुन्छ ?
भावार्थ– यो चराचर लोकका पिता, पूज्य, गुरु र गुरुभन्दा पनि श्रेष्ठ हुनुहुन्छ। हे अतुल विभूतिवाला ! अर्कै दुनियाँमा पनि हजूर समान अर्को कोही छैन, अनि हजूरभन्दा ठूलोको त कुरै छैन।

तस्मात्प्रणम्य प्रणिधाय कायं प्रसादये त्वामहमीशमीढ्यम् ॥
पितेव पुत्रस्य सखेव सख्युः प्रियः प्रियायार्हसि देव सोढुम् ॥४४॥

शब्दार्थ– तस्मात् = त्यसकारण। हे प्रभो ! अहम् = म। कायम् = शरीर। प्रणिधाय = राम्ररी चरणमा राखेर र। प्रणम्य प्रणाम = गरेर। ईढ्यम् = स्तुति गर्न योग्य। त्वाम् = हजूर। ईशम् = ईश्वरलाई। प्रसादये = प्रसन्न हुनको लागि प्रार्थना गर्दछु। देव = हे देव ! पिता = पिता। इव = जस्तो। पुत्रस्य = पुत्रको र। सखा = मित्र। इव = जस्तो। सख्युः = मित्रको। प्रियः = पति। इव = झैं। प्रियायाः = प्रिय स्त्रीको (त्यस्तै हजूर पनि) मम = मेरो अपराध। सोढुम् = सहन। अर्हसि = योग्य हुनुहुन्छ।
भावार्थ– त्यसकारण म आफ्नो देहलाई राम्रैसँग प्रभुको चरणमा चढाएर

स्तुति गर्न योग्य ईश्वर हजूरलाई प्रसन्न गराउँछु । हे देव ! पुत्रको अपराध जसरी पिताले सहन्छन्, मित्रको अपराध जसरी निःस्वार्थ मित्र सहन्छन्, प्रियाको अपराध जसरी प्रिय प्रणयवश सहन गर्दछन् त्यसै गरी हजूर हाम्रो अपराध क्षमा गर्नुहोस् ।

अदृष्टपूर्वं हृषितोऽस्मि दृष्ट्वा भयेन च प्रव्यथितं मनो मे ॥
तदेव मे दर्शय देव रूपं प्रसीद देवेश जगन्निवास ॥४५॥

शब्दार्थ— अदृष्टपूर्वम्=पहिले नदेखिएको आश्चर्यमय हजूरको यो रूप । दृष्ट्वा=देखेर । हृषितः=हृषित भएको । अस्मि=छु र । मे=मेरो । मनः=मन । भयेन=भयले । प्रव्यथितम्=अति व्याकुल भैरहेछ । अतः=यसैले । देव=हे देव ! हजूर । तत्=त्यो । रूपम्=रूप, हजूरको चतुर्भुज भएको रूप । एव=नै । मे=मेरो लागि । दर्शय=देखाउनोस् । देवेश=हे देवेश ! जगन्निवास=हे जगन्निवास ! प्रसीद=प्रसन्न हुनुहोस् ।

भावार्थ— पहिले कहिल्यै नदेखिएको कुरा (रूप) देखेर म हर्षित भैरहेको छु र डरले व्यथित पनि । अतः हे देव ! त्यो चतुर्भुजी रूप नै मलाई देखाउनोस् । हे जगन्निवास ! हे देवेश ! प्रसन्न हुनुहोस् ।

किरीटिनं गदिनं चक्रहस्तमिच्छामि त्वां द्रष्टुमहं तथैव ॥
तेनैव रूपेण चतुर्भुजेन सहस्रबाहो भव विश्वमूर्ते ॥४६॥

शब्दार्थ— अहम्=म । तथा=त्यस्तै । एव=नै । त्वाम्=हजूरको । किरीटिनम्=मुकुटधारण गरेको तथा । गदिनम्=गदा लिएको । चक्रहस्तम्=हातमा चक्र लिएको । द्रष्टुम्=देख्न । इच्छामि=इच्छा गर्दछु । अतः=यसकारण । तेन एव=त्यही नै । चतुर्भुजेन=चतुर्बाहु स्वरूप । रूपेण=रूपले । सहस्रबाहो=हजार हात भएका । विश्वमूर्ते=हे विश्वरूप ! भव=हुनुहोस् ।

शब्दार्थ— म हजूरलाई उस्तै किरीटीले सुशोभित, हातमा गदा-चक्र लिएको

देख्न चाहन्छु । हे हजार भुजा भएका विश्वमूर्ति ! हजूर त्यही चतुर्भुज मूर्ति हुनुहोस् ।

श्रीभगवानुवाच=श्रीभगवान् आज्ञा हुन्छ ।

मया प्रसन्नेन तवार्जुनेद रूपं परं दर्शितमात्मयोगात् ॥

तेजोमयं विश्वमनन्तमाद्यं यन्मे त्वदन्येन न दृष्टपूर्वम् ॥४७॥

शब्दार्थ-- अर्जुन=हे अर्जुन ! प्रसन्नेन=अनुग्रहपूर्वक । मया=मैले । आत्म योगात्=आफ्नो योगशक्तिको प्रभावले । इदम्=यो । मे=मेरो । परम्=परम । तेजोमयम्=तेजोमय । आद्यम्=सबका आदि । र । अनन्तम्=सीमारहित । विश्वम्=विराट् । रूपम्=रूप । तव=तिमीलाई दर्शितम=देखाएँ । यत्=जो कि । त्वदन्येन=तिमीसिवाय अरू कसैले । न दृष्टपूर्वम्=पहिले देखेका थिएनन् ।

भावार्थ-- अर्जुन ! तिमीदेखि प्रसन्न भएर यो तेजोमय अनन्त, आद्य र श्रेष्ठ विश्वरूप आफ्नो अलौकिक योगसामर्थ्यबाट मैले तिमीलाई देखाएको हुँ । यो रूप तिमीबाहेक अरू कसैले पनि पहिले देखेको थिएन ।

न वेदयज्ञाध्ययनैर्न दानैर्न च क्रियाभिर्न तपोभिरुग्रैः ॥

एवं रूपः शक्य अहं नृलोके द्रष्टुं त्वदन्येन कुरुप्रवीर ॥४८॥

शब्दार्थ-- कुरुप्रवीर=हे अर्जुन ! नृलोके=मनुष्यलोकमा । एवं रूपः= यस्तो विश्वरूपवाला । अहम्=म । न=न । वेदयज्ञाध्ययनैः=वेद र यज्ञको अध्ययनले । न=न । दानैः=दानले । र । न=न । क्रियाभिः= क्रियाहरूले । च=र । न=न । उग्रैः=उग्र । तपोभिः=तपहरूले (नै) । त्वदन्येन=तिमीसिवाय अरूले । द्रष्टुम्=देख्न । शक्यः=शक्य छु ।

भावार्थ-- हे अर्जुन ! म वेदाध्ययन, यज्ञ, दान, क्रिया र कठोर तपस्याबाट पनि देखिन्न । यस मनुष्यलोकमा मेरो यस्तो विश्वरूपको दर्शन तिमीबाहेक अरू कसैले पनि पाएनन् ।

मा ते व्यथा मा च विमूढभावो दृष्ट्वा रूपं घोरमीदृङ्ममेदम् ॥

व्यपेतभीः प्रीतमनाः पुनस्त्वं तदेव मे रूपमिदं प्रपश्य ॥४९॥

शब्दार्थ— ईदृक्=यस प्रकारको । मम=मेरो । इदम्=यो । घोरम्=विकराल । रूपम्=रूप । दृष्ट्वा=देखेर । ते=तिम्रो । व्यथा=व्याकुलता । मा=नहोओस् । च=र । विमूढभावः=मूढभाव पनि । मा=नहोओस् र । व्यपेतभीः=भयरहित । प्रीतमनाः=प्रीतियुक्त मन भएको । त्वाम्=तिमीलाई । तत्=त्यो । एव=नै । मे=मेरो । इदम्=यो । रूपम्=चतुर्भुज रूपलाई । पुनः=फेरि । प्रपश्य=देख ।

भावार्थ-- मेरो यस प्रकारको घोर रूपलाई देखेर तिमी व्याकुल र मूढभाव नहोऊ र निर्भय र प्रसन्न मनवाला भएर तिमी फेरि मेरो उही पहिलेकै रूपलाई हेर ।

संजय उवाच=संजयले भने ।

इत्यर्जुनं वासुदेवस्तथोक्त्वा स्वकं रूपं दर्शयामास भूयः ॥
आश्वासयामास च भीतमेनं भूत्वा पुनः सौम्यवपुर्महात्मा ॥५०॥

शब्दार्थ-- वासुदेवः=श्रीकृष्णले । अर्जुनम्=अर्जुनप्रति । इति=यस प्रकार । उक्त्वा=भनेर । भूयः=फेरि । तथा=त्यस्तै । स्वकम्=आफ्नो । रूपम्=चतुर्भुज रूप । दर्शयामास=देखाए । च=र । पुनः=फेरि । महात्मा=महात्मा कृष्णले । सौम्यवपुः=सौम्यमूर्ति । भूत्वा=भएर । एनम्=यी । भीतम्=भयभीत भएका अर्जुनलाई । आश्वासयामास=धैर्य दिलाए ।

भावार्थ-- कृष्णले अर्जुनलाई यस्तो भनेर फेरि आफ्नो उही रूप देखाए र फेरि भगवान्ले सौम्य रूप भएर ती डराएका अर्जुनलाई धैर्य दिलाए ।

अर्जुन उवाच=अर्जुनले भने ।

दृष्ट्वेदं मानुषं रूपं तव सौम्यं जनार्दन ॥
इदानीमस्मि संवृत्तः सचेताः प्रकृतिं गतः ॥५१॥

शब्दार्थ — जनार्दन=हे जनार्दन ! तव=हजूरको । इदम्=यो । सौम्यम्=अति शान्त । मानुषम्=मनुष्यको जस्तो । रूपम्=रूप । दृष्ट्वा=देखेर । इदानीम्=अहिले, । सचेताः=शान्तचित्त । संवृत्तः=

भएर, प्रकृतिम्=आफ्नो स्वभावमा। गतः=गएको। अस्मि=छु।

भावार्थ— हे जनार्दन! हजूरको यो सौम्य मानुषी रूप देखेर अब म सचेत र सावधान छु र स्वभावमा प्राप्त छु।

श्रीभगवानुवाच=श्रीभगवान्ले भन्नुभयो।

सुदुर्दर्शमिदं रूपं दृष्टवानसि यन्मम ॥
देवा अप्यस्य रूपस्य नित्यं दर्शनकाङ्क्षिणः ॥५२॥

शब्दार्थ-- मम=मेरो। इदम्=यो। रूपम्=रूप। सुदुर्दर्शम्=देख्न दुर्लभ। यत्=जसलाई। तिमीले। दृष्टवानसि=देख्यौ। यतः=किनकि। देवाः=देवता। अपि=पनि। नित्यम्=सदा। अस्य=यो। रूपस्य=रूपको। दर्शनकाङ्क्षिणः=दर्शनाभिलाषी छन्।

भावार्थ-- मेरो अति कठिनताले देखिने जुन रूप तिमीले देख्यौ। त्यो रूपलाई देख्नका लागि देवता पनि नित्य अभिलाषी रहन्छन्।

नाहं वेदैर्न तपसा न दानेन न चेज्यया ॥
शक्य एवं विधो द्रष्टुं दृष्टवानसि मां यथा ॥५३॥

शब्दार्थ-- न=न। वेदैः=वेदहरूले। न=न। तपसा=तपस्याले। न=न। दानेन=दानले। च=र। न=न। इज्यया=यज्ञले। एवंविधः=यस प्रकार चतुर्भुज रूपवाला। अहम्=म। द्रष्टुम्=देखिन। शक्यः=शक्य छु। यथा=जसरी। माम्=मलाई। त्वम्=तिमीले। दृष्टवानसि=देख्यौ।

भावार्थ-- न वेदहरूले, न तपले, न दानले र न यज्ञले यस रूपमा म देखिन सक्तछु, जुन रूपमा तिमीले मलाई देख्यौ।

भक्त्वा त्वनन्यया शक्य अहमेवं विधोऽर्जुन ॥
ज्ञातुं द्रष्टुम् च तत्त्वेन प्रवेष्टुं च परंतप ॥५४॥

शब्दार्थ-- परंतप=हे श्रेष्ठ तप गर्ने अर्जुन! अनन्या=अनन्य। भक्त्या=भक्तिद्वारा। तु=ता। एवंविधः=यस प्रकार चतुर्भुज रूपवाला।

अहम्=म। द्रष्टुम्=प्रत्यक्ष देख्नको लागि। र। तत्त्वेन=तत्त्वले। ज्ञातुम्=जान्नको लागि। च=तथा। प्रवेष्टुम्=प्रवेश गर्नको लागि। अर्थात् एकीभावले प्राप्त हुनको लागि। च=पनि। शक्यः=शक्य छु।

भावार्थ— परन्तु हे परमतापी अर्जुन! अनन्य भक्तिले नै म यस प्रकार तत्त्वले जान्न, देखिन र प्रवेश अर्थात् एकीभाव हुन सकिने छु।

मत्कर्मकृन्मत्परमो मद्भक्तः सङ्गवर्जितः ॥
निर्वैरः सर्वभूतेषु यः स मामेति पाण्डव ॥५५॥

शब्दार्थ— पाण्डव=हे अर्जुन! यः=जो व्यक्ति। मत्कर्मकृत्=केवल मेरो लागि नै सम्पूर्ण कर्त्तव्य कर्म गर्दछ। मत्परमः=मेरो परायण छ। मद्भक्तः=मेरो भक्त छ र। सङ्गवर्जितः=आसक्तिरहित छ। सर्वभूतेषु=सम्पूर्ण प्राणीहरूमा। निर्वैरः=वैरभावले रहित छ। सः=त्यो माम्=मलाई। एति=प्राप्त हुन्छ।

भावार्थ— जो केवल मेरो निमित्त कर्म गर्दछ, मेरै परायण भएर मेरो भक्त बन्दछ, जो आसक्ति रहित छ, जो ममा अनुराग राख्दछ र सबै प्राणीमा मित्रभाव गर्दछ त्यो नै मलाई पाउँछ।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे विश्वरूपदर्शनयोगो नामैकादशोऽध्यायः ॥११॥

श्रीमद्भगवद्गीताको विश्वरूप-दर्शनयोग नामक
एघारौं अध्याय समाप्त भयो।

अथ द्वादशोऽध्याय:

(अब बाह्रौं अध्याय)

अर्जुन उवाच=अर्जुनले भने ।

एवं सततयुक्ता ये भक्तास्त्वां पर्युपासते ।।
ये चाप्यक्षरमव्यक्तं तेषां के योगवित्तमाः ।।१।।

शब्दार्थ-- ये=जो । भक्ता:=अनन्य प्रेमी भक्तजन । एवम्=यो पूर्वोक्त प्रकारले । सततयुक्ता:=निरन्तर हजूरको भजन, ध्यानमा लागिपरेका । त्वाम्=हजूर सगुणरूप परमेश्वरलाई । पर्युपासते=अति श्रेष्ठ भावले उपासना गर्दछन् । च=र । ये=जो । अक्षरम्=अविनाशी सच्चिदानन्द घन । अव्यक्तम्=निराकारलाई । अपि=पनि । (उपासते=उपासना गर्दछन्) तेषाम्=ती दुई थरी भक्तहरूमा । योगवित्तमा:=अति उत्तम योगवेत्ता । के=को हो ?

भावार्थ-- यस प्रकार जो भक्त निरन्तर हरिभजनमा लागेर सगुण रूपको उपासना गर्दछन् र जो अविनाशी निर्गुण रूपको उपासना गर्दछन् ती दुईमा योगवेत्ता को हो ?

श्रीभगवानुवाच=श्री भगवान् भन्नुहुन्छ ।

मय्यावेश्य मनो ये मां नित्ययुक्ता उपासते ।।
श्रद्धया परयोपेतास्ते मे युक्ततमा मताः ।।२।।

शब्दार्थ-- मयि=ममा । मन:=मनलाई । आवेश्य=एकाग्र गरेर । नित्ययुक्ता:=निरन्तर मेरो भजन-ध्यानमा लागेका । ये=जो भक्तजन

परया=अतिशय श्रेष्ठ । श्रद्धया=श्रद्धाले । उपेताः=युक्त भएका । माम्=म सगुण रूप परमेश्वरलाई । उपासते=भज्दछन् । ते=ती । युक्ततमाः=योगीहरूमा पनि अति उत्तम योगी । मताः=मान्य हुन्छन् ।

भावार्थ-- जो ममा मन एकाग्र गरेर अखण्ड भजनमा लागिपर्दै ठूलो श्रद्धाले मेरो सगुण रूपको उपासना गर्दछन्, ती नै योगीमा उत्तम योगी हुन्, यो मेरो मत हो।

ये त्वक्षरमनिर्देश्यमव्यक्तं पर्युपासते ॥
सर्वत्रगमचिन्त्यं च कूटस्थमचलं ध्रुवम् ॥३॥
संनियम्येन्द्रियग्रामं सर्वत्र समबुद्धयः ॥
ते प्राप्नुवन्ति मामेव सर्वभूतहिते रताः ॥४॥

शब्दार्थ- तु=र । ये=जो व्यक्ति । इन्द्रियग्रामम्=इन्द्रिय समुदायलाई । संनियम्य=राम्ररी वशमा ल्याएर । अचिन्त्यम्=मन-बुद्धिभन्दा पर । सर्वत्रगम्=सर्वव्यापी । अनिर्देश्यम्=अकथनीय स्वरूप । च=र । कूटस्थम्=सदा एकरस रहने । ध्रुवम्=नित्य । अचलम्=अचल । अव्यक्तम्=अव्यक्त । अक्षरम्=अक्षर अर्थात् अविनाशी सच्चिदानन्द घन परमात्मालाई । पर्युपासते=निरन्तर एकीभावले ध्यान गर्दै उपासना गर्दछन् । ते=ती । सर्वभूतहिते रताः=सम्पूर्ण प्राणीहरूको हितमा रत । सर्वत्र=सबमा । समबुद्धयः=समानभावाला योगी पनि । माम्=मलाई । एव=नै । प्राप्नुवन्ति=प्राप्त हुन्छन् ।

भावार्थ-- किन्तु जो इन्द्रियसमूहलाई भलिभाँती संयमित गरेर सर्वव्यापक, अचिन्त्य, कूटस्थ (निर्विकार), अचल, ध्रुव, अनिर्देश्य, अव्यक्त, अक्षरको उपासना गर्दछन् र सब प्राणीहरूको हितमा रत रहन्छन् ती सबमा समबुद्धि राख्ने मलाई नै पाउँछन् ।

क्लेशोऽधिकरस्तेषामव्यक्तासक्तचेतसाम् ॥
अव्यक्ता हि गतिर्दुःखं देहवद्भिरवाप्यते ॥५॥

शब्दार्थ-- तेषाम्=ती । अव्यक्तासक्तचेतसाम्=सच्चिदानन्दघन

निराकार ब्रह्ममा आसक्त भएका चित्तवाला व्यक्तिहरूका (साधनामा)। क्लेशः=परिश्रम। अधिकतरः=विशेष छ। हि=किनकि। देहवद्भिः= देहाभिमानीद्वारा। अव्यक्ता:=अव्यक्त विषयक। गतिः=गति। दुःखम्= दुःखपूर्वक। अवाप्यते=पाइन्छ।

भावार्थ— परन्तु ती अव्यक्त आत्मामा चित्त लगाउने व्यक्तिहरूलाई अधिकतर क्लेश हुन्छ, किनकि अव्यक्तलाई विषय गर्ने मनोवृत्ति देहाभिमान-युक्त व्यक्तिलाई कठिनतासाथ मिल्दछ। कारण यो हो कि देहाभिमानी प्राणी शरीरलाई नै आत्मा संझन्छन्।

ये तु सर्वाणि कर्माणि मयि संन्यस्य मत्पराः ।।
अनन्येनैव योगेन मां ध्यायन्त उपासते ।।६।।

शब्दार्थ— तु=र। ये=जो। मत्पराः=मेरा परायण भएका भक्तजन। सर्वाणि=सम्पूर्ण। कर्माणि=कामहरू। मयि=ममा। संन्यस्य=अर्पण गरेर। माम्=म (सगुण रूप परमेश्वरलाई)। एव=नै। अनन्येन= तैलधारासदृश अनन्य। योगेन=ध्यानयोगले। ध्यायन्तः=निरन्तर चिन्तन गर्दै। उपासते=भज्दछन्।

भावार्थ— जो मेरा परायण भक्त छन् ती सब कर्म ममा समर्पण गर्दै मलाई अनन्ययोगद्वारा निरन्तर भज्दै उपासना गर्दछन्।

तेषामहं समुद्धर्त्ता मृत्युसंसारसागरात् ।।
भवामि न चिरात्पार्थ मय्यावेशितचेतसाम् ।।७।।

शब्दार्थ— पार्थ=हे अर्जुन! तेषाम्=ती। मयि=ममा। आवेशित-चेतसाम्=चित्त लगाउने प्रेमी भक्तहरूलाई। अहम्=म। नचिरात्= शीघ्र नै। मृत्युसंसारसागरात्=मृत्युरूपी संसार-समुद्रबाट। समुद्धर्ता= उद्धार गर्ने। भवामि=हुनेछु।

भावार्थ— ती ममा चित्त लगाउने भक्तलाई मात्र म मृत्युरूप संसार-सागरबाट तुरुन्तै उद्धार गर्दछु।

मय्येव मन आधत्स्व मयि बुद्धिं निवेशय ॥
निवसिष्यसि मय्येव अत ऊर्ध्वं न संशयः ॥८॥

शब्दार्थ-- मयि=ममा। एव=नै। मनः=मन। आधत्स्व=लगाऊ र। मयि=ममा। बुद्धिम्=बुद्धि। निवेशय=लगाऊ। अत ऊर्ध्वम्=त्यसको उपरान्त तिमी। मयि=ममा। एव=नै। निवसिष्यसि=निवास गर्नेछौ अर्थात् मलाई नै पाउनेछौ यसमा। संशयः=सन्देह। न=छैन।

भावार्थ-- ममा मन लगाऊ, ममा नै बुद्धि लगाऊ- यसो गरेपछि तिमी ममा सँगै निवास गर्न पाउनेछौ, यसमा सन्देह छैन।

अथ चित्तं समाधातुं न शक्नोषि मयि स्थिरम् ॥
अभ्यासयोगेन ततो मामिच्छाप्तुं धनञ्जय ॥९॥

शब्दार्थ-- अथ=यदि तिमी। चित्तम्=मनलाई। मयि=ममा। स्थिरम्=अचल। समाधातुम्=स्थापना गर्नको लागि। न शक्नोषि=समर्थ हुन्नौ। ततः=अनि। धनञ्जय=हे अर्जुन! अभ्यासयोगेन=अभ्यास योगद्वारा। माम्=मलाई। आप्तुम्=पाउन। इच्छ=इच्छा गर।

भावार्थ-- यदि ममा स्थिरतापूर्वक चित्तलाई लगाउनमा तिमी समर्थ भएनौ भने हे अर्जुन! अभ्यासयोगले मलाई प्राप्त गर्ने इच्छा गर।

अभ्यासेऽप्यसमर्थोऽसि मत्कर्मपरमो भव ॥
मदर्थमपि कर्माणि कुर्वन्सिद्धिमवाप्स्यसि ॥१०॥

शब्दार्थ-- अभ्यासे=माथि बताइएका अभ्यासद्वारा। अपि=पनि। असमर्थः=असमर्थ। असि=छौ। तर्हि=भने। मत्कर्मपरमः=केवल मेरो लागि कर्म गर्नको नै परायण। भव=होऊ यस प्रकार। मदर्थम्=मेरो लागि। कर्माणि=कामहरू। कुर्वन्=गर्दै। अपि=पनि। सिद्धिम्=मेरो प्राप्ति-रूप सिद्धिलाई नै। अवाप्स्यसि=पाउनेछौ।

भावार्थ-- यदि अभ्यास गर्नमा पनि तिमी असमर्थ छौ भने मदर्थ अर्थात् मेरो प्राप्तिको अर्थ (शास्त्रहरू)मा बताइएका (ज्ञान-ध्यान-भजन, पूजापाठ

आदि) कर्म गर्दै जाऊ। मदर्थ कर्म गर्नाले पनि तिमी सिद्धि पाउनेछौ।

अथैतदप्यशक्तोऽसि कर्तुं मद्योगमाश्रितः ॥
सर्वकर्मफलत्यागं ततः कुरु यतात्मवान् ॥११॥

शब्दार्थ— अथ=यदि। एतत्=यसलाई। अपि=पनि। कर्तुम्=गर्न। अशक्तः=असमर्थ। असि=छौ। ततः=तब अर्थात् त्यस अवस्थामा। यतात्मवान्=जितिएको मन भएका र। मद्योगम्=मेरो प्राप्तिरूप योगको। आश्रितः=शरण भएको। सर्वकर्मफलत्यागम्=सबै कर्महरूका फलको मेरो लागि त्याग। कुरु=गर।

भावार्थ-- यदि त्यो पनि गर्न समर्थ भएनौ भने मन जितेर मेरो प्राप्ति-रूप योगको शरण पर्दै सबै कर्मफल मेरो निमित्त त्याग गर।

श्रेयो हि ज्ञानमभ्यासाज्ज्ञानाद्ध्यानं विशिष्यते ॥
ध्यानात्कर्मफलत्यागस्त्यागाच्छान्तिरनन्तरम् ॥१२॥

शब्दार्थ-हि=किनकि। अभ्यासात्=अभ्यासभन्दा। ज्ञानम्=परोक्ष ज्ञान। श्रेयः=श्रेष्ठ छ र। ज्ञानात्=परोक्ष ज्ञानभन्दा। ध्यानम्=म परमेश्वरका स्वरूपको ध्यान। विशिष्यते=श्रेष्ठ छ तथा। ध्यानात्=ध्यानभन्दा पनि। कर्मफलत्यागः=सब कर्मका फलको मेरो लागि त्याग गर्नु। विशिष्यते=श्रेष्ठ छ र। त्यागात्=त्यागबाट। अनन्तरम्=तत्काल नै। शान्तिः=परम शान्ति हुन्छ।

भावार्थ-- किनभने अभ्यासभन्दा परोक्ष ज्ञान श्रेष्ठ छ। परोक्ष ज्ञानभन्दा परमेश्वरको चिन्तन महान् हो। त्यो भन्दा सर्वकर्मफल मेरो निम्ति त्याग्नु श्रेष्ठ हो। त्याग नभई शान्ति हुँदैन।

अद्वेष्टा सर्वभूतानां मैत्रः करुण एव च ॥
निर्ममो निरहंकारः समदुःखसुखः क्षमी ॥१३॥

शब्दार्थ— सर्वभूतानाम्=सबै प्राणीहरूमा। अद्वेष्टा=द्वेषभावले रहित एवं। मैत्रः=स्वार्थरहित सबैको प्रेमी। च=र। करुणः=हेतुरहित

दयालु छ तथा। निर्ममः=ममतारहित। निरहंकारः=अहंकारले रहित छ। समदुःखसुखः=दुःख-सुखमा समान। क्षमी=क्षमाशील छ।

संतुष्टः सततं योगी यतात्मा दृढनिश्चयः ॥
मय्यर्पितमनोबुद्धिर्यो मद्भक्तः स मे प्रियः ॥१४॥

शब्दार्थ— य=जो। योगी=ध्यानमा युक्त भएको। सततम्=निरन्तर। सन्तुष्टः=लाभहानिमा सन्तुष्ट छ तथा। यतात्मा=मन र इन्द्रियहरू-सहित शरीरलाई वशमा गरेको। दृढनिश्चयः=ममा दृढनिश्चयवाला छ। सः=त्यो। मयि=ममा। अर्पितमनोवुद्धिः=अर्पण गरिएको मन-बुद्धिवाला। मद्भक्त=मेरो भक्त। मे=मलाई। प्रियः=प्रिय छ।

भावार्थ—प्राणीमात्रमा द्वेषभावरहित, स्वार्थरहित, सबको मित्र, हेतुरहित, दयालु, ममतारहित, सुखदुःखको प्राप्तिमा सम एवं क्षमाशील, निरन्तर लाभहानिमा सन्तुष्ट, तन-मन वशमा भएको, दृढनिश्चयी र मनवुद्धि अर्पने जो हो त्यो भक्त प्यारो छ।

यस्मान्नोद्विजते लोको लोकान्नोद्विजते च यः ॥
हर्षामर्षभयोद्वेगैर्मुक्तो यः स च मे प्रियः ॥१५॥

शब्दार्थ—यस्मात्=जसबाट। लोकः=कुनै पनि जीव। न उद्विजते=उद्वेगित अर्थात् दुःखित हुँदैन। च=र। यः=जो स्वयं पनि। लोकात्=कुनै जीववाट। न उद्विजते=उद्वेगित हुँदैन। च=तथा। यः=जो। हर्षा-अमर्षभयोद्वेगैः=हर्ष, अमर्ष (अर्काको उन्नति देखेर संताप पाउने। भय र उद्वेगादिहरूबाट। मुक्तः=मुक्त छ। सः=त्यो भक्त। मे=मलाई। प्रिय=प्रिय छ।

भावार्थ—जसवाट मान्छेहरूलाई न क्लेश हुन्छ, न जो मान्छेहरूबाट क्लेश पाउँछ, यस्तो जो हर्ष, क्रोध, भय र विषादवाट अलिप्त छ त्यही मलाई प्रिय छ।

अनपेक्षः शुचिर्दक्ष उदासीनो गतव्यथः ॥
सर्वारम्भपरित्यागी यो मद्भक्तः स मे प्रियः ॥१६॥

शब्दार्थ— यः=जो व्यक्ति। अनपेक्षः=आकांक्षाले रहित। शुचिः=बाहिर र भित्र शुद्ध। दक्षः=चतुर। उदासीनः=पक्षपातले रहित र। गतव्यथः=दुःखहरूबाट छुटेको छ। सः=त्यो। सर्वारम्भपरित्यागी=सबै आरम्भहरूको त्यागी अर्थात् मन, वाणी र शरीरद्वार प्रारब्धबाट हुने सम्पूर्ण स्वाभाविक कर्महरूका कर्तापनको अभिमानको त्यागी। मद्भक्तः=मेरो भक्त। मे=मलाई। प्रियः=प्रिय छ।

भावार्थ— मेरो त्यही भक्त प्यारो छ जो निरपेक्ष, पवित्र र दक्ष छ अर्थात् कुनै पनि काम अल्छी नमानीकन गर्दछ, जो फलको विषयमा उदासीन छ, जसलाई कुनै पनि विकारले डगाउन सक्तैन र जसले काम्यफलको सब आरम्भ अर्थात् उद्योग छोडिदिएको छ।

यो न हृष्यति न द्वेष्टि न शोचति न कांक्षति ॥
शुभाशुभपरित्यागी भक्तिमान्यः स मे प्रियः ॥१७॥

शब्दार्थ— यः=जो। न=न कहिल्यै। हृष्यति=हर्षित हुन्छ। न=न। द्वेष्टि=द्वेष गर्दछ। न=न। शोचति=शोच गर्दछ। न=न। कांक्षति=कामना गर्दछ तथा। यः=जो। शुभाशुभपरित्यागी=शुभ र अशुभ सम्पूर्ण कर्मका फलको त्यागी छ। सः=त्यो। भक्तिमान्=भक्तियुक्त व्यक्ति। मे=मलाई। प्रियः=प्रिय छ।

भावार्थ— जो न हर्षित छ, न द्वेष गर्दछ, न शोच नै गर्दछ, न इच्छा राख्दछ, जसले शुभ र अशुभ कर्मफल त्यागेको छ, त्यो भक्तिमान् व्यक्ति नै मेरो प्रिय छ।

समः शत्रौ च मित्रे च तथा मानापमानयोः ॥
शीतोष्णसुखदुःखेषु समः सङ्गविवर्जितः ॥१८॥
तुल्यनिन्दास्तुतिर्मौनी संतुष्टो येन केनचित् ॥
अनिकेतः स्थिरमतिर्भक्तिमान्मे प्रियो नरः ॥१९॥

शब्दार्थ— शत्रौ=शत्रुमा। मित्रे=मित्रमा। च=र। मानापमानयोः=मान र अपमानमा। समः=बराबर छ तथा। शीतोष्णसुखदुःखेषु=

सर्दी, गर्मी र सुखदुःखादिक द्वन्द्वहरूमा। समः=सम छ। च=र। सङ्गविवर्जितः=आसक्तिरहित छ। तुल्यनिन्दास्तुतिः=निन्दा र स्तुतिलाई समान संझने र। मौनी=मननशील छ। अर्थात् ईश्वरका स्वरूपको निरन्तर मनन गर्नेवाला छ एवं। येन केनचित्=जसरीतसरी पनि शरीरको निर्वाह हुनमा। संतुष्टः=सदा नै संतुष्ट छ र। अनिकेतः=रहने ठाउँमा ममताबाट रहित छ। सः=त्यो। स्थिरमतिः=स्थिर बुद्धिवाला। भक्तिमान्=भक्तिमान्। नरः=मान्छे। मे=मलाई। प्रियः=प्रिय छ।

भावार्थ-- जसलाई शत्रु र मित्र, मान-अपमान, सर्दी-गर्मी, सुख-दुःख समान छन् र जसलाई कसैमा आसक्ति छैन, जसलाई निन्दा र स्तुति दुवै एक समान हुन्छ, जो जे-जति मिल्छ त्यसैमा सन्तुष्ट छ एवं जसको चित्त स्थिर छ, जो अनिकेत छ अर्थात् जसको रहने निश्चित स्थान छैन त्यो भक्तिमान् व्यक्ति मलाई प्यारो छ।

ये तु धर्म्यामृतमिदं यथोक्तं पर्युपासते ॥
श्रद्दधाना मत्परमा भक्तास्तेऽतीव मे प्रियाः ॥२०॥

शब्दार्थ-- तु=र। ये=जो। मत्परमाः=मेरा परायण भएका। श्रद्दधानाः=श्रद्धायुक्त व्यक्ति। इदम्=यो। यथोक्तम्=माथि भनिएका। धर्म्यामृतम्=धर्ममय अमृतलाई। पर्युपासते=निष्कामभावले सेवन गर्दछन्। ते=ती। भक्ताः=भक्तहरू। मे=मलाई। अतीव=अतिशय। प्रियाः=प्रिय छन्।

भावार्थ-- माथि बताइएको यो अमृततुल्य धर्मको जो मत्परायण भएर श्रद्धाले आचरण गर्दछन्, ती भक्तहरू मलाई अत्यन्त प्रिय छन्।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे भक्तियोगो नाम द्वादशोऽध्यायः ॥१२॥

श्रीमद्भगवद्गीताको भक्तियोग नामक बाह्रौं अध्याय समाप्त भयो।

अथ त्रयोदशोऽध्यायः

(अब तेह्रौं अध्याय)

श्री भगवानुवाच=श्री भगवान्ले भन्नुभयो ।

इदं शरीरं कौन्तेय क्षेत्रमित्यभिधीयते ॥
एतद्यो वेत्ति तं प्राहुः क्षेत्रज्ञं इति तद्विदः ॥१॥

शब्दार्थ-- कौन्तेय=हे अर्जुन ! इदम्=यो । शरीरम्=शरीर । क्षेत्रम्=क्षेत्र । इति=यस्तो । अभिधीयते=भनिन्छ । एतत्=यसलाई । यः=जो । वेत्ति=जान्दछ । तम्=त्यसलाई । तद्विदः=तत्त्व जान्ने ज्ञानी जन । क्षेत्रज्ञं इति=क्षेत्रज्ञ नामले । आहुः=भन्दछन् ।

भावार्थ-- हे अर्जुन ! यो शरीर क्षेत्र हो । जो यो क्षेत्रलाई जान्दछ, त्यो क्षेत्रज्ञ हो भनी विद्वान्हरू भन्दछन् ।

क्षेत्रज्ञं चापि मां विद्धि सर्वक्षेत्रेषु भारत ॥
क्षेत्रक्षेत्रज्ञयोर्ज्ञानं यत्तज्ज्ञानं मतं मम ॥२॥

शब्दार्थ-- भारत=हे अर्जुन ! सर्वक्षेत्रेषु=सब क्षेत्रहरूमा । माम्=मलाई । अपि=पनि । क्षेत्रज्ञम्=क्षेत्रज्ञ । विद्धि=जान । च=र । क्षेत्रक्षेत्रज्ञयोः=क्षेत्र र क्षेत्रज्ञको । यत्=जो । ज्ञानम्=तत्त्वले जान्दछ । तत्=त्यो । ज्ञानम्=ज्ञान हो भन्ने । मम=मेरो । मतम्=मत हो ।

भावार्थ-- हे अर्जुन ! सबै क्षेत्रहरूमा क्षेत्रज्ञ पनि मलाई जान, क्षेत्र र क्षेत्रज्ञलाई जान्नु नै ज्ञान हो, मलाई यस्तो लाग्दछ ।

तत्क्षेत्रं यच्च यादृक्च यद्विकारि यतश्च यत् ॥
स च यो यत्प्रभावश्च तत्समासेन मे श्रृणु ॥३॥

शब्दार्थ— तत्=त्यो । क्षेत्रम्=क्षेत्र । यत्=जो । च=र । यादृक=जस्तो छ । च=तथा । यद्विकारि=जो विकारवाला छ । च=र । यत =जुन कारणले । यत्=जो भएको छ । च=तथा । सः=त्यो (क्षेत्रज्ञ) । च=पनि । यः=जो छ र । यत्प्रभावः=जो प्रभाववाला छ । तत्=त्यो सव । समासेन=संक्षेपले । श्रृणु=सुन ।

भावार्थ— त्यो क्षेत्र जो हो, जस्तो हो, जुन विकारवाला हो, जसवाट भएको हो, त्यसको खास रूप जो हो, त्यसको जस्तो प्रभाव छ, त्यो सव संक्षेपले भन्दछु सुन ।

ऋषिभिर्बहुधा गीतं छन्दोभिर्विविधैः पृथक् ॥
ब्रह्मसूत्रपदैश्चैव हेतुमद्भिर्विनिश्चितैः ॥४॥

शब्दार्थ– ऋषिभिः= ऋषिहरूद्वारा । बहुधा गीतम्= अनेक प्रकारले वर्णन गरिएको छ । विविधैः=अनेक प्रकारका । छन्दोभिः=वेदमन्त्र-हरूद्वारा । पृथक्= अलग-अलग । च=र । विनिश्चितैः=भलिभाँती निश्चित गरिएको । हेतुमद्भिः= युक्तिका साथ । ब्रह्मसूत्रपदैः=ब्रह्म-सूत्रका वाक्यहरूद्वारा । एव=नै । भनिएको छ ।

भावार्थ– ऋषिहरूले अनेक प्रकारले प्रतिपादन गरिएको, वेदमंत्रले विविध रूपबाट विभाग गरिएको, युक्तियुक्त र राम्रो गरी निश्चय गरिएको ब्रह्मसूत्रको पदद्वारा संझाइएको छ।

महाभूतान्यहंकारो बुद्धिरव्यक्तमेव च ॥
इन्द्रियाणि दशैकं च पञ्च चेन्द्रियगोचराः ॥५॥
इच्छा द्वेषसुखं दुःखं संघातश्चेतना धृतिः ॥
एतत्क्षेत्रं समासेन सविकारमुदाहृतम् ॥६॥

शब्दार्थ– महाभूतानि= पंचमहाभूत । अहंकारः= अहंभाव । बुद्धिः= बुद्धि । अव्यक्तम्= प्रकृति । च=र । दशः= दश । इन्द्रियाणि=

इन्द्रियहरू । एकम्=एक मन । च=र । पञ्च= पाँच । इन्द्रियगोचराः = इन्द्रियहरूका विषय । एव=पनि । च=र । इच्छा=इच्छा । द्वेषः =द्वेष । सुखम्=सुख । दुःखम्=दुःख । संघातः= स्थूल देह । चेतना =चैतन्य । धृतिः=धृति । एतत्=यो । क्षेत्रम्=क्षेत्र । सविकारम्= विकारहरूसहित । समासेन=संक्षेपले । उदाहृतम्= भनिएको छ ।

भावार्थ– पञ्चमहाभूत, अहंकार, निश्चयात्मिका बुद्धि, अव्यक्त अर्थात् म परमेश्वरको दुरत्यया प्रकृति, निर्गुणात्मिका माया पनि एवं दश इन्द्रियहरू अर्थात् पाँच ज्ञानेन्द्रिय र पाँच कर्मेन्द्रिय र एघारौं मन तथा इन्द्रियहरूका पाँच विषयहरू अर्थात् स्थूल पञ्चभूत–शब्द, स्पर्श, रूप, रस, गन्ध, इच्छा अर्थात् त्यो वस्तु प्राप्त गर्ने कामना जसबाट सुख पाउने आशा होस्, द्वेष, सुख, दुःख, स्थूल देहको पिण्ड, चेतना, धैर्य, यसरी यो क्षेत्र विकारहरूले सहित संक्षेपले भनिएको छ ।

अमानित्वमदम्भित्वमहिंसा क्षान्तिरार्जवम् ॥
आचार्योपासनं शौचं स्थैर्यमात्मविनिग्रहः ॥७॥

शब्दार्थ– अमानित्वम्=अभिमानको अभाव । अदाम्भित्वम्= दम्भाचरणको अभाव । अहिंसा= अहिंसा । क्षान्ति= क्षमा । आर्जवम्= सरलता । आचार्योपासनम्= आचार्यको उपासना । शौचम्= शुद्धि । स्थैर्यम्=स्थिरता । आत्मविनिग्रहः=आत्मनिग्रह ।

इन्द्रियार्थेषु वैराग्यमनहंकार एव च ॥
जन्ममृत्युजराव्याधिदुःखदोषानुदर्शनम् ॥८॥

शब्दार्थ– इन्द्रियार्थेषु= इन्द्रियहरूका भोगहरूमा । वैराग्यम्=वैराग्य । च=र । अनहंकारः= अहंकारको अभाव । एव= पनि । जन्म=जन्म । मृत्युः=मृत्यु । जरा=बुढ्याइँ । व्याधिः=बिमारी । दुःख=दुःखहरूमा । दोषः= दोष । अनुदर्शनम्=बारम्बार देख्नु ।

असक्तिरनभिष्वङ्गः पुत्रदारगृहादिषु ॥
नित्यं च समचित्तत्वमिष्टानिष्टोपपत्तिषु ॥९॥

शब्दार्थ– असक्तिः = अनासक्ति । पुत्रदारगृहादिषु = पुत्र, स्त्री, घर र धन आदिमा । अनभिष्वङ्गः = लिप्त नहुनु । च = तथा । इष्टानिष्टोपपत्तिषु = इष्ट र अनिष्टको प्राप्तिमा । नित्यम् = सधैं । समचित्तत्वम् = समचित्त रहनु ।

मयि चानन्ययोगेन भक्तिरव्यभिचारिणी ॥
विविक्तदेशसेवित्वमरतिर्जनसंसदि ॥१०॥

शब्दार्थ– मयि = ममा । अनन्ययोगेन = अनन्य योगले । अव्यभिचारिणी = अव्यभिचारी । भक्तिः = भक्ति । च = तथा । विविक्तदेशसेवित्वम् = एकान्त र पवित्र देशमा रहने स्वभाव । जनसंसदि = जनसमुदायमा । अरतिः = अप्रीति ।

अध्यात्मज्ञाननित्यत्वं तत्त्वज्ञानार्थदर्शनम् ॥
एतज्ज्ञानमिति प्रोक्तमज्ञानं यदतोऽन्यथा ॥११॥

शब्दार्थ-- अध्यात्मज्ञान = अध्यात्म ज्ञानमा । नित्यत्वम् = वराबर स्थिति । तत्त्वज्ञानार्थ = तत्त्वज्ञानका अर्थको । दर्शनम् = दर्शन अर्थात अनुभव । एतत् = यो सब । ज्ञानम् = ज्ञान हो । यत् = जो । अतः = यसको । अन्यथा = विपरीत हो । अज्ञानम् = अज्ञान हो । इति = यस्तो । प्रोक्तम् = भनिएको छ ।

भावार्थ (७–११) हे अर्जुन ! क्षेत्रज्ञ-ज्ञानको साधनभूत लक्षण र गुण तिमी पहिले सुन– अमानी, अदंभी, अहिंसात्मा, क्षमाशील, सरलता हुनु, गुरुको उपासना, भित्र-बाहिर शुद्धि, अचंचलता, मन-इन्द्रिय-देहको निग्रह गर्नु, सब विषयमा वैराग्य, अहंकार नहुनु, जन्म-मृत्यु-जरा-व्याधि-दुःख आदि दोषलाई वारम्बार दर्शन गर्नु, पुत्र-स्त्री-घरमा निरासक्ति, निर्ममता, प्रिय-अप्रियको प्राप्तिमा चित्त सम राख्नु, ममा अनन्य योगद्वारा अव्यभिचारिणी भक्ति र एकान्त सेवा, विषयीको संगतमा अप्रेम, अध्यात्मज्ञानमै नित्य लगन, तत्त्वज्ञानको अर्थ, सर्वत्र प्रभुको दर्शन, यो सब ज्ञान हो, जो यसको उल्टो छ त्यो अज्ञान हो ।

ज्ञेयं यत्तत्प्रवक्ष्यामि यज्ज्ञात्वामृतमश्नुते ॥
अनादिमत्परं ब्रह्म न सत्तन्नासदुच्यते ॥१२॥

शब्दार्थ– तत्=त्यसलाई । प्रवक्ष्यामि=राम्ररी भनुँला । यत्=जो। ज्ञेयम्=जान्नयोग्य छ। यत्=जसलाई। ज्ञात्वा=जानेर । अमृतम्=अमृतलाई। अश्नुते=भोग्दछ। तत्=त्यो । अनादिमत्=आदिरहित। परम्=परम। ब्रह्म=ब्रह्म हो त्यो। न सत्=न सत् हो। न असत्=न असत् नै हो। तत्=त्यो। उच्यते=कहिन्छ।

भावार्थ– मनुष्य जसलाई जानेर अमरत्व प्राप्त गर्दछन् त्यस ज्ञेयको विषयमा म तिमीलाई सविस्तार सब कुरा बताउँछु। त्यो परम ब्रह्म अनादिमत् छ। त्यसलाई जान्ने यस्तो विलक्षण परिचय दिन्छन् जसको अर्को कोही उपमा नै छैन। त्यो न सत् हो, न असत्, त्यही नै अब कहिन्छ।

सर्वतः पाणिपादं तत्सर्वतोऽक्षिशिरोमुखम् ॥
सर्वतः श्रुतिमल्लोके सर्वमावृत्य तिष्ठति ॥१३॥

शब्दार्थ– तत्=त्यो। सर्वतः पाणिपादम्=सबतिर हातपाउ भएका। सर्वतोऽक्षिशिरोमुखम्=सबतिर आँखा, शिर, मुख भएका। सर्वतः श्रुतिमत्=सबैतिर कान भएका। लोके=जगत्मा। सर्वम्=सबलाई। आवृत्य=ढाकेर। ती तिष्ठति=स्थित भएका छन्।

भावार्थ– ती (ज्ञेय) सबैतिर हात-पाउ भएका, सबैतिर नेत्र, शिर, मुख भएका, सबैतिर कान भएका, यो जगत्मा सबलाई घेरेर रहेका छन्।

सर्वेन्द्रियगुणाभासं सर्वेन्द्रियविवर्जितम् ॥
असक्तं सर्वभृच्चैव निर्गुणं गुणभोक्तृ च ॥१४॥

शब्दार्थ– सर्वेन्द्रियगुणाभासम्=सबै इन्द्रियहरूका गुणको आभास छ र। सर्वेन्द्रियविवर्जितम्=सबै इन्द्रियहरूले रहित छ। असक्तम्=आसक्तिरहित छ। एव=(फेरि) पनि। सर्वभृत्=सब जीवहरूको भरण-पोषण गर्नेवाला छ। च=र। निर्गुणम्=निर्गुण भएर पनि। गुणभोक्तृ=गुण भोग्नेवाला छ।

भावार्थ- त्यो ज्ञेय इन्द्रियहरूको र तिनका गुणहरूलाई प्रकाश गर्ने हो। परन्तु वास्तवमा सबै इन्द्रियभन्दा अतीत छ। त्यसलाई धारण-पोषण गर्ने भएर पनि सबबाट निर्लेप र सबै गुणहरू भोग्ने भएर पनि गुणातीत छ।

बहिरन्तश्च भूतानामचरं चरमेव च ॥
सूक्ष्मत्वात्तदविज्ञेयं दूरस्थं चान्तिके च तत् ॥१५॥

शब्दार्थ-- तत्=त्यो। भूतानाम्=सब प्राणीहरूको। बहिः=बाहिर। अन्तः=भित्र परिव्याप्त छ। चरम्=चर। च=र। अचरम्=अचर। एव=पनि हो। च=र। तत्=त्यो। सूक्ष्मत्वात्=सूक्ष्म हुनाले। अविज्ञेयम्=जानीनसक्नु छ। च=तथा। अन्तिके=अत्यन्त नजीक। र। दूरस्थम्=टाढा पनि छ।

भावार्थ-- त्यो सब प्राणीहरूको बाहिर-भित्र छ, चर-अचर छ र सूक्ष्म हुनाले जानीनसक्नु छ तथा टाढा पनि रहेको छ र नजीक पनि छ।

अविभक्तं च भूतेषु विभक्तमिव च स्थितम् ॥
भूतभर्तृ च तज्ज्ञेयं ग्रसिष्णु प्रभविष्णु च ॥१६॥

शब्दार्थ-- च=र। भूतेषु=सब प्राणीहरूमा। अविभक्तम्=अविभक्त हुँदाखेरि। च=पनि। विभक्तम्=विभक्त। इव=जस्तो। स्थितम्=स्थित छ। तत्=त्यो। ज्ञेयम्=जान्नयोग्य। भूतभर्तृ=सब जीवहरूको भर्ता। च=र। ग्रसिष्णु=संहारकर्ता। च=तथा। प्रभविष्णु=उत्पन्न गर्नेवाला पनि हो।

भावार्थ-- र त्यो नबाँडिएको भएर पनि जीवहरूमा बाँडिएझैं भएर रहन्छ र त्यो जान्नयोग्य प्राणीहरूको पालक, उत्पत्ति गर्ने र मार्नेवाला पनि हो।

ज्योतिषामपि तज्ज्योतिस्तमसः परमुच्यते ॥
ज्ञानं ज्ञेयं ज्ञानगम्यं हृदि सर्वस्य विष्ठितम् ॥१७॥

शब्दार्थ-- तत्=त्यो (ब्रह्म)। ज्योतिषाम्=ज्योतिहरूको। अपि=

पनि । ज्योतिः=ज्योति हो । तमसः=अन्धकारभन्दा । परम्=पर ।
उच्यते=भनिन्छ। ज्ञानम्=ज्ञान । ज्ञेयम्=ज्ञेय । ज्ञानगम्यम्=ज्ञानद्वारा जान्न सकिने । सर्वस्य=सबैको । हृदि=हृदयमा । विष्ठितम्=स्थित छ।
भावार्थ-- त्यो प्रकाशको पनि प्रकाश र अन्धकारभन्दा पर छ भन्दछन्। त्यो ज्ञान, ज्ञेय, ज्ञानद्वारा जान्नयोग्य र सबको हृदयमा छ।

इति क्षेत्रं तथा ज्ञानं ज्ञेयं चोक्तं समासतः ॥
मद्भक्त एतद्विज्ञाय मद्भावायोपपद्यते ॥१८॥

शब्दार्थ-- इति=यस प्रकार । क्षेत्रम्=क्षेत्र । तथा=त्यस्तै । ज्ञानम्=ज्ञान । च=र। ज्ञेयम्=ज्ञेय । समासतः=संक्षेपले । उक्तम्=भनिएको छ । एतत्=यसलाई । विज्ञाय=जानेर । मद्भक्तः=मेरो भक्त । मद्भावाय=मेरो भावको लागि । उपपद्यते=प्राप्त हुन्छ ।
भावार्थ-- यस प्रकार क्षेत्र, ज्ञान र ज्ञेय (पुरुष) संक्षेपले बताइएको छ। मेरो भक्त यसलाई जानेर मेरो स्वरूप अर्थात् भावमा आउन योग्य हुन्छ।

प्रकृतिं पुरुषं चैव विद्धयनादी उभावपि ॥
विकारांश्च गुणांश्चैव विद्धि प्रकृतिसंभवान् ॥१९॥

शब्दार्थ-- प्रकृतिम्=प्रकृति । च=र । पुरुषम्=पुरुष । उभौ=दुवैलाई । एव=नै । तिमी । अनादी=अनादि । विद्धि=जान । च=र । विकारान्=सब विकारहरू । च=तथा । गुणान्=गुणहरूलाई । अपि=पनि । तिमी । प्रकृतिसंभवान्=प्रकृतिबाट उत्पन्न भएका । विद्धि=जान ।
भावार्थ-- प्रकृति र पुरुष यी दुवैलाई पनि तिमी अनादि जान, र विकारहरूलाई र गुणहरूलाई प्रकृतिबाट उत्पन्न भएको जान ।

कार्यकारणकर्तृत्वे हेतुः प्रकृतिरुच्यते ॥
पुरुषः सुखदुःखानां भोक्तृत्वे हेतुरुच्यते ॥२०॥

शब्दार्थ-- कार्यकारणकर्तृत्वे=कार्य र कारण उत्पन्न गर्नमा । हेतुः=हेतु । प्रकृतिः=प्रकृति । उच्यते=कहलाउँछ । पुरुषः=जीवात्मा ।

सुखदु:खानाम्=सुखदु:खको । भोक्तृत्वे=भोगनमा । हेतु:=हेतु । उच्यते=भनिन्छ ।

भावार्थ—कार्य, कारण र कर्तापनमा प्रकृति हेतु हुन् भनिएको छ। सुखदु:ख भोग्नमा चाहिं जीव नै हेतु भनिन्छ ।

पुरुष: प्रकृतिस्थो हि भुङ्क्ते प्रकृतिजान्गुणान् ॥
कारणं गुणसङ्गोऽस्य सदसद्योनिजन्मसु ॥२१॥

शब्दार्थ—प्रकृतिस्थ:=प्रकृतिमा स्थित भएर। हि=नै। पुरुष:=पुरुष। प्रकृतिजान्=प्रकृतिबाट उत्पन्न । गुणान्=गुणहरूलाई । भुङ्क्ते=भोग्दछ। गुणसङ्ग:=गुणहरूको सङ्ग। अस्य=यसको। सदसद्योनि:=असल र खराब योनिहरूमा। जन्मसु=जन्म लिनमा। कारणम्=कारण हुन्छ।

भावार्थ—प्रकृतिमा रहेर पुरुष प्रकृतिबाटै उत्पन्न भएको गुण भोग्दछ र त्यसका गुणहरूको सङ्ग नै शुभाशुभ योनिहरूमा जन्मको कारण हुन्छ।

उपद्रष्टानुमन्ता च भर्ता भोक्ता महेश्वर: ॥
परमात्मेति चाप्युक्तो देहेऽस्मिन्पुरुष: पर: ॥२२॥

शब्दार्थ—अस्मिन्=यो। देहे=शरीरमा। पर:=पर। पुरुष:=पुरुष। उपद्रष्टा=साक्षी। अनुमन्ता=आज्ञाकारी। भर्ता=पालक। भोक्ता=भोग गर्नेवाला। महेश्वर:=सर्वोच्च ईश्वर। च=र। परमात्मा=ईश्वर। अपि=पनि। इति=यस्तो। उक्त:=भनिएको छ।

भावार्थ—पुरुष यो देहमा रहेर पनि पर छ, उपद्रष्टा अर्थात् यो शरीरमा नजीकै रहेर देखने, अनुमन्ता अर्थात् अनुमति दिने, भर्ता अर्थात् पालनपोषण गर्ने, भोक्ता अर्थात् समस्त भोग भोग्ने, महेश्वर अर्थात् सर्वतंत्र-स्वतंत्र ईश्वर र परमातमा अर्थात् सब गुण, कर्मभन्दा अतीत रहनेवाला भनिन्छ।

य एवं वेत्ति पुरुषं प्रकृतिं च गुणै: सह ॥
सर्वथा वर्तमानोऽपि न स भूयोऽभिजायते ॥२३॥

शब्दार्थ-- यः=जो । एवम्=यस प्रकार । पुरुषम्=पुरुषलाई । च=र । गुणैः=गुणको । सह=सहित । प्रकृतिम्=प्रकृतिलाई । वेत्ति=जान्दछ । सः=त्यो । सर्वथा=हरतरहले । वर्तमानः=बर्तेर रहेको । अपि=पनि । भूयः=फेरि । न अभिजायते=जन्मँदैन ।

भावार्थ-- जो यस प्रकार प्रकृति र पुरुषलाई गुणहरूसमेत जान्दछ, त्यो सब प्रकारले विषयमा बर्तेर पनि फेरि जन्मन आउँदैन ।

ध्यानेनात्मनि पश्यन्ति केचिदात्मानमात्मना ॥
अन्ये सांख्येन योगेन कर्मयोगेन चापरे ॥२४॥

शब्दार्थ- केचित्=कोही व्यक्ति । आत्मानम्=परमात्मालाई । आत्मना=शुद्ध अन्तःकरणद्वारा । ध्यानेन=ध्यानद्वारा । आत्मनि=आफूमा नै । पश्यन्ति=देख्दछन् । अन्ये=अरू । सांख्ययोगेन=ज्ञानयोगद्वारा । च=र । अपरे=अरू कति त । कर्मयोगेन=कर्मयोगद्वारा देख्दछन् ।

भावार्थ-- कोही मनुष्य ध्यानयोगको सहायताले आत्माद्वारा नै आफ्नो आत्मामा आत्माको साक्षात्कार गर्दछन्, अरू उद्योगी सांख्ययोग अर्थात् ज्ञानमार्गको आश्रयले आत्माद्वारा आफ्नो आत्मामा नै आत्माको दर्शन गर्दछन् र तेस्रा आत्मदर्शनका अभिलाषी कर्मयोग अर्थात् निष्काम कर्मयोगको आश्रय लिएर आत्मामा नै आत्मा देख्दछन् ।

अन्ये त्वेवमजानन्तः श्रुत्वान्येभ्य उपासते ॥
तेऽपि चातितरन्त्येव मृत्युं श्रुतिपरायणाः ॥२५॥

शब्दार्थ-- तु=परन्तु । अन्ये=अर्का थरी । एवम्=यस प्रकार । अजानन्तः=नजानेका हुँदा । अन्येभ्यः=अरूबाट । श्रुत्वा=सुनेर नै । उपासते=उपासना गर्दछन् । च=र । ते=ती । श्रुतिपरायणाः=सुन्नमा लागेका । अपि=पनि । मृत्युम्=मृत्युरूप संसारसागरलाई । एव=निःसन्देह । अतितरन्ति=तर्दछन् ।

भावार्थ-- र कोही उक्त तीनै मार्ग अवलम्बन नगरेर अर्थात् तिनप्रति अज्ञानताको कारण केवल अरूबाट सुनेर त्यसको उपासना गर्दछन् र ती

श्रुतिपरायण साधकहरू पनि अरूबाट सुनेर भगवत्भजन र भक्तिका साथ आत्मसमाधिमा लीन भएर मृत्युरूपी संसार-बन्धनबाट मुक्त हुन्छन्।

यावत्संजायते किञ्चित्सत्त्वं स्थावरजङ्गमम् ॥
क्षेत्रक्षेत्रज्ञसंयोगात्तद्विद्धि भरतर्षभ ॥२६॥

शब्दार्थ— भरतर्षभ=हे अर्जुन ! यावत्=जति। किंचित्=जे जति पनि। स्थावरजङ्गमम्=स्थावर र जंगम। सत्त्वम्=पदार्थ। संजायते= उत्पन्न हुन्छ । तत्=त्यो सबलाई। क्षेत्रक्षेत्रज्ञसंयोगात्=क्षेत्र र क्षेत्रज्ञको संयोगद्वारा नै । विद्धि=जान ।

भावार्थ—जे जति चर-अचर पदार्थ उब्जन्छ, हे भरतवंशी अर्जुन ! ती सबलाई तिमी क्षेत्र-क्षेत्रज्ञको संयोगद्वारा जान।

समं सर्वेषु भूतेषु तिष्ठन्तं परमेश्वरम् ॥
विनश्यत्स्वविनश्यन्तं यः पश्यति स पश्यति ॥२७॥

शब्दार्थ— यः=जो व्यक्ति । विनश्यत्सु=नष्ट हुँदाखेरि । सर्वेषु=सब। भूतेषु=प्राणीहरूमा । अविनश्यन्तम्=नाशरहित। परमेश्वरम्=परमेश्वरलाई । समम्=समभावद्वारा । तिष्ठन्तम्=स्थित। पश्यति= देख्दछ। सः=त्यही । पश्यति=देख्दछ ।

भावार्थ— जो परमेश्वरलाई सब प्राणीहरूमा समस्थित र नाशवान्-हरूमा अविनाशी देख्दछ त्यही यथार्थ देख्दछ ।

समं पश्यन् हि सर्वत्र समवस्थितमीश्वरम् ॥
न हिनस्त्यात्मनात्मानं ततो याति परां गतिम् ॥२८॥

शब्दार्थ— हि=किनकि। सर्वत्र=सबमा । समवस्थितम्=समभावले स्थित। ईश्वरम्=परमेश्वरलाई। समम्=समान । पश्यन्=देख्दै । आत्मना=आफूद्वारा । आत्मानम्=आफूलाई । न हिनस्ति=नष्ट नगर्दै । ततः=अनि। पराम्=परम । गतिम्=गति । याति=प्राप्त हुन्छ।

भावार्थ— त्यो ईश्वरलाई सर्वत्र समस्थित एक समान देख्दै आफ्नो आत्माको नाश गर्दैन र त्यतैबाट ऊ परम गति प्राप्त गर्दछ।

प्रकृत्यैव च कर्माणि क्रियमाणानि सर्वशः ॥
यः पश्यति तथात्मानमकर्तारं स पश्यति ॥२९॥

शब्दार्थ—च=र। यः=जो। कर्माणि=कामहरू। सर्वशः=सब प्रकारले। एव=नै। क्रियमाणानि=गरिएका। तथा=त्यस्तै। आत्मानम्=आत्मालाई। अकर्तारम्=अकर्ता। पश्यति=देख्तछ। सः=त्यही। पश्यति=देख्दछ।

भावार्थ— जो प्रकृतिलाई सब कर्महरूको कर्ता र आत्मालाई अकर्ता सम्झन्छ, त्यही कर्मफलरूपी दुःख र तिनको राग-द्वेषमा संग नगरेर अन्तःकरणको बुद्धि वा ज्ञान प्राप्त हुन्छ। अथवा अर्को शब्दमा, जो समस्त कर्म सब प्रकारले प्रकृतिद्वारा नै भएको र आत्मालाई अकर्ता ठान्दछ त्यही साँचो कुरा देख्दछ।

यदा भूतपृथग्भावमेकस्थमनुपश्यति ॥
तत एव च विस्तारं ब्रह्म संपद्यते तदा ॥३०॥

शब्दार्थ— यदा=जब। भूतपृथग्भावम्=भूतहरूको पृथक्-पृथक् भावलाई। एकस्थम्=एकमा स्थित। अनुपश्यति=देख्दछ। च=र। ततः=त्यो परमात्माबाट। एव=नै। विस्तारम्=सबको विस्तार। पश्यति=देख्दछ। तदा=तब। ब्रह्म=ब्रह्म। संपद्यते=प्राप्त हुन्छ।

भावार्थ— जब प्राणीको भिन्न-भिन्न भावलाई एक प्रभुको संकल्पको आधारमा स्थित देख्दछ तथा प्रभुकै संकल्पद्वारा समस्तको विस्तार देख्दछ त्यसै बेला त्यो ब्रह्म प्राप्त गर्छ।

अनादित्वान्निर्गुणत्वात्परमात्मायमव्ययः ॥
शरीरस्थोऽपि कौन्तेय न करोति न लिप्यते ॥३१॥

शब्दार्थ— कौन्तेय=हे अर्जुन! अनादित्वात्=अनादि हुनाले। निर्गुणत्वात्=गुणातीत हुनाले। अयम्=यो। अव्ययः=अविनाशी। परमात्मा

=ईश्वर । शरीरस्थ=शरीरमा स्थित भएर । अपि=पनि । न करोति =गर्दैन । न लिप्यते=आसक्त हुँदैन ।

भावार्थ— अनादि र निर्गुण हुनाले यो अविनाशी परमात्मा शरीरमा रहेर पनि हे कुन्तीपुत्र अर्जुन ! न कर्म गर्दछ, न लिप्त हुन्छ ।

यथा सर्वगतं सौक्ष्म्यादाकाशं नोपलिप्यते ॥
सर्वत्रावस्थितो देहे तथात्मा नोपलिप्यते ॥३२॥

शब्दार्थ— यथा=जस्तो । सर्वगतम्=सर्वत्र व्याप्त । आकाशम्= आकाश । सौक्ष्म्यात्=सूक्ष्म हुनाको कारण । न उपलिप्यते=लिप्त हुँदैन । तथा=त्यस्तै । देहे=शरीरमा । सर्वत्र=सबै ठाउँ । अवस्थितः =स्थित भएको । आत्मा=आत्मा । न उपलिप्यते=लिप्त हुँदैन ।

भावार्थ— जस्तो सर्वव्यापी आकाश अति सूक्ष्म हुनाको कारण लिप्त हुँदैन, त्यस्तै देहमा सर्वत्र स्थित आत्मा पनि लिप्त हुँदैन ।

यथा प्रकाशयत्येकः कृत्स्नं लोकमिमं रविः ॥
क्षेत्रं क्षेत्री तथा कृत्स्नं प्रकाशयति भारत ॥३३॥

शब्दार्थ— भारत=हे अर्जुन ! यथा=जसरी । एकः=एउटै । रविः= सूर्य । इमम्=यो । कृत्स्नम्=सम्पूर्ण । लोकम्=ब्रह्माण्डलाई । प्रकाश-यति=प्रकाशित गर्दछ । तथा=त्यस्तै । क्षेत्री=एक आत्मा । कृत्स्नम् =सम्पूर्ण । क्षेत्रम्=क्षेत्रलाई । प्रकाशयति=प्रकाशित गर्दछ ।

भावार्थ— जस्तो एक सूर्यले यो सारा जगत्लाई प्रकाशित गर्दछ त्यस्तै हे अर्जुन ! क्षेत्रज्ञ यो सारा क्षेत्रलाई प्रकाशित गर्दछ ।

क्षेत्रक्षेत्रज्ञयोरेवमन्तरं ज्ञानचक्षुषा ॥
भूतप्रकृतिमोक्षं च ये विदुर्यान्ति ते परम् ॥३४॥

शब्दार्थ— एवम्=यस प्रकार । ये=जो । ज्ञानचक्षुषा=ज्ञानका आँखाले । क्षेत्रक्षेत्रज्ञयोः=क्षेत्रक्षेत्रज्ञको । अन्तरम्=भेदलाई । च=र ।

भूतप्रकृतिमोक्षम्=प्रकृतिको बन्धनले प्राणीहरूको मुक्तिको उपायलाई। विदुः=जान्दछन्। ते=ती। परम्=परब्रह्ममा। यान्ति=प्राप्त हुन्छन्।

भावार्थ— यस प्रकार जो ज्ञानचक्षुले क्षेत्रक्षेत्रज्ञको भेदलाई तथा भूत-प्रकृतिको बन्धनबाट छुट्न जान्दछन्। ती परम पद प्राप्त गर्दछन्।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुन संवादे क्षेत्रक्षेत्रज्ञ विभागयोगो नाम त्रयोदशोऽध्यायः ॥१३॥

श्रीमद्भगवद्गीताको क्षेत्रक्षेत्रज्ञविभाग नामक तेह्रौं अध्याय समाप्त भयो।

अथ चतुर्दशोऽध्याय:

(अब चौधौं अध्याय)

श्रीभगवानुवाच=श्री भगवान्ले भन्नुभयो ।

परं भूय: प्रवक्ष्यामि ज्ञानानां ज्ञानमुत्तमम् ॥
यज्ज्ञात्वा मुनय: सर्वे परां सिद्धिमितो गता: ॥१॥

शब्दार्थ— भूय:=फेरि। ज्ञानानाम्=ज्ञानहरूमा। उत्तमम्=उत्तम। परम्=परम। ज्ञानम्=ज्ञान। प्रवक्ष्यामि=भन्नेछु। यत्=जसलाई। ज्ञात्वा=जानेर। सर्वे=सबै। मुनय:=मुनिजन। इत:=यस संसारमा। पराम्=परम। सिद्धिम्=सिद्धि। गता:=प्राप्त भएका छन्।

भावार्थ— ज्ञानहरूमा परम उत्तम ज्ञान म फेरि भन्दछु जसलाई जानेर सब मुनिजन यहाँबाट अर्थात् यो संसारबाट परम सिद्धि प्राप्त भएका छन्।

इदं ज्ञानमुपाश्रित्य मम साधर्म्यमागता: ॥
सर्गेऽपि नोपजायन्ते प्रलये न व्यथन्ति च ॥२॥

शब्दार्थ— इदम्=यो। ज्ञानम्=ज्ञानको। उपाश्रित्य=आश्रय लिएर। मम=मेरो। साधर्म्यम्=समानता। आगता:=पाएका मान्छे। सर्गे=सृष्टिको आदिमा। न उपजायन्ते=जन्म लिंदैनन्। च=र। प्रलये=प्रलय कालमा। अपि=पनि। न व्यथन्ति=दु:खित हुँदैनन्।

भावार्थ— यो ज्ञान प्राप्त गरेर मेरो स्वरूप पाउने अर्थात् मलाई पाउने व्यक्ति सृष्टिको आदिमा न उत्पन्न हुन्छ, न प्रलयकालमा व्याकुल हुन्छ।

मम योनिर्महद्ब्रह्म तस्मिन्गर्भं दधाम्यहम् ।।
संभवः सर्वभूतानां ततो भवति भारत ।।३।।

शब्दार्थ-- भारत=हे अर्जुन ! महद् ब्रह्म=प्रकृति । मम=मेरो । योनि=योनि हो । अहम्=म । तस्मिन्=त्यो योनिमा । गर्भम्=गर्भ । दधामि=स्थापित गर्दछु । ततः=त्यसबाट । सर्वभूतानाम्=सबै प्राणीहरूको । संभवः=उत्पत्ति । भवति=हुन्छ ।

भावार्थ-- हे अर्जुन ! मेरो महत् प्रकृति नै समस्त प्राणीहरूको उत्पन्न हुने स्थान हो । म त्यस योनिमा चेतन बीज प्रदान गर्दछु, त्यसबाट सब प्राणी उत्पन्न हुन्छन् ।

सर्वयोनिषु कौन्तेय मूर्तयः संभवन्ति याः ।।
तासां ब्रह्म महद्योनिरहं बीजप्रदः पिता ।।४।।

शब्दार्थ-- कौन्तेय=हे अर्जुन ! सर्वयोनिषु=सब योनिहरूमा । याः= जति । मूर्तयः=मूर्तिहरू । सम्भवन्ति=उत्पन्न हुन्छन् । तासाम्=ती सबको । योनिः=जन्म दिने माता । महद् ब्रह्म=प्रकृति हो । अहम्=म । बीजप्रदः=बीज स्थापित गर्ने । पिता=पिता हुँ ।

भावार्थ-- हे अर्जुन ! समस्त योनिमा जति मूर्ति उत्पन्न हुन्छन्, ती सबको जन्म दिने माता प्रकृति हो । म चाहिं बीज प्रदान गर्ने पिता हुँ ।

सत्त्वं रजस्तम इति गुणाः प्रकृतिसंभवाः ।।
निबध्नन्ति महाबाहो देहे देहिनमव्ययम् ।।५।।

शब्दार्थ-- महाबाहो=अर्जुन । सत्त्वम्=सत्त्वगुण । रजः=रजोगुण । तमः=तमोगुण । इति=यी । प्रकृतिसंभवाः=प्रकृतिबाट उत्पन्न भएका । गुणाः=तीन गुण । अव्ययम्=अविनाशी । देहिनम्=जीवात्मालाई । देहे=शरीरमा । निबध्नन्ति=बाँध्छन् ।

भावार्थ-- सत्त्व, रज, तम यी तीन गुण प्रकृतिबाट जन्मेका हुन् । यिनैले अविनाशी जीवात्मालाई शरीरमा बाँध्छन् ।

तत्र सत्वं निर्मलत्वात्प्रकाशकमनामयम् ॥
सुखसङ्गेन बध्नाति ज्ञानसङ्गेन चानघ ॥६॥

शब्दार्थ-- अनघ = हे निष्पाप अर्जुन । तत्र = ती तीन गुणहरूमा । प्रकाशकम् = प्रकाश गर्नेवाला । अनामयम् = निर्विकार । सत्वम् = सत्त्व गुण । निर्मलत्वात् = निर्मल हुनाको कारण । सुखसङ्गेन = सुखको आसक्तिद्वारा । च = र । ज्ञानसंङ्गेन = ज्ञानको सङ्गले । बध्नाति = बाँद्धछ ।

भावार्थ-- हे निर्दोष अर्जुन ! तिनमा सत्त्वगुण निर्मल हुनाको कारण प्रकाशक र उपद्रवरहित छ र त्यसले मान्छेलाई सुख तथा ज्ञानको सङ्गले बाँद्धछ अर्थात् ज्ञान र सुखको प्राप्तिमा लाग्दछ ।

रजो रागात्मकं विद्धि तृष्णासङ्गसमुद्भवम् ॥
तन्निबध्नाति कौन्तेय कर्मसङ्गेन देहिनाम् ॥७॥

शब्दार्थ-- कौन्तेय = हे अर्जुन ! रजः = रजोगुणलाई । रागात्मकम् = रागात्मक । तृष्णासङ्गसमुद्भवम् = तृष्णा तथा आसक्तिले उत्पन्न भएको । विद्धि = जान । तत् = त्यो । देहिनम् = जीवात्मालाई । कर्मसंङ्गेन = कर्मको सङ्गले । निबध्नाति = बाँद्धछ ।

भावार्थ-- हे अर्जुन ! रजोगुणलाई तिमी रागात्मक कामवाला र तृष्णा तथा आसक्तिबाट उत्पन्न हुनेवाला जान । त्यो रजोगुणले जीवलाई कर्मसङ्गसँग बाँद्धछ ।

तमस्त्वज्ञानजं विद्धि मोहनं सर्वदेहिनाम् ॥
प्रमादालस्यनिद्राभिस्तन्निबध्नाति भारत ॥८॥

शब्दार्थ-- तु = परन्तु । भारत = हे अर्जुन ! तमः = तमोगुणलाई । अज्ञानजम् = अज्ञानबाट उत्पन्न हुने । सर्वदेहिनाम् = सब जीवहरूलाई । मोहनम् = मोहित गर्ने । विद्धि = जान । तत् = त्यो । प्रमादालस्यनिद्राभिः = प्रमाद, आलस्य र निद्राद्वारा । निबध्नाति = बाँद्धछ ।

भावार्थ—हे अर्जुन ! सबै जीवहरूलाई मोह गराउने तमोगुणलाई

अज्ञानबाट जन्मने जान । तमोगुण प्रमाद, आलस्य र निद्राद्वारा जीवलाई बाँद्धछ ।

सत्वं सुखे संजयति रजः कर्मणि भारत ॥
ज्ञानमावृत्य तु तमः प्रमादे संजयत्युत ॥९॥

शब्दार्थ-- भारत=हे अर्जुन ! सत्त्वम्=सत्त्वगुण । सुखे=सुखमा । संजयति=लगाउँछ । रजः=रजोगुण । कर्मणि=कर्ममा । तमः=तमोगुण । तु=ता । ज्ञानम्=ज्ञानलाई । आवृत्य=ढाकेर । उत==फेरि । प्रमादे=प्रमादमा । संजयति=लगाउँछ ।

भावार्थ-- अर्जुन ! सत्त्वगुण सुखमा र रजोगुण कर्ममा लगाउँछ, परन्तु तमोगुण ता ज्ञानलाई ढाकेर प्रमादमा नै लगाउँछ ।

रजस्तमश्चाभिभूय सत्वं भवति भारत ॥
रजः सत्वं तमश्चैव तमः सत्वं रजस्तथा ॥१०॥

शब्दार्थ-- भारत=हे अर्जुन ! रजः=रजोगुण । च=र । तमः=तमोगुणलाई । अभिभूय=दबाएर । सत्त्वम्=सत्त्वगुण । भवति=बढ्दछ । च=र । रजः=रजोगुण । सत्त्वम्=सत्त्वगुणलाई दबाएर । तमः=तमोगुण । तथा=त्यस्तै । एव=नै । तमः=तमोगुण । सत्त्वम्=सत्त्व गुणलाई दबाएर । रजः=रजोगुण बढ्दछ ।

भावार्थ--हे अर्जुन ! रजोगुण र तमोगुणलाई दबाएर सत्त्वगुण बढ्दछ । रजोगुण, सत्वगुणलाई दबाएर तमोगुण बढ्छ । तमोगुण र सत्त्वगुणलाई दबाएर रजोगुण बढ्दछ ।

सर्वद्वारेषु देहेऽस्मिन्प्रकाश उपजायते ॥
ज्ञानं यदा तदा विद्याद्विवृद्धं सत्वमित्युत ॥११॥

शब्दार्थ— यदा=जब । अस्मिन्=यो । देहे=देहमा । सर्वद्वारेषु=सब द्वारहरूमा । ज्ञानम्=ज्ञानको । प्रकाशः=प्रकाश । उपजायते=उत्पन्न

हुन्छ । तदा=तब । इति=यस्तो । विद्यात्=जान्नुपर्दछ । उत=कि । सत्त्वम्=सत्त्वगुण । विवृद्धम्=बढेको छ ।

भावार्थ— जब यो देहका मारा द्वारहरूमा ज्ञानरूप प्रकाश उत्पन्न हुन्छ, अनि यो संझनुपर्छ कि सत्त्वगुण बढेको छ ।

लोभः प्रवृत्तिरारम्भः कर्मणामशमः स्पृहा ॥
रजस्येतानि जायन्ते विवृद्धे भरतर्षभ ॥१२॥

शब्दार्थ— भरतर्षभ=हे भरतश्रेष्ठ ! रजसि=रजोगुण । विवृद्धे=बढेमा । लोभः=लोभ । प्रवृत्तिः=प्रवृत्ति । कर्मणाम्=कर्महरूको । आरम्भः=आरम्भ । अशमः=अशान्ति । स्पृहा=विषयभोगहरूको इच्छा । एतानि=यी सब । जायन्ते=उत्पन्न हुन्छन् ।

भावार्थ— हे अर्जुन ! रजोगुण बढेमा लोभ, प्रवृत्ति (सांसारिक चेष्टा), कर्महरूको आरम्भ, अशान्ति, लालसा यी सब पैदा हुन्छन् ।

अप्रकाशोऽप्रवृत्तिश्च प्रमादो मोह एव च ॥
तमस्येतानि जायन्ते विवृद्धे कुरुनन्दन ॥१३॥

शब्दार्थ–कुरुनन्दन=हे अर्जुन ! तमसि=तमोगुण । विवृद्धे=बढेमा । अप्रकाशः=अप्रकाश । अप्रवृत्तिः=कर्तव्याकर्तव्यमा अप्रवृत्ति । च=र । प्रमादः=व्यर्थ चेष्टा । च=तथा । मोहः=मोह । एतानि=यी सब । एव=नै । जायन्ते=उत्पन्न हुन्छन् ।

भावार्थ–अर्जुन ! तमोगुण बढेमा इन्द्रियहरूको मलिनता, निष्क्रियता, प्रमाद र मोह इत्यादि हुन्छन् ।

यदा सत्वे प्रवृद्धे तु प्रलयं याति देहभृत् ॥
तदोत्तमविदां लोकानमलान्प्रतिपद्यते ॥१४॥

शब्दार्थ–यदा=जब । देहभृत्=यो जीवात्मा । सत्त्वे=सत्त्वगुण । प्रवृद्धे=बढेमा । प्रलयम्=मृत्युमा । याति=जान्छ । तदा=तब । तु=ता । उत्तमविदाम्=उत्तम कर्म गर्नेहरूको । अमलान्=निर्मल । लोकान्=

लोकहरू । प्रतिपद्यते=प्राप्त हुन्छ ।

भावार्थ– फेरि जब देहधारी सत्त्वगुण बढेका वखत मऱ्यो भने उत्तम कर्म गर्नेले पाउने अमरलोक प्राप्त गर्दछ।

रजसि प्रलयं गत्वा कर्मसङ्गिषु जायते ।।
तथा प्रलीनस्तमसि मूढयोनिषु जायते ।।१५।।

शब्दार्थ–राजसि=रजोगुणमा । प्रलयम्=मृत्युमा । गत्वा=गएर । कर्म-सङ्गिषु=कर्मासक्तहरूमा । जायते=उत्पन्न हुन्छ । तथा=र । तमसि=तमोगुणमा । प्रलीनः=मरेको । मूढयोनिषु=मूढयोनिहरूमा । जायते=जन्मन्छ ।

भावार्थ–रजोगुणमा मृत्यु भएमा कर्ममा आसक्त हुने मानव भएर जन्मनेछ । तमोगुण बढेको वेला मरे मूढ योनिहरूमा जन्मनेछ ।

कर्मणः सुकृतस्याहुः सात्त्विकं निर्मलं फलम् ।।
रजसस्तु फलं दुःखमज्ञानं तमसः फलम् ।।१६।।

शब्दार्थ–सुकृतस्य=पुण्य । कर्मण.=कर्मको । तु=ता । सात्त्विकम्=सात्त्विक । निर्मलम्=निर्मल । फलम्=फल हुन्छ । रजसः=राजस कर्मको । फलम्=फल । दुःखम्=दुःख । तमसः=तामस कर्मको । फलम्=फल । अज्ञानम्=अज्ञान । आहुः=भन्दछन् ।

भावार्थ– भनिन्छ कि राम्रो कर्मको सत्त्वगुणको निर्मल फल मिल्दछ, रजोगुणको फल विषयवासनाको प्रवृत्तिरूपी दु.ख हुन्छ र तमोगुणको फल अज्ञान हुन्छ ।

सत्त्वात्संजायते ज्ञानं रजसो लोभ एव च ।।
प्रमादमोहौ तमसो भवतोऽज्ञानमेव च ।।१७।।

शब्दार्थ–सत्त्वात्=सत्त्वगुणबाट । ज्ञानम्=ज्ञान । संजायते=उत्पन्न हुन्छ । रजसः=रजोगुणबाट । लोभः=लोभ । च=र । एव=नै । तमसः=तमोगुणबाट । प्रमादमोहौ=प्रमाद र मोह । भवतः=उत्पन्न हुन्छन् । च=तथा । अज्ञानम्=अज्ञान । एव=नै ।

भावार्थ–सत्वगुणबाट ज्ञान उब्जन्छ, रजोगुणबाट लोभ र तमोगुणबाट भ्रम, मोह र अज्ञान उत्पन्न हुन्छ।

ऊर्ध्वं गच्छन्ति सत्त्वस्था मध्ये तिष्ठन्ति राजसाः ।।
जघन्यगुणवृत्तिस्था अधो गच्छन्ति तामसाः ।।१८।।

शब्दार्थ– सत्त्वस्थाः=सत्त्वमा स्थित व्यक्ति । ऊर्ध्वम्=मास्तिर । गच्छन्ति=जान्छन् । राजसाः=रजोगुणी । मध्ये=बीचमा । तिष्ठन्ति=बस्दछन् । जघन्यगुणवृत्तिस्थाः=निष्कृष्ट गुणहरूको वृत्तिमा स्थित । तामसाः=तमोगुणी । अधः=तल्तिर । गच्छन्ति=जान्छन् ।
भावार्थ–सत्त्वगुणी मास्तिर जान्छन् अर्थात् परमगति प्राप्त गर्दछन्, रज स्वभाव भएका बीचमा बस्दछन् अर्थात् मनुष्य जन्म पाउँछन् र तमोगुणी या नीच स्वभाववालाचाहिँ दुर्गतिमा पुग्दछन् ।

नान्यं गुणेभ्यः कर्तारं यदा द्रष्टानुपश्यति ।।
गुणेभ्यश्च परं वेत्ति मद्भावं सोऽधिगच्छति ।।१९।।

शब्दार्थ–यदा=जब । द्रष्टा=देख्नेवाला । गुणेभ्यः=तीनै गुणहरू-सिवाय । अन्यम्=अरू कुनैलाई । कर्तारम्=कर्त्ता । न अनुपश्यति=देख्दैन । च=र । गुणेभ्यः=गुणहरूभन्दा । परम्=पर । वेत्ति=जान्दछ । सः=त्यो । मद्भावम्=मेरो भावलाई । अधिगच्छति=प्राप्त हुन्छ ।
भावार्थ–द्रष्टा जुन बेला तीन गुणसिवाय अरू कर्ता देख्दैन र गुणहरूबाट धेरै पर रहेको ब्रह्म जान्दछ त्यही बेला मलाई प्राप्त गर्दछ।

गुणानेतानतीत्य त्रीन्देही देहसमुद्भवान् ।।
जन्ममृत्युजरादुःखैर्विमुक्तोऽमृतमश्नुते ।।२०।।

शब्दार्थ–देही=देहधारी । देहसमुद्भवान्=स्थूल शरीरका उत्पत्तिको कारण रूप। एतान्=यी। त्रीन्=तीन । गुणान्=गुणहरूलाई । अतीत्य=पार गरेर । जन्ममृत्युजरादुःखैः=जन्म, मृत्यु, वृद्धावस्था र दुःख-हरूबाट । विमुक्तः=छुटेर । अमृतम्=अमृत । अश्नुते=प्राप्त हुन्छ ।

भावार्थ–जब शरीरधारी आत्मा शरीरबाट उत्पन्न हुने यी तीन गुणलाई उल्लंघन गरेर मास्तिर जान्छ तब ऊ जन्म, मरण, वृद्धावस्था र दुःखहरूबाट मुक्त हुन्छ र उसलाई शाश्वत जीवन प्राप्त हुन्छ ।

अर्जुन उवाच=अर्जुनले भने ।

कैर्लिङ्गैस्त्रीन्गुणानेतानतीतो भवति प्रभो ॥
किमाचारः कथं चैतांस्त्रीन्गुणानतिवर्तते ॥२१॥

शब्दार्थ–प्रभो=हे प्रभु ! एतान्=यी । त्रीन्=तीन । गुणान्=गुणहरूदेखि । अतीतः=अतीत भएको व्यक्ति । कैः=कुन कुन । लिंगैः=लक्षणले युक्त । भवति=हुन्छ । किमचारः=कस्तो आचार भएको हुन्छ । च=र । कथम्=कसरी । एतान्=यी । त्रयः=तीन । गुणान्=गुणहरूलाई । अतिवर्तते=नाघ्दछ ।

भावार्थ– हे प्रभु ! यी तीन गुणहरूलाई पार गर्नेवाला व्यक्ति कुन-कुन लक्षणको र आचरणको हुन्छ र ऊ कसरी यी तीन गुणलाई पार गर्दछ ?

श्रीभगवानुवाच=श्रीभगवान्‌ले भन्नुभयो ।

प्रकाशं च प्रवृत्तिं च मोहमेव च पाण्डव ॥
न द्वेष्टि संप्रवृत्तानि न निवृत्तानि कांक्षति ॥२२॥

शब्दार्थ–पाण्डव=हे अर्जुन ! प्रकाशम्=प्रकाश । च=र । प्रवृत्तिम्=प्रवत्ति । च=र । मोहम्=मोहमा । संप्रवृत्तानि=प्रवृत्त भएमा । एव=नै । न द्वेष्टि=न द्वेष गर्दछ । च=र । निवृत्तानि=निवृत्त भएमा । न कांक्षति=न आकांक्षा गर्दछ ।

भावार्थ–अर्जुन ! सत्यको कार्यरूप प्रकाश, रजको कार्यरूप प्रवृत्ति र तमको कार्यरूप मोहहरू पनि आफूमा आउँदा नराम्रो संझिइन्छ र न नआउँदा इच्छा राख्छ ।

उदासीनवदासीनो गुणैर्यो न विचाल्यते ॥
गुणा वर्तन्त इत्येव योऽवतिष्ठति नेङ्गते ॥२३॥

समदुःखसुखः स्वस्थः समलोष्टाश्मकाञ्चनः ॥
तुल्यप्रियाप्रियो धीरस्तुल्यनिन्दात्मसंस्तुतिः ॥२४॥
मानापमानयोस्तुल्यस्तुल्यो मित्रारिपक्षयोः ॥
सर्वारम्भपरित्यागी गुणातीतः स उच्यते ॥२५॥

शब्दार्थ- यः=जो । उदासीनवत्=उदासीनजस्तो । आसीनः=स्थित भएको । गुणैः=गुणहरूद्वारा । नविचाल्यते=विचलित गरिँदैन । गुणा एव=गुण नै । वर्तन्ते=वर्तन्छन् । इति=यस्तो । यः=जो । अवतिष्ठति=स्थित रहन्छ । न इङ्गते=चलायमान हुँदैन । समदुःखसुखः=दुःखसुखमा एकै जस्तै । स्वस्थः=स्वस्थ अर्थात् निर्विकार । समलोष्टाश्मकाञ्चनः=माटो, पत्थर र सुनलाई एउटै वस्तु सम्झने । धीरः=धीर । तुल्यप्रियाप्रियः=प्रिय र अप्रिय वस्तुलाई समान सम्झने । तुल्यनिन्दात्मसंस्तुतिः=निन्दा र स्तुतिमा समान रहने व्यक्ति । मानापमानयोः=मान र अपमानमा । तुल्यः=बराबर छ । मित्रारिपक्षयोः=मित्र र शत्रुको पक्षमा । तुल्यः=सम छ । सर्वारम्भपरित्यागी=समस्त आरम्भहरूको परित्याग अर्थात् सम्पूर्ण कर्म, काम, संकल्पबाटरहित । सः=त्यो । गुणातीतः=गुणातीत । उच्यते=कहिन्छ ।

भावार्थ–जो गुणद्वारा विचलित हुँदैन, गुणहरू गुणमै वर्तन्छन् भन्ने संझेर जो एकीभाव प्रभुमा स्थित रहन्छ, कुनै प्रकारबाट पनि चलायमान हुँदैन । आत्मभावमा स्थित भै जो सुखदुःखलाई र माटो, पत्थर र सुनलाई एक समान देख्न सक्ने धीर छ, जो प्रिय-अप्रिय प्राप्तिमा तुल्य छ, निन्दा-स्तुतिमा निर्विकार छ, मान-अपमानमा, शत्रु-मित्रमा सम भै जो समस्त कार्यारम्भमा कर्तापनको अभिमान राख्दैन, त्यसलाई नै गुणातीत भन्नुपर्दछ ।

मां च योऽव्यभिचारेण भक्तियोगेन सेवते ॥
स गुणान्समतीत्यैतान्ब्रह्मभूयाय कल्पते ॥२६॥

शब्दार्थ–च=र । यः=जो । अव्यभिचारेण=एकान्त वा निश्चल । भक्तियोगेन=भक्तियोगले । माम्=मलाई । सेवते=सेवा गर्दछ । सः=त्यो ।

एतान्=यी । गुणान्=तीनै गुणहरूलाई । समतीत्य=नाघेर । ब्रह्म-भूयाय=ब्रह्मभावको प्राप्तिका लागि । कल्पते=योग्य हुन्छ ।

भावार्थ–जो अचल भक्तियोगले मलाई भज्दछ, त्यो यी तीनै गुणहरूलाई उल्लंघन गरेर ब्रह्मभावको योग्य हुन्छ ।

ब्रह्मणो हि प्रतिष्ठाहममृतस्याव्ययस्य च ।।
शाश्वतस्य च धर्मस्य सुखस्यैकान्तिकस्य च ।।२७।।

शब्दार्थ—हि=किनकि । अहम्=म । अव्ययस्य=अव्यय । ब्रह्मण:=परब्रह्मको । च=र । अमृतस्य=अमृतको । च=तथा । शाश्वतस्य=सनातन । धर्मस्य=धर्मको । च=र । ऐकान्तिकस्य=अखण्ड, एकरस । सुखस्य=सुखको । प्रतिष्ठा=आश्रय हुँ ।

भावार्थ—म अमृत, अव्यय ब्रह्मको र शाश्वत धर्मको तथा ऐकान्तिक सुखको प्रतिष्ठा हुँ । यसैले जो मेरो यो वास्तविक स्वरूपलाई अनन्य गतिले उपासना गर्छ, त्यो ब्रह्मस्वरूप हुन योग्य हुन्छ ।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे गुणत्रयविभागयोगो नाम चतुर्दशोऽध्यायः ।।१४।।

श्रीमद्भगवद्गीताको गुणत्रयविभाग नामक चौधौं अध्याय समाप्त भयो ।

अथ पञ्चदशोऽध्यायः

(अब पन्ध्रौं अध्याय)

श्रीभगवानुवाच=श्रीभगवान्ले भन्नुभयो ।

ऊर्ध्वमूलमधःशाखमश्वत्थं प्राहुरव्ययम् ॥

छन्दांसि यस्य पर्णानि यस्तं वेद स वेदवित् ॥१॥

शब्दार्थ–ऊर्ध्वमूलम्=मास्तिर जरा भएको । अधःशाखम्=तलितर हाँगा भएको । अश्वत्थम्=पीपलको वृक्षलाई । अव्ययम्=अव्यय । प्राहुः=भन्दछन् । छन्दांसि=वेद । यस्य=जसको । पर्णानि=पातहरू हुन् । तम्=त्यसलाई । यः=जो । वेद=जान्दछ । सः=त्यो । वेदवित्=वेद जान्ने हो ।

भावार्थ—माथि जरा, तल शाखा भएको पीपलको वृक्षलाई अविनाशी भन्दछन् । जुन वृक्षका पातहरू नै वेदहरू हुन् । जसले यो कुरा जान्दछ, त्यो नै वेद जान्ने हो ।

अधश्चोर्ध्वं प्रसृतास्तस्य शाखा गुणप्रवृद्धा विषयप्रवालाः ॥

अधश्च मूलान्यनुसंततानि कर्मानुबन्धीनि मनुष्यलोके ॥२॥

शब्दार्थ—अधः=तल । च=र । ऊर्ध्वम्=माथि । तस्य=त्यो संसार-वृक्षको । शाखाः=शाखाहरू । प्रसृताः=फैलिएका छन् । गुणप्रवृद्धाः=जो तीनै गुणले हुर्केका छन् । विषयप्रवालाः=विषय तिनीहरूका कोपिला-हरू हुन् । च=र । मनुष्यलोके=मनुष्य लोकमा । कर्मानुबन्धीनि=

कर्मअनुसार बाँध्ने । मूलानि=जराहरू । अधः=मुनि । अनुसंततानि=फैलिएका छन् ।

भावार्थ– तिनीहरूका शाखाहरू माथि र तल फैलिएका छन्, तिनीहरूको वृद्धि गुणहरूद्वारा हुन्छ र विषय तिनीहरूका कोपिलाहरू हुन् तथा तल्तिरका जराहरू मनुष्यलोकमा कर्मबन्धनले जकडिएका छन् ।

न रूपमस्येह तथोपलभ्यते नान्तो न चादिर्न च संप्रतिष्ठा ॥
अश्वत्थमेनं सुविरूढमूलमसङ्गशस्त्रेण दृढेन छित्वा ॥३॥
ततः पदं तत्परिमार्गितव्यं यस्मिन्गता न निवर्तन्ति भूयः ॥
तमेव चाद्यं पुरुषं प्रपद्ये यतः प्रवृत्तिः प्रसृता पुराणी ॥४॥

शब्दार्थ–अस्य=यो संसारवृक्षको । इह=यहाँ । तथा=त्यस्तै । रूपम्=स्वरूप । न उपलभ्यते=पाइँदैन । च=र । न=न । आदि=आदि छ । न=न । अन्तः=अन्त । च=र । न=न । संप्रतिष्ठा=आधारस्थान छ । एवम्=यस । सुविरूढमूलम्=दृढ जरा भएको । अश्वत्थम्=संसारवृक्षलाई । दृढेन=दृढ । असङ्गशस्त्रेण=असङ्गशस्त्रले । छित्वा=छिनेर (काटेर) । ततः=अनि । तत्=त्यस । पदम्=परम पदलाई । परिमार्गितव्यम्=राम्ररी खोज्नुपर्दछ । यस्मिन्=जसमा । गताः=पुगेका । भूयः=फेरि । न निर्वतन्ति=दुःखमय संसारमा आउँदैनन् । च=र । यतः=जसले गर्दा । पुराणी=पुरातन । प्रवृत्तिः=प्रवृत्ति । प्रसृता=फैलिएको छ । तम्=त्यस । एव=नै । आद्यम्=आदि । पुरुषम्=पुरुषको । प्रपद्ये=शरण छु ।

भावार्थ–यस लोकमा यो वृक्षजस्तो वृक्ष अर्को पाइन्न, किनभने यसको न आदि छ, न अन्त, न संप्रतिष्ठा (आधारस्थिति) नै । त्यसकारण यो वासनामय दृढ जरा भएको पीपलको वृक्षलाई वैराग्यरूपी शस्त्रद्वारा काटेर त्यो ब्रह्मपद राम्ररी खोज्नुपर्दछ किनभने जहाँ गएपछि फेरि फर्कनुपर्दैन । अतः जुन परमेश्वरबाट यो पुरानो संसारवृक्षको उदय भयो म त्यही आदिनारायणको शरण पर्दछु ।

निर्मानमोहा जितसङ्गदोषा अध्यात्मनित्या विनिवृत्तकामाः ।।
द्वन्द्वैर्विमुक्ताः सुखदुःखसंज्ञैर्गच्छन्त्यमूढाः पदमव्ययं तत् ।।५।।

शब्दार्थ–निर्मानमोहाः=मान-मोहबाट रहित । जितसङ्गदोषाः=सङ्गदोषलाई जित्ने । अध्यात्मनित्याः=सदा अध्यात्ममा स्थित । विनिवृत्तकामाः=कामनाहरूबाट निवृत्त । सुखदुःखसंज्ञैः=सुखदुःखरूपी । द्वन्द्वैः=द्वन्द्वबाट । विमुक्ताः=मुक्त भएका । अमूढाः=ज्ञानी । तत्=त्यस । अव्ययम्=अव्यय परम पद । गच्छन्ति=प्राप्त गर्दछन् ।

भावार्थ–मान र मोहले रहित, सङ्गदोषलाई जित्ने, आत्माको नित्य ध्यान गर्ने, कामनाहरू नष्ट भएका, सुख-दुःख नामक द्वन्द्वबाट छुटेका ज्ञानीले त्यो अविनाशी पद प्राप्त गर्दछन् ।

न तद्भासयते सूर्यो न शशाङ्को न पावकः ।।
यद्गत्वा न निवर्तन्ते तद्धाम परमं मम ।।६।।

शब्दार्थ–तत्=त्यसलाई । न=न । सूर्यः=सूर्य । भासयते=प्रकाशित गर्न सक्तछ । न=न । शशाङ्कः=चन्द्रमा । न=न । पावकः=अग्नि । यत्=जसलाई । गत्वा=प्राप्त भएर । न निर्वतन्ते=फर्कंदैनन् । तत्=त्यही । मम=मेरो । परम्=परम । धाम=धाम हो ।

भावार्थ–जसलाई न सूर्य प्रकाश दिन सक्तछ, न चन्द्रमा न अग्नि नै, जहाँ पुगेपछि कोही फर्कंदैनन् त्यही मेरो धाम हो ।

ममैवांशो जीवलोके जीवभूतः सनातनः ।।
मनः षष्ठानीन्द्रियाणिप्रकृतिस्थानि कर्षति ।।७।।

शब्दार्थ—जीवलोके=जीवलोकमा । जीवभूतः=त्यो जीवात्मा । मम=मेरो । एव= नै । सनातनः=सनातन । अंशः=अंश हो । प्रकृतिस्थानि=प्रकृतिमा स्थित भएको । मनः षष्ठानीन्द्रियाणि=मनसहित छ इन्द्रियहरूलाई । कर्षति=खिच्दछ ।

भावार्थ—यो देहमा जीवात्मा मेरै सनातन अंश हो । त्यसैले प्रकृतिमा

रहेका मनसहित छ इन्द्रियहरूलाई खिच्दछ । (ज्ञानेन्द्रियहरूका साथ लिंग शरीर धारण गरेर संसारमा आवागमन गर्दछ ।)

शरीरं यदवाप्नोति यच्चाप्युत्क्रामतीश्वरः ॥
गृहीत्वैतानि संयाति वायुर्गन्धानिवाशयात् ॥८॥

शब्दार्थ—इव=जस्तो। वायुः=वायु। आशात्=गन्धको स्थानबाट। गन्धान्=गन्धलाई, लिएर जान्छ। ईश्वरः=जीवात्मा। अपि=पनि। यत्=जो। उत्क्रामति=छोड्दछ, त्यसबाट। एतानि=मनसहित इन्द्रिय-हरूलाई। गृहीत्वा=ग्रहण गरेर। च=फेरि। यत=जो। शरीरम्=शरीरलाई। अवाप्नोति=प्राप्त हुन्छ, त्यसमा। संयाति=जान्छ।

भावार्थ—देहको स्वामी जीवात्मा जब एक स्थूल शरीरलाई छोड्छ या जब अर्को स्थूल शरीरमा जान्छ, तब यी पाँच ज्ञानेन्द्रियहरू र छैटौं मन-वाला लिंग शरीरलाई साथ लिएर आवागमन गर्दछ। अभिप्राय यो हो कि जबतक जीवात्माको मुक्ति हुँदैन तवतक लिंग शरीर त्यसका साथ रहन्छ र जसरी वायुले गन्धलाई एक स्थानबाट अर्को स्थानमा लिए र जान्छ त्यसरी नै शरीरमा प्रवेश गर्दछ।

श्रोत्रं चक्षुः स्पर्शनं च रसनं घ्राणमेव च ॥
अधिष्ठाय मनश्चायं विषयानुपसेवते ॥९॥

शब्दार्थ–अयम्=यो जीवात्मा। श्रोत्रम्=कान। चक्षुः=आंखा। च=र। स्पर्शनम्=त्वचालाई। च=तथा। रसनम्=रसना। घ्राणम्=नाक। च=र। मनः=मनलाई। अधिष्ठाय=आश्रय बनाएर। एव=नै। विषयान्=विषयहरूलाई। उपसेवते=सेवन गर्दछ।

भावार्थ– यो जीव कान, नेत्र, त्वचा, रसना, घ्राण र मनको आश्रय लिएर विषयहरूलाई भोग्दछ। अर्थात् यी छवटालाई आश्रय गरेर यो देहको मालिक ईश्वररूप जीव विषयहरूलाई भोग्दछ।

उत्क्रामन्तं स्थितं वापि भुञ्जानं वा गुणान्वितम् ॥
विमूढा नानुपश्यन्ति पश्यन्ति ज्ञानचक्षुषः ॥१०॥

शब्दार्थ–उत्क्रामन्तम्=शरीर छोडेर जान लागेकालाई। वा=अथवा। स्थितम्=शरीरमा रहेकाहरूलाई। भुञ्जानम्=विषयभोग गर्न लागेकाहरूलाई। वा=अथवा। गुणान्वितम्=गुणहरूले युक्त भएकालाई। अपि=पनि। विमूढाः=अज्ञानीजन। न अनुपश्यन्ति=जान्दैनन्। ज्ञानचक्षुषः=ज्ञाननेत्र भएका। पश्यन्ति=जान्दछन्।

भावार्थ–शरीर छोडेर जान लागेकालाई अथवा शरीरमै रहेकालाई अथवा गुणले युक्त भएकालाई अज्ञानीजन जान्दैनन्, ज्ञानका आँखा भएकाले नै जान्दछन्।

यतन्तो योगिनश्चैनं पश्यन्त्यात्मन्यवस्थितम् ॥
यतन्तोऽप्यकृतात्मानो नैनं पश्यन्त्यचेतसः ॥११॥

शब्दार्थ–यतन्तः=यत्न गर्ने। योगिनः=योगीजन। आत्मनि=आफूमा। एनम्=यो आत्मालाई। अवस्थितम्=स्थित। पश्यन्ति=देख्दछन्। च=परन्तु। अकृतात्मानः=अशुद्ध चित्त भएका। अचेतसः=अविवेकी पुरुष। यतन्तः=यत्न गर्दा-गर्दै। अपि=पनि। एनम्=यसलाई। न पश्यन्ति=देख्दैनन्।

भावार्थ– यत्न गर्ने योगीजन यस (आत्मा)लाई आफूमा स्थित देख्दछन्। तर अशुद्ध चित्त भएका अविवेकीजन यत्न गरे पनि यस (जीव)लाई देख्दैनन्।

यदादित्यगतं तेजो जगद्भासयतेऽखिलम् ॥
यच्चन्द्रमसि यच्चाग्नौ तत्तेजो विद्धि मामकम् ॥१२॥

शब्दार्थ–यत्=जो। तेजः=तेज। आदित्यगतम्=सूर्यमा रहेर। अखिलम्=सारा। जगत्=जगत्लाई। भासयते=प्रकाशित गर्दछ। च=र। यत्=जो। चन्द्रमसि=चन्द्रमामा छ। यत्=जो। अग्नौ=अग्निमा छ। तत्=त्यसलाई। मामकम्=मेरो नै। तेजः=तेज। विद्धि=जान।

भावार्थ–जो तेज सूर्यमा रहेर जगत्लाई प्रकाशित गर्दछ, जो तेज चन्द्रमा र अग्निमा छ, त्यो तेजलाई तिमी मेरो नै जान।

गामाविश्य च भूतानि धारयाम्यहमोजसा ॥
पुष्णामि चौषधीः सर्वाः सोमो भूत्वा रसात्मकः ॥१३॥

शब्दार्थ–च=र । अहम्=म । गाम्=पृथ्वीमा । आविश्य=प्रवेश गरेर । ओजसा=आफ्नो शक्तिले । भूतानि=सब प्राणीहरूलाई । धारयामि=धारण गर्दछु । च=र । रसात्मकः=रसरूप । सोमः=चन्द्रमा । भूत्वा=भएर । सर्वाः=सबै । औषधीः=औषधीहरूलाई । पुष्णामि=पुष्ट गर्दछु ।
भावार्थ–म पृथ्वीमा प्रवेश गरेर आफ्नो तेजले सृष्टिलाई धारण गर्दछु र रसवाला चन्द्रमा भएर सब वनस्पतिहरूको पोषण गर्दछु अर्थात् पृथ्वी र चन्द्रमा भगवान्का स्वरूप हुन् र त्यहीं उनीद्वारा अन्न र जलले सब सृष्टिको पालन-पोषण गर्दछु ।

अहं वैश्वानरो भूत्वा प्राणिनां देहमाश्रितः ॥
प्राणापानसमायुक्तः पचाम्यन्नं चतुर्विधम् ॥१४॥

शब्दार्थ–अहम्=म । प्राणिनाम्=प्राणीहरूको । देहम्=देहमा । आश्रितः=रहने । वैश्वानरः=वैश्वानर अग्नि । भूत्वा=भएर । प्राणापान-समायुक्तः=प्राण र अपानले युक्त भएको । चतुर्विधम्=चार प्रकारको । अन्नम्=अन्न । पचामि=पचाउँदछु ।
भावार्थ–म नै जठराग्नि भएर प्राणीहरूको देहमा रहँदै प्राण-अपानका साथ मिलेर चार प्रकारका अन्न पचाउँदछु ।

सर्वस्य चाहं हृदि संनिविष्टो मत्तः स्मृतिर्ज्ञानमपोहनं च ॥
वेदैश्च सर्वैरहमेव वेद्यो वेदान्तकृद्वेदविदेव चाहम् ॥१५॥

शब्दार्थ–च=र । अहम्=म । सर्वस्य=सबको । हृदि=हृदयमा । संनि-विष्टः=रहन्छु । मत्तः=मबाट नै । स्मृतिः=स्मृति । ज्ञानम्=ज्ञान । च=र । अपोहनम्=संशय हटाउने काम । च=र । अहम्=म । एव=नै । सर्वे=सबै । वेदैः=वेदहरूद्वारा । वेद्यः=जान्नयोग्य छु । वेदान्तकृत्=वेदान्तकर्ता । च=र । वेदवित्=वेद जान्ने । अहम्=म । एव=नै हुँ ।

भावार्थ–म सबको हृदयमा रहन्छु, मबाट नै स्मृति, ज्ञान र संशय नाश हुन्छ, म नै सब वेदहरूमा ज्ञेय छु र म नै वेदान्तको कर्ता र वेदको ज्ञाता छु।

द्वाविमौ पुरुषौ लोके क्षरश्चाक्षर एव च ॥
क्षरः सर्वाणि भूतानि कूटस्थोऽक्षर उच्यते ॥१६॥

शब्दार्थ–लोके=यस लोकमा । क्षरः=नाशवान्। च=र । अक्षरः= अविनाशी। एव=नै । इमौ=यी दुई प्रकारका । पुरुषौ=मान्छेहरू छन् । सर्वाणि=सबै । भूतानि=प्राणीहरूको शरीर त। क्षरः=नाशवान् छ। च=र । कूटस्थः=जीवात्मा। अक्षरः=अविनाशी । उच्यते= भनिन्छ ।

भावार्थ–संसारमा क्षर र अक्षर यी दुई प्रकारका पुरुष छन्, सब प्राणी क्षर छन् खालि जीवात्मा अक्षर कहलाउँछ।

उत्तमः पुरुषस्त्वन्यः परमात्मेत्युदाहृतः ॥
यो लोकत्रयमाविश्य विभर्त्यव्यय ईश्वरः ॥१७॥

शब्दार्थ–तु=परन्तु । उत्तमः=उत्तम । पुरुषः=पुरुष । अन्यः=अर्को छ जो । परमात्मा=परमात्मा। इति=यस्तो। उदाहृतः=कहलाउँछ। यः=जो । अव्ययः=अविनाशी । ईश्वरः=ईश्वर । लोकत्रयम्=तीनै लोकमा । आविश्य=प्रवेश गरेर । विभर्ति=धारण-पोषण गर्दछ।

भावार्थ–क्षर र अक्षर दुवैभन्दा पर उत्तम पुरुष छ, त्यो परमात्मा कह-लाउँछ। त्यो निर्विकारी र अविनाशी छ र तीनै लोकमा प्रवेश गरेर त्यसलाई धारण गरेको छ।

यस्मात्क्षरमतीतोऽहमक्षरादपि चोत्तमः ॥
अतोऽस्मि लोके वेदे च प्रथितः पुरुषोत्तमः ॥१८॥

शब्दार्थ–यस्मात्=किनकि। अहम्=म। क्षरम्=क्षरबाट । अतीतः= अतीत छु। च=र। अक्षरात्=अक्षरबाट पनि । उत्तमः= उत्तम छु।

अत:=यसैले । लोके=संसारमा । च=र । वेदे=वेदमा । पुरुषोत्तम:=पुरुषोत्तम । प्रथित:=प्रसिद्ध । अस्मि=छु ।

भावार्थ–किनकि म क्षरभन्दा पर र अक्षरभन्दा उत्तम छु, यसैले लोक र वेदमा म पुरुषोत्तम भनेर प्रसिद्ध छु।

यो मामेवमसंमूढो जानाति पुरुषोत्तमम् ॥
स सर्वविद् भजति मां सर्वभावेन भारत ॥१९॥

शब्दार्थ–भारत=हे अर्जुन ! य:=जो। असंमूढ:=ज्ञानी पुरुष। एवम्=यस प्रकार। माम्=मलाई। पुरुषोत्तम्=पुरुषोत्तम। जानाति=जान्दछ। स:=त्यो। सर्ववित्=सर्वज्ञ। सर्वभावेन=सब प्रकारले। माम्=मलाई। भजति=भज्दछ ।

भावार्थ–जो ज्ञानी यस प्रकार म पुरुषोत्तमलाई जान्दछ हे भरतवंशी अर्जुन ! त्यो सर्वज्ञ सब प्रकारले म नारायणलाई भज्दछ।

इति गुह्यतमं शास्त्रमिदमुक्तं मयानघ ॥
एतद् बुद्ध्वा बुद्धिमान्स्यात्कृतकृत्यश्च भारत ॥२०॥

शब्दार्थ–अनघ=हे निष्पाप ! भारत=अर्जुन ! इति=यस प्रकार। इदम्=यो। गुह्यतमम्=गुह्यतम। शास्त्रम्=शास्त्र। मया=मद्वारा। उक्तम्=भनिएको छ। एतत्=यसलाई। बुद्ध्वा=बुझेर। बुद्धिमान्=बुद्धिमान्। च=र। कृतकृत्य:=कृतकृत्य। स्यात्=हुनेछ।

भावार्थ–हे निष्पाप अर्जुन ! यस प्रकार यो गुह्यतम शास्त्र मैले भनें, यसलाई जानेर मनुष्य बुद्धिमान् र कृतकृत्य हुन जान्छ।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां
योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे पुरुषोत्तमयोगो
नाम पञ्चदशोऽध्याय: ॥१५॥

श्रीमद्भगवतगीताको पुरुषोत्तमयोग नामक
पन्ध्रौं अध्याय समाप्त भयो।

अथ षोडशोऽध्यायः

(अब सोह्रौं अध्याय)

श्रीभगवानुवाच=श्रीभगवान्‌ले भन्नुभयो ।

अभयं सत्त्वसंशुद्धिर्ज्ञानयोगव्यवस्थितिः ॥
दानं दमश्च यज्ञश्च स्वाध्यायस्तप आर्जवम् ॥१॥
अहिंसा सत्यमक्रोधस्त्यागः शान्तिरपैशुनम् ॥
दया भूतेष्वलोलुप्तं मार्दवं ह्रीरचापलम् ॥२॥
तेजः क्षमा धृतिः शौचमद्रोहो नातिमानिता ॥
भवन्ति संपदं दैवीमभिजातस्य भारत ॥३॥

शब्दार्थ– अभयम्=अभय । सत्त्वसंशुद्धि=अन्तस्करणको शुद्धि । ज्ञानयोगव्यवस्थितिः=ज्ञानयोगमा स्थिति । च=र । दानम्=दान । दमः=दम । यज्ञः=यज्ञ । स्वाध्यायः=स्वाध्याय । च=तथा । तपः=तप । आर्जवम्=सरलता । अहिंसा=अहिंसा । सत्यम्=सत्य । अक्रोधः=अक्रोध । त्यागः=त्याग । शान्तिः=शान्ति । अपैशुनम्=चुक्लीको अभाव । भूतेषु=प्राणीहरूमाथि । दया=दया । अलोलुप्तम्=निर्लोलुपता । मार्दवम्=कोमलता । ह्रीः=लज्जा । अचापलम्=अचपलता । तेजः=तेज । क्षमा=क्षमा । धृतिः=धैर्य । शौचम्=पवित्रता । अद्रोहः=द्रोहको अभाव । न अतिमानिता=आफूलाई अति पूज्य नसंझनु । भारत=हे अर्जुन ! दैवीम्=दैवी । संपदम्=संपदालाई । अभिजातस्य=प्राप्त भएका पुरुषमा । भवन्ति=हुन्छन् ।

भावार्थ– अभय, अन्तस्करणको शुद्धि, ज्ञानयोगमा दृढस्थिति, सात्विक, दान, इन्द्रियसयम, यज्ञ, कर्म, स्वाध्याय, तपस्या, सरलता, अहिंसा, सत्य, अक्रोध, त्याग, शान्ति, चुक्ली नगर्नु, प्राणी मात्रमा दया, अलोभ, कोमलता, लज्जा र चंचल नहुनु. तेज, क्षमा, धैर्य, शौच, अद्रोह, अमानित्व हुनु हे अर्जुन ! यी सव दैवीसंपत् प्राप्त व्यक्तिका लक्षण हुन् ।

दम्भो दर्पोऽभिमानश्च क्रोधः पारुष्यमेव च ॥
अज्ञानं चाभिजातस्य पार्थ संपदमासुरीम् ॥४॥

शब्दार्थ– पार्थ=हे अर्जुन ! दम्भः=दम्भ । दर्पः=दर्प । च=र । अभिमानः=अभिमान । च=तथा । क्रोधः=क्रोध । पारुष्यम्=कठोर वाणी । च=र । अज्ञानम्=अज्ञान । एव=नै । आसुरीम्=आसुरी । सम्पदाम्=सम्पदालाई । अभिजातस्य= प्राप्त (संपन्न) भएका पुरुषमा हुन्छन् ।

भावार्थ– छल, गर्व, अहंकार, क्रोध, कठोर वचन, अज्ञान यी सव हे अर्जुन ! आसुरी सम्पत् प्राप्त भएका मानिसका लक्षण हुन् ।

दैवी संपद्विमोक्षाय निवन्धायासुरी मता ॥
मा शुचः संपदं दैवीमभिजातोऽसि पाण्डव ॥५॥

शब्दार्थ– दैवी संपत्=दैवी सम्पत्ति । विमोक्षाय=मोक्षका लागि । आसुरी=आसुरी सम्पत्ति । निवन्धाय=बन्धनका लागि । मता= मानिएको छ । पाण्डव=हे अर्जुन ! दैवीम्=दैवी । सम्पदाम्= सम्पदामा । अभिजातः=उत्पन्न भएका । असि=छौ । मा शुचः= शोक नगर ।

भावार्थ– दैवी संपद् मोक्षलाई र आसुरी संपद् विश्वमा बाँध्नका लागि बनाएका हुन् । हे अर्जुन ! तिमी शोक नगर किनभने तिमी दैवी संपत् प्राप्त भएका छौ ।

द्वौ भूतसर्गौ लोकेऽस्मिन्दैव आसुर एव च ॥
दैवो विस्तरशः प्रोक्त आसुरं पार्थ मे शृणु ॥६॥

शब्दार्थ– पार्थ=हे अर्जुन ! अस्मिन्=यो। लोके=लोकमा। भूतसर्गौ=प्राणीहरूको सृष्टि। द्वौ=दुई प्रकारका छन्। दैव:=दैवी। च=र। आसुर:=आसुरी। दैव:=दैवी। एव=त। विस्तरश:=विस्तारपूर्वक। प्रोक्त:=भनिएको छ। मे=मबाट। आसुरम्=आसुरीलाई। शृणु=सुन।

भावार्थ– यस लोकमा जीवहरूको सृष्टि दैवी र आसुरी दुई प्रकारका छन्। दैवी त विस्तारपूर्वक भनिसकियो, हे अर्जुन ! अब तिमी आसुरी सुन।

प्रवृत्तिं च निवृत्तिं च जना न विदुरासुरा: ।।
न शौचं नापि चाचारो न सत्यं तेषु विद्यते ।।७।।

शब्दार्थ– आसुरा:=आसुरी स्वभाववाला। जना:=मान्छेहरू। प्रवृत्तिम्=प्रवृत्ति। च=र। निवृत्तिम्=निवृत्तिलाई। च=पनि। न विदु:=जान्दैनन्। तेषु=तिनमा। न=न। शौचम्=पवित्रता। न=न। आचार:=आचार हुन्छ। च=र। न=न। सत्यम्=सत्य। अपि=पनि। विद्यते=हुन्छ।

भावार्थ– आसुरी स्वभाववाला व्यक्ति कर्तव्य र अकर्तव्यलाई जान्दैनन्। उनमा न पवित्रता हुन्छ, न आचारण, न सत्य नै हुन्छ। तात्पर्य यो हो कि यस्ता मान्छे धर्म-अधर्म बुझ्दैनन्, दुष्ट र असत्य कर्म गर्ने हुन्छन्।

असत्यमप्रतिष्ठं ते जगदाहुरनीश्वरम् ।।
अपरस्परसंभूतं किमन्यत्कामहैतुकम् ।।८।।

शब्दार्थ - ते=ती। आहु:=भन्दछन्। जगत्=जगत्। असत्यम्=असत्य। अप्रतिष्ठम्=अप्रतिष्ठित। अनीश्वरम्=विना ईश्वरको हो। अपरस्परसंभूतम्=स्वत: स्त्रीपुरुषको संयोगले उत्पन्न भएको हो। कामहैतुकम्=कामभोगको लागि हो। अन्यत्=यसका अतिरिक्त। किम्=के हो ?

भावार्थ– तिनीहरू भन्दछन् अर्थात् आसुरी स्वभाववाला भन्दछन्– जगत्

आश्रयरहित, सर्वथा झूटो, बिना ईश्वरबाटै परस्पर संयोगले उत्पन्न भएको हो। विषयभोग भोग्नुसिवाय अरू यहाँ के छ र?

एतां दृष्टिमवष्टभ्य नष्टात्मानोऽल्पबुद्धयः ॥
प्रभवन्त्युग्रकर्माणः क्षयाय जगतोऽहिताः ॥९॥

शब्दार्थ– एताम्=यस्तो। दृष्टिम्=दृष्टिलाई। अवष्टभ्य=सहारा लिएर। उग्रकर्माणः=उग्र कर्म गर्ने। नष्टात्मानः=नष्टात्मा। अल्पबुद्धयः =अल्पबुद्धि। अहिताः=सबको अहित गर्ने। जगतः=जगत्को। क्षयाय =नाश गर्नका लागि। प्रभवन्ति=उत्पन्न हुन्छन्।

भावार्थ– आसुरी स्वभावका मान्छे कामभोगलाई उत्तम सम्झनाको कारण दुरात्मा, दुर्बुद्धि र दुष्ट कर्म गर्ने हुन्छन् र यसै कारण जगत्मा वैरी र नाशक हुन्छन्।

काममाश्रित्य दुष्पुरं दम्भमानमदान्विताः ॥
मोहाद्गृहीत्वासद्ग्राहान्प्रवर्तन्तेऽशुचिव्रताः ॥१०॥

शब्दार्थ– दम्भमानमदान्विताः=दम्भ, मान र मदले भरिएका। अशुचिव्रताः=अशुद्ध आचरण भएका। दुष्पुरम्=कहिल्यै पूर्ण नहुने। कामम्=कामनाहरूको। आश्रित्य=आश्रय भएर। मोहात्=मोहबाट। असद्ग्राहान्=मिथ्या सिद्धान्तहरूलाई। गृहीत्वा=ग्रहण गरेर। प्रवर्तन्ते=वर्तन्छन्।

भावार्थ– आसुरी प्रवृत्ति भएका मान्छे कहिल्यै पनि तृप्त नहुने कामभोगमा आसक्त भएर दम्भ, अहंकार र मदले भरिएका, मोहवश असत्य कुरालाई मानेर अशुद्ध या नीच काम गर्दछन्।

चिन्तामपरिमेयां च प्रलयान्तामुपाश्रिताः ॥
कामोपभोगपरमा एतावदिति निश्चिताः ॥११॥
आशापाशशतैर्बद्धाः कामक्रोधपरायणाः ॥
ईहन्ते कामभोगार्थमन्यायेनार्थसञ्चयान् ॥१२॥

शब्दार्थ– प्रलयान्ताम्=मरणपर्यन्त रहने । अपरिमेयाम्=अनन्त । चिन्ताम्=चिन्ताहरूको । उपाश्रिता:=आश्रय लिने । कामोपभोगपरमा: =विषयभोगमा डुबेका । च=र । एतावत्=यति नै हो । इति=यस्तो । निश्चिता=निश्चय गर्ने । आशापाशशतै:=सयकडौं आशापाशले । बद्धा:=बाँधिएका । कामक्रोधपरायणा:=कामक्रोधमा लागेका । कामभोगार्थम्=कामभोग भोग्नको लागि । अन्यायेन=अन्यायले । अर्थसञ्चयान्=अर्थ सञ्चयको । ईहन्ते=इच्छा गर्दछन् ।

भावार्थ– प्रलयतक अन्त नहुने अनन्त कामनाहरूको आश्रय गर्ने र कामभोग नै जीवनको उद्देश्य हो यस्तो निश्चित गर्ने, सयकडौं आशापाशले बाँधिएका, कामक्रोधपरायण भएका, कामभोगको लागि अन्यायले धन बटुल्न चाहन्छन् ।

इदमद्य मया लब्धमिमं प्राप्स्ये मनोरथम् ॥
इदमस्तीदमपि मे भविष्यति पुनर्धनम् ॥१३॥

शब्दार्थ– अद्य=आज । मया=मैले । इदम्=यो । लब्धम्=पाएको छु । इमम्=यस । मनोरथम्=मनोरथलाई । प्राप्स्ये=पाउनेछु । इदम्=यो । धनम्=धन त । मे=मेरो । अस्ति=छ र । इदम्=यो । अपि=पनि । पुन:=फेरि । भविष्यति=हुनेछ ।

भावार्थ– आज मैले यो पाएँ र भोलि यति मनोरथ पनि पूर्ति गरिहाल्छु, यो धन मेरो हो र त्यो (अर्को) पनि मेरै हुनेछ ।

असौ मया हत: शत्रुर्हनिष्ये चापरानपि ॥
ईश्वरोऽहमहं भोगी सिद्धोऽहं बलवान्सुखी ॥१४॥

शब्दार्थ– असौ=त्यो । शत्रु:=शत्रु । मया=मद्वारा । हत:=मारियो । च=र । अपरान्=अरूलाई । अपि=पनि । अहम्=म । हनिष्ये=मार्नेछु । अहम्=म । ईश्वर:=ईश्वर हुँ । भोगी=ऐश्वर्य भोग्नेवाला हुँ । अहम्=म । सिद्ध:=सिद्ध । बलवान्=बलवान् तथा । सुखी= सुखी हुँ ।

भावार्थ– आसुरी मान्छे आफूलाई सबकुछ सम्झन्छन्। भन्छन् कि फलानो शत्रुलाई त मैले मारें र अर्कोलाई पनि दमन गर्नेछु। आफूलाई ऐश्वर्य भोग्ने र सुखी संझन्छन्।

आढ्योऽभिजनवानस्मि कोऽन्योऽस्ति सदृशो मया ॥
यक्ष्ये दास्यामि मोदिष्य इत्यज्ञानविमोहिताः ॥१५॥

शब्दार्थ– आढ्यः=धनवान् हुँ। अभिजनवान्= ठूला कुटुम्बवाला हुँ। मया=मेरो। सदृशः=समान। अन्यः=अर्को। कः=को। अस्ति=छ। यक्ष्ये=यज्ञ गर्नेछु। दास्यामि=दान दिनेछु। मोदिष्ये=मोज गर्नेछु। अज्ञानविमोहिताः=अज्ञानले मोहित रहने। इति=यस्तो मान्दछन्।

भावार्थ– म धनवान् एवं कुलीन हुँ, मेरो समान अर्को को छ, म यज्ञ गर्नेछु, दान गर्नेछु र मोज गर्नेछु, तिनीहरू यस्तो वक्तै अज्ञानद्वारा मोहित हुन्छन्।

अनेकचित्तविभ्रान्ता मोहजालसमावृताः ॥
प्रसक्ताः कामभोगेषु पतन्ति नरकेऽशुचौ ॥१६॥

शब्दार्थ– अनेकचित्तविभ्रान्ताः=अनेक प्रकारले भ्रमित चित्त भएका। मोहजालसमावृताः=मोहजालमा फसेका। कामभोगेषु=कामभोगमा। प्रसक्ताः=आसक्त जन। अशुचौ=अत्यन्त अपवित्र। नरके=नरकमा। पतन्ति=गिर्दछन्।

भावार्थ– अनेक चिन्ताले भड्केका, मोहजालमा फसेका र कामभोगमा आसक्त व्यक्ति अपवित्र नरकमा पर्दछन्।

आत्मसंभाविताः स्तब्धा धनमानमदान्विताः ॥
यजन्ते नामयज्ञैस्ते दम्भेनाविधिपूर्वकम् ॥१७॥

शब्दार्थ– ते=ती। आत्मसंभाविताः= आफैं ठूलो ठान्ने। स्तब्धाः= घमण्डीहरू। धनमानमदान्विताः=धन र मानले अन्धा भएका। अविधिपूर्वकम्=शास्त्रविधिलाई छोडेर। दम्भेन=दम्भले। नामयज्ञैः=नाममात्रको यज्ञद्वारा। यजन्ते=यजन गर्दछन्।

भावार्थ- आफैं ठूला बनेका घमण्डीहरू; धन, मान र मदले मात्तिएका त्यस्ता मान्छेहरू नामको यज्ञ कपट र विधिरहित गर्दछन् ।

अहंकारं बलं दर्पं कामं क्रोधं च संश्रिताः ॥
मामात्मपरदेहेषु प्रद्विषन्तोऽभ्यसूयकाः ॥१८॥

शब्दार्थ- अहंकारम्=अहंकार । बलम्=वल । दर्पम्=दर्प । कामम्=काम । च=र । क्रोधम्=क्रोधको । संश्रिताः=आश्रय लिएका । अभ्यसूयकाः=अर्काको निन्दा गर्ने । आत्मपरदेहेषु=आफ्नो र अर्काको शरीरमा । माम्=म परमेश्वरसँग । प्रद्विषन्तः=द्वेष गर्दछन् ।

भावार्थ- अहंकार, वल, दर्प, काम र क्रोधको आश्रय लिएका, अर्काको निन्दा गर्ने, आफ्नो र अर्काको शरीरमा स्थित म परमेश्वरलाई द्वेष गर्दछन् ।

तानहं द्विषतः क्रूरान्संसारेषु नराधमान् ॥
क्षिपाम्यजस्रमशुभानासुरीष्वेव योनिषु ॥१९॥

शब्दार्थ- तान्=ती । द्विषतः=द्वेष गर्ने । अशुभान्=पापाचारी । क्रूरान्=क्रूरकर्मी । नराधमान्=नराधमहरूलाई । अहम्=म । संसारेषु=संसारमा । अजस्रम्=बारम्बार । आसुरीषु=आसुरी । योनिषु=योनिहरूमा । एव=नै । क्षिपामि=गिराउँदछु ।

भावार्थ— म ती द्वेष गर्ने, क्रूर, नीच र अधम व्यक्तिलाई संसारमा आसुरीयोनिमा नै निरन्तर फ्याँक्दछु ।

आसुरीं योनिमापन्ना मूढा जन्मनि जन्मनि ॥
मामप्राप्यैव कौन्तेय ततो यान्त्यधमां गतिम् ॥२०॥

शब्दार्थ-- कौन्तेय=हे अर्जुन ! मूढाः=ती मूढ जन । जन्मनि जन्मनि=जन्मजन्ममा । आसुरीम्=आसुरी । योनिम्=योनि । आपन्नाः=प्राप्त भएका । माम्=मलाई । अप्राप्य=नपाएर । तत्=त्योभन्दा पनि । अधमाम्=अति नीच । गतिम्=गतिमा । एव=नै । यान्ति=प्राप्त हुन्छन् ।

भावार्थ— हे कौन्तेय ! ती मूढ जन जन्मजन्ममा आसुरीयोनि पाएर मलाई नपाएर त्योभन्दा पनि अति नीच गतिमा पुग्दछन् ।

त्रिविधं नरकस्येदं द्वारं नाशनमात्मनः ॥
कामः क्रोधस्तथा लोभस्तस्मादेतत्त्रयं त्यजेत् ॥२१॥

शब्दार्थ- कामः=काम । तथा=त्यस्तै । लोभः=लोभ । क्रोधः=क्रोध । इदम्=यो । त्रिविधम्=तीन प्रकारको । नरकस्य=नरकको । द्वारम्=द्वार । आत्मनः=आत्माको । नाशनम्=पतन गर्नेवाला हुन् । तस्मात्=त्यसकारण । एतत्=यी । त्रयम्=तिनौटालाई । त्यजेत्=त्याग गर्नुपर्छ ।
भावार्थ— काम, क्रोध तथा लोभ यी तीन प्रकारका द्वार नरकका हुन्, जसले आत्माको पतन गराउँदछन् । यसैले यी तीनलाई त्याग्नु उचित छ ।

एतैर्विमुक्तः कौन्तेय तमोद्वारैस्त्रिभिर्नरः ॥
आचरत्यात्मनः श्रेयस्ततो याति परां गतिम् ॥२२॥

शब्दार्थ— कौन्तेय=हे अर्जुन ! एतैः=यी । त्रिभिः=तीन । तमोद्वारैः=नरकको द्वारबाट । विमुक्तः=छुटेको । नरः=मनुष्य । आत्मनः=आफ्नो । श्रेयः=कल्याण । आचरति=आचरण गर्दछ । ततः=अनि । पराम्=उत्तम । गतिम्=गतिमा । याति=प्राप्त हुन्छ ।
भावार्थ--हे अर्जुन ! यी तीन द्वारहरू काम, क्रोध र लोभबाट छुटेको मनुष्य आफ्नो कल्याण गर्दछ र परम् गति प्राप्त गर्दछ ।

यः शास्त्रविधिमुत्सृज्य वर्तते कामकारतः ॥
न स सिद्धिमवाप्नोति न सुखं न परां गतिम् ॥२३॥

शब्दार्थ-- यः=जो । शास्त्रविधिम्=शास्त्रमा बताएका तरीकालाई । उत्सृज्य=त्यागेर । कामकारतः=आफ्नो इच्छाबाट । वर्तते=व्यवहार गर्दछ । सः=त्यो । न=न । सिद्धिम्=सिद्धि । सुखम्=सुख । न=न । पराम्=परम । गतिम्=गति । अवाप्नोति=पाउँछ ।
भावार्थ-- जो शास्त्रको विधि छोडेर आफ्नो इच्छानुसार कार्य गर्दछ, त्यो न सिद्धि प्राप्त गर्दछ, न सुख र न परम गति ।

तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ ।।
ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहार्हसि ।।२४।।

शब्दार्थ– तस्मात्=त्यसैले। कार्याकार्यव्यवस्थितौ=कर्तव्य र अकर्तव्यको व्यवस्थामा । ते=तिम्रो। शास्त्रम्=शास्त्र । प्रमाणम्=प्रमाण हुन्छ। शास्त्रविधानोक्तम्=शास्त्रविधान भनिएकालाई । ज्ञात्वा=सम्झेर । इह=यहाँ। कर्म=कर्म। कर्तुम्=गर्न। अर्हसि=उचित छ।

भावार्थ-- यसैले कार्य र अकार्यको व्यवस्थामा शास्त्र तिम्रो लागि प्रमाण हुन्छ र शास्त्रोक्तविधिलाई संझेर तिमीलाई यहाँ कर्म गर्नु उचित छ ।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे दैवासुरसंपद्विभागयोगो नाम षोडशोऽध्याय ।।१६।।

श्रीमद्भगवद्गीताको दैवासुरसंपद्विभाग नामक
सोह्रौं अध्याय समाप्त भयो ।

अथ सप्तदशोऽध्यायः

(अब सत्रौं अध्याय)

अर्जुन उवाच=अर्जुनले भने ।

ये शास्त्रविधिमुत्सृज्य यजन्ते श्रद्धयान्विताः ॥
तेषां निष्ठा तु का कृष्ण सत्त्वमाहो रजस्तमः ॥१॥

शब्दार्थ— तु=परन्तु । कृष्ण=हे कृष्ण ! ये=जो । शास्त्रविधिम्=शास्त्रविधिलाई । उत्सृज्य=छाडेर । श्रद्धया=श्रद्धाले । अन्विताः=युक्त भएका । यजन्ते=यजन गर्दछन् । तेषाम्=तिनीहरूको । निष्ठा=निष्ठा । सत्त्वम्=सात्त्विकी । रजः=राजसी । आहो=अथवा । तमः=तामसी । का=कुनचाहिं हो ।

भावार्थ—हे कृष्ण ! जो शास्त्रविधिलाई छाडेर श्रद्धाले युक्त भएर यज्ञ गर्दछन्, तिनको निष्ठा कस्तो हो– सात्त्विकी, राजसी र तामसी ?

श्रीभगवानुवाच=श्रीभगवान्‌ले भन्नुभयो ।

त्रिविधा भवति श्रद्धा देहिनां सा स्वभावजा ॥
सात्त्विकी राजसी चैव तामसी चेति तां शृणु ॥२॥

शब्दार्थ—देहिनाम्=प्राणीहरूको । सा=त्यो । स्वभावजा=स्वभावबाट उत्पन्न भएको । श्रद्धा=श्रद्धा । सात्त्विकी=सात्त्विक । च=र । राजसी=राजसी । च=तथा । तामसी=तामसी । इति=यस्तो । त्रिविधा=तीन प्रकारको । एव=नै । भवति=हुन्छ । ताम्=त्यसलाई शृणु=सुन ।

भावार्थ--मनुष्यको यो स्वभावजन्य श्रद्धा तीन प्रकारका हुन्छ सात्त्विकी, राजसी र तामसी । अब तिमी तीन प्रकारका श्रद्धाहरूको मर्म सुन ।

सत्त्वानुरूपा सर्वस्य श्रद्धा भवति भारत ॥
श्रद्धामयोऽयं पुरुषो यो यच्छ्रद्धः स एव सः ॥३॥

शब्दार्थ— भारत =हे अर्जुन ! सर्वस्य=सबको । श्रद्धा=श्रद्धा । सत्त्वानुरूपा=अन्तःकरणको अनुरूप । भवति=हुन्छ । अयम्=यो । पुरुषः=पुरुष । श्रद्धामयः=श्रद्धामय छ । यः=जो । यच्छ्रद्धः=जस्तो श्रद्धालु छ । सः=त्यो । सः=त्यही । एव=नै हुन्छ ।

भावार्थ--हे अर्जुन ! अन्तःकरणअनुसार सबको श्रद्धा हुन्छ । श्रद्धामय त्यो व्यक्ति हो जो जस्तो श्रद्धालु हुन्छ त्यस्तै उसको गति हुन्छ ।

यजन्ते सात्त्विका देवान्यक्षरक्षांसि राजसाः ॥
प्रेतान्भूतगणांश्चान्ये यजन्ते तामसा जनाः ॥४॥

शब्दार्थ-- सात्त्विकाः=सात्त्विक मान्छे । देवान्=देवताहरूलाई । यजन्ते=पुज्दछन् । राजसाः=राजस मान्छे । यक्षरक्षांसि=यक्ष र राक्षसहरूलाई । अन्ये=अरू । तामसाः = तामस । जनाः=जन । प्रेतान्=प्रेतहरूलाई । च = र । भूतगणान्=भूतहरूको समुदायलाई । यजन्ते=पुज्दछन् ।

भावार्थ—सात्त्विक स्वभावका व्यक्तिले देवतालाई पुज्दछन् रजोगुणीहरूले यक्षराक्षसहरूलाई र तमोगुणी जतिले भूतप्रेतको समूहलाई पुज्दछन् ।

अशास्त्रविहितं घोरं तप्यन्ते ये तपो जनाः ॥
दम्भाहंकारसंयुक्ताः कामरागबलान्विताः ॥५॥
कर्षयन्तः शरीरस्थं भूतग्राममचेतसः ॥
मां चैवान्तःशरीरस्थं तान्विद्ध्यासुरनिश्चयान् ॥६॥

शब्दार्थ-- ये=जो । जनाः=जन । अशास्त्रविहितम्=शास्त्रविरुद्ध । घोरम्=घोर । तपः=तप । तप्यन्ते=तप्तछन् र । दम्भाहंकार-

संयुक्ता:=दम्भ, अहंकारले युक्त। कामरागबलान्विता:=काम, राग र बलले पनि युक्त छन्। शरीरस्थम्=शरीरमा स्थित। भूतग्रामम्=भूत-समूहलाई। च=र। अन्तःशरीरस्थम्=अन्तःकरणमा स्थित। माम्=म अन्तर्यामीलाई। एव=नै। कर्षयन्तः=कृश गर्ने अर्थात् दुःख दिने। तान्=ती। अचेतसः=अज्ञानीहरूलाई। आसुरनिश्चयान्=आसुरी विचार भएका। विद्धि=जान।

भावार्थ-- जो व्यक्ति शास्त्रविरुद्ध घोर तप गर्दछन् दम्भ र अहंकारले युक्त तथा काम, राग र बलले पनि युक्त छन्। ती शरीरमा स्थित भूत-समूहलाई, अन्त.करणमा स्थित म अन्तर्यामीलाई पनि कृश गर्ने अर्थात् दुःख दिने छन्, ती अज्ञानीहरूलाई आसुरी स्वभावका भनेर जान।

आहारस्त्वपि सर्वस्य त्रिविधो भवति प्रियः ॥
यज्ञस्तपस्तथा दानं तेषां भेदमिमं शृणु ॥७॥

शब्दार्थ-- आहारः=आहार। अपि = पनि। सर्वस्य=सबैको। त्रिविधः=तीन प्रकारको। प्रियः=प्रिय। भवति=हुन्छ। तु=र। तथा=त्यस्तै। यज्ञः=यज्ञ। तपः=तप। दानम्=दान पनि हुन्छ। तेषाम्=तिनको। इमम्=यो। भेदम्=भेदलाई। शृणु=सुन।

भावार्थ— भोजन पनि सबको स्वभावअनुसार तीन प्रकारको नै प्यारो हुन्छ। यस्तै यज्ञ, तपस्या र दानको पनि भेद सुन।

आयुः सत्त्वबलारोग्यसुखप्रीतिविवर्धनाः ॥
रस्याः स्निग्धाः स्थिरा हृद्या आहाराः सात्त्विकप्रियाः ॥८॥

शब्दार्थ--आयुः=आयु। सत्त्वः=ज्ञान। बलम्=बल। आरोग्यम्=आरोग्य। सुखम्=सुख। प्रीतिविवर्द्धनाः=प्रीति बढाउने। रस्याः=रसदार। स्निग्धाः=चिल्ला। स्थिराः=स्थायी। हृद्याः=हृदयलाई प्यारो लाग्ने। आहाराः=आहार। सात्त्विकप्रियाः=सात्त्विक मान्छेलाई प्रिय हुन्छ।

भावार्थ-- आयु, तेज, बल, आरोग्य, सुख र प्रीति बढाउने, मधुर, चिल्लो, चिरस्थायी, मनोहर भोजन सात्त्विक स्वभावका मान्छेलाई प्रिय हुन्छ।

कट्वम्ललवणात्युष्णतीक्ष्णरूक्षविदाहिनः ॥
अहारा राजसस्येष्टा दुःखशोकामयप्रदाः ॥९॥

शब्दार्थ-- कटुः=पीरो । अम्लः=अमिलो । लवणः=नुनिलो । अत्युष्णः=ज्यादै तातो । तीक्ष्णः=तिख्खर । रूक्षः=रूखो र । विदाहिनः=दाह गर्ने । दुःखशोकामयप्रदाः=दुःख, शोक र रोग उत्पन्न गर्ने । आहाराः=आहार । राजसस्य=राजस व्यक्तिलाई । इष्टा=प्रिय हुन्छ ।

भावार्थ-- पीरो, अमिलो, नुनिलो, ज्यादै तातो, तिख्खर, रूखो, जलन गर्ने तथा दुःख, शोक र रोग उत्पन्न गर्ने खाना रजोगुणीलाई प्यारो हुन्छ ।

यातयामं गतरसं पूति पर्युषितं च यत् ॥
उच्छिष्टमपि चामेध्यं भोजनं तामसप्रियम् ॥१०॥

शब्दार्थ--यत्=जो । भोजनम्=भोजन । यातयामम्=बेला गुज्रेको । गतरसम्=रसरहित । पूति=दुर्गन्धयुक्त । पर्युषितम्=बासी । च=र । उच्छिष्टम्=जूठो तथा । अमेध्यम्=अपवित्र । अपि=पनि छ । तामसप्रियम्=तामसी मान्छेलाई प्रिय हुन्छ ।

भावार्थ- पकाएको धेरै बेर भएको, रसरहित, दुर्गन्धपूर्ण, बासी, जूठो, अपवित्र भोजन तमोगुणीलाई प्रिय लाग्छ ।

अफलाकाङ्क्षिभिर्यज्ञो विधिदृष्टो य इज्यते ॥
यष्टव्यमेवेति मनः समाधाय स सात्त्विकः ॥११॥

शब्दार्थ-- यः=जो । यज्ञः=यज्ञ । अफलाकांक्षिभिः=फल नचाहने मान्छेद्वारा । विधिदृष्टः=शास्त्रविधिअनुसार । यष्टव्यम् एव=गर्नु नै कर्तव्य छ । इति=यस्तो भावले । मनः=मनलाई । समाधाय=समाधान गरेर । इज्यते=गरिन्छ । सः=त्यो । सात्त्विकः=सात्त्विक हो ।

भावार्थ-- शास्त्रले बताएका र गर्नु नै कर्तव्य हो यो कुरा निश्चय गर्दै फलको इच्छा नराखनेबाट गरिएको यज्ञ नै सात्त्विक हो ।

अभिसंधाय तु फलं दम्भार्थमपि चैव यत् ॥
इज्यते भरतश्रेष्ठ तं यज्ञं विद्धि राजसम् ॥१२॥

शब्दार्थ-- तु=परन्तु । भरतश्रेष्ठ=हे अर्जुन ! यत्=जो यज्ञ। फलम्=फललाई । अभिसन्धाय= लक्ष्य बनाएर । च=अथवा । अपि= केवल । दम्भार्थम् एव=दम्भाचरणको लागि नै । इज्यते=गरिन्छ। तम्=त्यस । यज्ञम्=यज्ञलाई । राजसम्=राजस । विद्धि=जान ।

भावार्थ— फलको इच्छा गरेर र दम्भको लागि जो यज्ञ गरिन्छ, त्यो राजसी हो ।

विधिहीनमसृष्टान्नं मन्त्रहीनमदक्षिणम् ॥
श्रद्धाविरहितं यज्ञं तामसं परिचक्षते ॥१३॥

शब्दार्थ-- विधिहीनम्=विधिहीन । असृष्टान्नम्=अन्नदानहीन । मन्त्रहीनम् =मन्त्रविना । अदक्षिणम्=विनादक्षिणाको । श्रद्धाविरहितम्= विनाश्रद्धाको । यज्ञम्=यज्ञलाई । तामसम्=तामस । परिचक्षते= भनिन्छ ।

भावार्थ-- विधिरहित, अन्नदानरहित, मन्त्ररहित, दक्षिणारहित र श्रद्धा-रहितको यज्ञ तामसी हो ।

देवद्विजगुरुप्राज्ञपूजनं शौचमार्जवम् ॥
ब्रह्मचर्यमहिंसा च शारीरं तप उच्यते ॥१४॥

शब्दार्थ-- देवः=देवता । द्विजः=ब्राह्मण । गुरुः=गुरु । प्राज्ञः=ज्ञानी जनको । पूजनम्=पूजन । शौचम्=पवित्रता । आर्जवम्=सरलता । ब्रह्मचर्यम्=ब्रह्मचर्य । च=र । अहिंसा=अहिंसा । शारीरम्= शारीरिक । तपः=तप । उच्यते=भनिन्छ ।

भावार्थ— देव, ब्राह्मण, गुरु, प्राज्ञको पूजन, पवित्रता, सरलता, ब्रह्मचर्य र अहिंसा शारीरिक तप भनिन्छ ।

अनुद्वेगकरं वाक्यं सत्यं प्रियहितं च यत् ॥
स्वाध्यायाभ्यसनं चैव वाङ्मयं तप उच्यते ॥१५॥

शब्दार्थ— च=र । अनुद्वेगकरम्=उद्वेग नगर्ने । वाक्यम्=वाक्य । यत्=जो । सत्यम्=सत्य । प्रियहितम्=प्रिय तथा हितकर । च=र ।

स्वाध्यायाभ्यसनम्=स्वाध्यायको अभ्यास । एव=नै वाङ्मयम्=वाणीको । तपः=तप । उच्यते=कहलाउँछ ।

भावार्थ-- उद्वेग अर्थात् क्लेश नगराउने, सत्य, प्रिय र हितैषी वचन र वेदपाठको अभ्यास वाचिक तप भनिन्छ ।

मनःप्रसादः सौम्यत्वं मौनमात्मविनिग्रहः ।।
भावसंशुद्धिरित्येतत्तपो मानसमुच्यते ।।१६।।

शब्दार्थ-- मनःप्रसादः=मनको प्रसन्नता । सौम्यत्वम्=शान्तभाव । मौनम्=मौन । आत्मविनिग्रहः=मनको निग्रह । भावसंशुद्धिः=भावशुद्धि । इति=यत्ति । एतत्=यो । मानसम्=मानस । तपः=तप । उच्यते=भनिन्छ ।

भावार्थ-- मनको प्रसन्नता, शान्तभाव, मौन, मनको निग्रह, भावशुद्धि यति यो मानस तप भनिन्छ ।

श्रद्धया परया तप्तं तपस्तत्त्रिविधं नरैः ।।
अफलाकांक्षिभिर्युक्तैः सात्त्विकं परिचक्षते ।।१७।।

शब्दार्थ-- अफलाकांक्षिभिः=फल नचाहने । युक्तैः=युक्त । पुरुषैः=मान्छेहरूद्वारा । परया=परम । श्रद्धया=श्रद्धाले । तप्तम्=तपिएको । तत्=माथि बताइएको । त्रिविधम्=तीन प्रकारको । तपः=तप । सात्त्विकम्=सात्त्विक । परिचक्षते=भनिन्छ ।

भावार्थ-- अगाडिका तीन श्लोकमा बताइएका शारीरिक, वाचिक र मानसिक तप जो श्रद्धा, योग र सङ्गत्यागका साथ गरिन्छ त्यो सात्त्विक भनिन्छ ।

सत्कारमानपूजार्थं तपो दम्भेन चैव यत् ।।
क्रियते तदिह प्रोक्तं राजसं चलमध्रुवम् ।।१८।।

शब्दार्थ-- यत्=जो । तपः=तप । सत्कारमानपूजार्थम्=सत्कार, मान र पूजाको लागि । च=तथा । दम्भेन=दम्भले । एव=नै । क्रियते=

गरिन्छ । तत्=त्यो । अध्रुवम्=अनिश्चित । चलम्=अस्थिर । इह= यहाँ । राजसम्=राजस । प्रोक्तम्=भनिएको छ ।

भावार्थ— जो तप सत्कार, मान, पूजाको लागि तथा दम्भले गरिन्छ त्यो अनिश्चित, अस्थिर तप राजस भनिन्छ ।

मूढग्राहेणात्मनो यत्पीडया क्रियते तपः ।।
परस्योत्सादनार्थं वा तत्तामसमुदाहृतम् ।।१९।।

शब्दार्थ— यत्=जो । तपः=तप । मूढग्राहेण=मूढ आग्रहले । आत्मनः= आत्माको । पीडया=पीडाले । वा=अथवा । परस्य=अर्काको । उत्साद- नार्थम्=अनिष्ट गर्नको लागि । क्रियते=गरिन्छ । तत्=त्यो । ताम- सम्=तामस । उदाहृतम्=भनिन्छ ।

भावार्थ— जो तप मूर्खताले आफूलाई पीडा दिएर या अर्काको नाशको लागि गरिन्छ त्यो तामस कहलाउँछ ।

दातव्यमिति यद्दानं दीयतेऽनुपकारिणे ।।
देशे काले च पात्रे च तद्दानं सात्त्विकं स्मृतम् ।।२०।।

शब्दार्थ— च=र । दातव्यम्=दिनु कर्तव्य हो । इति=यस्तो भावले । यत्=जो । दानम्=दान । देशे=देश । काले=काल । च=र । पात्रे= पात्रमा । अनुपकारिणे=अनुपकारीलाई । दीयते=दिइन्छ । तत्=त्यो दानम्=दान । सात्त्विकम्=सात्त्विक । स्मृतम्=संज्ञिइन्छ ।

भावार्थ— दिनु उचित हो, यस्तो सम्झेर जो दान देश काल र पात्र विचार गरेर अनुपकारीलाई दिइन्छ, त्यो दान सात्त्विक मानिन्छ ।

यत्तु प्रत्युपकारार्थं फलमुद्दिश्य वा पुनः ।।
दीयते च परिक्लिष्टं तद्दानं राजसं स्मृतम् ।।२१।।

शब्दार्थ— तु=परन्तु । यत्=जो दान । पुनः=फेरि । प्रत्युपकारार्थम्= प्रत्युपकारको लागि । वा=अथवा । फलम्=फललाई । उद्देश्य=उद्देश्यमा राखेर । च=र । परिक्लिष्टम्=क्लेशपूर्वक । दीयते=दिइन्छ । तत्=त्यो । दानम्=दान । राजसम्=राजस । स्मृतम्=संज्ञिइन्छ ।

भावार्थ— पछि यो मान्छेले मेरो उपकार गर्नछ यस्तो आशाले वा स्वर्गादि फलको प्राप्तिको उद्देश्यले क्लिष्ट चित्तले जो दान दिइन्छ त्यसलाई राजस दान भनिन्छ ।

अदेशकाले यद्दानमपात्रेभ्यश्च दीयते ॥
असत्कृतमवज्ञातं तत्तामसमुदाहृतम् ॥२२॥

शब्दार्थ— यत्=जो । दानम्=दान । अदेशकाले=अयोग्य देश-कालमा । असत्कृतम्=विना सत्कार । अवज्ञातम्=तिरस्कारपूर्वक । च=र । अपात्रेभ्यः=कुपात्रलाई । दीयते=दिइन्छ । तत्=त्यो । तामसम्=तामस । उदाहृतम्=भनिन्छ ।

भावार्थ— जो दान अयोग्य देश-कालमा सत्कार नगरी, तिरस्कारपूर्वक र कुपात्रलाई दिइन्छ, त्यो तामस भनिन्छ ।

ॐतत्सदिति निर्देशो ब्रह्मणस्त्रिविधः स्मृतः ॥
ब्राह्मणास्तेन वेदाश्च यज्ञाश्च विहिताः पुरा ॥२३॥

शब्दार्थ— ॐ=ओम् । तत्=तत् । सत्=सत् । इति=यस्तो । त्रिविधः=तीन प्रकारको । ब्रह्मणः=ब्रह्मको । निर्देशः=निर्देश । स्मृतः=बताइएको । तेन=त्यसले । पुरा=पहिले । ब्राह्मणः=ब्राह्मण । च=र । वेदाः=वेदहरू । च=तथा । यज्ञाः=यज्ञ । विहिताः=रचिएका छन् ।

भावार्थ— 'ओम-तत्-सत्' तीन प्रकारका ब्रह्मका नाम स्मरण गरिन्छ । त्यसैद्वारा पूर्वकालमा ब्राह्मण, वेद र यज्ञ रचिएका हुन् ।

तस्मादोमित्युदाहृत्य यज्ञदानतपःक्रियाः ॥
प्रवर्तन्ते विधानोक्ताः सततं ब्रह्मवादिनाम् ॥२४॥

शब्दार्थ— तस्मात्=त्यसकारण । ब्रह्मवादिनाम्=ब्रह्मवेत्ताहरूको । विधानोक्ता=विधिद्वारा नियत गरिएको । यज्ञदानतपःक्रियाः=यज्ञ, दान र तपरूप क्रियाहरू । सततम्=सदा । ओम्=ओम् । इति=यस्तो । उदाहृत्य=उच्चारण गरेर । प्रवर्तन्ते=आरम्भ गरिन्छन् ।

भावार्थ— अतः ब्रह्मवेत्ताहरूको विधिद्वारा नियत भएको यज्ञ, दान र तपरूप क्रियाहरू सदा 'ॐ' यस्तो उच्चारण गरेर शुरू हुन्छन् ।

तदित्यनभिसंधाय फलं यज्ञतपःक्रियाः ॥
दानक्रियाश्च विविधाः क्रियन्ते मोक्षकांक्षिभिः ॥२५॥

शब्दार्थ-- मोक्षकांक्षिभिः=मुक्तिको इच्छा गर्ने व्यक्तिद्वारा । विविधाः= विविध प्रकारका । यज्ञतपःक्रियाः=यज्ञ, तप र क्रियाहरू । च=तथा । दानक्रियाः=दान क्रिया । फलम्=फल । अनभिसंधाय=नचाहेर । तत्=तत् । इति=यस भावले । क्रियन्ते=गरिन्छन् ।

भावार्थ-- 'तत्' यस्तो भनेर मोक्ष चाहनेले फलको इच्छा नगरेर यज्ञ-तपका क्रियाहरू र अनेक प्रकारका दानका क्रियाहरू गर्दछन् ।

सद्भावे साधुभावे च सदित्येतत्प्रयुज्यते ॥
प्रशस्ते कर्मणि तथा सच्छब्दः पार्थ युज्यते ॥२६॥

शब्दार्थ--पार्थ= हे अर्जुन ! सद्भावे=सद्भाव । च=र । साधुभावे= साधुभावले । सत्=सत् । इत्येतत्=यो नामको । प्रयुज्यते=प्रयोग गरिन्छ । तथा=त्यस्तै । प्रशस्ते=उत्तम । कर्मणि=कर्ममा । सत्=सत् । शब्दः=शब्द । युज्यते=प्रयोग गरिन्छ ।

भावार्थ--हे अर्जुन ! धर्मभाव र पुण्यभावमा 'सत्' यो नामको प्रयोग गरिन्छ तथा शुभ कर्ममा सत् शब्द वर्तिन्छ ।

यज्ञे तपसि दाने च स्थितिः सदिति चोच्यते ॥
कर्म चैव तदर्थीयं सदित्येवाभिधीयते ॥२७॥

शब्दार्थ-च=र । यज्ञे=यज्ञमा । तपसि =तपमा । च=र । दाने=दानमा । स्थितिः=स्थिति । एव=नै । सत्=सत् छ । इति=यस्तो । उच्यते= भनिन्छ । च=र । तदर्थीयम्=त्यसको अर्थ गरिएको । कर्म=कर्म । एव=नै । सत्=सत् हो । इति=यस्तो । अभिधीयते=भनिन्छ ।

भावार्थ— यज्ञ, तप र दानमा जो स्थिति छ त्यो पनि सत् हो यस्तो भनिन्छ र भगवत्प्रीत्यर्थ जो कर्म गरिन्छन्, ती सत् हुन जान्छन् ।

अश्रद्धया हुतं दत्तं तपस्तप्तं कृतं च यत् ॥
असदित्युच्यते पार्थ न च तत्प्रेत्य नो इह ॥२८॥

शब्दार्थ-- पार्थ=हे अर्जुन ! अश्रद्धया=अश्रद्धाले । हुतम्=गरिएको हवन । दत्तम्=दिइएको दान । तप्तम्=तपेको । तपः=तपस्या । च=र । यत्=जो । कृतम्=गरिएको कर्म छ । असत्=असत् । इति=यस्तो । उच्यते=भनिन्छ । तत्=त्यो । नो=न । इह=यस लोकमा । च=र । न=न । प्रेत्य=मरेपछि ।

भावार्थ-- हे अर्जुन ! अश्रद्धाले गरिएको हवन, दिएको दान तथा तपेको तपस्या र गरेका कर्म जति छन् ती सब असत् हुन् यसो भनिएको छ । यो न यस लोकमा लाभदायक छ, न मरेपछि ।

ॐतत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे श्रद्धात्रयविभागयोगो नाम सप्तदशोऽध्यायः ॥१७॥

श्रीमद्भगवद्गीताको श्रद्धात्रयविभागनामक सत्रौं अध्याय समाप्त भयो ।

अथ अष्टादशोऽध्याय:

(अब अठारौं अध्याय)

अर्जुन उवाच=अर्जुनले भने ।

संन्यासस्य महाबाहो तत्त्वमिच्छामि वेदितुम् ॥

त्यागस्य च ऋषीकेश पृथक्केशिनिषूदन ॥१॥

शब्दार्थ— महावाहो=ठूला हात भएका । हृषीकेश=सब इन्द्रियहरूको नियामक अन्तर्यामी ! केशिनिषूदन=केशीलाई मार्ने ! संन्यासस्य=संन्यासको । च=र । त्यागस्य=त्यागको । तत्त्वम्=तत्त्व । पृथक्=पृथक् । वेदितुम्=जान्न । इच्छामि=चाहन्छु ।

भावार्थ—हे विशालवाहु ! हृषीकेश ! हे केशीहन्ता ! संन्यास र त्याग यी दुईको अलग-अलग तत्त्व जान्न पाऊँ ।

श्रीभगवानुवाच=श्रीभगवान्ले भन्नुभयो ।

काम्यानां कर्मणां न्यासं संन्यासं कवयो विदु: ॥

सर्वकर्मफलत्यागं प्राहुस्त्यागं विचक्षणा: ॥२॥

शब्दार्थ— कवय:=पण्डितजन । काम्यानाम्=काम्य । कर्मणाम्=कर्महरूको । न्यासम्=त्यागलाई । संन्यासम्=संन्यास । विदु:=जान्दछन् । विचक्षणा:=विचारकुशल व्यक्ति । सर्वकर्मफलत्यागम्=सबै कर्मको फलत्यागलाई । त्यागम्=त्याग । प्राहु:=भन्दछन् ।

भावार्थ- कोही विद्वान् काम्यकर्म छोड्नुलाई संन्यास संझन्छन् र कोही विचारवान् सबै कर्मफल छोड्नुलाई त्याग भन्दछन् ।

त्याज्यं दोषवदित्येके कर्म प्राहुर्मनीषिणः ।।
यज्ञदानतपःकर्म न त्याज्यमिति चापरे ।।३।।

शब्दार्थ— एके=कोही । मनीषिणः=विद्वान् । इति=यस्तो । प्राहुः=भन्दछन् । कर्म=कर्म । दोषवत्=दोषयुक्त छ । त्याज्यम्=त्याग गर्न-योग्य छ । च=र । अपरे=अर्का थरी विद्वान्हरू । इति=यो । यज्ञदान-तपःकर्म=यज्ञ, दान, तपरूप कर्म । न त्याज्यम्=त्याग्न योग्य छैन भन्दछन् ।

भावार्थ— कुनै विद्वान् भन्छन् कर्महरू दोषवत् भएकाले त्याग्नुपर्छ । दोस्रा थरी भन्दछन् यज्ञ, दान, तपस्या आदि कर्म त्याग्नु हुँदैन ।

निश्चयं शृणु मे तत्र त्यागे भरतसत्तम ।।
त्यागो हि पुरुषव्याघ्र त्रिविधः संप्रकीर्तितः ।।४।।

शब्दार्थ— भरतसत्तम=हे अर्जुन ! तत्र=त्यहाँ । त्यागे=त्यागको विषयमा । मे=मेरो । निश्चयम्=निश्चय मत । शृणु=सुन । पुरुष-व्याघ्र=हे पुरुषश्रेष्ठ ! त्यागः=त्याग । त्रिविधः=तीन प्रकारका । हि=निश्चय । संप्रकीर्तितः=भनिएको छ ।

भावार्थ— हे अर्जुन ! त्यो विषयमा मेरो निश्चय सुन, त्याग पनि तीन प्रकारका वताइएको छ ।

यज्ञदानतपःकर्म न त्याज्यं कार्यमेव तत् ।।
यज्ञो दानं तपश्चैव पावनानि मनीषिणाम् ।।५।।

शब्दार्थ— यज्ञदानतपःकर्म=यज्ञ, दान र तप कर्म । न त्याज्यम्=त्याग्न-योग्य छैन । एव=निःसन्देह । तत्=त्यो । कार्यम्=गर्नु कर्त्तव्य हो । यज्ञः=यज्ञ । दानम्=दान । च=र । तपः=तपस्या । मनीषिणाम्=बुद्धिमान् व्यक्तिहरूलाई । एव=नै । पावनानि=पवित्र गर्नेवाला छन् ।

भावार्थ— यज्ञ, दान, तपस्या रूप कर्म त्याग्नु हुँदैन त्यो कर्त्तव्य नै हो । त्यो कर्म नगरे विद्वान्ले बाहिर गर्ने पावन कर्म नै के छ ?

एतान्यपि तु कर्माणि सङ्गं त्यक्त्वा फलानि च ॥
कर्तव्यानीति मे पार्थ निश्चितं मतमुत्तमम् ॥६॥

शब्दार्थ— तु=परन्तु । पार्थ=हे अर्जुन ! एतानि=यी । कर्माणि=कर्म । अपि=पनि । सङ्गम्=आसक्तिलाई । च=र । फलानि=फलहरूलाई । त्यक्त्वा=छोडेर । कर्तव्यानि=गर्नयोग्य छन् । इति=यस्तो । मे=मेरो । निश्चितम्=दृढ । उत्तमम्=अति श्रेष्ठ । मतम्=मत हो ।
भावार्थ—हे अर्जुन ! मेरो निश्चित मत छ कि यी कर्महरू यज्ञ, दान, तपको आसक्ति र फलाशाको त्याग गरेर गर्नु उचित छ ।

नियतस्य तु संन्यासः कर्मणो नोपपद्यते ॥
मोहात्तस्य परित्यागस्तामसः परिकीर्तितः ॥७॥

शब्दार्थ— तु=परन्तु । नियतस्य=नियत । कर्मणः=कर्मको । संन्यासः=त्याग । न उपपद्यते=उचित छैन । मोहात्=मोहबाट । तस्य=त्यसको । परित्यागः=त्याग गर्नु । तामसः=तामस त्याग । परिकीर्तितः=कहलाउँछ ।
भावार्थ— नियत कर्मको त्याग उचित छैन, मोहले त्यसको त्याग गर्नु तामसी त्याग हो ।

दुःखमित्येव यत्कर्मकायक्लेशभयात्त्यजेत् ॥
स कृत्वा राजसं त्यागं नैव त्यागफलं लभेत् ॥८॥

शब्दार्थ— कर्म=कर्म । यत्=जो । एव=नै । दुःखम्=दुःखरूप हुन्छ । इति=यस्तो संझेर । कायक्लेशभयात्=शरीरकष्टको भयले । त्यजेत्=छोड्छ । सः=त्यो । राजसम्=राजस । त्यागम्=त्याग । कृत्वा=गरेर । एव=नै । त्यागफलम्=त्यागको फल । न लभेत्=पाउँदैन ।
भावार्थ— कर्म गर्नु नै दुःख हो, यो संझेर देहमा क्लेश हुने भयले जो कर्म गर्दैन त्यसको त्यो रजोगुणी त्याग हो ।

कार्यमित्येव यत्कर्म नियतं क्रियतेऽर्जुन ॥
सङ्गं त्यक्त्वा फलं चैव स त्यागः सात्त्विको मतः ॥९॥

शब्दार्थ— अर्जुन=हे अर्जुन ! कार्यम्=गर्नु कर्त्तव्य हो । इति=यस्तो संझेर । एव=नै । यत्=जो । नियतम्=नियत । कर्म=कर्म । सङ्गम्=आसक्ति । च=र । फलम्=फल । त्यक्त्वा=त्यागेर । क्रियते=गरिन्छ । सः=त्यो । एव=नै । सात्त्विकः=सात्त्विक । त्यागः=त्याग । मतः=मानिएको छ ।

भावार्थ— गर्नु अवश्य कर्तव्य हो, यस बुद्धिद्वारा जो आशक्ति र फल त्याग गरेर विहित कर्म गरिन्छ, त्यस प्रकारको त्याग सात्त्विक त्याग भनिन्छ ।

न द्वेष्टयकुशलं कर्म कुशले नानुषज्जते ॥
त्यागी सत्वसमाविष्टो मेधावी छिन्नसंशयः ॥१०॥

शब्दार्थ— अकुशलम्=अनिष्ट दिने । कर्म=कर्म । न द्वेष्टि=द्वेष गर्दैन । कुशले=कुशल कर्ममा । न अनुषज्जते=आसक्त हुँदैन । सत्त्व-समाविष्टः=सत्त्व गुणले युक्त भएको । छिन्नसंशयः=संशयरहित । मेधावी=ज्ञानवान् । त्यागी=त्यागी हो ।

भावार्थ— जो अकुशल कर्मसँग द्वेष गर्दैन, कुशल कर्ममा आसक्त हुदैन र जो शुद्ध सद्‌गुणले युक्त, ज्ञानवान्, संशयरहित व्यक्ति छ, त्यही सच्चा त्यागी हो ।

न हि देहभृता शक्यं त्यक्तुं कर्माण्यशेषतः ॥
यस्तु कर्मफलत्यागी स त्यागीत्यभिधीयते ॥११॥

शब्दार्थ— हि=किनकि । देहभृता=देहधारी पुरुषद्वारा । अशेषतः= संपूर्णताले । कर्माणि=सब कर्म । त्यक्तुम्=त्याग्नलाई । शक्यम्= शक्य हुँदैन । तस्मात्=त्यसकारण । यः=जो व्यक्ति । कर्मफल-त्यागी=कर्मका फलको त्यागी हो । सः=त्यो । तु=नै । त्यागी= त्यागी हो । इति=यस्तो । अभिधीयते=भनिन्छ ।

भावार्थ— देहधारीले सम्पूर्ण रूपले कर्म त्याग्न सक्तैन । यसकारण जो कर्मको फल त्याग्छ, त्यही त्यागी हो ।

अनिष्टमिष्ट मिश्रं च त्रिविधं कर्मणः फलम् ।।
भवत्यत्यागिनां प्रेत्य न तु संन्यासिनां क्वचित् ।।१२।।

शब्दार्थ-- अत्यागिनाम्= अत्यागीहरूको । कर्मणः=कामको । इष्टम् =इष्ट । अनिष्टम्=अनिष्ट । च=र । मिश्रम्=मिलेजुलेको । त्रिविधिम्=तीन प्रकारको । फलम्=फल । प्रेत्य=मरेपछि । भवति=हुन्छ । तु=र । संन्यासिनाम्=त्यागीहरूको । क्वचित्= कहीं पनि । न=हुँदैन ।

भावार्थ-- सकामीलाई इष्ट, अनिष्ट र मिश्रित यस्ता तीन प्रकारका फल मरेपछि प्राप्त हुन्छन्, संन्यासीलाई कहिल्यै मिल्दैन ।

पञ्चैतानि महाबाहो कारणानि निबोध मे ।।
सांख्ये कृतान्ते प्रोक्तानि सिद्धये सर्वकर्मणाम् ।।१३।।

शब्दार्थ-- महाबाहो=हे अर्जुन ! सर्वकर्मणाम्=सबै कर्महरूको । सिद्धये=सिद्धिका लागि । एतानि=यी । पञ्च=पाँच । कारणानि= हेतु । सांख्ये=सांख्य । कृतान्ते=सिद्धान्तमा । प्रोक्तानि=भनिएको छ, तिनीहरूलाई । मे=मबाट । निबोध=राम्ररी जान ।

भावार्थ-- हे अर्जुन ! संसारमा जति पनि चलनात्मक कर्महरू छन् ती पूरा हुनका लागि तत्त्वहरूको विवेचनपूर्वक निरूपण गर्ने सांख्यशास्त्रको सिद्धान्तमा मुख्य रूपले पाँच कारण मानिएको छ ।

अधिष्ठानं तथा कर्ता करणं च पृथग्विधम् ।।
विविधाश्च पृथक्चेष्टा दैवं चैवात्र पञ्चमम् ।।१४।।

शब्दार्थ-- अत्र=यहाँ । अधिष्ठानम्=अधिष्ठान । च=र । कर्ता =कर्ता । च=तथा । पृथग्विधम्=अलग-अलग । करणम्=करण । च=अनि । विविधाः=भाँतिभाँतिका । पृथक्=अलग-अलग । चेष्टा= चेष्टाहरू । तथा=त्यस्तै । एव=नै । पञ्चमम्=पाँचौं । दैवम्=दैव हुन् ।

भावार्थ-- कर्मका पाँच कारणहरू (१) अधिष्ठान, (२) कर्ता, (३) पृथक् करण, (४) नाना प्रकारका चेष्टाहरू र (५) दैव हुन् ।

शरीरवाङ्मनोभिर्यत्कर्म प्रारभते नरः ॥
न्याय्यं वा विपरीतं वा पञ्चैते तस्य हेतवः ॥१५॥

शब्दार्थ-- नरः=मनुष्य । शरीरवाङ्मनोभिः=शरीर, वाणी र मनले । न्याय्यम्=न्यायपूर्वक । वा=अथवा । विपरीतम्=विपरीत । यत्=जो । वा=अथवा । कर्म=कर्म । प्रारभते=आरम्भ गर्दछ । तस्य=त्यसको । ते=यी । पञ्च=पाँच । हेतवः=कारण छन् ।

भावार्थ-- मनुष्य शरीरले, वाणीले या मनले न्यायपूर्ण या अन्यायपूर्ण जे-जस्तो काम आरम्भ गर्दछ त्यसका पाँच हेतु हुन्छन् ।

तत्रैवं सति कर्तारमात्मानं केवलं तु यः ॥
पश्यत्यकृतबुद्धित्वान्न स पश्यति दुर्मतिः ॥१६॥

शब्दार्थ-- तु=परन्तु । एवम्=यस्तो । सति=हुँदा पनि ।यः=जो । अकृतबुद्धित्वात्=अशुद्ध बुद्धि हुनाको कारण । तत्र=त्यहाँ । केवलम्=केवल । आत्मानम्=आत्मालाई । कर्तारम्=कर्ता । पश्यति= देख्दछ । सः=त्यो । दुर्मतिः=मलिन बुद्धि भएको । नपश्यति=यथार्थ देख्दैन ।

भावार्थ-- यस्तो हुँदा पनि अशुद्ध बुद्धि हुने त्यस विषयमा आफू केवल कर्ता हो यस्तो देख्दछ त्यो दुर्मति हो, त्यसले सत्य कुरा केही देखेन ।

यस्य नाहंकृतो भावो बुद्धिर्यस्य न लिप्यते ॥
हत्वापि स इमाँल्लोकान्न हन्ति न निबध्यते ॥१७॥

शब्दार्थ—यस्य=जसको । अहंकृतः=म कर्ता हुँ भन्ने । भावः=भाव । न=छैन । यस्य=जसको । बुद्धिः=बुद्धि । न लिप्यते=लिप्त छैन । सः=त्यो । इमान्=यी । लोकान्=लोकहरूलाई । हत्वा=मारेर । अपि=पनि । न=न । हन्ति=मार्दछ । न=न । निबध्यते= बाँधिन्छ ।

भावार्थ-- जसमा म कर्ता हुँ यो भाव छैन, जसको बुद्धि कर्ममा फसेको

छैन; त्यो व्यक्तिले समस्त लोक मारे पनि न वास्तवमा मारेको हो न त्यसलाई पापले नै छुन सक्तछ।

ज्ञानं ज्ञेयं परिज्ञाता त्रिविधा कर्मचोदना ॥
करणं कर्म कर्तेति त्रिविधः कर्मसंग्रहः ॥१८॥

शब्दार्थ-- परिज्ञाता=ज्ञाता। ज्ञानम्=ज्ञान । ज्ञेयम्=ज्ञेय। त्रिविधा तीन प्रकारका। कर्मचोदना=कर्म प्रेरणा हो। कर्ता=कर्ता। करणम्=करण। कर्म=कर्म । इति=यस्तो। त्रिविधः=तीन प्रकारको। कर्मसंग्रहः=कर्मको वास्तविक कार्यान्वयन हो।

भावार्थ-- ज्ञाता, ज्ञान र ज्ञेय यो तीन प्रकारको कर्मप्रेरणा हो र कर्ता, करण र क्रिया यो तीन प्रकारको कर्मसंग्रह हो।

ज्ञानं कर्म च कर्ता च त्रिधैव गुणभेदतः ॥
प्रोच्यते गुणसंख्याने यथावच्छृणु तान्यपि ॥१९॥

शब्दार्थ-- ज्ञानम्=ज्ञान। च=र। कर्म=कर्म । च=तथा। कर्ता=कर्ता। एव=पनि। गुणभेदतः=गुणहरूका भेदले। गुणसंख्याने=सांख्यशास्त्रमा । त्रिधाः=तीन प्रकारका। प्रोच्यते=भनिएका छन्। तानि=तिनलाई। अपि=पनि। यथावत्=यथार्थरूपले । शृणु=सुन।

भावार्थ-- सांख्यशास्त्रमा ज्ञान, कर्म र कर्ता सत्त्व, रज, तम गुणहरूको भेदले तीन प्रकारका नै बताइएका छन् तिनको भेद पनि तिमी राम्ररी सुन।

सर्वभूतेषु येनैकं भावमव्ययमीक्षते ॥
अविभक्तं विभक्तेषु तज्ज्ञानं विद्धि सात्त्विकम् ॥२०॥

शब्दार्थ-- येन=जुन ज्ञानले। विभक्तेषु=विभक्त । सर्वभूतेषु=सब प्राणीहरूमा। एकम्=एक। अविभक्तम्=अविभक्त । अव्ययम्=अविनाशी। भावम्=भाव। ईक्षते=देखदछ। तत्=त्यो। ज्ञानम्=ज्ञान । सात्त्विकम्=सात्त्विक। विद्धि=जान।

भावार्थ-- जुन ज्ञानद्वारा मनुष्य भिन्न-भिन्न रहेका प्राणीहरूमा एक

अभिन्न, अद्वितीय, अविनाशी परमात्मालाई स्थित देख्दछ, त्यो ज्ञान सात्त्विक हुन्छ ।

पृथक्त्वेन तु यज्ज्ञानं नानाभावान्पृथग्विधान् ॥
वेत्ति सर्वेषु भूतेषु तज्ज्ञानं विद्धि राजसम् ॥२१॥

शब्दार्थ-- तु=परन्तु । यत्=जो । ज्ञानम्=ज्ञान । सर्वेषु=सम्पूर्ण । भूतेषु=प्राणीहरूमा । पृथग्विधान्=विभिन्न प्रकारको । नानाभावान्=थरी-थरीका भावहरूलाई । पृथक्त्वेन=पृथक्-पृकक् । वेत्ति=जान्दछ । तत्=त्यो । ज्ञानम्=ज्ञान । राजसम्=राजस । विद्धि=जान ।

भावार्थ-- जुन ज्ञानद्वारा मनुष्य सम्पूर्ण प्राणीमा विभिन्न प्रकारका, नाना-भावहरूलाई अलग-अलग जान्दछ त्यो ज्ञानलाई तिमी राजस ज्ञान संझ ।

यत्तु कृत्स्नवदेकस्मिन्कार्ये सक्तमहैतुकम् ॥
अतत्त्वार्थवदल्पं च तत्तामसमुदाहृतम् ॥२२॥

शब्दार्थ-- तु=र । यत्=जो ज्ञान । एकस्मिन्=एउटै । कार्ये=कार्यमा । कृत्स्नवत्=पूरै जस्तो । सक्तम्=आसक्त छ । च=तथा । अहैतुकम्=विनायुक्तिको । अतत्त्वार्थवत=मिथ्या अर्थवाला । अल्पम्=तुच्छ छ । तत्=त्यो । तामसम्=तामस । उदाहृतम्=कहलाउँछ ।

भावार्थ-- जब मान्छे कुनै एउटै कार्यमा आसक्त हुन्छ र त्यसैलाई पूर्ण मानेर बस्छ अनि उसको ज्ञान तामस कहलाउँछ । आफ्नै शरीरको सुख चाहनु, आफ्नै परिवारलाई संसार संझनु र आफैंमा आसक्त रहनु तामस ज्ञान हो । अर्थात् व्यापकमा लाउनुपर्ने आसक्ति एक आफ्नो तहमा लाउने ज्ञान तामसी हो, जो विनायुक्तिवाला, तत्त्वरहित, तुच्छ छ ।

नियतं संगरहितमरागद्वेषतः कृतम् ॥
अफलप्रेप्सुना कर्म यत्तत्सात्त्विकमुच्यते ॥२३॥

शब्दार्थ-- यत्=जो । कर्म=कर्म । नियतम्=नियत गरिएको । सङ्गरहितम्=सङ्गदोषले रहित । अफलप्रेप्सुना=फल नचाहने । अरागद्वेषतः=

रागद्वेषरहित भएर । कृतम्=गरिएको हुन्छ । तत्=त्यो । सात्त्विकम्=सात्त्विक । उच्यते=कहलाउँछ ।

भावार्थ— आसक्तिरहित, रागद्वेषरहित, कामना नगरेर जो नियत कर्म गरिन्छ, त्यो सात्त्विक कर्म हो ।

यत्तु कामेप्सुना कर्म साहंकारेण वा पुनः ॥
क्रियते बहुलायासं तद्राजसमुदाहृतम् ॥२४॥

शब्दार्थ– तु=र । यत्=जो । कर्म=कर्म । बहुलायासम्=बहुत परिश्रमले युक्त हुन्छ । पुनः=फेरि । कामेप्सुना=फल चाहने । वा=र । साहंकारेण=अहंकारयुक्त । क्रियते=गरिन्छ । तत्=त्यो । राजसम्=राजस । उदाहृतम्=भनिएको छ ।

भावार्थ— जो कर्म फलको कामनाले अहंकारका साथ अति क्लेशले गरिन्छ, त्यो राजस कहलाउँछ ।

अनुबन्धं क्षयं हिंसामनवेक्ष्य च पौरुषम् ॥
मोहादारभ्यते कर्म यत्तत्तामसमुच्यते ॥२५॥

शब्दार्थ– यः=जो । कर्म=कर्म । अनुबन्धम्=परिणाम । क्षयम्=हानि । हिंसाम्=हिंसा । च=र । पौरुषम्=सामर्थ्यलाई । अनवेक्ष=नदेखेर । मोहात्=मोहले । आरभ्यते=आरम्भ गरिन्छ । तत्=त्यो । तामसम्=तामस । उच्यते=कहलाउँछ ।

भावार्थ– जो कर्म परिणाम, हानि र सामर्थ्यलाई नविचारेर केवल अज्ञानले आरम्भ गरिन्छ, त्यो तामस कर्म कहलाउँछ ।

मुक्तसङ्गोऽनहंवादी धृत्युत्साहसमन्वितः ॥
सिद्ध्यसिद्ध्योर्निर्विकारः कर्ता सात्त्विक उच्यते ॥२६॥

शब्दार्थ– मुक्तसङ्गः=आसक्तिले रहित । अनहवादी=अहंकारको वचन नबोल्ने । धृत्युत्साहसमन्वितः=धैर्य र उत्साहले युक्त । सिद्ध्यसिद्ध्योः=सिद्धि र असिद्धिमा । निर्विकारः=निर्विकार रहने । कर्ता=कर्ता । सात्त्विकः=सात्त्विक । उच्यते=भनिन्छ ।

भावार्थ— आसक्ति नभएको, अहंकारी कुरा नगर्ने, धैर्य र उत्साह भएको, सिद्धि र असिद्धिमा पनि एकनास रहन सक्ने कर्ता सात्त्विकी हो।

रागी कर्मफलप्रेप्सुर्लुब्धो हिंसात्मकोऽशुचिः ॥
हर्षशोकान्वितः कर्ता राजसः परिकीर्तितः ॥२७॥

शब्दार्थ– रागी=रागी । कर्मफलप्रेप्सुः=कर्मफल चाहने । लुब्धः=लोभी । हिंसात्मकः=हिंसात्मक । अशुचिः=अपवित्र । हर्षशोकान्वितः=हर्षशोकले युक्त । कर्ता=कर्ता । राजसः=राजस । परिकीर्तितः=भनिन्छ ।

भावार्थ– विषयासक्त, कर्मफलको इच्छुक, लोभी, हिंसाशील, अशुचि तथा हर्ष र शोकका साथ कर्म गर्ने कर्ता राजस भनिन्छ ।

अयुक्तः प्राकृतः स्तब्धः शठो नैष्कृतिकोऽलसः ॥
विषादी दीर्घसूत्री च कर्ता तामस उच्यते ॥२८॥

भावार्थ– अयुक्तः=अयुक्त । प्राकृतः=शिक्षारहित । स्तब्धः=घमण्डी । शठः=धूर्त । नैष्कृतिकः=अर्कालाई हानि पुऱ्याउने। अलसः=अल्छी। विषादी=शोक गर्ने । च=र । दीर्घसूत्री=दीर्घसूत्री । कर्ता=कर्ता । तामसः=तामस । उच्यते=भनिन्छ ।

भावार्थ-- अयुक्त, मूर्ख, घमण्डी, धूर्त, अर्कालाई हानि पुऱ्याउने, अल्सी, विषादी, दीर्घसूत्री अर्थात् जो काम आजभोलि गरिन्छ, त्यसलाई महिनौं लगाउने यस्तो कर्ता तमोगुणी हो ।

बुद्धेर्भेदं धृतेश्चैव गुणतस्त्रिविधं शृणु ॥
प्रोच्यमानमशेषेण पृथक्त्वेन धनंजय ॥२९॥

शब्दार्थ– धनंजय=हे अर्जुन ! बुद्धेः=बुद्धिको । च=र । धृतेः=धारणा शक्तिको । एव=अनि । गुणतः=गुणहरूको कारण । त्रिविधम्=तीन प्रकारका। भेदम्=भेद । अशेषेण=सम्पूर्णताले। पृथक्त्वेन=विभागपूर्वक। प्रोच्यमानम्=भनिएको छ । शृणु=सुन ।

भावार्थ– हे अर्जुन ! बुद्धि र धृतिको पनि गुणहरूअनुसार तीन प्रकारका भेद म पूर्णरूपले विभागका साथ भनिरहेछु, सुन ।

प्रवृत्तिं च निवृत्तिं कार्याकार्ये भयाभये ॥
बन्धं मोक्षं च या वेत्ति बुद्धिः सा पार्थ सात्त्विकी ॥३०॥

शब्दार्थ– पार्थ=हे अर्जुन! प्रवृत्तिम्=प्रवृत्तिमार्ग। च=र। निवृत्तिम्=निवृत्तिमार्गलाई। च=तथा। कार्याकार्ये=कर्तव्य र अकर्तव्यलाई। भयाभये=भय र अभयलाई। बन्धम्=बन्धन। च=र। मोक्षम्=मोक्षलाई। या=जो बुद्धि। वेत्ति=तत्त्वले जान्दछ। सा=त्यो। बुद्धिः=बुद्धि। सात्त्विकी=सात्त्विक हो।

भावार्थ— हे अर्जुन! प्रवृत्ति-निवृत्ति, कर्तव्य र अकर्तव्य, भय र निर्भय तथा बन्धन र मोक्षलाई जुन बुद्धि तत्त्वले जान्दछ त्यो बुद्धि सात्त्विकी हो।

यया धर्ममधर्मं च कार्यं चाकार्यमेव च ॥
अयथावत्प्रजानाति बुद्धिः सा पार्थ राजसी ॥३१॥

शब्दार्थ— पार्थ=हे अर्जुन! यया=जुन बुद्धिद्वारा मनुष्य। धर्मम्=धर्म। च=र। अधर्मम्=अधर्मलाई। च=तथा। कार्यम्=कर्तव्य। च=तथा। अकार्यम्=अकर्त्तव्यलाई। एव=पनि। अयथा-वत्=यथार्थ नभएको। प्रजानाति=जान्दछ। सा=त्यो। बुद्धिः=बुद्धि। राजसी=राजसी हो।

भावार्थ— हे पार्थ! जुन बुद्धिद्वारा मनुष्य धर्म र अधर्मलाई तथा कर्तव्य र अकर्तव्यलाई यथार्थ स्वरूपले जान्दैन त्यो राजसी बुद्धि हो।

अधर्मं धर्ममिति या मन्यते तमसावृता ॥
सर्वार्थान्विपरीतांश्च बुद्धिः सा पार्थ तामसी ॥३२॥

शब्दार्थ— पार्थ=हे अर्जुन! या=जो बुद्धि। अधर्मम्=अधर्मलाई। धर्मम्=इति मन्यते=धर्मरूपमा मान्दछ। च=र। सर्वार्थान्=सब विषयहरूलाई। विपरीतान्=विपरीत रूपले देख्दछ। तमसा आवृता=अज्ञानले आच्छन्न। सा बुद्धिः=त्यो बुद्धि। तामसी=तामसी हो।

भावार्थ— हे अर्जुन! तमोगुणले ढाकिएको जो बुद्धि अधर्मलाई धर्म जस्तो मान्दछ तथा सम्पूर्ण अर्थलाई विपरीत मान्दछ त्यो बुद्धि तामसी हो।

धृत्या यया धारयते मनःप्राणेन्द्रियक्रियाः ॥
योगेनाव्यभिचारिण्या धृतिः सा पार्थ सात्त्विकी ॥३३॥

शब्दार्थ-- पार्थ=हे अर्जुन ! योगेन=योगबलको प्रभावले । अव्यभिचारिण्या=विषयान्तरको धारणा विना । यया धृत्या=जुन धृतिद्वारा । मनःप्राणेन्द्रियक्रियाः=मन, प्राण र इन्द्रियहरूका क्रियाहरू । धारयते=नियमित हुन्छ । सा=त्यो । धृतिः=धृति । सात्त्विकी=सात्त्विकी हो ।

भावार्थ-- हे पार्थ ! योगको सहायताले एकाग्र भएको जुन वृत्तिद्वारा मन, प्राण तथा इन्द्रियहरूको क्रिया एक परमात्मामा नै धारण गरिन्छ त्यो सात्त्विकी धृति हो ।

यया तु धर्मकामार्थान्धृत्या धारयतेऽर्जुन ॥
प्रसङ्गेन फलाकांक्षी धृतिः सा पार्थ राजसी ॥३४॥

शब्दार्थ--अर्जुन=हे अर्जुन ! यया धृत्या=जुन धृतिद्वारा । धर्मकामार्थान्=सारा धर्म, अर्थ र काम । धारयते=धारण गरिन्छ । तु=किन्तु । प्रसङ्गेन=अत्यन्त आसक्तिले । फलाकांक्षी=फलको कामना हुन्छ । पार्थ=हे अर्जुन ! सा धृतिः=त्यो धृति । राजसी=राजसी हो ।

भावार्थ— हे अर्जुन ! आसक्तिद्वारा फलको कामना गर्दै जुन धृतिद्वारा चित्तमा धर्म, काम तथा अर्थको धारण गरिन्छ त्यो धृति राजसी हो ।

यया स्वप्नं भयं शोकं विषादं मदमेव च ॥
न विमुञ्चति दुर्मेधा धृतिः सा पार्थ तामसी ॥३५॥

शब्दार्थ-- पार्थ=हे अर्जुन ! दुर्मेधा=दुष्ट बुद्धिवाला । यया=जुन । स्वप्नम्=निद्रा । भयम्=भय । शोकम्=शोक । विषादम्=दुःख । मदम्=उन्मत्तता । एव=पनि । न विमुञ्चति=छोड्दैन । सा=त्यो । धृतिः=धारणा । तामसी=तामसी हो ।

भावार्थ-- हे अर्जुन ! जुन धृतिद्वारा दुर्बुद्धि पुरुष स्वप्न, भय, शोक, विषाद र मदलाई छोड्दैन, त्यो धृति तामसी हो ।

सुखं त्विदानीं त्रिविधं शृणु मे भरतर्षभ ॥
अभ्यासाद्रमते यत्र दुःखान्तं च निगच्छति ॥३६॥

शब्दार्थ— भरतर्षभ=हे भरतश्रेष्ठ अर्जुन ! इदानीम्=अहिले । मे=मबाट । त्रिविधम्=तीन प्रकारको । सुखम्=सुख । च=पनि । शृणु=सुन । यत्र=जुन सुखमा मनुष्य । अभ्यासात्=अभ्यासबाट । रमते=रम्दछ । च=र । दुःखान्तम्=दुःखको अन्तमा । निगच्छति=प्राप्त हुन्छ ।

भावार्थ— हे अर्जुन ! अब मबाट तीन प्रकारका सुखलाई पनि सुन, जसको अभ्यासले मनुष्य रमाउँछ र दुःखबाट छुट्कारा पाउँछ ।

यत्तदग्रे विषमिव परिणामेऽमृतोपमम् ॥
तत्सुखं सात्त्विकं प्रोक्तमात्मबुद्धिप्रसादजम् ॥३७॥

शब्दार्थ— तत्=त्यो । यत्=जो । अग्रे=अगाडि । विषमिव=विष झैं र । परिणामे=अन्तमा । अमृतोपमम्=अमृतजस्तो हुन्छ र । आत्मबुद्धिप्रसादजम्=आत्मबुद्धिको प्रसादबाट उत्पन्न भएको । तत्=त्यो । सुखम्=सुख । सात्त्विकम्=सात्त्विक । प्रोक्तम्=भनिएको छ ।

भावार्थ— जुन सुख आरम्भमा विषसमान र परिणाममा अमृतसमान प्रतीत हुन्छ, त्यो आत्म-बुद्धिको प्रसादबाट उत्पन्न भएको सुख नै सात्त्विक सुख हो ।

विषयेन्द्रियसंयोगाद्यत्तदग्रेऽमृतोपमम् ॥
परिणामे विषमिव तत्सुखं राजसं स्मृतम् ॥३८॥

शब्दार्थ— विषयेन्द्रियसंयोगात्=विषय र इन्द्रियादिको संयोगले । यत्=जो । सुखम्=सुख हो । तत्=त्यो । अग्रे=पहिले । अमृतोपमम्=अमृत जस्तो र । परिणामे=परिणाममा । विषमिव=विषजस्तो लाग्दछ । तत्=त्यो । राजसम्=राजस । स्मृतम्=भनिएको छ ।

भावार्थ— जुन सुख विषय तथा इन्द्रियहरूको संयोगले भोगकालमा पहिले

अमृततुल्य किन्तु परिणाममा विषतुल्य हुन्छ, त्यसलाई राजस सुख भन्दछन् ।

यदग्रे चानुबन्धे च सुखं मोहनमात्मनः ॥
निद्रालस्यप्रमादोत्थं तत्तामसमुदाहृतम् ॥३९॥

शब्दार्थ-- यत्=जो । सुखम्=सुख । अग्रे=पहिले । च=र । अनुबन्धे=परिणाममा । च=पनि । आत्मनः=आत्मालाई । मोहनम्=मोहित गर्ने छ तथा । निद्रालस्यप्रमादोत्थम्=निद्रा, आलस्य र प्रमादबाट उत्पन्न हुन्छ । तत्=त्यो । तामसम्=तामस । उदाहृतम्=भनिन्छ ।

भावार्थ-- जुन सुख भोगकालको आरम्भमा तथा अन्तमा पनि अन्तःकरणलाई मोहमा फँसाउँछ, निद्रा, आलस्य तथा प्रमादबाट उत्पन्न छ, त्यो सुख तामस भनिन्छ ।

न तदस्ति पृथिव्यां वा दिवि देवेषु वा पुनः ॥
सत्त्वं प्रकृतिजैर्मुक्तं यदेभिः स्यात्त्रिभिर्गुणैः ॥४०॥

शब्दार्थ—पृथिव्याम्=पृथिवीमा । वा=या । दिवि=आकाशमा । वा=अथवा । देवेषु=देवताहरूमा तथा । पुनः=फेरि यिनका अतिरिक्त अरू कहीं । तत्=त्यो । सत्त्वम्=सत्त्व । नास्ति=छैन । यत्=जो । प्रकृतिजैः=प्रकृतिबाट उत्पन्न । एभिः=यी । त्रिभिः=तीन । गुणैः=गुणहरूद्वारा । मुक्तम्=रहित भएको । स्यात्=होस् ।

भावार्थ-- पृथ्वीमा या अन्तरिक्षमा अथवा देवतामा र या यसका अतिरिक्त कहीं पनि यस्तो कोही सत्त्व (प्राणी) छैन, जो प्रकृतिबाट उत्पन्न हुने यी तीन गुणबाट छुटेको होस् ।

ब्राह्मणक्षत्रियविशां शूद्राणां च परंतप ॥
कर्माणि प्रविभक्तानि स्वभावप्रभवैर्गुणैः ॥४१॥

शब्दार्थ-- परंतप=हे अर्जुन ! ब्राह्मणक्षत्रियविशाम्=ब्राह्मण, क्षत्रिय र वैश्यको । च=तथा । शूद्राणाम्=शूद्रहरूको । कर्माणि=कर्म । स्वभावप्रभवैः=स्वभावबाट उत्पन्न । गुणैः=गुणहरूद्वारा । प्रविभक्तानि=विभक्त गरिएका छन् ।

भावार्थ-- हे अर्जुन ! ब्राह्मण, क्षत्रिय, वैश्य तथा शूद्रहरूको कर्म प्रकृति-सिद्ध गुणहरूअनुसार तिनमा अलग-अलग बाँडिदिएका छन् ।

शमो दमस्तपः शौचं क्षान्तिरार्जवमेव च ॥
ज्ञानं विज्ञानमास्तिक्यं ब्रह्मकर्म स्वभावजम् ॥४२॥

शब्दार्थ-- शमः=मनसंयम । दमः=इन्द्रियसंयम । तपः=तपस्या । शौचम्=शौच । शान्तिः=क्षमा । आर्जवम्=सरलता । ज्ञानम्=पाण्डित्य । विज्ञानम्=तत्त्वानुभव । च=अनि । आस्तिक्यम्=वेदादिमा श्रद्धा । ब्राह्मणकर्म स्वभावजम्=ब्राह्मणहरूको स्वाभाविक कर्म हुन् ।
भावार्थ— शम, दम, तप, शौच, क्षमा, सरलता, शास्त्रीय ज्ञान, अनुभव र आस्तिकता यी सब ब्राह्मणका स्वाभाविक कर्म हुन् ।

शौर्यं तेजो धृतिर्दाक्ष्यं युद्धे चाप्यपलायनम् ॥
दानमीश्वरभावश्च क्षात्रं कर्म स्वभावजम् ॥४३॥

शब्दार्थ-- शौर्यम्=शूरता । तेजः=तेज । धृतिः=धैर्य । दाक्ष्यम्=दक्षता । युद्धे च=युद्धमार्गमा । अपलायम्=पीठ नफर्काउनु अर्थात् नभाग्नु । अपि=पनि दानम्=दान । ईश्वरभावः=शासन गर्ने । क्षात्रम्=क्षत्रियको । स्वभावजम=स्वाभाविक । कर्म=कर्म हुन् ।
भावार्थ-- शूरता, तेज, धैर्य, दक्षता, युद्धमा पीठ नफर्काउनु, दान र स्वामीभाव यी सब क्षत्रियका स्वाभाविक कर्म हुन् ।

कृषिगोरक्ष्यवाणिज्यं वैश्य कर्मस्वभावजम् ॥
परिचर्यात्मकं कर्म शूद्रस्यापि स्वभावजम् ॥४४॥

शब्दार्थ-- कृषिगोरक्ष्यवाणिज्यम्=खेती, गौरक्षा र व्यापार । वैश्यकर्म स्वभावजम्=वैश्यका स्वाभाविक कर्म हुन् र । परिचर्यात्मकं=सेवारूप कर्म । शूद्रस्य=शूद्रको । अपि=पनि । स्वभावजम्=स्वाभाविक । कर्म=कर्म हुन् ।
भावार्थ-- खेती, गौपालन र व्यापार वैश्यका स्वाभाविक कर्म हुन् र सेवा रूप कर्म शूद्रका स्वाभाविक कर्म हुन् ।

स्वे स्वे कर्मण्यभिरतः संसिद्धिं लभते नरः ॥
स्वकर्मनिरतः सिद्धिं यथा विन्दति तच्छृणु ॥४५॥

शब्दार्थ-- स्वे स्वे =आफ्नो-आफ्नो । कर्मणि=कर्ममा । अभिरतः= लागेको । नरः = मान्छे । संसिद्धिम् = सिद्धिलाई । लभते=पाउँछ । यथा=जुन प्रकारले । स्वकर्मरतः=स्वाभाविक कर्ममा लागेको मनुष्य । सिद्धिम्=सिद्धि । विन्दति=पाउँछ । तत्=त्यो । शृणु=सुन ।

भावार्थ-- आ-आफ्नो कर्ममा लागेको मनुष्य सिद्धि प्राप्त गर्दछ । जुन प्रकारले स्वाभाविक कर्ममा लागेको मान्छे सिद्धि पाउँछ, त्यो कुरा सुन ।

यतः प्रवृत्तिर्भूतानां येन सर्वमिदं ततम् ॥
स्वकर्मणातमभ्यर्च्य सिद्धिं विन्दति मानवः ॥४६॥

शब्दार्थ-- यतः=जसबाट । भूतानाम्=सबै प्राणीहरूको । प्रवृत्तिः= उत्पत्ति भयो । येन=जसद्वारा । इदम्=यो । सर्वम्=सब जगत् । ततम्=व्याप्त छ । तम्=त्यसलाई । स्वकर्मणा=आफ्नो कर्मद्वारा । अभ्यर्च्य=पूजा गरेर । मानवः=मनुष्य । सिद्धिम्=सिद्धि । विन्दति = पाउँछ ।

भावार्थ-- जसबाट सब प्राणीहरूको उत्पत्ति भएको छ, जसद्वारा यो जगत् व्याप्त छ, त्यसलाई आफ्नो कर्मद्वारा पूजा गरेर मनुष्य सिद्धि पाउँछ ।

श्रेयान्स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात् ॥
स्वभावनियतं कर्म कुर्वन्नाप्नोति किल्विषम् ॥४७॥

शब्दार्थ-- स्वधर्मः=आफ्नो धर्म । विगुणः=गुणरहित भए पनि । स्वनुष्ठितात्=राम्ररी आचरण गरिएको । परधर्मात्=अर्काको धर्मभन्दा । स्वाभावनियतम्=आफ्नो धर्मअनुसारको । कर्म=कर्म । कुर्वन्=गर्दै । मनुष्यः=मनुष्य । किल्विषम्=पापलाई । न आप्नोति=प्राप्त हुँदैन ।

भावार्थ-- हे अर्जुन ! आफ्नो निज धर्मानुकूल कर्तव्य जति पनि दुष्कर, सदोष वा गुणहीन देखियोस् र अर्काको जति पनि सजिलो, निर्दोष अथवा

गुणवान् होस् तापनि कुनै पनि अवस्थामा निज धर्म त्यागेर परधर्मको अवलम्बन गर्नु उचित हुँदैन । स्वभाव अनुसार विहित कर्ममा कुनै दोष नै किन नहोस् जस्तो कि क्षत्रियहरूको लागि युद्ध इत्यादि कर्म छ, तथापि स्वभावनियत हुनाको कारण त्यसबाट पाप लाग्दैन ।

सहजं कर्म कौन्तेय सदोषमपि न त्यजेत् ।।
सर्वारम्भा हि दोषेण धूमेनाग्निरिवावृताः ।।४८।।

शब्दार्थ-- कौन्तेय=हे अर्जुन ! सहजम्=स्वाभाविक । कर्म=कर्म । सदोषमपि= दोषयुक्त होस् तापनि । न त्यजेत्=छोड्नु हुँदैन । हि= किनकि । धूमेन=धूवाँले । अग्निः=अग्नि । इव=झैं । सर्वारम्भाः=सबै काम । दोषेण=दोषले । आवृत्ता =ढाकिएका छन् ।

भावार्थ-- हे अर्जुन ! सहज कर्म दोषयुक्त भए पनि छोड्नु हुँदैन, किनकि सबै काम धूवाँले आगोलाई झैं कुनै न कुनै दोषले ढाकिएका छन् ।

असक्तबुद्धिः सर्वत्र जितात्मा विगतस्पृहः ।।
नैष्कर्म्यसिद्धिं परमां संन्यासेनाधिगच्छति ।।४९।।

शब्दार्थ— सर्वत्र=सबै ठाउँ । असक्तबुद्धिः=आसक्तरहित बुद्धि भएको । जितात्मा=जितेन्द्रिय । विगतस्पृहः=इच्छाशून्य व्यक्ति । संन्यासेन= कर्म र त्यसको फलमा आसक्ति त्यागरूप संन्यासद्वारा । परमाम्= परम । नैष्कर्म्यसिद्धिम्=आत्मतत्त्वज्ञानरूपी परम सिद्धिलाई । अधि-गच्छति=पाउँछ ।

भावार्थ— सर्वत्र आसक्तिरहित बुद्धि हुने जितात्मा र इच्छारहित व्यक्ति कर्म र त्यसका फलको आसक्तिलाई त्यागेर आत्मतत्त्वज्ञानरूपी परम पद प्राप्त गर्दछ ।

सिद्धिं प्राप्तो यथा ब्रह्म तथाप्नोति निबोध मे ।।
समासेनैव कौन्तेय निष्ठा ज्ञानस्य या परा ।।५०।।

शब्दार्थ-- कौन्तेय=हे अर्जुन ! सिद्धिम्=सिद्धिलाई । प्राप्तः=प्राप्त भएको व्यक्ति । यथा=जसरी । ब्रह्म =ब्रह्मलाई । आप्नोति=पाउँछ ।

तथा=त्यसरी। ज्ञानस्य=ज्ञानको। परा=परा। निष्ठा=निष्ठ छ त्यो। एव=पनि। मे=मबाट। समासेन=संक्षेपमा। निबोध=सुन।

भावार्थ— हे अर्जुन ! सिद्धि प्राप्त भएको कर्मयोगी जुन प्रकारको ब्रह्म प्राप्त गर्दछ त्यो संक्षेपमा मबाट सुन।

बुद्ध्या विशुद्धया युक्तो धृत्यात्मानं नियम्य च ॥
शब्दादीन्विषयांस्त्यक्त्वा रागद्वेषौ व्युदस्य च ॥५१॥
विविक्तसेवी लघ्वाशी यतवाक्कायमानसः ॥
ध्यानयोगपरो नित्यं वैराग्यं समुपाश्रितः ॥५२॥
अहंकारं बलं दर्पं कामं क्रोधं परिग्रहम् ॥
विमुच्य निर्ममः शान्तो ब्रह्मभूयाय कल्पते ॥५३॥

शब्दार्थ— विशुद्धया=विशुद्ध। बुद्ध्या=बुद्धिले। युक्तः=युक्त। धृत्या=धृतिले। आत्मानम्=अन्तःकरणलाई। नियम्य=वशमा गरेर। च=तथा। शब्दादीन्=शब्दादि। विषयान्=विषयहरूलाई। त्यक्त्वा=त्याग गरेर। च=र। रागद्वेषौ=रागद्वेषलाई। व्युदस्य=नष्ट गरेर। विविक्तसेवी=एकान्तर शुद्ध स्थानमा रहने। लघ्वाशी=अल्पाहारी। यतवाक्काय-मानसः=तन, मन, वचनलाई वशमा गर्ने। नित्यम्=नित्य। ध्यानयोग-परः=ध्यानयोगमा लागेका। वैराग्यम्=वैराग्यलाई। समुपाश्रितः=आश्रय लिने। अहंकारम्=अहंकार। बलम्=बल। दर्पम्=घमण्ड। कामम्=काम। क्रोधम्=कोध। परिग्रहम्=परिग्रह। विमुच्य=छोडेर। निर्मम.=ममताहीन। शान्तः=शान्त व्यक्ति। ब्रह्मभूयाय=ब्रह्मभावको लागि। कल्पते=योग्य हुन्छ।

भावार्थ— हे अर्जुन ! जो व्यक्ति विशुद्ध बुद्धि (प्रज्ञा) ले युक्त हुन्छ, जो दृढतापूर्वक आप से आप संयत राख्दछ, जो शब्द आदि विषयलाई त्यागेर रागद्वेषलाई जित्तछ, जो एकान्तमा रहन्छ, जो मिताहारी छ, जसले आफ्नो वाणी, कर्म तथा मनमाथि काबू पाएको छ, जो नित्य ध्यानयोगमा रत रहन्छ, जो वैराग्यको आश्रय लिन्छ त्यो व्यक्ति अहंकार, बल, दर्प, काम, क्रोध तथा परिग्रहलाई छोडेर तृष्णारहित तथा शान्त भएर ब्रह्मरूप हुन्छ।

ब्रह्मभूतः प्रसन्नात्मा न शोचति न काङ्क्षति ॥
समः सर्वेषु भूतेषु मद्भक्तिं लभते पराम् ॥५४॥

शब्दार्थ– ब्रह्मभूतः=ब्रह्मरूप भएको। प्रसन्नात्मा=प्रसन्न मन भएको व्यक्ति। न शोचति=न शोक गर्छ। न काङ्क्षति=न आकांक्षा गर्दछ। सर्वेषु=सबै। भूतेषु=प्राणीहरूमा। समः=समभाव भएको। परा=पर। मद्भक्तिम्=मेरो भक्ति। लभते=पाउँछ।

भावार्थ— ब्रह्मभाव प्राप्त भएका, प्रसन्न चित्त भएर कत्ति पनि शोक नगर्ने र आकांक्षा पनि नभएको, सबै प्राणीहरूको विषयमा समभाव भएर मेरो परा भक्ति प्राप्त गर्दछ।

भक्त्या मामभिजानाति यावान्यश्चास्मि तत्त्वतः ॥
ततो मां तत्त्वतो ज्ञात्वा विशते तदनन्तरम् ॥५५॥

शब्दार्थ— भक्त्या=भक्तिद्वारा। यः=जो। च=र। यावान्=जस्तो। अस्मि=हुँ। माम्=मलाई। तत्वतः=ठीक-ठीक। ज्ञात्वा=जानेर। तदनन्तरम्=तत्काल नै। विशते=ममा प्रवेश हुन्छ।

भावार्थ— पराभक्तिले नै मलाई वास्तव रूपले जान्न सकिन्छ। म जो हुँ, जस्तो हुँ भक्तिद्वारा जानेर त्यो मैमा पस्दछ।

सर्वकर्माण्यपि सदा कुर्वाणो मद्व्यपाश्रयः ॥
मत्प्रसादादवाप्नोति शाश्वतं पदमव्ययम् ॥५६॥

शब्दार्थ— मद्व्यपाश्रयः=मेरो आश्रय लिएर। सर्वकर्माणि=सब कर्म-हरूलाई। सदा=सधैं। कुर्वाणः=गर्दागर्दै। अपि=पनि। मत्प्रसादात=मेरो कृपाले। शाश्वतम्=सनातन। अव्ययम्=अविनाशी। पदम्=परम पद। अवाप्नोति=पाउँछ।

भावार्थ— मेरो शरणमा आएको कुनै पनि व्यक्ति सब किसिमको काम-लाई सदा गर्दा-गर्दै पनि मेरो कृपाले सनातन अविनाशी परम पदलाई प्राप्त हुन जान्छ।

चेतसा सर्वकर्माणि मयि संन्यस्य मत्परः ॥
बुद्धियोगमुपाश्रित्य मच्चित्तः सततं भव ॥५७॥

शब्दार्थ–चेतसा=मनले । सर्वकर्माणि=सब कामहरूलाई । मयि=ममा । संन्यस्य=अर्पण गरेर । मत्परः=मेरो परायण भएको । वुद्धियोगम्=वुद्धियोगको । उपाश्रित्यः=आश्रय लिएर । सततम्=निरन्तर । मच्चित्तः=ममा चित्त लगाउने । भव=होऊ ।

भावार्थ– चित्तले सबै कर्म ममा अर्पण गरेर मेरै परायण हुँदै समत्व बुद्धिरूप योगको अवलम्बन लिई निरन्तर ममा चित्त दिने होऊ ।

मच्चित्तः सर्वदुर्गाणि मत्प्रसादात्तरिष्यसि ॥
अथ चेत्वमहंकारान्न श्रोष्यसि विनङ्क्ष्यसि ॥५८॥

शब्दार्थ— मच्चितः=ममा चित्त लगाउने भएर । त्वम्=तिमी । मत्प्रसादात्=मेरो कृपाले । सर्व्रदुर्गाणि=सारा सङ्कटहरूलाई । तरिष्यसि=पार गर्नेछौ । अथ=र । चेत्=यदि । अहंकारात्=अहंकारले । न श्रोष्यसि=सुन्ने छैनौ । विनङसक्ष्यति=नष्ट हुनेछौ ।

भावार्थ— तिमी ममा दत्तचित्त भएपछि मेरो कृपाले समस्त सङ्कटहरूलाई अनायास नै पार गर्नेछौ । अब यदि अहंकारको कारण यो कुरा सुनेनौ भने अर्थात् सल्लाह मानेनौ भने त नष्ट-भ्रष्ट हुनेछौ ।

यदहंकारमाश्रित्य न योत्स्य इति मन्यसे ॥
मिथ्यैष व्यवसायस्ते प्रकृतिस्त्वां नियोक्ष्यति ॥५९॥

शब्दार्थ— यत्=जो । अहंकारम्=अहंकारको । आश्रित्य=आश्रय लिएर । न योस्ये=म युद्ध गर्दिनँ । इति=यस्तो । मन्यसे=मान्दछौ । ते=तिम्रो । एषः=यो । व्यवसायः=निश्चय । मिथ्या=झूट हो । प्रकृतिः=प्रकृति । त्वाम्=तिमीलाई । नियोक्ष्यति=नियुक्त गरिदिनेछ ।

भावार्थ— यदि अहङ्कारको आश्रय लिएर अर्थात् अहंकार गरेर 'म युद्ध गर्दिनँ' यस्तो भन्छौ भने यो तिम्रो निश्चय नै मिथ्या हो । प्रकृतिले अर्थात् तिम्रो क्षत्रिय स्वभावले नै तिमीलाई यसो गर्न लगाउनेछ ।

स्वभावजेन कौन्तेय निबद्धः स्वेन कर्मणा ॥
कर्तुं नेच्छसि यन्मोहात् करिष्यस्यवशोऽपि तत् ॥६०॥

शब्दार्थ–कौन्तेय=हे अर्जुन ! यत्=जुन कर्मलाई तिमी। मोहात्=मोहले। न कर्तुम्=नगर्न । इच्छसि=चाहन्छौ। तत्=त्यसलाई। अपि=पनि। स्वेन=आफ्नो। स्वभावजेन=स्वाभाविक। कर्मणा=कर्मले। निबद्धः=बांधिएकाले। अवशः=विवश भएर। करिष्यसि=गर्नेछौ।

भावार्थ–– हे अर्जुन ! जुन कामलाई तिमी मोहको कारण गर्न चाहन्नौ, त्यसलाई पनि आफ्नो पूर्वकृत स्वाभाविक कर्मले बाँधिएकाले अवश्यै गर्नुपर्छ।

ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति ॥
भ्रामयन्सर्वभूतानि यन्त्रारूढानि मायया ॥६१॥

शब्दार्थ— अर्जुन=हे अर्जुन ! यन्त्रारूढानि=यन्त्रमाथि चढेको। सर्वभूतानि=सम्पूर्ण प्राणीहरूलाई। ईश्वरः=ईश्वर। मायया=मायाले। भ्रामयन्=घुमाउँदै। सर्वभूतानाम्=सब प्राणीहरूको। हृद्देशे=हृदयमा। तिष्ठति=स्थित छ।

भावार्थ–– हे अर्जुन ! यन्त्रमाथि आरूढ भएजस्तै सब प्राणीहरूलाई मायाले घुमाउँदै ईश्वर सब प्राणीहरूको हृदयमा निवास गर्दछ।

तमेव शरणं गच्छ सर्वभावेन भारत ॥
तत्प्रसादात्परां शान्तिं स्थानं प्राप्स्यसि शाश्वतम् ॥६२॥

शब्दार्थ— भारत=हे अर्जुन ! सर्वभावेन=सब प्रकारले। तम्=ती परमेश्वरको । एव=नै । शरणम्=शरणमा । गच्छ=जाऊ । तत्प्रसादात्=उनका कृपाले। पराम्=परम । शान्तिम्=शान्ति र । शाश्वतम्=सनातन। स्थानम्=स्थान। प्राप्स्यसि=प्राप्त गर्नेछौ।

भावार्थ— सर्वात्मना तिमी उनै परमेश्वरको शरणमा जाऊ। उनकै प्रसादबाट परम शान्ति र शाश्वत धाम पाउनेछौ।

इति ते ज्ञानमाख्यातं गुह्याद् गुह्यतरं मया ।।
विमृश्यैतदशेषेण यथेच्छसि तथा कुरु ।।६३।।

शब्दार्थ– इति=यस प्रकार । गुह्यात्=गूढभन्दा पनि । गुह्यतरम्=अति गूढ । ज्ञानम्=ज्ञान । मया=मैले । ते=तिमीसँग । आख्यातम्=भनेको छु । एतत्=यसलाई । यथा=जस्तो । इच्छसि=चाहन्छौ । तथा=त्यस्तै । कुरु=गर ।

भावार्थ–– यस्तो गुह्यभन्दा पनि गुह्य ज्ञान मैले तिमीलाई भनें, राम्ररी विचार गर र जस्तो इच्छा हुन्छ उस्तै गर।

सर्वगुह्यतमं भूयः श्रृणु मे परमं वचः ।।
इष्टोऽसि मे दृढमिति ततो वक्ष्यामि ते हितम् ।।६४।।

शब्दार्थ– मे=मेरो । सर्वगुह्यतमम्=सब गुह्यभन्दा पनि अधिक गुह्य । परमम्=परम रहस्ययुक्त । वचः=वचनलाई । भूयः=फेरि । श्रृणु=सुन । किनकि तिमी मेरो । दृढम्=अत्यन्त । इष्टः=प्रिय । असि=छौ । ततः=त्यसैले । ते=तिमीसँग । इति=यस्तो । हितम्=हितको कुरा । वक्ष्यामि=भन्नेछु ।

भावार्थ– तिमी एकचोटि फेरि ज्यादै उत्तम वचन सुन, तिमी मेरो घनिष्ठ प्रिय पात्र छौ, यसैले तिम्रो हितको कुरा नै भन्नेछु ।

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु ।।
मामेवैष्यसि सत्यं ते प्रतिजाने प्रियोऽसि मे ।।६५।।

शब्दार्थ– मन्मना=ममा मन लगाउने । भव=होऊ । मद्भक्तः=मेरो भक्त वन । मद्याजी=मेरो यज्ञ अर्थात् पूजा गर । माम्=मलाई । नमस्कुरु=नमस्कार गर । मामेव=मलाई नै । एष्यसि=पाउनेछौ । ते=तिमीसँग । सत्यम्=सत्य । प्रतिजाने=प्रतिज्ञा गर्दछु । किनकि तिमी । मे=मेरो । प्रियः=अत्यन्त प्यारो । असि=छौ ।

भावार्थ–– तिमी ममा मन लगाऊ, मेरो भक्त होऊ, मेरो यजन गर र मलाई नै नमस्कार गर । यसरी एकत्वभावले अनन्य भयौ भने मलाई

प्राप्त गर्नेछौ । म तिमीसँग यो सत्य प्रतिज्ञा गर्दछु किनकि तिमी मेर अत्यन्त प्यारा छौ ।

सर्वधर्मान्परित्यज्य मामेकं शरणं व्रज ॥
अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः ॥६६॥

शब्दार्थ— सर्वधर्मान्=सबै धर्महरूलाई । परित्यज=छोडेर । एकम्=केवल एक । माम्=मेरो । शरणम्=शरण । व्रज=आऊ । अहम्=म । त्वा=तिमीलाई । सर्वपापेभ्यः=सबै पापहरूबाट । मोक्षयिष्यामि=मुक्त गरिदिनेछु । मा शुचः=तिमी शोक नगर ।

भावार्थ— सबै धर्म छोडेर एक मात्र म वासुदेवको नै शरण पर । म तिमीलाई समस्त पापबाट मुक्त गरिदिनेछु, यसमा तिमी शोक नगर ।

इदं ते नातपस्काय नाभक्ताय कदाचन ॥
न चाशुश्रूषवे वाच्यं न च मां योऽभ्यसूयति ॥६७॥

शब्दार्थ— ते=तिम्रो लागि भनेको । इदम्=यसलाई (गीताको निगूढ शास्त्रलाई) । न=न । कदाचन=कहिल्यै । अतपस्काय=तपहीनसँग । न=न । अभक्ताय=भक्तिहीनसँग । च=र । न च=न । अशुश्रूषवे=सुन्न नचाहनेहरूसँग । च=तथा । यः=जो । माम्=मेरो । अभ्यसूयति=निन्दा गर्दछ त्यससँग । न वाच्यम्=भन्नु हुँदैन ।

भावार्थ— यो परम रहस्य कहिल्यै पनि तपहरित, भक्तिरहित, सुन्न इच्छै नराख्ने र मेरो निन्दा गर्नेलाई भन्नु हुँदैन ।

य इमं परमं गुह्यं मद्भक्तेष्वभिधास्यति ॥
भक्तिं मयि परां कृत्वा मामेवैष्यत्यसंशयः ॥६८॥

शब्दार्थ— यः=जो । इमम्=यो । परमम्=परम । गुह्यम्=रहस्यपूर्ण शास्त्रलाई । मद्भक्तेषु=मेरा भक्तहरूमा । अभिधास्यति=भन्दछ त्यो । मयि=ममा । पराम्=परा । भक्तिम्=भक्ति । कृत्वा=गरेर । असंशय=निःसन्देह । माम्=मलाई । एव=नै । एष्यति=पाउनेछ ।

भावार्थ— जो मेरो भक्ति गर्दै यो मेरो गुह्य तत्त्व मेरा भक्तमा भन्नेछ त्यो निःसन्देह मलाई पाउनेछ ।

न च तस्मान्मनुष्येषु कश्चिन्मे प्रियकृत्तमः ॥
भविता न च मे तस्मादन्यः प्रियतरो भुवि ॥६९॥

शब्दार्थ— च=र । मे=मेरो । तस्मात्=त्योभन्दा राम्रो । प्रियकृत्तमः=प्रिय कार्य गर्ने । मनुष्येषु=मनुष्यहरूमा । कश्चित्=कोही । न=छैन । च=र । न=न । तस्मात्=त्योभन्दा श्रेष्ठ । मे=मेरो । प्रियतरः=प्रिय । भुवि=पृथ्वीमा । अन्यः=अर्को दोस्रो । भविता=होला ।

भावार्थ— मेरो त्योभन्दा प्रिय काम गर्ने व्यक्ति मानवमा न कोही हुनेछ, न त्योभन्दा पनि बढी प्यारो अर्को होला ।

अध्येष्यते च य इमं धर्म्यं संवादमावयोः ॥
ज्ञानयज्ञेन तेनाहमिष्टः स्यामिति मे मतिः ॥७०॥

शब्दार्थ— च=र । यः=जो । आवयोः=हामी दुईको । इमम्=यो । धर्म्यम्=धर्ममय । संवादम्=संवादको । अध्येष्यते=अध्ययन गर्नेछ । तेन=त्यसद्वारा । अहम्=म । ज्ञानयज्ञेन=ज्ञानयज्ञद्वारा । इष्टः=पूजित । स्याम्=हुनेछु । इति=यस्तो । मे=मेरो । मतिः=मति छ ।

भावार्थ— जो यो हामी दुईको धर्ममय संवाद अध्ययन गर्ला त्यो ज्ञानयज्ञ गर्ने हो, त्यसले मलाई पुज्यो, मलाई यस्तो लाग्छ ।

श्रद्धावाननसूयश्च शृणुयादपि यो नरः ॥
सोऽपि मुक्तः शुभाँल्लोकान्प्राप्नुयात्पुण्यकर्मणाम् ॥७१॥

शब्दार्थ— श्रद्धावान्=श्रद्धालु । च=र । अनसूयः=दोषदृष्टिले रहित । यः=जो । नरः=मान्छे । शृणुयात् अपि=गीताको श्रवण पनि गर्नेछ । सः=त्यो । अपि=पनि । मुक्तः=पापबाट मुक्त भएर । पुण्यकर्मणाम्=पुण्यकर्म गर्नेहरूको । शुभान्=शुभ । लोकान्=लोकहरूलाई । प्राप्नुयात्=प्राप्त गर्नेछ ।

भावार्थ-- जो श्रद्धाले दोषदृष्टिशून्य भएर यो गीताको श्रवण मात्र गर्ला, त्यो पनि पापबाट मोक्ष भएर पुण्यकर्मीले पाउने श्रेष्ठ लोक पाउनेछ ।

कच्चिदेतच्छ्रुतं पार्थ त्वयैकाग्रेण चेतसा ॥
कच्चिदज्ञानसंमोहः प्रनष्टस्ते धनञ्जय ॥७२॥

शब्दार्थ-- पार्थ=हे अर्जुन ! कच्चित्=के । त्वया=तिमीले । एकाग्रेण=एकाग्रताले । चेतसा=मन लगाएर । एतत्=यो उपदेश । श्रुतम्=सुनेको छ । धनंजय=हे अर्जुन ! कच्चित्=के । ते=तिम्रो । अज्ञानसंमोहः=अज्ञातजनित मोह । प्रनष्टः=नष्ट भएको छ ।

भावार्थ-- हे पार्थ ! तिमीले एकाग्र मनले यो मेरो कुरा सुन्यौ ? हे धनंजय! के तिम्रो अज्ञानजनित मोहजाल सर्वथा नष्ट भयो ?

अर्जुन उवाच=अर्जुनले भने ।

नष्टो मोहः स्मृतिर्लब्धा त्वत्प्रसादान्मयाच्युत ॥
स्थितोऽस्मि गतसन्देहः करिष्ये वचनं तव ॥७३॥

शब्दार्थ-- अच्युत=हे कृष्ण ! त्वत्प्रसादात्=हजूरको कृपाले । मोहः=मोह । नष्टः=नष्ट भयो । मया=मैले । स्मृतिः=कर्तव्यको ज्ञान । लब्धा=पाएको छु म । गतसन्देहः=संशयरहित भएको । स्थितः=स्थित । अस्मि=छु अब । तब=हजूरको । वचनम्=आज्ञाको पालन । करिष्ये=गर्नेछु ।

भावार्थ-- हे कृष्ण ! हजूरको कृपाले मेरो मोह नष्ट भएको छ, मलाई कर्तव्याकर्त्तव्यको ज्ञान प्राप्त भएको छ, संशयरहित भएको छु, अब हजूरको आज्ञाको पालना गर्नेछु ।

संजय उवाच=संजयले भने ।

इत्यहं वासुदेवस्य पार्थस्य च महात्मनः ॥
संवादमिममश्रौषमद्भुतं रोमहर्षणम् ॥७४॥

शब्दार्थ- इति=यसप्रकार । अहम्=मैले । महात्मनः=महात्मा ।

वासुदेवस्य=वासुदेवको । च=र। पार्थस्य=अर्जुनको। इमम्=यस । अद्भुतम्= अद्भुत । रोमहर्षणम्=रोमाञ्चकारक । संवादम्= संवादलाई। अश्रौषम्=सुनें ।

भावार्थ– (यस प्रकार धृतराष्ट्रको समीप श्रीकृष्णार्जुनसंवादलाई भनेर प्रसंगको उपसंहारार्थ संजयले भने) यसरी मैंले महात्मा वासुदेव र अर्जुनको यो रोमाञ्चकारी र अद्भुत कथोपकथन सुनें ।

व्यासप्रसादाच्छ्रुतवानेतद्गुह्यमहं परम् ॥
योगं योगेश्वरात्कृष्णात्साक्षात्कथयतः स्वयम् ॥७५॥

शब्दार्थ– व्यासप्रसादात्=व्यासको कृपाले । अहम्=मैंले । एतत्= यस । परम्=परम । गुह्यम्=गूढ । योगम्=योगलाई । कथयतः= बताउँदै । स्वयम्=खूद मैंले । योगेश्वरात्=योगेश्वर । कृष्णात्= श्रीकृष्णबाट । साक्षात्=प्रत्यक्ष । श्रुतवान्=सुनेको छु ।

भावार्थ– श्री व्यासजीको कृपाले दिव्यदृष्टि पाएर नै यस परम गोपनीय योगलाई मैंले स्वयं योगेश्वर श्रीकृष्णबाट साक्षात् भन्न लागेको सुनेको हो ।

राजन्संस्मृत्य संस्मृत्य संवादमिममद्भुतम् ॥
केशवार्जुनयोः पुण्यं हृष्यामि च मुहुर्मुहुः ॥७६॥

शब्दार्थ– राजन्=हे राजन् ! केशवार्जुनयोः=श्रीकृष्ण र अर्जुनको। पुण्यम्=पुण्य। इमम्=यो । अद्भुतम्=अद्भुत । संवादम्=संवाद-लाई। संस्मृत्य संस्मृत्य=पुनः पुनः स्मरण गरेर। मुहुर्मुहुः=बारम्बार। हृष्यामि=हर्षित भएको छु।

भावार्थ– हे राजन् ! श्रीकृष्ण र अर्जुनको यो पुण्यमय र अद्भुत संवाद-लाई पुनः पुनः स्मरण गरेर म बराबर हर्षित भएको छु ।

तच्च संस्मृत्य संस्मृत्य रूपमत्यद्भुतं हरेः ॥
विस्मयो मे महान् राजन्हृष्यामि च पुनः पुनः ॥७७॥

शब्दार्थ– च=र। राजन्=हे महाराज ! हरेः=श्रीकृष्णको । तत्= त्यस । अति=ज्यादा। अद्भुतम्=आश्चर्यजनक। रूपम्=रूपलाई ।

संस्मृत्य संस्मृत्य = पुनः पुनः स्मरण गरेर । मे = मलाई । महान् = बहुत । विष्मय = आश्चर्य । च = र । पुनः पुनः = बारम्बार । हृष्यामि = हर्षित भएको छु ।

भावार्थ– हे राजन् ! श्रीहरिको त्यस अति अद्भुत रूपलाई पुनः पुनः स्मरण गरेर मलाई ठूलो आश्चर्य हुन्छ र म बारम्बार हर्षित भैरहेको छु ।

यत्र योगेश्वरः कृष्णो यत्र पार्थो धनुर्धरः ॥

तत्र श्रीर्विजयो भूतिर्ध्रुवा नीतिर्मतिर्मम ॥७८॥

शब्दार्थ– यत्र = जहाँ । योगेश्वरः = योगेश्वर । कृष्णः = श्रीकृष्ण र । यत्र = जहाँ । धनुर्धरः = धनुषधारी । पार्थः = अर्जुन छन् । तत्र = त्यहाँ । श्रीः = कल्याण । विजयः = विजय । भूतिः = विभूति । ध्रुवा = अचल । नीतिः = नीति छ यस्तो । मम = मेरो । मतिः = मत छ ।

भावार्थ– जहाँ योगेश्वर श्रीकृष्ण छन् र धनुधर अर्जुन छन्, त्यहाँ श्री, विजय, विभूति, अचल नीति छ यही यही मेरो धारणा छ ।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां
योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे मोक्षसंन्यासयोगो
नाम अष्टादशोऽध्यायः ॥१८॥

श्रीमद्भगवद्गीताको मोक्षसंन्यासयोग नामक
अठारौं अध्याय समाप्त भयो ।

९८५३८

२९४·५९२४
ह ५३६ श्री.

Ar53

मुद्रक:- साझा प्रकाशनको छापाखाना, पुल्चोक ।